# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक
पूर्णाङ्क ७८



निर्मल लामाका पछिल्ला
नयाँ र भिन्न विचारहरु !

www.webnepal.com/mulyankan



आधा भू भाग कब्जा गर्ने
छापामारहरू युद्ध र वार्तामा



## क्रान्तिको संघारमा
# कोलम्बिया

मूल्य रु. २० /-, भारतमा भा.रु. १५ -




# *FIRST TIME IN NEPAL*

"BACHELOR OF HEALTH CARE MANAGEMENT" (HEALTH & HOSPITAL)

# NATIONAL OPEN COLLEGE (NOC)

(Affiliated To Pokahra University)

Kupondole, Lalitpur. Ph: 543494 EPC 1665, GPO 8975, Kathmandu

***HIGHLY EXCITING CAREER AHEAD !***

Hoslpital, Medical/Nursing Colleges.
WHO/USAID etc. HEALTH projects.

**APPLY ALL TALENTS**

I.Sc. Nursing, Medicine or Science.
10+2 or Equivalent (Commerce/Art or any)
Second division or above.

***Do not wait result of final Examination***

**ADMISSION/APPLICATION**

| | | |
|---|---|---|
| FORM DISTRIBUTION | : | JUNE 25 TO JULY 25 |
| APPLICATION | : | BY JULY 28 (LAST DAY) |
| ENTRANCE EXAM | : | JULY 29, 7:30 AM |
| ADMISSION | : | AUGUST FIRST WEEK |
| CLASS START | : | AUGUST 20, 2000 |
| DURATION | : | THREE YEARS |
| HOSTEL & BUS | : | ON REQUEST |

## COURSE SEQUENCE

**Semester - I**

1. English and Communication I
2. Managerial Mathematics
3. Managerial Accounting
4. Principles of Management
5. Principles of Helath Care & Epidemiology

**Semester - II**

1. English and Communication II
2. Computer & Computer Application
3. Economics for Health Care Administration
4. Hospital Administration-I
5. Hospital & Health Care Planning

**Semester-III**

1. Bio-Statistics
2. Socio-Psychology
3. Health Information System
4. Health System & Policy
5. Hospital Administration II

**Semester-IV**

1. Managerial Finance
2. Organizational relations
3. Marketing of Health Care Service
4. Management of Facility & Support Ser-vices
5. Management of Health Care Programs

**Semester-V**

1. Internship
2. Human Resources Development
3. Management of Inventory
4. Evaluation of Health Care Services
5. Elective I

**Semester-VI**

1. Health Strategic Management
2. Elective II
3. Elective III
4. Internship

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ७८
असार-साउन, २०५७



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइँटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा
प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल :*
mulyankan@hons.com.np
*वेभसाइट:*
www.webnepal.com/mulyankan


## कोलम्बिया समाजवादी क्रान्तिको संघारमा



गरीबहरूको नयाँ कोलम्बियाको जन्म हुँदैछ

कोलम्बियाली छापामार नेताहरूसँग लिइएको ताजा अन्तवार्ता

***कोलम्बियामा अमेरिकी हस्तक्षेपको श्रृंखला : किन र कसरी ?***

**सडक संघर्ष र सशस्त्र संघर्षको उभार !**

विशेष सामग्री (पहिलो खण्ड)
**निर्मल लामाका पछिल्ला नयाँ र भिन्न विचारहरु**

**नेपालमा राजनीतिको अपहरण**
-डा. चैतन्य मिश्रको चिन्तन

**महिला विधेयक यसपाली पनि पास हुने छाँट छैन**

## के माओवादी र सरकारबीच वार्ता होला ?



यानप्रसादले आफूबाट नकारात्मक पाठ सिक्न सकिने ठहर गरे

**वार्ता गरून्जेल हतियार बिसाउनुपर्छ**
-क. भक्तबहादुर श्रेष्ठसँगको ताजा कुराकानी


**हाम्रो मूल्यांकन**
लक्ष्मणपुर बाँध र तटबन्ध भत्काइयोस् ४

**आवरण कथा**
कोलम्बियाः समाजवादी क्रान्तिको संघारमा
आधा भूभाग कब्जा गर्ने छापामारहरू युद्ध र वार्तामा
-राजेन्द्र महर्जन ३२

**आँखीझ्याल**
कोसोभो युद्धमा अमेरिका र नाटोलाई कसरी मूर्ख बनाइयो ?
- दीपक वैद्य ११

**आँखीझ्याल**
कसरी बढ्दैछ अमेरिकामा धनी र गरीबीको खाडल ? १७

**संक्षेप**
वार्ता गरून्जेल हतियार बिसाउनुपर्छ
-क. भक्तबहादुर श्रेष्ठ १०

**घटना र प्रवृत्ति**
राष्ट्रघाती विधेयकविरूद्ध चर्को प्रतिक्रिया ६
एस.एल.सी.मा अनुत्ती[illegible]को भीडले के पाठ पढायो ?
-डा. विद्यानाथ कोइराला ७
क्यूबाको यो शानदार विजय ७

के माओवादी र सरकारबीच वार्ता होला ?
-श्याम श्रेष्ठ ८
यानप्रसादले आफूबाट नकारात्मक पाठ सिक्न सकिने ठहर गरे ९
महिला विधेयक यसपाली पनि पास हुने छाँट छैन
-मुक्ता श्रेष्ठ १२
नेपाल र भारतबीच आपत्तिजनक सहमति
-वसन्त श्रेष्ठ १३
लेखकको शव पछिपछि शोकमग्न यात्रीहरू
-खगेन्द्र संग्रौला १५

**अर्थतन्त्र**
नेपाल र विकसित पूंजीवादी मुलुकका आर्थिक परिसूचकहरू १४

**चिन्तन**
नेपालमा राजनीतिको अपहरण
-डा. चैतन्य मिश्र १६

**विशेष**
निर्मल लामाका पछिल्ला नयाँ र भिन्न विचारहरू १८

**प्रेरक प्रसंग**
भारी खोज्न गएको मानबहादुर कम्युनिष्ट बन्यो २३

**व्यंग्य**
मेरो तस्वीर
-विमल निभा २४

**दर्शन**
निषेधको निषेध हुँदै विश्व कसरी विकसित हुँदैछ ?
-प्रज्ञानरत्न २५

**नीति / संस्कृति**
के मार्क्सवाद भिन्नमत देखेर तर्सन्छ ?
-चन्द्रदेव नेपाली २६

**स्वास्थ्य**
स्वास्थ्यको व्यापारीकरण यसरी पनि हुन्छ
-डा. शरद वन्त २८

**किताब**
प्रारम्भिक राजनीतिका कष्टहरूको अभिलेख
-गोविन्द वर्तमान २९

**कविता**
पारिजात
-दुर्गालाल श्रेष्ठ ३०
तुवाँलोभित्रको कालिकोट
-मनरूप नेप्च्युन ३०

**जीवनको झाँकी**
कस्तो थियो मार्क्सको जीवन ? ३१

**पाठकको कुरो** ४६


आवरणमा : कोलम्बियामा गृहयुद्ध गरिरहेका सरकारी सैनिक र वामपन्थी छापामारहरू । काँधमाः वामपन्थी नेता स्व. निर्मल लामा


सज्जाः टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५ । कलर सेपरेशनः पोलिइमेज, प्रदर्शनी मार्ग, फोनः २५२५७२ कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२* । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

# लक्ष्मणपुर बाँध र तटबन्ध भत्काइयोस्

टनकपुरमा बलमिच्याईद्वारा लगाइएको ठूलो घाउको पीडा बिर्सन नपाउँदै भारत सरकारले आफ्नो सिँचाइ स्वार्थका लागि लक्ष्मणपुर ब्यारेज र त्यसको लागि तटबन्धको निर्माणद्वारा सीमा क्षेत्रमा हज्जारौं नेपाली जनताको घरबास डुबानमा पार्ने काम गरेर फेरि एकपटक नेपाल राष्ट्रको चित्त औंधी दुखाउने कार्य गरेको छ । अन्तर्राष्ट्रिय कानूनअनुसार दुई राष्ट्रको सीमाको ८ किलोमिटर वरपरसम्म कुनै बाँध निर्माण गर्न पाईंदैन । परन्तु भारत सरकारले यो कानूनको एकतर्फी रूपमा ठाडो उल्लंघन गर्दै सार्वभौम राष्ट्र नेपालको सहमतिबेगर र उसले आपत्ति जनाउँदा जनाउँदै नेपाल-भारत सीमाको केवल ३०० मिटर उता आफ्तो भूमिमा राप्ती नदीमा २२ किलोमिटर लामो तटबन्ध निर्माण गरेको छ । लक्ष्मणपुर बाँध र त्यसको निम्ति तटबन्ध यसरी निर्माण गरिएको छ, जसबाट नेपालको बाँके जिल्लाका होलिया, बेतहनी, गंगापुर, मटैहिया र फत्तेपुर गा.वि.स.का १७२२ घर धुरीका ९,९५१ परिवार तुरून्तै र अति ज्यादा प्रभावित हुने भएका छन् । त्यहाँको २,४१२ बिगाहा जमीन ठाडो डुबानमा पर्ने भएको छ । थप ८५६ घरधुरीका ५,२२३ परिवार र ९५५ बिगाहा जमीनमा समेत यो तटबन्धले डुबानको समस्या पैदा गर्नसक्ने संभावना देखिएको छ । यो बलमिचाइ भारतीय शासकवर्गको अमित्रतापूर्ण बलमिचाइ र ठूलो मुलुकको दादागिरीको अर्को एउटा ज्वलन्त उदाहरण हो ।

नेपाली जनता र राष्ट्रलाई यति ज्यादा नोक्सानी पुऱ्याउने लक्ष्मणपुर ब्यारेज भारतले अहिले होइन, सन् १९८१ मै बनाउन शुरू गरेर सन् १९८५ मै निर्माण कार्य संपन्न गरिसकेको रहेछ । तात्कालीन नेपालको सरकारले यो ब्यारेजले नेपालमा ल्याउने डुबानको समस्याबारे दुवै देशका उच्च अधिकृतहरू सम्मिलित 'भारत-नेपाल स्थायी समिति' मा सन् १९८६ देखि नै झीनो र रून्चे स्वरमा भए पनि कुरा उठाउन थालेको रहेछ । त्यस समितिमा पटक पटक संयुक्त स्थलगत निरीक्षण गरेर यो मामिला टुंगो लगाउने निर्णय पनि भएका रहेछन् । तर ती स्थलगत निरीक्षणहरू विगत १४ वर्षमा कहिल्यै भएनन् । आखिर किन ?

नेपालले डुबानको समस्या उठाउँदा उठाउँदै भारत सरकारले सिधै अटेर गरेर यसैबीच झन् उल्टो, डुबानको समस्या अझ विकराल हुने गरी लक्ष्मणपुर ब्यारेजदेखि १० किलोमिटरमाथि भारतको कलकलवा गाउँबाट नेपालको सीमाना नजिकसम्मै १३.६ किलोमिटर लामो तटबन्ध रातारात निर्माण गरेछ । त्यो निर्माण कार्य यही गएको फागुनमा संपन्न भएको रहेछ र नेपाल सरकारको विरोधका बावजूद यो संपन्न भएको रहेछ । अहिले पैदाभएको बिकराल डुबानको समस्या त्यही तटबन्धको उपज रहेछ । यो तटबन्धले राप्तीमा मिसिने स-साना खोला र राप्तीको बहावलाई छेकिदिने भएको कारणले डुबानको भयावह समस्या सिर्जना भएको रहेछ ।

भारत सरकारले तटबन्ध निर्माण नहोउञ्जेल स्थलगत निरीक्षण गर्ने काममा आलटाल गरिरह्यो । निर्माण कार्य संपन्न भएपछि हालै यही गएको मे महिनाअघि बल्ल बल्ल संयुक्त सर्भेक्षण संभव भएछ । परन्तु भारतीय पक्ष डुबानका कारणबारे नेपाल पक्षबाट राखिएको तर्कमा पटक्कै सहमत नभएकाले डुबानको समस्याबारे संयुक्त प्रतिवेदन तयार हुन सकेनछ । प्रत्येक पक्षले आ-आफ्नो सरकारलाई आ-आफ्नो ढंगले प्रतिवेदन दिएछन् ।

यी संपूर्ण घटनाक्रमले के देखाएका छन् भने, भारत सरकारले डुबानको समस्याबारे नेपालका हजारौं जनताको स्पष्ट जानकारी हुँदाहुँदै, जानाजान र साना राष्ट्रले राखेका गंभीर मानवीय समस्याप्रति बिल्कुलै संवेदनशील नभएर अहिलेको समस्या खडा गरेको छ । बाँके जिल्लामा अहिले पैदा भएको हजारौं नेपालीहरूको विस्थापनको समस्या भारत सरकारद्वारा नियतपूर्वक सिर्जना गरिएको समस्या हो । तसर्थ, यो अन्जानमा भएको गल्ती होइन, यो जानाजान गरिएको अपराध हो । भारत सरकारको साना राष्ट्रप्रतिको हेपाहा र मिचाहा प्रवृत्ति, स्वार्थान्धिता र साम्राज्यवादी व्यवहारको योभन्दा टड्कारो उदाहरण अरू के हुनसक्छ ?

भारत सरकारले उत्तर प्रदेश राज्यको बहराइच जिल्लामा बनाएको यो बाँध र तटबन्ध भारतको गोरखपुर जाने नहरमा पर्याप्त पानी पठाउने र नदी छेउका गाउँहरूलाई बाढीको प्रकोपबाट बचाउने स्वार्थले निर्माण गरेको देखिन्छ । यसो गरेर भारतले आफ्ना केही लाख हेक्टर जमीनमा सिँचाइ पनि गर्ला, केही हजार बिगाहा जमीन बाढीबाट पनि बचाउला । परन्तु भारत सरकार नेपालको वास्तविक मित्र हो भने यो काम उसले हज्जारौं नेपाली जनतालाई चिल्लीबिल्ली पारेर मित्रराष्ट्र नेपालको अपार नोक्सानीको मूल्यमा गर्न मिल्छ ? भारत सरकारलाई मित्र डुबे डुबोस्, मरे मरोस्, त्यसको फिक्री छैन, केवल आफ्नै स्वार्थको मात्र फिक्री छ भने, त्यस्तो मित्र पनि वास्तविक मित्र हुन्छ ? आफ्नो स्वार्थको लागि मित्रको घाँटी रेट्ने, मित्रले भन्दाभन्दै मित्रको अपार नोक्सानीको मूल्यमा समेत आफ्नो स्वार्थसिद्धि गर्न खोज्ने -यस्तो मानवीय विवेकहीन र संवदेनाविहीन, स्वार्थी व्यवहारलाई नै मित्रता भन्ने हो भने शत्रुता केलाई भन्ने ?

> सौभाग्यवश, अहिले यो मुद्दामा सारा पार्टीहरू र देशभक्त नेपालीहरू एक हुने स्थिति देखापरेको छ

तसर्थ, भारतीय शासकवर्गको यो सानो राष्ट्रप्रतिको हेपाहा-मिचाहा प्रवृत्ति र संवेदनाहीन व्यवहारविरूद्ध सिंगो राष्ट्र एक भएर जुभ्नु जरूरी छ । सबै पार्टीहरू र देशभक्त नेपालीहरूले यो सवालमा एक भएर आवाज उठाउनु परेको छ - भारत सरकार, तिमी नेपालको असली मित्र हौ भने - लक्ष्मणपुर तटबन्ध र बाँध तुरून्त भत्काऊ ! त्यसबाट बिल्लीबाठ भएका र उत्पीडित हज्जारौं नेपालीहरूलाई हर्जाना तिर !

सौभाग्यवश, अहिले यो मुद्दामा सारा पार्टीहरू र देशभक्त नेपालीहरू एक हुने स्थिति देखापरेको छ । अहिले नेपाल सरकारले यो सवालमा कुरो त उठाएको छ, तर अत्यन्त कायर स्वरमा, खुट्टो कमाएर । यत्रो अहं मुद्दा भित्रभित्रै कुरा लुकाएर सार्वभौम नेपाली जनतालाई थाहासम्म नदिएर बस्नु सरकारको कायरता, नालायकीपन र अप्रजातान्त्रिक व्यवहारको अभिव्यक्ति हो । सरकारले पहिले भारतसित साहसपूर्वक र संपूर्ण जनतालाई विश्वासमा लिएर, पारदर्शी ढंगले जानकारी दिएर द्विपक्षीय वार्ताद्वारा समस्या समाधान गर्न कोशिस गर्नुपर्छ । होइन भारतले अझै पनि अटेर गर्छ भने, यसलाई अन्तर्राष्ट्रिय अदालतमा लानुपर्छ । ❑



## संगो नेपालको एउटै स्वर

## लक्ष्मणपुर बाँध सम्बन्धमा

### को के भन्छन् ?

**माधवकुमार नेपाल**

*महासचिव, ने.क.पा.(एमाले)*

भारतीय शासकहरूको हेपाहा र उत्पीडनकारी व्यवहारको पछिल्लो उदाहरण लक्ष्मणपुर बाँध हो ।

बाँधबाट करीब सत्र हजार जनताको बस्ती र तेत्तीस सय विघा नेपाली भूभाग जलमग्न हुने भएको छ । नेपाली भूभाग जलमग्न पारेर भारतमा सिंचाइ गर्ने ढंगले एकपक्षीय रूपमा बाँध निर्माण गर्ने कार्य एकदमै आपत्तिजनक र गंभीर कुरा हो । नेपाललाई डुवाउने र भारत समृद्ध बन्ने ढंगले बाँध निर्माण गर्नु हुँदैन । निर्माण गर्दा अन्तर्राष्ट्रिय मान्यता र प्रचलनको पालना गरेर अघिबढन सक्नुपर्छ । भारतले अन्तर्राष्ट्रिय प्रचलन र मान्यताअनुरूप नेपालसंग व्यवहार गरेन । यो असल छिमेकीको लागि सुहाउने काम भारतले नगरेको प्रष्ट छ ।... भारतको यस मिचाहा रबैयाको विरोध र प्रतिकार गर्न जनमत तयार गर्नुपर्छ ।... सरकारले समस्याको तत्कालीन र दीर्घकालीन उपाय के हुन्छ ? त्यसका लागि ठोस पहल अघि बढाउनुपर्छ । यदि सरकारले समाधान खोज्न सक्दैन भने यसलाई अयोग्य र नालायक सरकार भन्नुपर्ने हुन्छ ।

**सुशील कोइराला**

*महामन्त्री, नेपाली कांग्रेस*

लक्ष्मणपुर बाँधका कारण सबैमा गंभीर चिन्ता र संवेदनशीलता जागेको छ । हाम्रो पार्टी नेपाली कांग्रेसले पनि यसलाई अत्यन्त गंभीर रूपमा लिएको छ । भारत एउटा विशाल देश हो, उसले आफ्नो विशालता देखाएर साना मुलुकहरूको संवेदनशीलतालाई बुझ्नु सक्नुपर्छ ।

**नारायणमान बिजुक्छें**

*अध्यक्ष, नेमकिपा*

यसमा स्वतन्त्र राष्ट्रको हैसियतले के गर्नुपर्छ भन्ने सरकारको काम हो । यदि स्वतन्त्र राष्ट्रको हैसियत नदेखाउने हो भने सरकार नालायक छ भन्नुपर्ने हुन्छ । एक जना जुवाडेले गल्ती गऱ्यो भने घर खेत उडाउँछ, तर सरकारले गल्ती गऱ्यो भने सिंगो देश उड्छ । तसर्थ, सरकारले

आत्मसमर्पण गऱ्यो भने पनि प्रतिपक्षले त्यसो गर्नु हुँदैन ।

### चित्रबहादुर के.सी

*पोलिटव्यूरो सदस्य, ने क पा - मासाल, अध्यक्ष, राष्ट्रिय जनमोर्चा*

समस्याप्रति असंतोष र नाराजी देखाएर मात्र हुँदैन, नेपालीहरूको पानी ताल्नुपर्छ ।... कुरा धेरै भइसके, कुराले मात्रै समस्याको विकास हुँदैन । काम हुनुपर्छ । ... यदि सरकारले समस्याको समाधान गर्न सक्दैन भने जनता गुहार्नु पर्छ, नभए अन्तर्राष्ट्रिय न्यायलयमा पनि जानुपर्छ । सरकारले भारतसामु घुँडा टेके पनि नेपाली जनताले टेक्नु हुँदैन ।

### लीलामणि पोखरेल

*महासचिव, स.ज.मो. नेपाल*

यो समस्यालाई अन्तर्राष्ट्रिय मुद्दा बनाएर अघि बढ्नु पर्छ । यो घटना क्रमले नेपाल अर्द्ध औपनिवेशिक मुलुक हो भन्ने थप पुष्टि गरेको छ ।

### बुद्धिनारायण श्रेष्ठ

*नापी विभागका भू.पू. महानिर्देशक तथा नक्साविज्ञ*

...यो बाँधको कारण नेपालको कूल ६ हजार ३ सय विघा भूभाग जलाशयमा परिणत हुनेछ ।... यसरी कुनै पनि नदीको प्राकृतिक निकास बन्द गर्ने अधिकार कसैको हुँदैन । नेपाली जनतालाई निर्धन र सुकुम्बासी बनाई भारतीय भू-उपयोग बढाएर समृद्ध बन्नका लागि नै यो बाँध निर्माण गरिएको देखिन्छ । अरूलाई पीडा दिएर आफू सुख सविधामा रहन खोज्ने भारतीय प्रवृत्तिका कारण समस्या सिर्जिएको छ ।

लक्ष्मणपुर बाँधको समस्या कसरी समाधान गर्ने ? समाधानका थुप्रै उपाय हुनसक्छन् । बाँध भत्काउने, बाँधको उँचाइ घटाउने, थुनिएको पानीको निकास खोज्ने, नेपाली बस्तीलाई अरू ठाउँमा सार्ने, जग्गाको मुआब्जा लिने, वार्षिक रूपमा क्षतिपूर्ति लिने, वार्ताद्वारा दुवै देशलाई फाइदा हुने निकास खोज्ने र अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दा हाल्ने जस्ता उपायमध्ये सरकारले के गर्ने भन्ने निर्क्यौल गरेर अघि बढ्नुपर्छ ।

### राजेश्वर देवकोटा

*अध्यक्ष, राप्रपा (चन्द)*

लक्ष्मणपुर बाँध बनाएर भारतले ज्यादती गरेको छ भन्ने कुरामा कसैले विमति राख्न सक्दैन । यो राष्ट्रिय एकताको लहरको परिणाम हो । कालापानीपछि लक्ष्मणपुरमा संपूर्ण नेपालीको एकता देखापरेको छ । जनस्तरमा सर्वदलीय प्रतिरोध समिति गठन गरेर भारतीय ज्यादतीका विरूद्ध जुझ्न अग्रसर हुनुपर्छ ।

### पशुपति शमसेर जवरा

*महामन्त्री, रा.प्र.पा.*

लक्ष्मणपुर बाँधको निर्माण भारतको बल मिच्याई बाहेक अरू केही होइन । यसलाई सहनु हुँदैन । .. अन्तर्राष्ट्रिय कानून अनुसार बाँध निर्माण हुनुभन्दा पुरानै स्थितिमा जानु नै समस्याको समाधान हो । भारतले बलमिच्याइँपूर्ण ढंगले बाँध निर्माण गरेपछि तत्काल विरोध गर्नुपर्थ्यो, तर सरकारले त्यसो नगरी सुत्यो । यो न्यायसंगत आधारको हाकाहाकी उल्लंघन हो । तर द्विपक्षीय वार्ता र संझौताद्वारा नै समाधान खोज्नु राम्रो हुन्छ ।

### राधाकृष्ण मैनाली

*पोलिटव्यूरो सदस्य, नेकपा (माले)*

नेपाल भारत सीमाको बाँके जिल्लाको राप्ती नदीमा लक्ष्मणपुर बाँधबाट उत्पन्न डुबान समस्या समाधान गर्न तत्काल उच्च स्तरीय वार्ता गर्नुपर्छ । र, तटबन्ध वा बाँधको उँचाई घटाएर वा बाँध भत्काएर भएपनि नेपालको भूभागलाई डुबान मुक्त पार्नुपर्छ ।

*साभार : प्रकाश साप्ताहिक, बुधवार साप्ताहिक र राष्ट्रिय सरोकार समाज*

## अरुण-तेस्रो सुम्पन फेरि अर्को हतारो

जलस्रोत मन्त्रालयले यही असार १४ गते बहुविवादित अरूण तेस्रो आयोजना संपन्न गर्न अमेरिकी कंपनी यूरोरियण्ट इन्भेस्टमेण्ट ग्रुपलाई सर्भे लाइसेन्स दिने निर्णय गरेको छ । गत मंसिरमा निजी क्षेत्रको लगानीमा यो योजना कार्यान्वयन गर्ने निर्णय गरेर प्रस्तावको लागि सरकारले आह्वान गरेपछि क्यानाडा, नेपाल र अमेरिकाको गरी जम्मा तीन कंपनीले प्रस्ताव पेश गरेकोमा सरकारले अमेरिकाको यस कंपनीलाई छान्ने निधो गरेको हो ।

सरकारले यो आयोजना भारतमा विजुली बिक्री गर्ने उद्देश्यले कार्यान्वयन गर्न लागेको छ । केही महिनाअघि भारतीय प्रधान मन्त्रीका राष्ट्रिय सुरक्षा सल्लाहकार ब्रजेश मिश्र नेपाल आउनु, उनको दवावमा अरूण वा कर्णालीबाट ४/५ सय मेगावाट विजुली भारत निर्यात गर्ने सहमति बन्नु र अहिले यो आयोजना भारतमै विजुली निर्यात गर्न भनेर अमेरिकी कंपनीलाई सुम्पनुबीच गजबको तादात्म्यता देखिएको छ । तर गजवको कुरा के छ भने, त्यो कंपनी कुन मोलमा बिजुली निकाल्न तयार भएको हो र भारत कुन मूल्यमा विजुली किन्न तयार छ, त्यसको कुनै मूर्त टुंगो नहुँदै र अझ, त्यसको लागि प्राथमिक चरणको वार्ता र गृहकार्यसमेत नहुँदै अत्यन्त हतारोमा अमेरिकाको यस कंपनीलाई सर्भे लाइसेन्स दिने निर्णय सरकारले गरेको छ । ती आधारभूत सवालको टुंगो नै नभईकन यही कंपनी सर्वोत्तम छ भनेर सरकारले छान्यो कसरी र छान्नमा यति हतारो गरियो किन ?

साइटकै हिसावमा अरूण तेस्रो अत्यन्त राम्रो आयोजना हो, यसमा कसैको विमति छैन । परन्तु ६ वर्ष पहिले यो आयोजनाको विरोध यस कारणले भएको थियो कि यसबाट हुनुपर्नेभन्दा चार गुणा महँगोमा विजुली निकालिँदै थियो र यसका लागि लिन लागिएको विदेशी ऋणमा स्वतन्त्र राष्ट्रले धान्नै नसक्ने खालका जोखिमहरू थिए ।

अरूण तेस्रोको प्रस्तावित विजुली ज्यादै महँगो थियो भनेर पछि प्रमाणित भयो पनि । किनभने, त्यो रद्द भएपछि बनाइएका ६ वटा काली गण्डकी-ए, खिम्ती, भोटेकोसी, मोदी, चिलिमेजस्ता साना-मझौला आयोजनाहरूबाट अरूण तेस्रोको भन्दा आधा पैसामा आधै समयमा त्यसले पैदा गर्नेभन्दा एक तिहाई ज्यादा विजुली उत्पादन गर्न संभव भयो । तसर्थ त्यतिखेर त्यो रद्द भएर राष्ट्रलाई घाटा होइन, ठूलो फाइदा भयो ।

परन्तु ६ वर्षको यति अमूल्य अनुभवपछि पनि सरकारले त्यसबाट शिक्षा लिएको देखिँदैन । शिक्षा लिएको भए फेरि पनि आयोजनाबाट निक्लने र क्रेताले किन्ने विजुलीको मूल्यको ठेगानै नगरी अन्धाधुन्ध ढंगले, विल्कुलै हचुवामा अमेरिकी कंपनीलाई आयोजना सुम्पने कुरा कदापि संभव हुँदैनथ्यो । यसबाट के देखिसकेको छ भने, कांग्रेस सरकारको चासो र प्रतिबद्धता फेरि पनि सस्तो र भरपर्दो विजुली कसरी निक्लन सकिन्छ भन्नेमा छैन । उसको चासो जसरी पनि र जे जस्तो विद्युत मूल्य हुने भए पनि येनकेन प्रकरेण विदेशी कम्पनी निम्त्याएर आयोजना संचालन गर्नुमा छ, विशेष गरी पैसाको ठूलो थैली खोलाउन पाइने ठूला आयोजना संचालन गर्नुमा छ ।

आखिर यस्तो किन ? यो मूर्खताको पराकाष्ठाले गर्दा भएको भन्ने कि कमीशन स्वार्थको पराकाष्ठाले गर्दा ? जलस्रोतविद् दीपक ज्ञवालीको सटिक टिप्पणी छ - "हचुवामा अरूण तेस्रो पुनः विदेशी कम्पनीलाई सुम्पन खोजेबाट सरकारको जलस्रोतसंवन्धी दृष्टिकोण स्पष्ट झल्किन्छ । राष्ट्रको फाइदा र विजुलीको मूल्य-सूल्य गोली मारो, चटाचट् विदेशी कम्पनी डाक, नेपालका राम्राराम्रा साइटहरू भटाभट् उनीहरूलाई जिम्मा लगाउँदै जाऊ, येनकेन प्रकरेण विद्युत निर्यात गर, बस् यसैबाट नेपालले मालामाल पैसा कमाउँछ भन्ने सरकारको दृष्टिकोण रहेको देखियो ।

यो विल्कुलै वाहियात दृष्टिकोण हो । हाम्रो सरकारजस्तै भारत थोरै मूर्ख छ र उसले जति महँगो भए पनि हाम्रो विजुली किन्छ ? उसले किन्न खोज्ने मूल कुरो त सस्तो र भरपर्दो विजुली हो । तर यहाँ त विजुलीकै मूल्यको छिनोफानो पहिले नभईकन अमूक कम्पनीलाई हचुवामा र हतारोमा आयोजना सुम्पने काम चाहिं पहिले हुँदैछ । घोडा पछाडि, रथ अगाडि भनेजस्तै कुरो भएन यो ? यसो गर्दा विद्युत निर्यातबाट कम्पनी पनि फाइदमा, भारत पनि फाइदामा, नेपाल राष्ट्र मात्र टुट्टामा पर्नुपर्ने स्थिति हमेशा आउन सक्छ ।

"फेरि, सस्तोमा हामीले विजुली निकाल्यौं भने पनि त्यो हामीले भारतमा निर्यात गर्ने किन ? हाम्रो सस्तो विजुली उता पठाएर त्यो प्रयोग गरेर उत्पादित महँगो तयारी सामान चाहिं हामीले उनीहरूसँग किनेर हाम्रो विकास कसरी संभव हुन्छ ?" - ज्ञवाली प्रश्न गर्नुहुन्छ ।

"सस्तो विजुली नेपालमै प्रयोग हुनुपऱ्यो - यहाँका उद्योगहरूमा । त्यसको मुल्यजडित सस्तो र राम्रो तयारी समान चाहिं बाहिर निर्यात गर्नुपऱ्यो । यो बाटोबाट मात्रै नेपाल समृद्ध हुनसक्छ, जापान स्विट्जरलैण्ड जस्तै । अन्यथा, कच्चा पदार्थ र विजुली नै निर्यात गरेर कुनै पनि मुलुक दिगो ढंगले समृद्ध भएको इतिहास छैन ।"

जसस्रोत विज्ञहरूका अनुसार अहिले नेपालमा बर्षात्को समयमा २०० मेगावाट विजुली ज्यादा हुन्छ र सुख्खा याममा २०० मेगावाट कम हुन्छ । त्यसैले, यतिखेरको नेपालको प्राथमिक आवश्यकता अरूण जस्तो 'रन अफ् द रिभर' टाइपको आयोजना होइन , पश्चिम सेती जस्तो 'स्टोरेज' टाइपको आयोजना हो । यतिखेर सरकारले कःभ्रः- स्मेकलाई भन्नुपर्छ - पश्चिम सेतीलाई भारतमा निर्यात होइन, नेपालको निम्ति प्रयोग गर्ने री सस्तो विद्युत उत्पादन गर । अरूण तेस्रो, नेपालको यतिखेरको आश्यकता होइन । यसलाई यो दशकमा त्यहाँ सडक पुऱ्याएर अर्को दशकका लागि जोगाईराख्नुमा नेपालको हित छ । यसलाई हतारोमा र हचुवामा विदेशी कंपनीलाई सुम्पनु पर्ने कुनै आवश्यकता छैन । ❑

# राष्ट्रघाती विधेयकविरूद्ध चर्को प्रतिक्रिया

## दमननाथ ढुङ्गानाले भन्नुभएको थियो : "यो विधेयक पास गर्ने नै हो भने संविधान परिवर्तन गर्नुपर्छ ।"

नेपाली कांग्रेसको सरकार नेपाली राष्ट्रियताप्रति रत्तिभर सम्वेदनशील छैन भन्ने कुरा पुनः प्रमाणित भएको छ । गत जेठ महिनामा नेपाली कांग्रेसका गृहमन्त्री पूर्णबहादुर खड्काले संसदको सोह्रौं अधिवेशनमा प्रस्तुत गर्नुभएको नेपाल नागरिकता ऐन २०२० लाई संसोधन गर्न बनेको विधेयक नै नेपाली कांग्रेसको त्यस्तो प्रवृत्तिको पछिल्लो उदाहरण हो । राम्ररी छलफलसमेत नगरिकन अत्यन्त गैरजिम्मेवार किसिमले प्रतिनिधि सभाले पास गरेर पठाएको सो विधेयकलाई राष्ट्रिय सभाले चाहिं अस्वीकृत गरिदिएको छ । गत जेठ ३१ गते राष्ट्रिय सभामा छलफलको लागि प्रस्तुत हुँदा २० मतका विरूद्ध २२ मतले राष्ट्रिय सभाले उक्त विधेयकमाथि छलफल गर्न अस्वीकार गरेको थियो ।

नेपाल नागरिकता ऐन २०२० माथि छैठौं पटक संसोधन गर्नेगरी आएको अहिलेको यो विधेयकको दोस्रो बूँदा यस्तो छ – "नेपाल नागरिकता ऐन २०२० को दफा ३ मा संसोधन : नेपाल नागरिकता ऐन २०२० (यसपछि मूल ऐन भनिएको)को दफा ३ को उपदफा (१) पछि देहायको उपदफा (२) थपिएको छ ।

"(२) उपदफा (१) बमोजिम वंशजको नागरिकता ठहर्ने व्यक्तिको पिताले नागरिकता प्रमाणपत्र नलिएको भए पनि निजको सन्तान नेपाली नागरिक हुनेछ ।"

विधेयकमा थपथाप गरेर यस प्रकार गरिएको संसोधन नेपाल अधिराज्यको संविधान २०४७ को विपरीत देखिन्छ । वर्तमान संविधानको धारा ९ को उपधारा (१) मा भनिएको छ :

"यो संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको वावु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।"

हाम्रो संविधानले सुस्पष्ट किसिमले भनेको तथ्य के हो भने, कुनै नेपाली नागरिकको सन्तान मात्र वंशजको नाताले नेपालको नागरिक हुन्छ । तर संसोधित विधेयकले भनेको के छ भने, कुनै व्यक्तिको पिताले नागरिकता प्रमाणपत्र नलिएको भए पनि त्यस्तो व्यक्ति (अर्थात् स्वदेशी अथवा विदेशी जो सुकै होस्) को सन्तान नेपाली नागरिक हुनेछ ।

यस्तो खतरनाक प्रावधान रहेकोले 'नेपाल नागरिकता ऐन २०२० लाई संसोधन गर्न बनेको विधेयक २०५६' लाई नेपालका प्रवुद्ध नागरिकहरूले चर्को विरोध गरेका छन् । खासगरी कानूनविद्, राजनीतिकर्मी, बुद्धिजीवी तथा देशभक्त विद्यार्थीहरूले यसको कडा विरोध गरेका छन् ।

कानूनविद् तथा वरिष्ठ अधिवक्ताहरूले भनेका छन् : बावुले नागरिकता नलिएको भए पनि उसको छोरा वंशजको नाताले नागरिक हुने प्रावधान भएमा प्रशस्त विदेशीहरूले नेपाली नागरिकता लिनेछन् । विदेशीहरूमा पनि खासगरी, भारतको उत्तरप्रदेश र विहारका विहारीहरूले सजिलै नेपाली नागरिकता पाउनेछन् । त्यस अवस्थामा वास्तविक नेपालीहरू अल्पमतमा पर्ने निश्चित प्रायः हुनजान्छ ।

यही विषयमा नेकपा मालेका नेता तथा परराष्ट्र मामिलासम्बन्धी अध्येता हिरण्यलाल श्रेष्ठले लेख्नुभएको छ – "वंशको आधारको वन्देज नलगाएर जन्म र बसोबासको आधारमा नागरिकता दिलाउनु भनेको हामीले भोगिरहेको मौन जनसंख्या अतिक्रमणलाई वैधानिकता दिनुसरह हुनेछ ।" (-कान्तिपुर, असार २१)

टनकपुर सन्धि लगायत राष्ट्रियताविरोधी विविध विषयमा सर्वोच्च अदालतमा मुद्दा हालेर चर्चित हुनुभएका अधिवक्ता बालकृष्ण नेउपानेले प्रस्तावित विधेयकबारे लेख्नुभएको छ : "नेपालले नागरिकताको प्रावधानलाई खुकुलो बनाई विदेशीलाई ढोका खुला गर्न मिल्दैन । फिजिमा त्यो देशका आदिवासी मूलका नागरिकभन्दा विदेशबाट आएका आयातीत नागरिकको सरकार गठन भएको उदाहरण हाम्रो अगाडि ताजै छ ।"

(-समकालीन, असार ८)

कानूनविद् तथा अधिवक्ताहरूको यस्तो प्रतिक्रिया निरन्तर आइरहेको छ । अर्कोतिर, प्रतिनिधि सभाबाट यस्तो खतरनाक विधेयक सजिलैसंग पास हुँदा आफ्नो असरदार भूमिका निर्वाह गर्न असक्षम रहेका प्रतिनिधि सभाका राष्ट्रिय जनमोर्चा, नेमकिपा र संजमोका सांसदहरू पनि यतिबेला नौ बाम समूहमार्फत् त्यस विधेयकविरूद्ध संघर्षशील देखिएका छन् ।

यसैबीच, नौ वाम समूहले "यदि यो विधेयक पास भए नेपालीहरू नै नेपालमा अल्पमतमा पर्ने अवस्था सिर्जना हुने हुनाले" यो राष्ट्रघाती विधेयक फिर्ता लिन सरकारसंग माग गरेको छ । असार १८ गते बसेको सो वाम समूहको बैठकले सो निर्णय गरेको थियो । त्यसअघि असार १६ गते नौ वाम समूहले यस विषयमा एक अन्तरक्रिया आयोजना गरेको थियो । त्यस अन्तरक्रियामा वरिष्ठ अधिवक्ताहरू सिन्धुनाथ प्याकुरेल, दमननाथ ढुङ्गाना, विश्वकान्त मैनाली, कृष्णप्रसाद भण्डारीका साथै अधिवक्ता रमण श्रेष्ठ, प्राध्यापक माणिकलाल श्रेष्ठ, हिरण्यलाल श्रेष्ठ, राजेश्वर देवकोटा र कल्याणी शाहले प्रस्तावित विधेयकलाई राष्ट्र र संविधान विरोधी विधेयक बताउनुभएको थियो ।

वर्तमान संविधानका निर्मातामध्ये एक वरिष्ठ अधिवक्ता तथा पूर्व सभामुख दमननाथ ढुङ्गानाले उक्त अवसरमा व्यक्त गर्नुभएका विचारहरू विशेष उल्लेखनीय छन् । उहाँले भन्नुभएको थियो : "नेपालको नागरिकतासम्बन्धी नीति यहाँको भूगोल, सामाजिक परिवेश, जनसंख्याको चाप र अन्य विशिष्टताले निर्धारण गर्दछन् । नागरिकतासम्बन्धी नीति राष्ट्रिय हित अनुरूप हुनुपर्छ । अहिले ल्याइएको विधेयक संविधान विपरित छ । संवैधानिक आधार कायमै राखेर संविधान विपरीत नीति बनाउन पाईंदैन । यो विधेयक पास गर्ने नै हो भने संविधान परिवर्तन गर्नुपर्छ ।"

प्रस्तावित विधेयकले विदेशी नागरिकहरूलाई जन्मसिद्ध नेपाली नागरिक बनाउने मात्र होइन, अंगीकृत नागरिकता लिएको व्यक्तिको जन्मसिद्ध नागरिक भएका भाइ-बहिनीहरूलाई पनि नागरिकता दिलाउने प्रावधान राखेको छ । संविधानको धारा ९ को उपधारा ४ मा उल्लेखित नेपालको राष्ट्र भाषा बोल्न लेख्न जानेको, नेपालमा कुनै व्यवसाय गरी बसेको, अन्य राज्यको नागरिकता त्यागेको र कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोबास गरेको व्यक्तिले मात्र पाउनुपर्ने अंगीकृत नागरिकता यो विधेयक ऐन बनेमा अंगीकृत नागरिकका जन्मसिद्ध नागरिक बनेका सन्तानका 'भाइ बहिनीहरू' सबैले स्वतः नागरिकता पाउने छन् ।

नौ वाम समूह संगसंगै नेकपा माले निकट विद्यार्थी संगठनले पनि यो विधेयकविरूद्ध संघर्ष गर्ने निर्णय गरेर असार २६ गते विधेयक जलाएको छ । त्यसअघि अनेरास्ववियूको एक प्रतिनिधि मण्डलले सभामुख तारानाथ रानाभाटलाई भेटी एक ज्ञापनपत्र दिएको थियो । ज्ञापनपत्रमा भनिएको छ : "नागरिकता ऐनजस्तो अति सम्वेदनशील विषयमा समेत असंवेदनशीलता र गैर जिम्मेवारीपन प्रदर्शन हुने हो भने हाम्रो देशलाई पराधीन बनाउन कुनै विदेशीलाई आउनुपर्ने छैन; नेपालको उच्च ओहोदा र नीति निर्माणमा संलग्न रहेकाहरूले नै पराधीन बनाउने छन् ।"

त्यस अवसरमा विद्यार्थी प्रतिनिधिहरूलाई सभामुखले भन्नुभएको कुरा रोचक र महत्वपूर्ण छ । उहाँले भन्नुभएको छ : "यो विधेयक संविधानसंग बाझिएको भए राम्रै हुन्थ्यो, किनकि त्यसरी संविधानसंग बाझियो भने यो स्वतः बदर हुनेछ ।"

यस विषयमा राष्ट्रिय सभाका प्रमुख प्रतिपक्षी दल ने क पा एमालेका नेता युवराज ज्ञवालीले मूल्यांकनको एक प्रश्नको उत्तरमा भन्नुभयो : "नागरिकता-सम्बन्धी यो विधेयक बेठीक छ भन्ने जानेर नै राष्ट्रिय सभाबाट हामीले यसलाई अस्वीकृत गरेर पठाइदिएका हौं । यो विधेयक बेठीक छ भन्ने कुराका यथेष्ट प्रमाणहरू जुटाउन पार्टीमा हामी यतिबेला सल्लाह गर्दैछौं । विधेयकसम्बन्धी यो विषय अहिले पार्टीभित्रकै छलफलको विषय भएकोले म थप कमेन्ट गर्न चाहन्नँ ।"

त्यो विषयमा प्रतिनिधि सभामा पास गर्ने र राष्ट्रिय सभामा अस्वीकार गर्ने एमालेको दोहोरो अडान पनि राष्ट्रिय स्वार्थको निम्ति हानीकारक देखिएको छ । नौ बाम समूहसँग सम्बद्ध अन्य वाम सांसदहरूले पनि प्रतिनिधि सभामा विधेयकविरूद्ध सशक्त प्रतिकार गर्न नसक्नु त्यस्तै अर्को हानीकारक उदाहरण हो । ❑



# एस.एल.सी.मा अनुत्तीर्णहरूको भीडले के पाठ पढायो ?

**डा. विद्यानाथ कोइराला**



शिक्षाविद् डा. कोइराला

प्रतिवर्ष SLC का परीक्षार्थीहरू बढे । अनुत्तीर्ण हुनेहरू पनि बढे । यस वर्ष पनि त्यही भयो । झण्डै ५३ प्रतिशत अनुत्तीर्ण भए । यसरी अनुत्तीर्ण हुनेहरूको भीड बढिरहेकोछ । एक्सजाम्टेड परीक्षाको नतीजाले पनि यही देखायो ।

अनुत्तीर्ण हुनेहरूको यो भीडले के भन्छ त ?

पहिलो, हाम्रो Tracking नदिने शैक्षिक व्यवस्था मूर्दावाद ! दोस्रो, आधाभन्दा बढ्ता विद्यार्थी अनुत्तीर्ण हुँदा पनि संवेदनशील नहुने शिक्षाविद् मूर्दावाद ! तेस्रो, आफूले पढाएका विद्यार्थी अनुत्तीर्ण हुँदा पनि उपाय नखोज्ने शिक्षक र तिनका संघ संस्थाहरू मूर्दावाद ! चौथो, यति ठूलो लगानी खेर जाँदा पनि नबोल्ने अर्थविद् मुर्दावाद ! पाँचौ, आफ्नै कार्यकर्ताहरू अनुत्तीर्ण हुँदा पनि राष्ट्रिय बहस नथाल्ने राजनीतिज्ञ मुर्दावाद ! छैठौं, आफ्नै छोराछोरी अनुत्तीर्ण हुँदा आन्दोलित नहुने अभिभावकहरू मुर्दावाद ! सातौं अनुत्तीर्ण भएका विद्यार्थीहरू मिलेर समाधान नखोज्ने विद्यार्थीहरू मुर्दावाद !

यसरी मुर्दावाद भन्नबाहेक उनीहरूसँग के पो छ र ?

बढ्दो स्वरूपको अनुत्तीर्ण विद्यार्थीले के गर्छ त ?

अनुभवले देखाउँछ कि यिनीहरू चारथरिका काम गर्छन् ।

पहिलो थरिले भाग्यलाई दोष्छन् । यी भाग्य दोष्नेहरूले कर्मवादीहरूलाई (work is worship) चुनौती दिन्छन् । अकर्मण्यवादीहरूलाई सघाउछन् । दोस्रो थरिले शिक्षक र जाँचकीहरूलाई दोष्छन् । यिनले गालीमै रमाउनेहरूलाई पोस्छन् । नकारात्मक सोचका धनीहरूको भीड बढाउँछन् । तेस्रो थरिले पढेर पो के भो र ? भन्ने मानसिकता बोक्छन् । यो बोकाइले निराशावादीहरू थपिन्छन् । चौथो थरिले बिद्रोही मानसिकता बोक्छन् । यिनले सोच र संरचना भत्काउँने बाटो खोज्छन् । बहकाउने तत्व भेट्नेवित्तिकै लहसिन जान्छन् ।

के गर्ने त यी अनुत्तीर्णहरूको भीडलाई ?

फाट्टफुट्ट देखिने सोचहरूले भने – (क) सबै विषयमा पास हुनैपर्छ भन्ने के छ र ? उनीहरूलाई पनि SLC मा समावेश भएको प्रमाण-पत्र दिए भइहाल्यो नि ! (ख) उनीहरूले जुन विषयमा जहिले पास गरे पनि भइहाल्यो नि ! जुन विषयमा फेल हुन्छन् त्यसैमा जाँच दिन्छन् नि ! (ग) उनीहरूलाई Tracking गरेर प्राविधिक SLC बनाइ दिए भइहाल्यो नि ! (घ) गरिखाने सीप सिकाएर बजारमा छोडिदिए भइहाल्यो नि ! (ङ) खुला विश्वविद्यालय वा विद्यालय खोलेर आफ्नै गतिमा पढ्न दिए भइाल्यो नि ! (च) तुरुन्तै जाँच लिएर पढाइको नियमित लाइनमा हालिदिए भइहाल्यो नि !

प्रत्येक सोचमा दम छ । तर कुन सोच अझ बढी दमदार छ र कुन सोचले कुन थरिको विद्यार्थीलाई अपील गर्छ भन्ने कुरा मात्र पहिल्याउनुपर्छ । अझ आँट छ भने त एकैसाथ यी सबै सोच लागू गरे पनि हुन्छ । यसो गर्दा विद्यार्थीहरूले थुप्रै बाटाहरू भेट्टाउँछन् । जसलाई जुन बाटो ठीक लाग्छ, त्यसैमा जान्छन् । यसो गर्ने हो भने न कसैले मुर्दावाद खान्छन्, न कोही 'थरि'मा बदलिन्छन् ।

के हाम्रा भाग्य निर्माताहरूले यो कुरा सोच्लान् ? ❑

# क्यूवाको यो शानदार विजय

७ महिना लामो तनावपूर्ण तानातानीपछि अन्ततः ६ बर्षे क्युवाली नाबालक एलियान गोंजालेजले गत असार १४ गते आफ्ना मायालु बाबुका साथ स्वदेश फर्कन पाएका छन् । क्युवाली समाजवादप्रतिको विरोधका कारणले एलियानको जिन्दगी नै बर्बाद हुने शर्तमा पनि उनलाई अमानवीय ढंगले बाबुबाट खोसेर अमेरिकामै राखीछोड्न खोज्ने ती सबै मियामीस्थित क्युबाली-अमेरिकनहरु र एलियानका तथाकथित नातेदारहरुको घिनलाग्दो राजनीति नराम्ररी पराजित भएको छ । क्युबाली सरकार आफ्नो प्रयत्नमा शानदार ढंगले सफल भएको छ ।

यो सफलता अमेरिकी सर्वोच्च अदालतको त्यो फैसलाबाट हासिल भएको हो, जसमा भनिएको छ कि – बालक एलियानको शरण र नागरिकताबारे निर्णय गर्ने हक उनका बाबु जुआन् गोंजालेजलाई मात्र छ । सर्वोच्च अदालतले यसमा हस्तक्षेप गर्न मिल्दैन । बालक एलियान आफ्ना बाबुका साथ स्वदेश फर्कन सक्छन् ।

यो फैसला हुनासाथ त्यही दिन चार्टर गरिएको जेट विमानमा चढेर एलियान उनका बाबु जुआन, उनकी सौतिनी आमा नर्सी र भाइकेलो भाइ हियानीका साथ तुरुन्तै क्यूवा फर्केका छन् । क्युवाको राजधानी हवानामा उनको भव्य स्वागत भएको छ ।

मियामीस्थित एलियानका धोखेबाज ठूला बाहरु यो घटनाबाट हिस्स परेका छन् । गएको नोभेम्वरमा क्यूबाबाट अमेरिकातर्फ जान लाग्दा एउटा डुंगा दुर्घटनामा एलियानकी आमाको मृत्यु भएको थियो । फ्लोरिडामा माझीहरुको सहायताबाट मुश्किलले एलियान मात्र बचेका थिए । बचेका एलियानलाई उनको पिताकै सल्लाहअनुसार मियामीस्थित उनका ठूला बाले लगेर राखेका थिए । परन्तु पछि यिनै ठूला बाले धोखाधडी गरेर क्यूवाविरोधी क्युवन-अमेरिकनहरुको पूर्वाग्रहपूर्ण षडयन्त्रमा सामेल भएर एलियानलाई उनको बाबुलाई नसुम्पेर आफैंकहाँ राख्ने र अमेरिकाको शरण-प्राप्त नागरिक बनाउन अदालतमा अपील गरेका थिए ।

राष्ट्रपति फिडेल क्यास्त्रोको आह्वानमा सिंगो क्यूवा यो षडयन्त्रका विरुद्ध उठेपछि र सशक्त अन्तर्राष्ट्रिय दबाव सिर्जना गरेपछि – अमेरिकी न्याय मंत्रालयको पहलमा बालक एलियानलाई गत अप्रिलमा उनका ठूला बाकहाँबाट जवर्जस्ती अमेरिकी प्रहरीले खोसेर अमेरिका आएका उनका बाबुको जिम्मा लगाएको थियो । परन्तु एघारौं सर्किट नामक अमेरिकी अपील अदालतले एलियानलाई उनका बाबुका साथ तुरुन्तै स्वदेश फर्कन प्रतिबन्ध लगाएकाले उनीहरु क्यूबा फर्कन पाएका थिएनन् । ❑



## बालक एलियान घर फर्किए

# के माओवादी र सरकारबीच वार्ता होला ?

- श्याम श्रेष्ठ -

*यस्तो प्रतीत हुन्छ, प्रधानमन्त्री गिरिजा बिलखबन्दमा परेका छन्*



शेरबहादुर देउवा



डा. बाबुराम भट्टराई

शुरूमा कांग्रेस सरकारद्वारा गठित देउवा आयोगले माओवादीलाई वार्ताको निम्ति आह्वान गर्‍यो । तर जब माओवादी नेतृत्व वार्ताको निम्ति साँच्चै नै तयार भयो, देउवालाई ठूलो फसाद पर्‍यो । शेरबहादुर देउवालाई अर्थपूर्ण वार्ताको लागि आवश्यक अधिकार दिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तयार नै भएनन् ।

माओवादी नेतृत्वले वार्ताको निम्ति डा. बाबुराम भट्टराईको अगुवाइमा तीन सदस्य टोली नै खटाईसक्यो । वार्ताको लागि चारवटा निकै सजिला शर्त सार्वजनिक गरिसक्यो । महामन्त्री क. प्रचण्डले देउवाको नाममा वार्ताको निम्ति एउटा आधिकारिक पत्रसमेत पठाइ सकेको र त्यो पत्र प्रधानमन्त्रीलाई नै बुझाइसकेको कुरा देउवाले सार्वजनिक गरिसके । परन्तु यस्तो प्रतीत हुन्छ, प्रधानमन्त्री गिरिजा बिलखबन्दमा परेका छन् । सेना परिचालन गर्ने तथा अर्द्ध-सैन्यबल खडा गरेर माओवादीलाई दबाउने उनको रणनीति दर्बार र सेनाको अस्वीकृतिले गर्दा फेल खाएको छ । तर उनी एकातिर वार्ताको श्रेय भट्टखई समर्थक उदीयमान प्रतिद्वन्दी शेरबहादुर देउवालाई जाला भनेर पनि भयभीत देखिएका छन्; अर्कोतिर, अझै पनि वार्ताद्वारा होइन, बन्दूकैद्वारा माओवादी समस्या हल गर्नुपर्छ भन्ने उनको भित्री योजना रहेको पनि बुझिन्छ । परन्तु बेलायतका विदेशमन्त्री रबीन कूक नेपाल आएको बेला दबाव दिन्छन् - माओवादीसित वार्ता गर । यूरोपेली संघका अध्यक्ष पनि त्यही भनेर दबाव दिंदैछन् । यो स्थितिमा गर्ने के ? गिरिजा सरकार अन्यौलग्रस्त भएको छ ।

दुईथरि मान्छेहरू नेपालमा माओवादी समस्या वार्ताद्वारा हल नहुनुमा फाइदा देखिरहेछन् । एकथरि, भ्रष्ट मन्त्री र नोकरशाहहरू, र अर्कोथरि, प्रजातन्त्रविरोधी तत्वहरू । भ्रष्ट मन्त्री र नोकरशाहहरूलाई माओवादी समस्या वार्ताद्वारा होइन, बन्दूकद्वारा हल गर्नुमा फाइदा छ, किनकि, यसो गर्दा दमन-यन्त्र शक्तिशाली पार्ने वहानामा ६-८ अरबको बजेट खेलाउन पाइन्छ । त्यति ठूलो रकम खेलाउंदा, कम से कम २-४ अरब रूपैयाँ चट् पार्न पाइन्छ । त्यस्तै, प्रजातन्त्र विरोधी तत्वहरूलाई माओवादीमाथि दमनको निहुँमा प्रजातान्त्रिक अधिकारमा कटौती गर्ने खालका 'काला ऐनहरू' ल्याउने अवसर मिल्छ; माओवादीका निहुँमा अन्य वामपन्थीहरूलाई समेत स्वाहा पार्ने वा फैलन नदिने अवसर मिल्छ । यही निकृष्ट स्वार्थका कारणले यी दुईथरि तत्वहरू अहिले माओवादीसित वार्ता नहोस् भनेर ज्यूज्यान छोडेर लागेका देखिएका छन् ।

यसपालीको बजेट हेर्दा गिरिजा सरकारले यिनै दुईथरि तत्वबाट प्रभावित भएर वार्ता होइन, दमनद्वारा समस्या हल गर्ने बाटो समातेको देखिन्छ । सेना परिचालनको योजना बिफल भएपछि अब मूलतः प्रहरी-यन्त्रको दमन क्षमता बढाएर माओवादी समस्या हल गर्ने बाटो गिरिजा सरकारले पक्रेको पाइएको छ । पोहोर ३ अरब ३२ करोड रूपैयाँ प्रहरीयन्त्रको लागि छुट्याईएकोमा यस वर्षको बजेटमा ५ अरब २७ करोड रूपैयाँ त्यस निम्ति छुट्याइएको छ अर्थात् पोहोरभन्दा ५९ प्रतिशत बढी । त्यसमाथि थप, प्रहरीलाई अत्याधिक हाततियार किन्न भनेर छुट्टै १ अरब ८६ करोड ५० लाख रूपैयाँ पनि यस वर्ष विनियोजन गरिएको छ । यो थैलीसमेत जोड्दा प्रहरीलाई छुट्याइएको बजेट गत वर्षको तुलनामा शतप्रतिशत भन्दा पनि ज्यादा हुन आउँछ । गिरिजा सरकारले प्रहरीतर्फ छुट्याएको यो अप्रत्याशित बजेटले प्रधानमंत्री गिरिजाको वार्ता र समग्र माओवादी समस्याप्रतिको दृष्टिकोण निकै हदसम्म छर्लंग पारेको छ । 'प्र.मं गिरिजा बाहिर-बाहिर वार्ताको नाटक गर्ने, भित्रभित्र दमनको तयारी गर्ने रणनीतिमा जुटेका छन् भन्ने बुझिन्छ ।

परन्तु माओवादी नेतृत्व चाहिं वार्ताको निम्ति निकै लचिलो र लालायित देखापरेको छ । 'जनयुद्ध' शुरू गरेयताको विगत साँढे चार बर्षमा यस्तो लचिलो ऊ कहिल्यै भएको थिएन । उसले वार्ताको निम्ति अनुकूल वातावरण बनाउन भनेर चारवटा शर्तहरू सार्वजनिक गरेको छ :

१. दिनेश शर्मा, दण्डपाणि न्यौपाने, मातृका यादव लगायत बेपत्ता पारिएका करीब २०० जना बन्दीहरूको स्थिति सार्वजनिक गर्ने ।

२. राजबन्दीहरू रिहाइ गर्ने ।

३. देशव्यापी राज्य-आतङ्क बन्द गर्ने ।

४. खारा लगायत जघन्य हत्या काण्डहरूको निष्पक्ष छानवीन गरी दोषीमाथि कारवाही गर्ने ।

माओवादी नेतृत्वले राखेका यी शर्तहरू अत्यन्त सरल छन् र तुरून्तै पूरा गर्न सकिने खालका छन् । गिरिजा सरकारसित अलिकता पनि बुद्धि विवेक हुँदो हो त उसले यति सरल मागहरूलाई तुरून्तै पूरा गरेर सरकार शान्तिपूर्ण वार्ताद्वारा समयस्याको हल गर्न चाहन्छ भन्ने प्रभाव जनतामा छोड्न अघिसथ्यों । एक वर्ष अघिसम्म पनि माओवादी नेतृत्व वार्ताको लागि यति लचिलो ढंगले पटक्कै पेश भएको थिएन ।

अहिले माओवादी नेतृत्व साँच्चै नै वार्ता चाहिरहेछ । संभवतः दुईवटा कारणले यस्तो चाहना पैदाभएको हुनुपर्छ : एउटा, माओवादी नेतृत्वले आफ्नो विगत कतिपय नीतिहरूमा पुनर्समीक्षा गर्नुपर्ने जरूरत महसूस गरिरहेछ र त्यसको लागि सम्मानजनक ढंगले सुस्केरा मार्ने ठाउँ खोजिरहेछ । दोश्रो, ऊ जनतामा यो सन्देश दिन खोजिरहेछ कि वास्तवमा वार्ता नचाहने ऊ होइन, कांग्रेस सरकार हो ।

गिरिजा सरकार अहिले कार्यनीतिक रूपले पटमूर्ख देखापरिरहेछ । कार्यनीतिक दाउपेचमा माओवादी नेतृत्व गिरिजा सरकारभन्दा निकै अगाडि र चलायमान देखापरिरहेछ । माओवादी नेतृत्व कांग्रेस सरकारको प्रत्येक प्रतिक्रियाको तुरून्तै जवाफ दिइरहेछ; कांग्रेस नेतृत्वलाई चाहिं माओवादी नेतृत्वले सार्वजनिक गरिसकेका ठूल्ठूला कुराको पनि सूचना, ज्ञानसम्म भएको





नेकपा माओवादीका महामन्त्री क. प्रचण्ड (बायाँ) र छापामार सेना (माथि)

देखिन्छ । यतिखेर कांग्रेसी गृहमंत्री माओवादीले 'जनयुद्ध' शुरू हुनु एक हप्ताअघि २०५२ साल माघ २१ गते राखेका ४० सूत्रीय मागहरू के हुन् थाहा छैन भनेर संसदमा भन्दैछन् । यतिबेला आएर कांग्रेसी प्रधानमन्त्री वार्ताको एजेण्डा वार्ता हुनुअघि नै माओवादीसित माग्दैछन् र हतियार छोडेर आएमा वार्ता हुन्छ भन्दैछन् ।

बचकनापनको योभन्दा ज्वलन्त उदाहरण अरू के हुन सक्छ ?

युद्धरत दुई पक्षले वार्ताको एजेण्डा त वार्ताको टेबिलमा नै खोज्ने हो नि ! वार्ताको पहिलो एजेण्डा नै वार्ताको एजेण्डा बनाउने हो नि ! अनि माओवादीले हतियार छोडेर वार्तामा आउनु पर्ने बाध्यात्मक कारणै के छ ? के उसले 'जनयुद्ध' को लाइन नै छोडेको हुनाले वा युद्धमा हारेको हुनाले वार्तामा आउनु परेको हो र ? वार्ताको आवश्यकता त माओवादीलाई भन्दा ज्यादा सरकारलाई परेको हो नि !

देशलाई अनावश्यक चपेटाबाट मुक्त गर्ने हो भने यतिखेर पहिले कहिल्यै नभएको अत्यन्त अनुकूल स्थितिको सिर्जना भइरहेछ : माओवादी नेतृत्व वार्ताको लागि एकदमै लचिलो र सकारात्मक ढंगले प्रस्तुत भइरहेछ । अब सरकारको दायित्वको कुरो हो कि सरकार पनि यतिखेर त्यत्तिकै लचिलो र सकारात्मक ढंगले प्रस्तुत होस् । त्यसो गर्ने हो भने यतिबेलाको आवश्यकता हो - सरकारले माओवादीले प्रस्तुत गरेका लचिला चार पूर्वशर्तहरू तुरुन्त पूरा गरिदेओस् । सरकारले एकतर्फी रूपले युद्ध विरामको घोषणा गरोस् । र, वार्तामा आउनेहरूलाई सुरक्षाको ग्यारेण्टी देओस् । यसो भयो भने वार्ताको लागि अनुकूल वातावरण चाँडै नै तयार हुनेछ र वार्ता साँच्चै नै संपन्न हुनेछ ।

होइन, सरकार यसो गर्दैन र बचकना कुराहरू गरेर वार्ता भाँड्ने खालका सोचहरू मात्र थपिरहन्छ भने - वार्ता भाँडेको र देशमा अनावश्यक हिंसाको स्थिति सिर्जना गरेको सारा जिम्मेवारी गिरिजा सरकार एक्लैको हुनेछ । अहिले वार्ताको बल सरकारको कोर्टमा छ र कांग्रेस सरकारले चाहेमा तुरुन्तै वार्ता हुन सक्ने स्थिति छ ।

के त्यसो भए सरकार र माओवादीबीच साँच्चै नै वार्ता होला त ? सरकार तयार भए वार्ता हुन संभव छ र वार्ता गर्ने भए सबैभन्दा अनुकूल परिस्थिति अहिले नै सिर्जना भएको छ । माओवादीहरू वार्ताको लागि यति धेरै अनुकूल यसअघि थिएनन् । परन्तु सार्थक वार्ता नहुने संभावना ज्यादा छ, किनकि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला वार्ताको मखमली पर्दाभित्र लुकेर बन्दूकको तयारी ज्यादा गर्दै हुनुहुन्छ । र, संवादको बाटोभन्दा ज्यादा दमनको बाटोमा उहाँलाई अधिक विश्वास छ । उहाँको वरपर भ्रष्टहरू र गैर-प्रजातान्त्रिक तत्वहरू ज्यादा छन् र तिनीहरूको तुच्छ स्वार्थको निम्ति माओवादी समस्या दमनको बाटोद्वारा हल गर्न खोज्नु ज्यादा फाइदाजनक छ । त्यसैले, कांग्रेस भित्रका इमान्दार प्रजातान्त्रिक तत्वहरू र कांग्रेस बाहिरका संपूर्ण वामपन्थी र प्रजातान्त्रिक शक्तिहरूले सशक्त दबाव सिर्जना गर्न सकेमा मात्र अहिलेको अनुकूल स्थितिमा वार्ता संभव हुनेछ ।

के कुरा पनि स्पष्ट हुनु जरूरी छ भने वार्ता भईहालेमा पनि माओवादी प्रकरण संपूर्णतया वार्ताद्वारा मात्र हल हुन संभव छैन । वार्ताले अनावश्यक हिंसा कम गर्नु संभव छ, तनाव कम गर्नु संभव छ । परन्तु माओवादी प्रकरण त विगत १० वर्षको बहुदलीय पूँजीवादी प्रजातन्त्र, सिंहदरबारको पर्खालभित्र मात्र र ५ प्रतिशत जनताको संपन्नता र फाइदामा मात्र सीमित भएको कारणले पैदाभएको समस्या हो । जबसम्म ९५ प्रतिशत जनताले आफ्नो झुपडीमा क्रान्ति, प्रजातन्त्र र प्रगति आएको अनुभूति गर्दैनन्, एकथरि माओवादी दमनद्वारा मासिए पनि अर्कोथरि माओवादी रक्तबीज भएर पैदा भइरहने छन् । वर्तमान समस्या हल गर्ने हो भने समस्याको जरो कारण हल गर्नतिर जानुपर्दछ । ❑

*यतिखेर पहिले कहिल्यै नभएको अत्यन्त अनुकूल स्थितिको सिर्जना भइरहेछ : माओवादी नेतृत्व वार्ताको लागि एकदमै लचिलो र सकारात्मक ढंगले प्रस्तुत भइरहेछ । अब सरकारको दायित्वको कुरो हो कि*

# यानप्रसादले आफूबाट नकारात्मक पाठ सिक्न सकिने ठहर गरे

ने.क.पा. माओवादीका तात्कालीन पोलिट्ब्यूरो सदस्य यानप्रसाद गौतम (आलोक) लाई सो पार्टीले वाम संकीर्णता र वाम विचलन, दक्षिणपन्थ, नैतिक भ्रष्टता, मित्रहरूप्रति असहिष्णुता र यौन आचरणमा विकृति आदि आरोपहरू लगाएर पार्टी कारवाही गरेपछि उनले आत्मालोचना गरेका छन् । उनलाई ने.क.पा. माओवादीले पार्टीबाट निष्काशन गर्नुका साथै श्रम शिविरमा पठाउने निर्णय गरेको थियो र सार्वजनिक आत्मालोचना गर्ने निर्देशन पनि दिएको थियो ।

आफूले सार्वजनिक गरेको आत्मालोचना-वक्तव्यमा यानप्रसाद गौतमले आफूबाट नेपाली कम्युनिष्ट आन्दोलनले नकारात्मक पाठ सिक्नेछ भनी व्यक्त गरेको विचार उल्लेखनीय रहेको छ ।

उनी भन्छन् - "म अहिले नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारभित्र जन्मेको, हुर्केको र अवसान भएको नकारात्मक पात्रका रूपमा इतिहासको कठघरामा उभिएको छु । नकारात्मक रूपमा भएपनि क्रान्तिकारी पंक्ति र मुक्तिकामी जनसमुदायले नकारात्मक शिक्षाका रूपमा मबाट गंभीर पाठ सिक्ने र नेपाली क्रान्तिको सेवा गर्ने अवसर प्राप्त गर्नुभएको छ । नकारात्मक शिक्षालाई सकारात्मक प्रगति र सफलतामा फेर्ने द्वन्दात्मक विधि र प्रक्रियाप्रति हामी सबैले गर्व गर्नैपर्दछ ।"

पश्चाताप व्यक्त गर्दै उनी वक्तव्यमा भन्छन् - "नेपाली वर्ग संघर्ष र पार्टी भित्री अन्तरसंघर्ष वा दुई लाइन संघर्षको भीषणता, तीव्रता एवं जटीलताका कयौं आरोहअवरोह पार गर्दै अघि बढ्ने क्रममा ममा राजनीतिक विचलन, संगठनात्मक रूपमा व्यक्तिवादी नोकरशाही कार्यशैली, आर्थिक उदारता, सांस्कृतिक क्षेत्रमा सामन्ती यौन कुण्ठा आदि गलत आचरणका कारण पार्टी र आन्दोलनलाई गंभीर क्षति पुग्न गएको छ । मेरो २५/२६ वर्षको राजनैतिक आन्दोलनको यात्रामा मबाट हुन

*ममा गलत आचरणका कारण पार्टी र आन्दोलनलाई गंभीर क्षति पुग्न गएको छ*

गएका त्यस प्रकारका गल्ती र कमजोरीरूप्रति गंभीर रूपले पश्चाताप गर्दै सार्वजनिक रूपमा आत्मालोचनासहित प्रायश्चित गर्ने र गल्तीहरू सच्च्याउने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । बाँकी कुरामा भविष्यले नै सच्चाईको सार्थकता प्रमाणित गर्नेछ ।"

उनले आफ्नो विचलनको सन्दर्भमा पार्टीमाथि र पार्टीभित्र भएका घटनाहरूलाई 'निकै गंभीर' भएको ठहर पनि गरेका छन् । उनको वक्तव्यले भन्छ - "जहाँसम्म मेरो विचलन र गलत आचरणका कारण पूर्वांचल क्षेत्रले व्यहोर्नु परेको क्षति तथा मेरा कमजोरीहरूमाथि टेकेर गौरवशाली पार्टीमाथि भएको आक्रमण र पार्टीको आन्तरिक जीवनमा घटेका घटनाहरूको प्रकृति निकै गंभीर छन् । यसको उद्घाटन पनि हुँदै जाने कुरामा म विश्वस्त छु ।"

रमेश ढुंगेल मारिएको बारेमा यानप्रसाद भन्छन् - "विगतमा पार्टीको जिम्मेवार निकायमा रहेर काम गर्ने दौरानमा प्राप्त रिपोर्ट र केही तथ्यहरूका आधारमा रमेश ढुंगेललाई दुश्मनको एजेण्टमा फेरिएको निर्णयसहित सफाया गरिएको थियो । कुनै पनि घटना र व्यक्तिको मूल्यांकन पटक पटक चलिरहन सक्छ । यी अनन्त प्रक्रियाहरू हुन् । अहिले पार्टीलाई प्राप्त रिपोर्ट नयाँ तथ्यहरूका आधारमा गलत ढंगबाट रमेश ढुंगेलको हत्या भएको पार्टी निष्कर्षका सन्दर्भमा त्यसको संपूर्ण जिम्मेवारी म आफैं लिन चाहन्छु ...।"

यानप्रसाद गौतमले यो आत्मालोचना-वक्तव्यमा पार्टीको प्रसंशा गर्दै आफू "एक सचेत नागरिकको हैसियतले राष्ट्र र जनताप्रति आफ्नो जिम्मेवारी र कर्तव्यबाट च्यूत हुने छैन" भन्दै आफ्नो आदेशद्वारा मारिएका आफ्नै कार्यकर्ता रमेश ढुंगेलकी श्रीमतीले श्रीमानको हत्याको बदला लिनेछु भनी पत्रिकामार्फत् भनेको कुराप्रति पनि प्रतिकृया जनाएका छन् । उनी भन्छन् - "रमेश ढुंगेलकी श्रीमती रमा ढुंगेलले 'आफ्नो श्रीमानको हत्याको बदला आफैं लिने उत्कृष्ट अभिलाषा प्रकट गर्नुभएको छ, त्यसलाई म सहर्ष स्वीकार गर्दै क्रान्तिकारी आन्दोलनलाई पुनः नयाँ उँचाइ र उर्जा प्रदान गर्ने आफ्नो वैयक्तिक हकसमेत प्रकट गर्न चाहन्छु ।"

उनको यो 'सहर्ष स्वीकार' को आशय रमेश ढुंगेलकी श्रीमतीलाई दिइएको चुनौती हो कि उनीसँग गरिएको 'क्षमा याचना' हो, त्यो भने प्रष्ट छैन । ❑



# वार्ता गरुन्जेल हतियार बिसाउनुपर्छ



- क. भक्तबहादुर श्रेष्ठ

**राष्ट्रिय जन आन्दोलन संयोजन समितिका संयोजक क. भक्तबहादुर श्रेष्ठ एकजना पुराना र वरिष्ठ वामपन्थी नेता हुनुहुन्छ । नेकपा माओवादीका कतिपय विचारहरूसँग सहमति राख्नुहुने श्रेष्ठले सरकार र माओवादीबीच वार्ता हुनुपर्छ भन्ने धारणा व्यक्त गर्नुभएको छ । संक्षेप अन्तर्गत यसपटक मूल्यांकनले उहाँसँग त्यही विषयमा गरेको कुराकानी यहाँ प्रस्तुत छ ।**

**+ सरकार र माओवादी समूहबीच हुने भनिएको वर्ताबारे राष्ट्रिय जन आन्दोलन संयोजन समितिको प्रतिक्रिया के छ ?**

- सरकार र माओवादीबीच वार्ता हुनुपर्छ भन्ने राष्ट्रिय जन आन्दोलन संयोजन समितिको धारणा हो । त्यसले सामान्यतः अनावश्यक हत्या, आतंक रोकिन्छ कि भन्ने लाग्दछ । माओवादीले पनि आफ्नो संपूर्ण कुरा नगरे पनि त्यस्तो हत्या, आतंक रोक्ने विषयमा एउटा सहमतिमा पुग्ने प्रयास गर्नुपर्दछ । सरकारले पनि सायद त्यही खोज्दैछ ।

**+ तपाईंको दृष्टिमा वार्ताको प्रक्रिया किन अगाडि बढ्न नसकेको हो ?**

- माओवादी चाहिं वार्ताको निम्ति आफ्नो धारणासहित कस्सिएर अगाडि आयो, तर सरकार चाहिं दोहोरो मनस्थितिमा देखिंदैछ । एकातिर वार्ता वार्ता भन्ने र अर्कोतिर दमनको प्रक्रिया पनि बढाउने काम सरकारले गरिरहेको छ । यसले गर्दा नै वार्ताको प्रक्रिया अघिबढ्न नसकेको हो ।

**+ वार्ताको निम्ति वातावरण बनाउन माओवादी पक्षले पनि ठोस भूमिका खेलेको देखिंदैन नि ?**

- वार्ताको वातारवरण बनाउनकै लागि माओवादी पक्षले त 'बेपत्ता पारिएका मानिसहरूलाई सार्वजनिक गर' भनिरहेकै छ । त्यस्तै, खाराको आगलागीको विषयमा निष्पक्ष आयोग बनाउने र केही व्यक्तिहरूलाई रिहा गर्ने कुरा माओवादी पक्षले ल्याएको छ । त्यसैले वार्ताको निम्ति वातावरण बनाउने प्रमुख जिम्मेवार शक्ति सरकार नै हो । सरकारले नै यसको निम्ति पहल गर्नुपर्थ्यो भन्ने मलाई लागेको छ ।

**+ वार्ताको चर्चा चलिरहेको बेला माओवादीहरूले पनि पुलिस चौकीहरूमाथि आक्रमण गर्ने र हत्या-हिंसालाई चर्काउने काम गरिरहेका छन् । यसले वार्ताको संभावनालाई विथोल्दैन र ?**

- मैले भनिसकें वार्ताको निम्ति सबभन्दा पहिलो जिम्मेवार पक्ष सरकार नै हो । कैयौं ठाउँहरूमा देखिएकै छ- युद्ध चलिरहेकै बेला वार्ता पनि भइरहेको हुन्छ । मलाई लाग्छ, माओवादीहरूले वार्तालाई विथोल्न युद्ध चर्काएका होइनन्, बरू वार्ताको निम्ति दबाब दिन त्यसो गरेका हुन् ।

**मैले भनिसकें वार्ताको निम्ति सबभन्दा पहिलो जिम्मेवार पक्ष सरकार नै हो**

**+ सरकार र माओवादी पक्षबीच यदि वार्ता मैहाल्यो भने 'जनयुद्ध' स्थगित हुने संभावना छ कि छैन ?**

- जनयुद्ध रोक्ने शर्तमा हामी वार्ता गर्दैनौं भनेर माओवादीहरूले भनिरहेका छन् । 'जनयुद्ध रोक र संवैधानिक दायराभित्र आऊ' भनेर जिद्दी गर्ने सरकारको अधिकार हो । तर सरकारको जिद्दीलाई अस्वीकार गर्ने माओवादीको अधिकार हो । सरकारले यसै गर्नुपर्छ भन्यो भने वार्ताको उपलब्धि नहुनसक्छ । देश र जनताको हितमा कतिसम्म गर्न सकिन्छ भन्ने कुरा सरकारले सोच्नुपर्ने कुरा हो ।

**+ माओवादीहरूको 'जनयुद्ध' राजतन्त्रविरूद्ध नै लक्षित हो भने उनीहरूले राजतन्त्रवादीहरूसँग वार्ता गर्नुको औचित्य के हो ?**

- मानव अधिकारवादीहरूले समेत वार्ताको कुरा चलाएकाले नै माओवादीहरूले वार्ताको निम्ति चासो देखाएर वार्ता गर्न सहमति जनाएका हुन् । वार्ताको निम्ति सरकारले प्रस्ताव राखेपछि माओवादीहरू त्यसमा आउँदैनन् र उनीहरूलाई वार्ता विरोधी, हत्या र आतंकमा पक्षपातीहरू हुन् भनेर जनतामा बद्नाम गर्ने उद्योगमा सरकार थियो । तर माओवादी पक्षले 'वार्ता गर्छु' भनेर सरकारको त्यस्तो उद्योगलाई दनक दियोजस्तो मलाई लाग्छ ।

**+ तत्काल वार्ताको लागि दुवै पक्षले हतियार बिसाउनुपर्छ जस्तो तपाईंलाई लाग्छ कि लाग्दैन ?**

- वार्तामा बसेपछि चाहिं वार्ता गरून्जेल हतियार बिसाउनुपर्छ भन्ने मलाई लाग्छ ।

**+ वार्तामा बस्नुअघि चाहिं बस्ने वातावरण बनाउन हतियार बिसाउनु पर्दैन ?**

- वार्ताको सिलसिला चल्यो भने मात्र हतियार बिसाउने कुरा हुनसक्छ ।

**+ वार्ता संभव तुल्याउन सरकारले के के गरोस् भन्ने तपाईंलाई लाग्छ ?**

- संविधानलाई लागू गर्नुपर्ने सरकारले मान्छे समात्दै बेपत्ता पार्दै गरिरहेको छ । कम्तिमा पनि बेपत्ता पारेका व्यक्तिहरूबारे सरकारले तथ्य कुरा सार्वजनिक गर्नुपर्छ । यो कुरा हामीले मात्र होइन सबैले भनिरहेका छन् ।

**+ यदि वार्ता भयो भने तपाईंको विचारमा त्यसबाट देश र जनताको निम्ति प्रत्यक्ष फाइदा के हुन्छ ?**

- कम्युनिष्ट पार्टीको अधिकतम् लक्ष्य नयाँ जनवाद र गणतन्त्र नै भए पनि त्यहाँसम्म पुग्ने क्रममा जुनसुकै तरिकाबाट पनि जनताको पक्षमा सक्दो फाइदा लिने प्रयत्नहरू भइरहन्छन् । यदि वार्ता भएछ भने अहिले जसरी बीचका जनताहरू मारिरहेका छन् त्यसरी बीचका निर्दोष जनताहरू मारिने क्रम रोकिन्छ । वार्ताबाट हुने प्रत्यक्ष फाइदा त्यही हो ।

**+ माओवादीहरूको शक्ति सिद्धिंदै गएकोले उनीहरू वार्ताको निम्ति तयार भएका हुन् पनि भनिन्छ नि ?**

- वस्तुस्थितिको पटक्कै अध्ययन नगर्ने पूर्वाग्रही व्यक्तिहरू मात्र त्यस्तो भन्छन् । त्यो गलत हो । ❑

# कोसोभो युद्धमा अमेरिका र नाटोलाई कसरी मूर्ख बनाइयो ?

- दीपक बैद्य





कोसोभोको राजधानी प्रिस्टिनाबाट फर्कंदै गरेको सर्व सेनाका ट्यांक र सैनिक वाहनहरू (बायाँ) ।
सर्व सेनाको अति न्यून मात्र क्षति भएको तथ्य पचाउन नसकेका क्लार्क (माथि)

उत्तर एटलाण्टिक सन्धी संगठन (NATO) ले पोहोर साल युगोस्लाभियामा चलाएको हवाई युद्धलाई अहिलेसम्मको इतिहासमा सबैभन्दा सफल हवाई-आक्रमण ठहर्‍याइएको थियो । सैनिक इतिहासकार जोन किगनको दावी थियो- "यो युद्ध युद्धकै इतिहासमा एउटा मोड थियो ।" विश्वमा पहिलो पटक "खाली हवाई शक्तिद्वारा मात्रै पनि युद्ध जित्न सकिन्छ"-

त्यो लडाइँबाट यो कुरा सावित भएको बताइएको थियो । नाटो पक्षले एउटा पनि सिपाही नमरीकन, एउटा पनि बिमान चालकको मृत्यु नभईकन ७८ दिन लामो हवाई-युद्ध विजयमा टुंगिएको यो पहिलो ऐतिहासिक रेकर्ड थियो ।

पोहोर जुनमा युद्ध सकिएपछिको ऐतिहासिक पत्रकार सम्मेलनमा अमेरिकी रक्षामन्त्री विलियम कोहेनले घोषणा गरेका थिए- "हामीले ५० प्रतिशतभन्दा ज्यादा चलायमान ठूला तोपहरू र एक तिहाई हतियारबन्द गाडी नष्ट गरेर कोसोभोस्थित सर्व सैनिक शक्तिलाई गंभीर रूपले तहस-नहस बनायौं । त्यही पत्रकार सम्मेलनमा नाटो संयुक्त सेनाका अध्यक्ष जनरल हेनरी शेल्टनले रंगीन चार्टहरूसमेत प्रस्तुत गर्दै दावी गरेका थिए - "हामीले १२० वटा टैंक, २२० वटा बख्तरबन्द गाडीहरू र ४५० वटासम्म ठूला चलायमान तोपहरू र मोर्टारहरू ध्वस्त पार्‍यौं ।"

तर अहिले आएर के प्रमाणित भएको छ भने 'सबैभन्दा सफल' भनेर दावी गरिएको नाटो हवाई-आक्रमण धेरै मात्रामा प्रभावहीन भएको रहेछ । सुरक्षाको निम्ति तीन माइलभन्दा ज्यादा उँचाइबाट गरिएको मिसाइल आक्रमणले नागरिकहरूका कारहरू, ट्रकहरू, शत्रुलाई झुक्याउन भनेर सर्वियन सेनाले राखेका नक्कली टैंकहरू र हतियारबन्द गाडीहरू त सयौं नष्ट पारिएछन् । परन्तु वास्तविक सर्वेली हातहतियार र टैंकहरू चाहिं ज्यादाजसो चोखै बाँकी बचेछन् । नष्ट गरिएको भनेर दावी गरिएका सर्वेली तोपहरू र टैंकहरूमध्ये ज्यादै सानो अंशमात्र नाटो हवाई-आक्रमणले खत्तम पार्न सकेछ । १२० होइन खाली १४ वटा ट्यांकहरू मात्र ध्वस्त पारिएछन् । २२० वटा होइन, १८ वटा बख्तरबन्द गाडीहरू मात्र नष्ट पारिएछन् ; ४५० वटा होइन, खालि २० वटा ठूला चलायमान तोपहरू मात्र स्वाहा भएछन् । नाटो सेनाले ७४४ वटा हवाई आक्रमण ठीक ठाउँमा लागेको सुनिश्चित गरेकोमा खालि ५८ वटा मात्र सफल भएको पत्तो लागेको छ ।

गजबको कुरो के छ भने, यो युगोस्लाभियाको सेनाले प्रकाशित गरेको निष्कर्ष होइन । यो त नाटो र मूलतः अमेरिकी वायु सेनाका युद्ध-विज्ञहरू स्वयम्को टीमले तैयार पारेको अति गोप्य रिपोर्ट हो र यो सेनाद्वारा दवाइएको रिपोर्टको सार चर्चित अमेरिकी खबर-पत्रिका 'न्यूजवीक'ले हालै प्रकाशित गरेको छ । यो रिपोर्टको एकप्रति त्यस पत्रिकासित सुरक्षित रहेको दावीसमेत गरिएको छ ।

भएछ के भने, पोहोर जुन महिनामा कोसोभो युद्धको समाप्तिपछि सर्व सेनाका स्थल-कमाण्डर जनरल नोभोज्सा पाभ्कोभिकले दावी गरेछन् कि युद्धमा उनीहरूको खालि १३ वटा टैंकहरू मात्र नष्ट भएका छन् । यो दावी सत्य पो हो कि भनेर अमेरिकी सेनामा शंका उत्पन्न भएछ । त्यो शंका निवारण गर्न नाटो सेनाका सर्वोच्च कमाण्डर जनरल वेस्ले क्लार्कले पोहोर जून महिनाको अन्त्यतिर प्रत्यक्ष स्थलगत सर्भे गर्न विज्ञहरूको एउटा टीम कोसोभो पठाएछन् । केही नाटोका र धेरैजसो अमेरिकी वायु सेनाका विज्ञहरू सामेल रहेको ३० जनाको यो टीमले लामो स्थलगत सर्भेक्षणपछि एउटा गोप्य रिपोर्ट नाटो समक्ष पेश गरेछ । यो रिपोर्टले अमेरिकामा र संपूर्ण यूरोपेली खेमामा हलचल नै मच्चाएछ । त्यही रिपोर्टमा प्रकाशित हुन् माथिका तथ्य तथ्यांकहरू ।

"म्युनिशन्स इफेकटीभ्नेस् एसिस्मेण्ट टीम (MEAT)" नाम गरेको त्यस टीमले पत्ता लगाएअनुसार नाटोको बम आक्रमण स्थिर लक्ष्य जस्तो कि पुल र बंकरहरूमा मात्र ज्यादा सफल भएछ । "परन्तु हामी प्रशस्तै ठगिएछौं"- टीमका एक सदस्यले बताए । सर्वहरूले एउटा महत्वपूर्ण पूललाई वास्तविक पुलको ३०० गजमाथितिर पोलिथीन शीटद्वारा एउटा नक्कली पुल बनाएर बचाएछन् । नाटो हवाई सेनाले त्यस्ता नक्कली पुलहरू थुप्रैवटा ध्वस्त पारेछ । पुरानो ट्रकको पाङ्ग्रासहितको बडीमा एउटा लामो कालो काठको मुढा तेर्स्याएर नक्कली चलायमान तोप (आर्टिलरी) तैयार पारिंदोरहेछ । तीन माइलमाथि आकाशबाट यो दुरूस्तै आर्टिलरीजस्तै देखिंदोरहेछ । नाटो सेनाले युगोस्लाभ सेनाद्वारा दुश्मनलाई झुक्याउन बनाइएका यस्ता थुप्रै नक्कली आर्टिलरीहरू ध्वस्त पारेछन्, वास्तविक भन्ठानेर । यूरोपमा दूध प्याक् गर्ने कार्टूनका लागि प्रयोग गरिने धातुको जस्तो लाइन भएको कँडा कागतबाट एस-ए-९ जस्तो हवाइजहाज खसाल्ने मिसाइल नक्कली रूपमा बनाइएछ ।

टीमले बाटो घाटोमा बम आक्रमणबाट डढेका थुप्रै कारहरू, बसहरू, ट्रकहरू भेटेछ, तर अति थोरै मात्र टैंकहरू भेटिएछन् । २६०० वटा स्थलगत फोटोहरूसहित MEAT टीमले यो रिपोर्ट नाटो हवाई सेनालाई गत अगस्त महिनामा बुझाएपछि नाटो सैनिक केन्द्रमा भूईचालो गएछ । "यस्तो हुनैसक्दैन, म यो रिपोर्टमा विश्वासै गर्दिन"- जनरल क्लार्कले यस्तो टिप्पणी व्यक्त गरेछन् । उनले त्यसपछि ब्रिगेडीयर जनरल जोन कोर्लेको अगुवाइमा अर्को रिपोर्ट तयार पार्न मान्छे खटाएका छन् र त्यसले विना राम्रो भरपर्दो खोजवीन आफ्नो रिपोर्ट पेश गरिसकेको छ । परन्तु यो रिपोर्टलाई मान्न कोही तयार देखिन्न ।

यसप्रकार, अमेरिका र नाटोले युगोस्लाभियालाई गत बर्षको कोसोभो युद्धमा खालि हवाई आक्रमणद्वारा मात्रै पराजित गरेको शंखघोष गरेका थिए । परन्तु एक वर्ष नबित्दै के प्रमाणित भएको छ भने, युगोस्लाभियाली राष्ट्रपति स्लोभोदान मिलोसेविच र उनको सेनाले अमेरिका र नाटोलाई मूर्ख बनाएको पो रहेछ । ❑

# महिला विधेयक

## यसपाली पनि पास हुने छाँट छैन

मुक्ता श्रेष्ठ




नेपालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएको पनि १० वर्ष भइसकेको छ । बहुदल स्थापनापछि बनाइएको 'नेपाल अधिराज्यको संविधान २०४७' मा लिंगको आधारमा कुनै भेदभाव नगरिने कुरा उल्लेख गरिएको छ । त्यस्तै, किसिमले महिलाको विरूद्धमा सबै किसिमका भेदभाव अन्त्य गर्न बनेको महासन्धी (सिड्अ) लगायत मानव अधिकारसम्बन्धी अन्तरराष्ट्रिय महासन्धिहरूलाई नेपालले अनुमोदन गरेको छ । र, नेपालमा भएका महिला विरूद्धको भेदभाव अन्त्य गर्ने कुरामा नेपाल सरकारले प्रतिबद्धता जाहेर गरेको छ । बेइजिङ्ग सम्मेलनपछि त्यसको समीक्षा गर्न ३ जुन, २००० मा न्यूयोर्कमा बसेको सं रा सं को महासभाको विशेष बैठकमा पनि नेपालले आफ्नो राष्ट्रिय प्रतिवेदन पेश गरेको छ । त्यस विशेष बैठकमा भाग लिन जानुभएका महिला नेतृहरू शशी श्रेष्ठ तथा दुर्गा घिमिरेका अनुसार यसपटक नेपालले पेश गरेको प्रतिवेदनमा आफूले गर्न नसकेका कामहरूको पनि उल्लेख गरेर प्रतिवेदनलाई आलोचनात्मक बनाएको छ ।

त्यस बैठकमा शिक्षा, स्वास्थ्य, हिंसा, राजनीति, अर्थतन्त्र, संचार, वातावरण आदि १२ वटा सरोकारका विषयहरूमा छलफल भएको थियो । यसै बैठकले सन् २००५ सम्ममा सबै राष्ट्रका सरकारहरूले महिलाविरूद्ध भेदभावसम्बन्धी सम्पूर्ण कानूनहरू खारेज गर्नु पर्ने, महिलामाथि हुने हिंसा कम गर्न राज्यले भूमिका खेल्नु पर्ने, शिक्षा, स्वास्थ्य तथा सञ्चारमा महिलाहरूको पहुंच बढाइनु पर्ने, महिला तथा बालिकाहरूलाई अनिवार्य रूपमा शिक्षा दिइनु पर्ने, नीति निर्माण गर्ने तहमा महिलाहरूको सहभागिता बढाइनु पर्ने आदि निष्कर्षहरू निकालेको छ । यसमा नेपाल सरकारले पनि आफ्नो प्रतिवद्धता जाहेर गरेर आएको छ ।

विश्वको अगाडि प्रतिबद्धता जाहेर गर्दैमा र महासन्धिहरू अनुमोदन गर्दैमा नेपाली महिलाहरूमाथि भइरहेको भेदभाव स्वतः हट्न सक्तैन । त्यसको लागि सरकार व्यवहारिक रूपले नै मैदानमा उत्रनु पर्दछ । तर यस्तो देखिन्छ, नेपाल सरकार महिलाहरूमाथि भएको भेदभाव हटाउन र उनीहरूलाई पनि पुरूषसरह समान अधिकार प्रदान गर्न चाँहदैन । यसको उदाहरण, बहुदल आएको १० वर्ष बित्दा पनि संविधानसँग बाझिएका मुलुकी ऐनका कानूनहरू खारेज गरेर अर्को समानतामूलक नयाँ कानून नबनाउनु हो ।

२०५० सालमा अधिवक्ता द्वय मीरा खनाल र मीरा ढुंगानाले सर्वोच्च अदालतमा "संविधानको धारा १ बमोजिम संविधानसंग बाझिएको कानूनको धारा ८८ (१) खारेज घोषित गर्ने आदेश पाऊँ " भनी निवेदन दिएका थिए । त्यसको फैसलामा सर्वोच्च अदालतले २०५२ साल श्रावण १८ गते श्री ५ को सरकारलाई एक वर्षभित्रमा संसदमा उपयुक्त विधेयक पेश गर्ने निर्देशनात्मक आदेश जारी गरेको थियो ।

त्यसपछि सहाना प्रधान, शान्ता थपलिया, शशी श्रेष्ठ र सिलुसिंह लगायत संलग्न रहेको एउटा कमिटीले 'मुलुकी ऐन २०२०' को सम्पत्तिसम्बन्धी महल, अपुतालीसम्बन्धी महल, भूमि ऐनसम्बन्धी महल लगायत महलहरूमध्ये जुन जुन महलमा छोरा र छोरीबीच सम्पत्तिमा असमानता रहेको छ, ती सबै महलहरूमा संशोधन गर्ने कुरालाई प्रस्तावित गरेर विधेयकको खाका तयार गरेको थियो । त्यही खाकाअनुसार विधेयक तयार गरेर संसदमा पेश गर्ने प्रक्रिया अन्तरगत महिला तथा समाज कल्याण मन्त्रालयले २०५३ सालमा कानून मन्त्रालयमा विधेयक पठायो । तर त्यो वर्ष अनेक षडयन्त्र गरी त्यो विधेयक संसदमा पेश गरिएन ! र, त्यसलाई रद्दीको टोकरीमा मिल्काइयो ।

त्यही वर्ष नेपाली कांग्रेस पार्टीले बनाएको शैलजा आचार्य, मीना पाण्डे र मुकुन्द रेग्मी भएको समितिले पैतृक सम्पत्तिमा महिलाको अधिकारबारे आफ्नो प्रतिवेदन पेश गर्‍यो । त्यस प्रतिवेदनमा छोरीको विहाभन्दा अगाडि अंशवण्डा भएमा छोरीले पनि छोरासरह अंश पाउने, अंश पाएपछि छोरीको विहा भएमा आफूले पाएको अंश माइतीमै छोडेर जानुपर्ने र विहापछि लोग्नेको सम्पत्तिमा हक लाग्ने कुरा उल्लेख गरेको छ ।

२०५३ सालमा त्यही प्रतिवेदअनुसार नै विधेयक बनाएर 'मुलुकी ऐन २०२० लाई संशोधन गर्न बनेको विधेयक' नेपाली कांग्रेसको सरकारले संसदमा पेश गर्‍यो । त्यो वर्ष संसदमा त्यो विधेयकमाथि कुनै छलफल नै भएन । एक वर्षसम्म त्यो विधेयक संसदमै थन्केर बस्यो । २०५४ सालमा एमाले र राप्रपाको संयुक्त सरकार बन्यो । त्यस सरकारका कानून मन्त्री एमालेका प्रेमबहादुर शाहीले नेपाली कांग्रेसले पेश गरेको विधेयकलाई सामान्य काँटछाँट गरी जस्ताकोतस्तै नै संसदमा पेश गरे । यसपटक संसदमा छलफल भएर त्यो विधेयक परराष्ट्र तथा मानव अधिकार समितिमा गयो ।

**किन सबै पक्षका यी सांसदहरू महिलाहरूलाई प्रजातान्त्रिक अधिकार प्रदान गर्ने कुरामा यति धेरै अकर्मण्य छन् र अत्यन्त डराइरहेछन् ?**

**पुरूष सांसदहरू त डराए डराए । उनीहरूले त त्यो विधेयक पास गर्न पहलकदमी लिएनन् लिएनन्, महिला सांसदहरूले त दह्रो पहल लिनुपर्ने हो । तर.....**

त्यस समितिमा हिरण्यलाल श्रेष्ठ कार्यवाहक अध्यक्ष भएको बेलामा उनले त्यस विधेयकमा छलफल चलाए । पछि त्यो विधेयक सामान्य न्याय तथा संसदीय व्यवस्था सामितिमा सारियो ।

अहिले यो विधेयक त्यहीं नै थन्केर बसेको छ । २०५५/५६ सालको संसदको अधिवेशनमा पनि यो विधेयक पास होला भन्ने आशा सबैले गरेका थिए । तर आशा निराशामा बदलियो । अहिले यो २०५७ सालको अधिवेशनमा आइपुग्दा पनि त्यो विधेयक जहाँकोतहीं छ, त्यो पास होला भन्ने आशा कसैले गरेका छैनन् ।

यो विधेयक पास गर्नको लागि न सरकारले पहलकदमी गर्‍यो, न त प्रतिपक्षले नै । किन सबै पक्षका यी सांसदहरू महिलाहरूलाई प्रजातान्त्रिक अधिकार प्रदान गर्ने कुरामा यति धेरै अकर्मण्य छन् र अत्यन्त डराइरहेछन्? महिलाहरूलाई अधिकार दिइयो भने आफूहरूले महिलामाथि हैकम चलाउन पाइँदैन भनेर डराएका त होइनन् ती सांसदहरू ?

पुरूष सांसदहरू त डराए डराए । उनीहरूले त त्यो विधेयक पास गर्न पहलकदमी लिएनन् लिएनन्, महिला सांसदहरूले त दह्रो पहल लिनुपर्ने हो । तर महिला सांसदहरूले पनि यो विधेयक पास गर्नको लागि फितलो किसिमले मात्र आवाज उठाइरहेका छन् । महिला सांसदहरू संसदमा जति छन्, तिनीहरू सबै राजनीतिक मतभेदलाई थाँती राखेर महिला सवालहरूमा एकजुट हुनुपर्दथ्यो । तिनीहरू सबैले एकजुट भएर त्यो विधेयक पास गर्न संसदमा भएका सबै पार्टीहरूलाई दबाव दिनुपर्थ्यो । तर त्यसो भइरहेको छैन ।

वास्तवमा अहिले संसदमा पेश भइरहेको विधेयकले पनि पैतृक सम्पत्तिमा महिलाहरूलाई पूर्ण हक दिएको भने छैन । पहिलेको कानून र यो विधेयकमा के मात्र फरक छ भने, पहिलेको कानूनमा ३५ वर्ष पुगेपछि मात्र छोरीले सम्पत्ति पाउँछे, अहिलेको विधेयकमा जन्मैदेखि पाउँछे । तर दुवैमा विहापछि छोरीले आफूले पाएको सम्पत्ति माइतीमै छाडेर जानुपर्छ ।

परन्तु महिलाहरूलाई यति सानो अधिकार मात्र दिनसमेत सांसदहरू किन यति भयानक ढिलासुस्ती गर्दैछन् ? यी राजनैतिक पार्टीहरू 'मुखमा राम राम, बगलीमा छुरा' भनेभैं आफ्ना चुनावी घोषणा पत्रहरूमा त महिलाहरूलाई पनि पुरूषसरह समान अधिकार दिने घोषणा गर्छन्, तर व्यवहारमा भने त्यसको ठीक उल्टो भूमिका उनीहरूको देखिन्छ ।

त्यसैले, महिलाहरूले आफ्नो अधिकार प्राप्त गर्ने नै हो भने दह्रो आवाज उठाउनुपर्ने बेला आएको छ । हक मागेर होइन, खोसेर नै लिनुपर्छ । हक खोस्नको लागि सडकमै जानुपर्ने बेला आएको छ । ०५२/५३ सालतिर पैतृक सम्पत्तिको अधिकारलाई लिएर गरिएका आन्दोलनहरू धेरै सशक्त भएका थिए । त्यसैले, त्यतिबेला सरकारले बाध्य भएर पैतृक सम्पत्तिसम्बन्धी विधेयक संसदमा पेश गर्‍यो । ०५५/५६ सालपछि सडक संघर्षहरू सेलाउँदै गए ।

हुन त अखिल नेपाल महिला संघहरूले र दबाव समूहले धर्ना दिने, मागपत्र पेश गर्ने जस्ता कामहरू नगरेका होइनन् । पोहर सालको संसदमा त नेकपा मसाल, नेकपा एकता केन्द्र, नेकपा माओवादी, नेकपा मार्क्सवादी, नेकपा संयुक्तसँग नजिक रहेका पाँच वाम महिलासंघले संसदभित्रै गएर महिला विधेयक संशोधनसहित पास गर्नुपर्छ भनेर पनि नारा लगाए । यसैवर्ष पनि नेपाल 'महिला संघ' र 'महिला सुरक्षा दवाव समूह'का प्रतिनिधिमण्डलहरूले महिला विधेयक पास गर्नको लागि प्रधानमन्त्रीसँग भेटेर ज्ञापनपत्र पेश गरे । दवाव समुहकी सदस्य शशी श्रेष्ठका अनुसार प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालले यसपटक महिला विधेयक संसदमा ल्याउने बचन दिएका छन् । तर सो विधेयक संसदमा पास हुन्छ वा हुँदैन, त्यसमा भने प्र.म.ले कुरा चपाएका छन् ।

त्यसैले हाल दिइएका दबावहरूले मात्र यो विधेयक संसदमा पास हुने लक्षण देखिंदैन । अब यसको लागि सबै महिलाहरू एक भएर अरू सशक्त सडक-आन्दोलन छेड्नु पर्ने बेला आएको छ । ❑



# नेपाल र भारतबीच आपत्तिजनक सहमति

नेपाल र भारतका गृह सचिवबीच नगरकोटमा भएको दुई दिने वार्तापछि यही असार २२ गते जुन सहमति भएको छ, त्यो दुवै देशका क्रान्तिकारीहरू र अन्ततः जनताको निम्ति दीर्घकालीन हिसावले नोक्सानीपूर्ण हुने देखिएको छ । प्रतिक्रियावादी सरकारहरूले क्रान्तिकारी गतिविधिलाई 'आतंककारी' ठहऱ्याउँछन् नै । कांग्रेसकै गतिविधिलाई पनि पंचायती सरकारले 'आतंककारी' ठहऱ्याएको जगजाहेर छ ।

हालै भएको सहमतिमा आपत्तिजनक कुरो के छ भने, एक देशका 'अतंककारी'लाई अर्को देशमा गतिविधि गर्न दिइने छैन, उनीहरूको गतिविधिमाथि नियन्त्रण गरिनेछ । विशेषतः भारतको विहार र उत्तर प्रदेश राज्यमा यो नियन्त्रण शुरू गरिनेछ । बदलामा नेपालमा पाकिस्तानी गुप्तचर संस्था-सि.एस.आइ.को गतिविधिमाथि नियन्त्रण गरिनेछ ।

सहमतिमा शब्दावली जेसुकै राखिए पनि भारतले यो वार्ता मूलतः नेपालमा पाकिस्तानी गुप्तचर संस्था - CSI को गतिविधिमाथि नियन्त्रण कायम गर्ने ध्येयले गरेको बुझिएको छ । बदलामा नेपालले चाहिं भारतीय सीमा क्षेत्रमा माओवादी पार्टी केन्द्र, सैन्य तालीम र आवत-जावतमाथि रोक लगाउन यो वार्तामा मोलतोल केन्द्रित गरेको देखिएको छ ।

सहमतिबाट दुवैले दुवै कुरा हासिल गरेका छन् । परन्तु यो सहमतिको दीर्घकालीन नकारात्मक असर प्रत्यक्ष रूपमा दुवै देशका क्रान्तिकारीहरूलाई हुने निश्चित छ । किनभने, यो सहमति दृढताका साथ लागू भयो भने हिजो पंचायतकालमा नेपालका तमाम क्रान्तिकारीहरू भारतीय भूमिमा गएर सुरक्षित भएभैं र त्यहाँ केन्द्रिय कार्यालय खोलेर त्यहाँबाट नेपालमा क्रान्तिकारी गतिविधि फैलाएभैं अबको परिस्थितिमा त्यस्तै स्थिति भएमा पुनः त्यसो गर्न संभव हुने छैन । यही कुरा भारतीय क्रान्तिकारीहरूलाई समेत लागू हुनेछ । भारतले नेपालका क्रान्तिकारीहरूलाई समातेर बुझाउने र नेपालले भारतका क्रान्तिकारीहरूलाई समातेर बुझाउने स्थिति पैदा हुनेछ ।

त्यसैले, नेपाल र भारतका समस्त क्रान्तिकारीले यो सहमतिको डटेर विरोध गर्नु जरूरी छ । क्रान्तिको लागि अत्यन्त यो बाधक सहमति हो ।

गजवको कुरो के छ भने, त्यो कांग्रेस सरकारले यो सहमतिमा हस्ताक्षर ठोकेको छ, जो खूदै हिजो भारतमा बसेर नेपालको तानाशाही-विरूद्ध क्रान्तिकारी गतिविधि संचालन गर्थ्यो । के कांग्रेसले आफ्नो त्यो इतिहास यति छिट्टै बिर्सिसकेको हो ? के अब फेरि नेपालमा प्रतिगमन कहिल्यै हुन सक्ने छैन ? र प्रतिगमत भयो भने अहिले आफूले बाँधेको डोरी भरे आफ्नै गलाको पासो हुने छैन भनेर कांग्रेस ढुक्क भएको हो ?

जहाँसम्म पाकिस्तानी गुप्तचर संस्थाको गतिविधिमाथि नियन्त्रण कायम गर्ने कुरो छ, त्यो कायम होस्, त्यसमा आम नेपालीलाई भन्नु केही छैन । परन्तु त्यो नियन्त्रण किन पाकिस्तानलाई मात्र लागू हुने ? किन त्यस्तो नियन्त्रण RAW र CIA माथि पनि लागू गर्न नेपाल सरकार लागीपर्दैन ?

अहं प्रश्न यो हो । ❑

**- बसन्त श्रेष्ठ**

# नेपालः आर्थिक परिसूचकहरु

| यस वर्ष | गतः वर्ष | वृद्धि दर % मा |
|---|---|---|
| | *सबै रूपियाँ अरबमा* | |
| | **राजश्व परिचालन** | |
| २७.७ | २४.९ | ११.४ |
| | **सरकारी खर्च** | |
| ३५.६ | ३१.९ | ११.६ |
| | **विदेशी ऋण थप** | |
| २.७२ | २.६८ | १.५ |
| | **बजेट घाटा** | |
| ६.२ | ४.४ | ४२.९ |
| | **आन्तरिक ऋण** | |
| ३.५१ | १.६८ | १०८.९ |
| | **विदेशी अनुदान** | |
| १३२ | १.८१ | -२७.१ |
| | *◆ २०५६ आषाढ-चैत्र मसान्त सम्मको ९ महीनाको तथ्यांक* | |
| | **खूद तिर्न बाँकी कुल विदेशी ऋण** | |
| १७७.७३ | १६९.४६ | ४.९ |
| | *(२०५६ फागुन मसान्तसम्मको तथ्यांक)* | |
| | **खूद तिर्न बाँकी आन्तरिक ऋण** | |
| ५१.१० | ४९.६७ | २.९ |

□ २०५५आषाढ मसान्तसम्मको तथ्यांक स्रोत : □ नेपाल राष्ट्र बैंक □ अर्थ मंत्रालय

| | यो आर्थिक वर्षमा | गएको आर्थिक वर्षमा |
|---|---|---|
| ◆ आर्थिक बृद्धि दर (GDP) प्रतिशत * | ६ | ४ |
| ◆ औद्योगिक उत्पादन वृद्धि दर, प्रतिशत * | ११.८ | ५.७ |
| ◆ कृषि उत्पादन बृद्धि दर, प्रतिशत * | ५.० | २.७ |
| ◆ गैर-कृषि उत्पादन बृद्धि दर, प्रतिशत * | ६.६ | ४.९ |

** यो वर्षको तथ्यांक, अनुमानित*

स्रोत : अर्थ मंत्रालय, बजेट भाषण २०५७/५८

| | | |
|---|---|---|
| | सन् १९८४/८५ मा* | सन् १९९७ □ मा |
| ◆ बेरोजगारी दर, % मा | ३ | १४ |
| | सन् १९९१ मा* | सन् १९९६ मा □ |
| ◆ अर्द्ध-बेरोजगारी दर % मा | ३५ | ४७ |

स्रोत : * नेपाल राष्ट्र बैंक

- बहुउद्देश्यीय पारिवारिक बजेट सर्भेक्षण, १९८८

◆ राष्ट्रिय योजना आयोग नवौं योजनाको आधारपत्र

□ NESAC, Nepal Human Development Report, 1998

□ ILO-SAAT, Nepal An Employment strategy, 1997.

युवाहरूले पढ्नै पर्ने मासिक युवा

# विकसित पूँजीवादी मुलुकका आर्थिक परिसूचकहरु

| | आर्थिक वृद्धि दर % | | औद्योगिक उत्पादन वृद्धि दर % | | बेरोजगारी दर % | |
|---|---|---|---|---|---|---|
| | पछिल्लो ३ महिनाको | एक वर्षको | पछिल्लो ३ महिनाको | एक वर्षको | पछिल्लो | पोहोर |
| अमेरिका | + ५.४ | + ५.० | + ७.६ | + ५.८ | ४.१ | ४.२ |
| अष्ट्रिया | + ३.७ | + ३.८ | अप्राप्त | + १०.२ | ३.८ | ४.५ |
| अष्ट्रेलिया | + ४.४ | + ४.३ | अप्राप्त | + ३.९ | ६.७ | ७.४ |
| इटाली | + ४.० | + ३.० | + ३.८ | - ४.२ | ११.२ | ११.७ |
| क्यानाडा | + ४.९ | + ४.९ | + ५.४ | + ६.२ | ६.६ | ७.९ |
| जर्मनी | + २.७ | + ३.३ | + ११.३ | + ६.१ | ९.६ | १०.५ |
| जापान | + १०.० | + ०.७ | + ६.८ | + ७.५ | ४.८ | ४.८ |
| डेनमार्क | - २.४ | + १.७ | अप्राप्त | + १०.० | ५.३ | ५.७ |
| नेदरलैण्ड्स | + २.४ | + ४.२ | + ११.१ | + ५.१ | २.९ | ३.४ |
| फ्रान्स | + २.८ | + ३.३ | + ४.४ | + ४.८ | ९.९ | ११.४ |
| ब्रिटेन | + २.१ | + ३.० | - ०.६ | + २.२ | ५.७ | ६.२ |
| बोल्जियम | + ४.५ | + ४.५ | अप्राप्त | + ७.४ | १०.१ | ११.० |
| यूरो-११ | + २.८ | + ३.२ | + ७.५ | + ६.५ | ९.२ | १०.१ |
| स्पेन | + ४.० | + ३.४ | अप्राप्त | + १२.० | १.९ | २.७ |
| स्टिजरलैण्ड | + ५.५ | + ४.२ | + ७.० | + ०.१ | १४.१ | १६.१ |
| स्वेडन | + २.९ | + ३.० | अप्राप्त | + १३.२ | ४.१ | ४.९ |

स्रोत : The Economist, London, July 1, 2000.

## गोपाल गाउँलेको निधन !



गत जेठ २६ गते सिक्किममा प्रगतिशील साहित्यकार, पत्रकार तथा भाषासेवी गोपाल गाउँलेको असामयिक निधन भएको छ । उहाँ ५१ वर्षका हुनुहुन्थ्यो । उहाँलाई अचानक हृदयाघात भएको थियो । गान्तोकमा उपचार गर्दागर्दै उहाँको निधन भएको थियो ।

सिक्कमबाट प्रकाशित हुने सांस्कृतिक प्रकाशन 'निर्माण'को सहसम्पादन गर्दै आउनुभएका स्व. गाउँले पवन चामलिङले नेतृत्व गर्नुभएको 'सिक्कम डेमोक्रेटिक फ्रन्ट'का सक्रिय कार्यकर्ता पनि हुनुहुन्थ्यो ।

उहाँप्रति हामी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र उहाँको शोकसन्तप्त परिवार तथा पार्टीप्रति हार्दिक समवेदना पनि अर्पण गर्दछौं ।

*- मूल्यांकन परिवार*

# लेखकको शव पछिपछि शोकमग्न यात्रीहरू

– खगेन्द्र संग्रौला –

## किन पस्छन् नारायण ढकालहरू एमालेमा ?


लेखक

*मानिसहरू ती व्यक्तिहरूलाई नै प्रसिद्ध ठान्दछन्, जो संसारमा छिट्छिटो माथि चढ्छन् तर धूलो, पराल र प्वाँखभन्दा छिटो अरू केही चीज पनि माथि चढ्दैन ।*

*– हेयर*

जीवनको सेरोफेरोमा घट्ने कतिपय घटनाहरु हाम्रा मानसपटलमा यति गाढा भएर छापिन्छन्, ती कहिल्यै बिर्सिइँदैनन् । हाम्रो स्मृतिमा तिनको प्रेतले बेलाबखत ब्यूँभेर हाम्रा आत्मालाई निसासलाग्दो गरी निचोर्ने गर्छ । हाम्रो राजनीतिक परिवेशमा घट्नै लागेको नैतिक क्षयीकरणले एउटा घटनाले मलाई निकट अतीतमा नैतिक क्षयीकरणको पैदा भएका दुईवटा प्रतिक्रियाको झल्झली सम्झना गराइरहेछ । यी प्रतिक्रिया मोदनाथ प्रश्रितसँग सम्बन्धित छन् । त्यसबखत प्रश्रितजीको जीवनयात्रा 'गौंथलीको गुँड'बाट ओरालो झर्दै 'गिद्धको गुँड'मा पुगेको थियो । उहाँको यात्राको यो ओराली देखेर उहाँका एकजना अनन्य प्रशंसक र उहाँको आदर्शका अटल अनुगामी पाठक अर्द्ध विक्षिप्त हुन पुगेछन् । उनले क्रोध र घृणाको आवेगलाई बशमा राख्न नसकी भित्तामा आफ्नै हातले भावुकतायुक्त प्रेमले टाँगेको प्रश्रितजीको तस्वीरमा घृणाको बज्रमुक्का प्रहार गरेछन् । तस्वीरको शीशा सतचूर्ण भएछ र उनको हात शीशाले काटेर रक्ताम्मे भएछ ।

केही हप्ताअघि केही लेखक मित्रहरुको रोहबरमा काठमाडौं जिल्लाका हालका प्रजिअ कृष्णप्रसाद शर्मासँग मेरो भेट भएको थियो । भेटमा हामीले शर्माजीबाट उहाँको जीवनअनुभव र कलादृष्टिबारे सुन्ने मौका पायौं । आफ्ना अनुभव बताउने क्रममा शर्माले प्रश्रितजीसँग सम्बन्धित एउटा रोचक घटना प्रकरणबारे सुनाउनु भयो । घटना पञ्चायती राजको अन्तिम दशकमा रौतहट जिल्लामा घटेको हो । तिनताका शर्मा रौतहटका प्रजिअ हुनुहुन्थ्यो र प्रश्रितजी हुनुहुन्थ्यो सोही जिल्लाको कारागारका 'खतरनाक' राजबन्दी । प्रजिअ शर्मा कहिलेकाहीं प्रश्रितजीलाई भेट्न जानुहुन्थ्यो । जाँदा कहिले पत्रिपत्रिका लगिदिनुहुन्थ्यो, कहिले फलफूल वा अरु केही पुष्टकारी खुराकी लगिदिनुहुन्थ्यो । कहिलेकाहीं त बन्दी प्रश्रितजीलाई खुला आकाशमुनि ताजा हावा खाँदै नसा तन्काउन सीमापारिसम्म पुग्ने मौका समेत पनि दिनुहुन्थ्यो । त्यस्तो बखतमा उहाँ भन्नुहुन्थ्यो रे, "प्रश्रितजी ! तपाईं भाग्नुभयो भने त मलाई सूलीमा चढाउँछन् है !"

अतीतको सुखद् संस्मरण गौरवका साथ सुनाइसकेपछि प्रजिअ शर्माले घृणाले मुख छोप्नुभयो ।

माथिका दुईवटा घटनाबाट 'गौंथलीको गुँड' हुँदै 'गिद्धको गुँड'मा पुग्नुअघि र त्यहाँ पुगिसकेपछिका मोदनाथ प्रश्रितको व्यक्तित्वका दुईवटा विपरीत बिम्ब र ती दुई बिम्बप्रतिको जनभावना देख्न सकिन्छ । मैले उल्लेख गरेका पाठक प्रश्रितजीको त्याग र कष्टपूर्ण जीवन तथा उहाँको साहित्यबाट प्रभावित भई उहाँको जीवनआदर्शका अनुयायी बनेका थिए । प्रजिअ शर्मा भने आफू साहित्यानुरागी र साहित्यका परम् पारखी हुनाले प्रश्रितजीको साहित्यिक व्यक्तित्वबाट औधी प्रभावित हुनुहुन्थ्यो ।

के प्रश्रितजीको जीवनकालमा फेरि कुनै पाठकले त्यतिबिधि श्रद्धानत हुँदै उहाँको तस्बीर भित्तामा झुण्ड्याउला ? अथवा के कृष्णप्रसाद शर्माजस्ता कुनै गैह वामपन्थी प्रशासकमा उहाँप्रति त्यति गहिरो श्रद्धा फेरि जागृत होला ? हुनसक्छ । तर त्यसका लागि उहाँले आफ्नो जीवनयात्राका 'गौंथलीको गुँड'देखि 'गिद्धको गुँड'सम्मका सारा कुरुप पाइलाहरु विरुद्ध जुध्दै आफूलाई नयाँ पातमा फेर्नुपर्ने छ । जीवनमा पतनको ओरालो झर्न जति सजिलो र छिटो हुन्छ, उत्थानको उकालो चढ्न त्यति नै गाह्रो र ढिलो हुन्छ ।

हालसालै मलाई प्रश्रितजीका दुईवटा गम्भीर लेख पढ्ने अवसर प्राप्त भयो । एउटा भानुभक्तबारे थियो र अर्को थियो दलितबारे । मैले ती लेखतर्फ केही गम्भीर वाम पाठकहरुको ध्यान खिच्न खोजें । तर तिनले चरम् घृणासाथ मतिर यसरी ओठ लेब्र्याए मानौं म नर्कतर्फ तिनको ध्यान खिच्न खोजिरहेको छु । यसबाट के के कुरा सहजै बुभिन्छ भने फोहोरको दाग लागेको हातले लेखेका सत्य वचनहरुमा सत्यको सौन्दर्य हुँदैन । त्यसैगरी निधारमा अनैतिकताको कलङ्क लागेको मानिसले नैतिक वचन बोल्यो भने ती वचनहरुबाट अनैतिकताकै दुर्गन्धि आउँछ । गम्भीर पाठकहरुको प्रश्रितजीप्रतिको त्यो प्रतिक्रिया देखेर म आफैं लज्जित भएँ ।

मोदनाथ प्रश्रितका पाइला 'गिद्धको गुँड'तिर लम्किन लागेको लक्षण देखेर त्यसलाई 'नैतिक क्षयीकरण'को संज्ञा दिँदै नौजना सचेत र साहसी युवा लेखकहरुले एउटा वक्तव्य सार्वजनिक गरेको घटना मैले अझै बिर्सेको छैन । वक्तव्यमा सही गर्ने बुद्धिमान् शब्दकर्मीहरुको लाममा प्रतिभाशाली लेखक नारायण ढकाल पनि उभिनुभएको थियो । यिनै नारायण ढकाल, जसका पाइला यतिखेर उनै मोदनाथ प्रश्रितको 'गिद्धको गुँड'तिर लम्किन लागेका हुन् कि भनी उहाँका मित्र, शुभचिन्तक र प्रशंसकहरु अत्यधिक दुःखित र रुष्ट भइरहेकै क्षणमा अचानक यो अनुमानले मूर्त रुप लियो । अर्थात् असार २६ गते दिउँसो खबर आयो– 'बल्खुमा अहिले एक समारोहबीच नारायण ढकाल एमाले प्रवेश गरे ।'

दुई वर्षयता नारायण ढकालको जीवनयात्रालाई मैले धेरै नजीकबाट हेरेको छु । एमाले नेतृत्वले सत्य, न्याय र नैतिकतालाई तिलाञ्जलि दियो भनेर उहाँ एमाले विरुद्ध नारा लगाउँदै माले हुनुभयो । त्यसपछि माले नेतृत्वले आफ्नै हातले बनाएको आचारसंहितालाई कुल्च्यो भनेर होहल्ला गर्दै उहाँले मालेलाई त्याग्नुभयो र "'तेस्रो धार' निर्माण प्रक्रियाको म 'भाट' नै हुनुपरे पनि हुन्छु" भन्न थाल्नुभयो । तर अहिले उहाँ यात्राको स्वाभाविक दिशा र गतिबाट मोडिँदै फेरि उही एमालेमा फर्किनु भयो । फर्किन आँट्नाको कारणबारे केही दिनअघि कान्तिपुरमा उहाँले लेख्नुभएछ– समकालीन नेपाली राजनीतिमा तीनवटा धार छन् । दक्षिणी धारमा राप्रपा र कांग्रेस छन् । उग्र वामपन्थी धारमा माओवादी छ । तसर्थ आफ्नो चिन्तन र चरित्र सुहाउँदो बीचको धार एमाले नै हो । एमालेमा फिर्ता जाने भूमिका बाँध्न ढकालजीले कथ्नुभएको यो तर्क पढिसकेपछि मुखर स्वभावका कवि गोविन्द वर्तमानले क्रुद्ध र उदास मुद्रामा टिप्पणी गर्नुभयो – यो अवसरवादको कलात्मक घोषणापत्र हो !

लामो समयसम्म पार्टीमा रहेर समूहको बीचमा जीवन जिउने संस्कार र जीवनशैली बनेपछि पार्टीबाट पृथक् रहँदा मानिसलाई पार्टीको न्यानो लाग्नसक्छ । उसलाई एक्लोपना र रिक्तताबोध पनि हुनसक्छ । ढकालजीको समस्या साँच्चि नै त्यही हो भने आफ्नो स्वाभाविक अग्रगतिमा उहाँ पुग्ने ठाउँ त मसाल, एकता केन्द्र वा नेमकिपा पो हुनुपर्ने हो । अचम्म लाग्छ, लोकका दृष्टिमा त्यतिबिधि बदनाम भएको 'गिद्धको गुँड'तर्फको प्रतिगमन उहाँलाई किन यतिबिधि प्रिय लागेको होला ? आफ्नो प्रतिगमनको औचित्य सिद्ध गर्नका लागि उहाँले गर्नुभएको तर्क के साँच्चि नै अवसरवादको कलात्मक घोषणापत्र नै हो त ?

छापामा र चोक-डबलीमा नारायण ढकालको प्रतिगमनको चर्चा चल्न थालेपछि यसबारे मलाई झर्को लाग्ने हदसम्म टेलिफोन आइरहे । के ढकालको अधोगतिको यो कुरुप कथा वास्तविक हो ? यसबीच ढकालजी झण्डै डेढ हप्तादेखि मेरा आँखा र कानबाटै भूमिगत बस्नुभएको थियो । प्रत्युत्तरमा मैले के भन्ने ? यो भूमिगत बासको वास्तविक अर्थ मलाई तब मात्र थाहा भयो जब कान्तिपुरमा अवसरवादको त्यो कलात्मक घोषणापत्र छापियो । कोही पनि सत्य र न्यायको बाटोतर्फ जाँदैछ भने उसले आफ्ना अन्तरङ्ग मित्रहरुका आँखा छलेर झ्याँसझाडीमा लुक्दै जानुपर्ने कुनै वाध्यता हुँदैन । जब त्यसरी गइन्छ, तब त्यो जवाइभित्र लुकेको अर्थ शुद्ध र निश्छल कदापि हुँदैन ।

एउटा कुरुप मूर्ति छ । नारायण ढकालले दुई वर्षसम्म त्यस मूर्तिको कुरुपतालाई सयौं पटक थुक्नुभयो । र थुक्दै भन्नुभयो – यो मूर्ति राष्ट्रघातको प्रतीक हो । यो मूर्ति अवसरवादको पुत्ला हो । यो मूर्ति भोगलिप्साको बिम्ब हो । उनै नारायण ढकाल अहिले मूर्तिमा आफैंले थुकेको थुक आफ्नै जेबी रुमालले पुछ्दै दुनियाँलाई सुनाउन लाग्नुभएको छ – यो सुन्दर मूर्ति हो । यो मूर्ति पवित्र छ । तसर्थ म अब फेरि यस मूर्तिको पुजारी भएँ ।

मूर्ति उही हो । त्यो फेरिएको छैन । फेरिएको त नारायण ढकालको मानसिकता मात्र हो । त्यसैले कुरुप मूर्तिको पूजा गर्नुको पछिल्तिर रहेको पुजारीको वास्तविक मनशाय पर्सादि प्राप्त गर्नु बाहेक शायद अरु केही होइन । केही दिनअगाडि उहाँले "म 'जागीर खान' एमालेमा जान आँटेको हुँ" भनी कतिपय मित्रहरुलाई भन्नुभएको पनि रहेछ । आफ्नो घोषित आदर्शविपरीतको जागीर त सामान्य मानिसले पनि खाँदैनथ्यो । लेखक नारायण ढकालले चाहिं किन खान खोजेका होलान् ? मलाई टेलिफोन गर्नेहरुले गरेका प्रश्नहरुमध्ये यो प्रश्न पनि एक थियो ।

महाकालीमा भएको राष्ट्रघातको दृश्य प्रत्यक्ष देखेपछि नारायण ढकाल शोकमग्न हुनुभएको थियो । र, त्यस शोकलाई कलात्मक बान्कीमा ढालेर उहाँले 'शोकमग्न यात्रीहरु' लेख्नुभयो । अहिले उनै नारायण ढकाल उही पुरानो मूर्तिको पूजा गर्न अतीततिर फर्किंदै हुनुहुन्छ । विवेक र जोखिमका साथ अग्रगामी यात्रामा निस्केको लेखकको प्रतिगमन भनेको ऊ स्वयंको शवयात्रा हो । यतिखेर हाम्रो प्रिय लेखक नारायण ढकाल आफ्नै शव यात्रामा छिट्छिटो लम्किरहेझैं लाग्छ । उसका मित्र र शुभचिन्तकहरु शोकाकुल छन् । शव निर्जीव हुन्छ, संवेदनाशून्य हुन्छ, करुणाशून्य हुन्छ । त्यसैले त होला, मित्र र शुभचिन्तकहरुका शोकाकुल मुद्रा देखेर पनि नदेखेझैं गरी यो शव निरन्तर मौन छ । ❑

# नेपालमा राजनीतिको अपहरण

चिन्तन

-डा. चैतन्य मिश्र-



*के गरीबी आर्थिक क्षेत्रसंग मात्र जोडिएको कुरो हो ? गाउँका गरीबहरूले बिरामी बच्चाको औषधि उपचार गर्न नसक्नु के राजनीतिभन्दा अलग्गै समस्या हो ?*

२०४६ सालअघि र त्यसपछिका पाँच-सात वर्षयता विभिन्न स्थापित राजनैतिक केन्द्ररुबाट विभिन्न गैर-राजनैतिक स्वरहरु गुंजिरहेका छन् । वास्तवमा यी स्वर मात्रै होइनन्, यिनका पछाडि ठूलो शक्ति छ । यिनका पछाडि ठूलो आर्थिक-वित्तीय बल छ । यिनका पछाडि स्थापित संबैधानिक र कानूनी मान्यताहरु छन्, सिंगो सरकारी जमात र राज्यप्रणाली छ र अन्य संरचना पनि छन् । त्यसैले यी भिनामसिना स्वर होइनन्, यी शक्तिसहितका कार्यवाही हुन् । तर पछि छलफल अगाडि बढाउने हेतुले यिनलाई 'स्वर'को तहमा ओरालेर यस्ता गैर-राजनैतिक स्वरहरुमध्ये एउटाको छोटो विवेचना गर्ने कोशिस मैले यसपटक गरेको छु ।

राजनीतिलाई सानो घेरोमा सीमित पार्ने र स्वार्थका निम्ति अपहरण गर्ने प्रयत्न यस्ता गैर-राजनीतिक स्वरहरुमध्ये पर्छ । यी स्वरहरु यसरी गुंजायमान हुने गरेका छन् : "विद्यार्थीले राजनीति गर्नु हुँदैन", "श्रमिकले राजनीति गर्नु हुँदैन", "शिक्षा र राजनीति छुट्टाछुट्टै कुरा हुन्" "साहित्य र राजनीति मिसाउनु हुँदैन", "खेतीपाती-किसानी र राजनीति पृथक-पृथक क्षेत्र हुन्" आदि-आदि ।

अखवारमा, संसदमा, वक्तव्यमा यस्ता स्वरहरु व्याप्त पाइन्छन् । खास गरी प्रधानमन्त्री, मन्त्रीहरु, सरकार बनाउने ध्येय भएका दलका नेताहरु आदिका उद्गारमा यस्ता स्वरहरु मुखरित भएका भेटिन्छन् । साथै, अन्य दलका नेताहरु र संगठनहरुबाट पनि यी स्वरहरु बराबर गुंजिन्छन् । सबै स्थापित राजनीतिक केन्द्रहरुको व्यवहार पनि यही अनुरुप देखिन्छ ।

जनताको जीवन-स्तर खस्कँदो छ । गरीबी, बेरोजगारी बढ्दो छ । नयाँ ढंगका शोषण र उत्पीडनले थिल्थिलो भएका छन् - प्रत्येक पेशा र तप्काका जनताहरु र पाँच प्रतिशत संपन्नहरु झन् संपन्न हुँदैछन्, तर ९५ प्रतिशत विपन्नहरुको विपन्नता झन् ज्यादा बढ्दो छ । देशको अस्मिता लुटिँदो छ र स्वाधीनता तीव्र गतिले स्वाहा हुँदैछ । तीक्ष्ण विरोधाभाषयुक्त र कठिन आजको राजनीतिक-आर्थिक परिस्थितिमा न श्रमिकहरुको लागि श्रमिक संगठन प्रभावकारी ढंगले मैदानमा उत्रन्छ, न किसानको लागि किसान संघ । विद्यार्थी संगठन, महिला संघ, युवा संघ प्रायः सबै चुपचाप छन् । गैर-राजनैतिक ढंगले मौन छन् । स्थापित राजनीतिक दलहरु लगायत उनीहरुसँग संवद्ध यस्ता संगठनहरु मुलुकको कठिन, विषम र उच्च तहको अन्तरविरोधयुक्त परिस्थितिबाट विमुख छन् । कोही पनि आफूले प्रतिनिधित्व गर्ने वा जन-समुदायका लागि सार्थक र फलदायी संघर्ष गरिरहेका छैनन् ।

सरकार, सरकारमा जाने दलहरु र संगठनहरु देश र जनताप्रतिको दायित्वबाट विमुख मात्र छैनन्, यिनीहरु आम जनता र खासगरी, उत्पीडित वर्गहरु र समूहहरुको हक-अधिकारमाथि कानूनी नभए पनि राजनीतिक प्रतिबन्ध लगाउँदै, मुलुकको राजनीतिलाई अपहरण गर्दै आफ्नै साँघुरो सरकारी र दलीय स्वार्थभित्र देशको राजनीतिलाई दलीय स्वार्थको साँघुरो घेरामा कैद हुनाले जुन स्थान रिक्त भएको छ, त्यसैमा कैद गर्ने प्रयत्नमा तल्लीन छन् । माओवादी राजनीति, संगठन, र कार्यवाहीको उदय भएको छ । त्यसैले, माओवादी राजनीतिको उदय आफैं पनि राजनीतिको अपहरणको सबैभन्दा ज्वलन्त परिणाम र



प्रमाण हो । कम ज्वलन्त तर महत्वका प्रमाणहरु भने आम र यत्रतत्र छन् ।

स्थापित राजनीतिप्रति आम जनताको चाख र संलग्नता तीब्र गतिले गिर्दो छ । स्थापित राजनैतिक केन्द्रहरुमा नोकरशाहीकरण बढ्दो छ । स्थापित राजनीतिक दल र अन्य संगठनहरुमा केन्द्रीयताको अतिशयपना बढिरहेछ र जनवादको अति अनिकाल भइरहेछ । थोरै मान्छेले धेरैको राजनीतिलाई अपहरण गरेको ज्वलन्त उदाहरण यिनै हुन् ।

द्वैध-स्वामित्वको अन्त्य गर्ने कानून र नारा अन्तर्गत अहिले व्यापक मात्रामा वास्तविक मोहीको अधिकारको हनन भइरहेछ । तथापि स्थापित राजनीतिक दलहरु र उनीहरुसँग संवद्ध किसान संघहरु किन यसमा सार्थक संघर्ष गर्दैनन् ? रक्सी विरुद्धमा ठाउँ ठाउँमा महिलाहरुले राम्रै आन्दोलन संचालन गरिरहेछन् र संपत्तिको अधिकार तथा अन्य हकका लागि राम्रैसित आवाज उठाइरहेछन् । तर उनीहरुको आन्दोलन र आवाजप्रति सरकार र स्थापित दलहरु किन मौन छन् ? दलितहरु र विभिन्न उत्पीडित जातिहरु २०४६ सालयता आफ्नो आवाज पहिलेभन्दा ज्यादा बुलन्द पार्दैछन् । तर, उनीहरुको आन्दोलनमा स्थापित राजनीतिक शक्ति केन्द्रहरुको संलग्नता खै ? यस्तो प्रतीत हुन्छ : हाम्रा सरकारहरु, स्थापित राजनीतिक दलहरु र उनीहरुसँग संवद्ध संगठनहरु आम जनताको निम्ति आम जनताको राजनीति गरिरहेका छैनन् । उनीहरुको राजनीति दलीय वा व्यक्तिगत स्वार्थको लागि एउटा संगठित जत्थाको राजनीति भइरहेछ । मैले यसैलाई 'राजनीतिको अपहरण' भनेको हुँ ।

राजनीति के हो ? के सरकार र स्थापित दलहरुले ओगटेको क्षेत्र, स्वर र कारवाही मात्र राजनीति हो ? पक्कै पनि यी राजनीतिको क्षेत्रभित्र आउने कुरा त हुन्, तर राजनीति यिनले ओगटेको क्षेत्र, स्वर र कारवाहीभन्दा धेरै विशाल र फराकिलो छ ।

के तोकिएको शिक्षक तोकिएको समयमा कक्षामा नआउनु, नपढाउनु (जुन हामीकहाँ आम छ) र अरु शिक्षक, विद्यार्थी र सर्वसाधारण जनताले यसको विरोध गर्नु वा नगर्नुसमेत राजनीति होइन ? के महिलाहरुको रक्सीविरोधी आन्दोलन, दलित समूहहरुको र विभिन्न उत्पीडित जातिहरुको आन्दोलन राजनीति होइन ? के किसान, बँधुवा मजदूर, मोहीहरुका छिट्फुट आन्दोलनहरु राजनीति होइनन् ? के गरीबीबाट मुक्ति पाउने संगठित सोचको विकास गर्नु, यस्तो सोचलाई व्यवहारमा अनुवाद गर्न प्रयत्न गर्नु र गरीबीको विरोध गर्नु राजनीतिक काम होइन ? के गरीबी आर्थिक क्षेत्रसंग मात्र जोडिएको कुरो हो ? गाउँका गरीबहरुले बिरामी बच्चाको औषधि उपचार गर्न नसक्नु के राजनीतिभन्दा अलग्गै समस्या हो ? हाम्रो देशमा विद्यमान ५ प्रतिशतको बेरोजगारी र ४७ प्रतिशतको अर्द्धबेरोजगारी के राजनीतिक समस्या होइनन् ? के खेतीयोग्य भूमिको अन्यायपूर्ण वितरण राजनीतिक सवाल होइन ? या यो राजनीतिक सवाल बन्नु पर्दैन ?

सरकार, स्थापित दलहरु र यिनको पक्षपोषण गर्ने संगठनहरुको दायराभित्र यी आम र जनताका जीवन्त समस्याहरु परेनन् भन्दैमा वा लिखितमा परे पनि व्यवहारमा ती ओझेल परे भन्दैमा यी समस्याहरु गैर-राजनीतिक हुने होइनन् । न त यिनबाट पिरोलिएका वर्ग वा समूहहरु नै गैर-राजनैतिक हुन्छन् । वास्तविक राजनीति त जनताको जीवनसंग प्रत्यक्ष रुपले गाँसिएका यिनै सवालहरुलाई धुरी बनाएर हुनेछ । सरकार, राजनीतिक दलहरु र दलीय संगठनहरुले राजनीतिलाई अपहरण गर्न जतिसुकै प्रयत्न गरे पनि राजनीतिको समस्त क्षेत्र ओगटन यिनीहरुले सक्दैनन् नै । परन्तु १० वर्ष यताको अनुभवले देखाएकी वास्तविकता के हो भने, स्थापित राजनीतिक संस्थाहरु जीवनसँग गाँसिएको राजनीतिबाट पलायन हुँदैनन् । उनीहरु विशाल राजनीतिक क्षेत्रको सानोभन्दा सानो क्षेत्रमा आफूलाई क्रमशः कैद गर्दै यही सानो क्षेत्रलाई राजनीतिको मूल थलो घोषणा गर्ने काममा लागीपरेका छन् । यही संकुचित घेराभित्र संपूर्ण राजनीतिक क्षेत्रलाई अपहरण गरी कैद गर्न सबै स्थापित राजनीतिक संरचनाहरु उद्दत छन् ।

उता, जीवनसँग प्रत्यक्ष रुपले गाँसिएका सवालहरुलाई ओझेलमा पार्दा यस्ता मुद्दाहरुलाई अराजनीतिक वा गैर-राजनीतिक घोषणा गर्दा स्थापित संरचनाहरु आफै राजनीतिको केन्द्र वा घेराबाट बाहिरिदैछन् वा जनताले उनीहरुलाई बाहिर्याउँदै छन् भन्ने कुराको यी राजनैतिक दलहरुले वा संगठनहरुले अनुभूति गरेको प्रमाण भने हालसम्म देखिएको छैन ।

राजनीतिको क्षेत्र र स्वर त्यसबेला मुखर र बलबान हुन्छ, जब यसले निजी, पारिवारिक ठानिएका जनताका समस्यालाई एकत्रित गर्दै, संश्लेषण गर्दै त्यस्ता समस्यालाई सार्वजनिक मुद्दामा परिणत गर्छ । जीवन्त राजनीतिको र जन-राजनीतिको पहिलो पाइला यही हो । दोश्रो पाइला, जीवन्त राजनीतिले यस्तो मुद्दालाई ओझेलमा पार्नु वा थन्क्याउनुको सट्टा यस्तो मुद्दाको सार्वजनिक हल खोज्नु हो । जीवन्त राजनीतिले तेश्रो पाइलाको रुपमा सार्वजनिक हललाई सार्वजनिक रुपमै लागु गर्न खोज्नु वा लागु गर्न दबाव दिनु हो । जब आम जनताहरु यस्तो मुद्दालाई सार्वजनिक तवरले हल गर्न मैदानमा उत्रन्छन्, जीवन्त जन-राजनीतिको क्षेत्र र स्वर निकै फराकिलो र शक्तिशाली बन्छ । राजनीतिक संगठन निर्माणलाई यी प्रक्रियाहरुले नै जीवन्तता दिन्छन् । प्रजातन्त्रको मर्म पनि यही हो । ❑

> राजनीतिक संस्थाहरू विशाल राजनीतिक क्षेत्रको सानोभन्दा सानो क्षेत्रमा आफूलाई क्रमशः कैद गर्दै यही सानो क्षेत्रलाई राजनीतिको मूल थलो घोषणा गर्ने काममा लागीपरेका छन् ।

◀ आँखीझ्याल

# कसरी बढ्दैछ अमेरिकामा धनी र गरीबबीचको खाडल ?

अमेरिकी राष्ट्रपति बिल क्लिण्टनको दावी छ- उनी सन् १९९२ मा सत्तामा आएपछि अमेरिकाको अर्थतन्त्र ८ वर्षसम्म लगातार उकालो लाग्दैछ । गएको आधा शताब्दीमा यति लामो अवधिसम्म लगातार अर्थतन्त्र फष्टाएको यो ऐतिहासिक रेकर्ड हो ।

परन्तु हालै प्रकाशित केही महत्वपूर्ण अध्ययनहरुले के देखाएका छन् भने अमेरिकी अर्थतन्त्र त १९९० को दशकमा निश्चितै रुपमा फष्टाएको छ, तर यो फस्टाइको लाभ सिर्फ धनीहरुको भागमा गएको छ । यसबाट गरीबहरु चाहिं पहिलेभन्दा अझ ज्यादा गरीब भएका छन् । १९९० को दशकको अमेरिकी आर्थिक वृद्धि धनाढ्यमुखी र गरीबमारा भएको छ ।

अमेरिकाको 'थिंक टैंक'का रुपमा प्रशिद्ध दुईवटा संस्थाहरु- द इकोनोमिक पोलिसी इन्स्टीच्यूट र सेण्टर अन बजेट एण्ड पोलिसी प्रायोरिटीज्- ले गएको जनवरी १८ मा प्रकाशित गरेको एक अध्ययनका अनुसार १९९० को दशकमा अमेरिकी धनी र गरीब बीचको आम्दानीको खाडल झन् फराकिलो भएको छ । १९७० को दशकको पछिल्लो अवधिदेखि १९९० को दशकको पछिल्लो अवधिका बीचमा सबैभन्दा कम आम्दानी हुने २० प्रतिशत अमेरिकी परिवारहरुको औसत आम्दानी ६ प्रतिशतभन्दा ज्यादा घटेको छ । परन्तु यी अवधिमा सबैभन्दा ज्यादा आम्दानी हुने २० प्रतिशत धनाढ्य परिवारहरुको आम्दानी भने ३० प्रतिशतभन्दा ज्यादा बढेको छ ।

अध्ययनले के देखाएको छ भने माथिल्ला २० प्रतिशत धनाढ्य परिवारहरुको औसत आम्दानी १ लाख ३७ हजार ५०० अमेरिकी डलर छ, जबकि तल्ला २० प्रतिशत गरीब परिवारहरुको औसत आम्दानी भने केवल १३ हजार डलर मात्रै छ ।

त्यस्तै निष्कर्ष 'सेण्टर अन् बजेट एण्ड पोलिसी प्रायोरिटीज्' एक्लैले गतः सेप्टेम्बरमा प्रकाशित गरेको एक रिपोर्टले पनि निकालेको छ । त्यस रिपोर्टअनुसार सन् १९९९ मा अमेरिकामा आम्दानीको खाडल सन् १९७७ यता सबभन्दा फराकिलो भएको छ । सन् १९९९मा सबैभन्दा ज्यादा कमाउने अमेरिकाका २७ लाख नागरिकहरुको, अर्थात् १ प्रतिशत अमेरिकीहरुको, कर कटाएपछिको आम्दानी त्यति नै थियो जति १० करोड अमेरिकीहरुको अर्थात् ४० प्रतिशत नागरिकहरुको थियो ।

त्यस रिपोर्टले के उदांगो पारेको छ भने, सन् १९७७ देखि सन् १९९९ को अन्त्यसम्ममा १ प्रतिशत यिनै धनाढ्य अमेरिकीहरुको औसत आम्दानी ११५ प्रतिशतले वृद्धि भयो । त्यसको ठीक उल्टो, तल्ला २० प्रतिशत गरीब अमेरिकीहरुको औसत आम्दानी भने यही अवधिमा ९ प्रतिशतले घट्यो ।



*अमेरिकाको सडकमा भीख मागिरहेको एक गरीब भोको मान्छे*

रिपोर्टले स्पष्ट रुपमा भनेको छ- अमेरिकाको फल्दोफुल्दो अर्थतन्त्रले गरीबलाई भन्दा ज्यादा धनाढ्यहरुलाई फाइदा पुर्‍यायो । यही मुख्य कारण हो, जसले गर्दा १९९० को दशकमा राम्रो आर्थिक बृद्धि हुँदाहुँदै पनि धनी गरीबका बीचमा आम्दानीको खाडल अझ झन् ज्यादा फराकिलो भयो ।

❑ दीपक वैद्य

# निर्मल लामाका पछिल्ला नयाँ र भिन्न विचारहरू



## पछिल्लो पटक शिक्षण अस्पतालमा जानुअघि क.लामाले 'मूल्यांकन'मा प्रकाशनार्थ रेकर्ड गराउनु भएका विचारहरू

कम्युनिष्ट आन्दोलनभित्र देखापरेको वैचारिक, सैद्धान्तिक र व्यावहारिक संघर्षहरूबारे मेरा आफ्ना केही विचार र अडानहरू छन् । २०२० को दशकअघि पार्टी एकीकृत रहेको बेलामा राजावादी कम्युनिष्ट र गणतन्त्रवादी कम्युनिष्टको बीचमा वैचारिक तथा सैद्धान्तिक संघर्ष भयो । त्यसमा म हमेशा गणतन्त्रवादीकै रूपमा रहें । त्यसपछि संयुक्त मोर्चाको विषयमा वैचारिक संघर्षहरू भए । त्यसमा पनि म हमेशा व्यापक जनवादी संयुक्त मोर्चाको पक्षमा रहें । व्यापक जनताको संयुक्त मोर्चाको मेरो यो धारणा पछि विकसित भयो । त्यो नै अहिले पार्टीको संयुक्त मोर्चाको धारणा बनेको छ ।

संयुक्त मोर्चा कस्तो हुनुपर्छ भनेर खोजवीन गर्न अल्छी मान्ने हामीहरू जहिले पनि यो सवालमा 'चीनको जस्तो, भियतनामको जस्तो' भनेर भन्छौं । चीनमा कस्तो स्थितिमा संयुक्त मोर्चा बन्यो ? वर्ग संघर्ष कस्तो थियो ? अन्तरविरोध के थियो ? त्यस्तै, कोरिया र भियतनाममा के थियो ? कस्तो थियो ? थाहा छैन । बस् भनिन्छ कि त्यहाँको जस्तै यहाँ हुनुपर्छ । यी कुराहरूमा पार्टीभित्र संघर्ष गर्दा गर्दा एउटा बिन्दुमा पुग्दा वा करीब करीब वि.सं. ०३६ सालमा आइपुग्दा मेरो दिमागमा चढ्यो- चीनको संयुक्त मोर्चा र नेपालको संयुक्त मोर्चामा आनकातान फरक छ ।

नेपालमा प्रमुख अन्तरविरोध जनता र राजदरवारको बीचमा भएजस्तै चीनमा एकचोटि संयुक्त मोर्चा हुँदा करीब करीब त्यस्तै थियो । त्यस्तो संयुक्त मोर्चाको अवस्थामा त त्यहाँको कम्युनिष्ट पार्टीले कोमिङ्गताङ्गभित्र भिजेर, विलीन भएर संयुक्त मोर्चा गरेको रहेछ । तर पछि जापानले चीनमा आक्रमण गरेपछि अन्तरविरोध परिवर्तन भएछ । त्यसबेला जनता र सामन्तहरूबीचको प्रमुख अन्तरविरोध बदलिएर जापान र चीनको बीचको अन्तरविरोध प्रमुख बन्न गएछ । त्यस्तै अवस्था कोरिया र भियतनाममा पनि भएको रहेछ ।

त्यसकारण उनीहरूको संयुक्त मोर्चा भनेको राष्ट्रिय जनमुक्ति आन्दोलन र प्रजातान्त्रिक आन्दोलनको सम्मिश्रण थियो । त्यस्तो परिस्थिति त हाम्रो छैन । हाम्रो त सामन्तवाद र जनताबीचको संघर्ष हो । विदेशले आफ्नो देशमाथि आक्रमण गर्दा संयुक्त मोर्चा गर्न सजिलो हुँदोरहेछ । किनभने त्यतिबेला विदेशीहरूबाट आफ्नो राष्ट्रियता, सार्वभौमिकता, संस्कृति आदि जोगाउनु पर्दा र देशलाई बचाउनु पर्दा सबै जनता सजिलै एक हुँदा रहेछन् । हाम्रो देशमा मैले त्यसको अनुभव भारतले आर्थिक नाकाबन्दी गर्दा गरें । त्यतिबेला मान्छेहरूले मट्टितेल तथा अन्य चीजको लागि बेलुकीदेखि भोलिपल्ट दिउँसोको १०/१२ बजेसम्म लाइनमा बस्दा पनि पंचायती व्यवस्थालाई गाली गरेनन् । भारतलाई गाली गरे । 'हाम्रा बच्चालाई हामी दूध ख्वाउँदैनौं, विरामीलाई औषधि ख्वाउँदैनौं, तर भारतसामु भुक्दैनौं' भन्ने भावना नेपालीहरूमा जाग्यो । त्यही आन्दोलन पल्टिएर पंचायत विरोधी आन्दोलनमा बदलियो र पंचायत फालियो पनि ।

नेपालको राजनैतिक आन्दोलनमा राष्ट्रियताको मुद्दा प्राथमिक रूपमा होइन, गौण रूपमा छ भन्ने बित्तिकै राष्ट्रियताको मुद्दा नै बिलीन हुन्छ, त्यसको अंशै हुँदैन भन्ने परपरा रहेको हुनाले गलतफहमी पैदा भएको छ । त्यसकारण जब जब भारतले नेपाललाई हेप्ने कुरा अगाडि आउँछ, जब जब भारत प्रत्यक्ष रूपमा हेपाहा ढंगले आउँछ- जस्तो अहिले विमान अपहरण काण्डपछि हाम्रो विमानस्थलमा उसको आफ्नै सुरक्षा प्रणाली स्थापना गर्ने कुरा अगाडि ल्याई भारत प्रत्यक्ष रूपमा त्यसरी आउन खोजेको छ, त्यतिबेला राष्ट्रियताको मुद्दाले प्रमुखता पाउँछ । त्यतिबेला संयुक्त मोर्चामा आउने राजनीतिक वर्गीय तत्वहरूमा अन्तर आउँछ । अहिले हामी संयुक्त मोर्चा कसको विरूद्धमा गर्छौं ? विशेष गरी अस्तिसम्म पंचायत तथा राजदरवारको विरूद्धमा थियो । अहिले हामी राजदरवार, रा.प्र.पा., नेपाली कांग्रेस र अहिलेको संविधानको विरूद्धमा संयुक्त मोर्चा गर्छौं । हाम्रो संयुक्त मोर्चा सिंगो यो संविधानको विरूद्ध नभए पनि सुधारवादको विरूद्ध त हो । त्यसकारण हाम्रो संयुक्त मोर्चा

यसबाट के थाहा हुन्छ भने, संयुक्त मोर्चाको विषयमा मेरो जे धारणा बन्न थालेको थियो, त्यो बिल्कुल सही बन्न थालेको थियो । त्यसकारण, म के भन्छु भने, हाम्रो संयुक्त मोर्चा मूल रूपमा प्रजातन्त्रको निम्ति हो । त्यहाँ राष्ट्रियताको मुद्दा पनि गहन रूपमा छ । दुर्भाग्य, नेपालीको विरूद्धमा नेपालीको संयुक्त मोर्चा भयो । यस्तो संयुक्त मोर्चा गर्नु कठिन तथा जटिल हुन्छ । तर भारतले आक्रमण गर्‍यो भने त्यसको विरूद्धमा संयुक्त मोर्चा गर्नु निकै सजिलो हुन्छ । हुनसक्छ, त्यतिबेला राजा पनि 'देश बचाउ' भनेर आए भने उनलाई पनि अंगाल्नुपर्छ । त्यसरी नै आउँछ भने कांग्रेसलाई पनि लिनुपर्छ । तर अहिले त्यस्तो स्थिति छैन । तसर्थ आज यो अन्तर पहिल्याएर संयुक्त मोर्चाको स्वरूप स्पष्ट राख्न सक्ने अवस्थामा हाम्रो पार्टी पुगेको छ । यसरी संयुक्त मोर्चाको धारणा विकसित भयो ।

### *अन्दोलनको माग सम्बन्धमा*

आन्दोलनमा नारा राख्दा मानी लिऔं- मूल नारा राजनैतिक नारा छ अथवा आर्थिक नारा छ वा

२०४७ मा नेकपा (चौम) को तेस्रो राष्ट्रिय सम्मेलनको अवसरमा पार्टीका अन्य कमरेडहरूका साथ क. निर्मल लामा



महंगीविरूद्धको नारा छ । अतः यी सवालहरूमा त सबै तप्काका मानिसहरूलाई ओराल्न सकिन्छ । यस आन्दोलनमा किसान, मजदूर, विद्यार्थी आदि सबैलाई ओराल्नु पर्‍यो । अनि उनीहरूलाई आन्दोलनमा ओराल्नको निम्ति उनीहरूको पनि नारा राखिन्छ । र, यसरी मागहरू ४०/४२ वटा पुग्छन् । यसबाट आन्दोलनको माग कुन प्रमुख हो भन्ने नै हुँदैन । धेरै मागहरूको भीडमा प्रमुख माग नै बिलाउँछ । कहिलेकाहीं सामान्य माग पुरा नभए पनि प्रमुख माग पुरा हुन्छ । तर यस्तो बेलामा पनि आन्दोलन सफल भएको मानिदैन । यो दोष हाम्रो आन्दोलनमा रहीआएको छ, जुन हटाउनुपर्छ । जस्तो पंचायती व्यवस्थाको समयमा एउटा विद्यार्थी आन्दोलन भएको थियो । त्यस आन्दोलनमा २८/३० वटाजति नारा थिए । मुख्य माग स्वतन्त्र विद्यार्थी यूनियनको थियो । संघर्ष गरेपछि सरकारले 'स्वतन्त्र विद्यार्थी यूनियन' खोल्ने अधिकार दियो । तर विद्यार्थीहरू आन्दोलन रोक्न मान्दैनन् । त्यसपछि त सरकारले आन्दोलनमाथि दमन नै गर्‍यो । पछि ०३६ सालमा अर्को ठूलो संघर्ष गरेर मात्र यूनियनको अधिकार विद्यार्थीहरूले प्राप्त गरेका थिए । संघर्ष उठाउन थुप्रै माग राख्ने तर कतिवटा, र कुन मुख्य माग पूरा भयो भने संघर्ष रोक्ने -त्यो थाहा छैन । यो कुरा थाहा नपाएपछि प्रत्येक आन्दोलन उपलब्धिहीन हुन्छ ।

उदाहरणको रूपमा लिऔं कि किसान संघले 'तिरो घटाऊ' भन्ने मागमा पर्चा गर्नु पर्‍यो । त्यस्तो पर्चा लेख्दा मेरो व्यक्तिगत अनुभव के रहेको छ भने, म त्यसमा 'तिरो बढी भयो त्यसलाई घटाऊ' भन्ने कुरा मात्र समावेश गर्थें । तर 'पार्टीले अगुवाइ गर्ने आन्दोलनमा सामन्तवाद साम्राज्यवाद मूर्दावाद भन्ने नारा किन नलेख्ने ? विद्यार्थीको माग किन नराख्ने ?' आदि भन्दै किसानसंघको पर्चामा जम्मै कुरा समावेश गर्ने कुरा ल्याइन्थ्यो ।

यो प्रवृत्तिको विरूद्धमा पनि संघर्ष गर्नु जरूरी छ । संघर्ष गरिएको पनि छ ।

बीचमा जब जनमत संग्रहको घोषणा भयो, त्यसबेला मैले पार्टीमा आफ्नो विचार स्पष्ट राखेको थिएं कि बहुदललाई स्वीकार गरी बहुदल चाहनेहरू सबैलाई एकता गरेर हामीहरूले पंचायतलाई हराउनु पर्छ र हराउँछौं । मलाई पूरा विश्वास थियो - हामी पंचायतलाई हराउन सक्थ्यौं । तर साथीहरूले मानेनन् । उनीहरूले बहुदलमा अड्कनु हुन्न त्योभन्दा माथि जानुपर्छ र नयाँ जनवादको नारा दिनुपर्छ भने । हरेक समयमा साथीहरू नयाँ जनवादको कुरा झिक्थे ।

नयाँ जनवादको विषयमा पनि नेपालमा कस्तो खालको नयाँ जनवाद ? भनेर सोधियो भने, चीनको जस्तो भनेर भन्थे । त्यस्ता सजिला नाराहरूमा नबगेर हाम्रो देशका जनताहरूको वास्तविक ताकत, शत्रुहरूको वास्तविक ताकत, मित्र वर्ग, बीचको वर्ग, ढुलमुले वर्ग सबै छुट्याएर वर्ग विश्लेषण गर्नुपर्ने

अँ, मैले अघि नयाँ जनवादको कुरा गर्दै थिएँ । यो नयाँ जनवाद भनेको कुन चरोको नाम हो ? भनेर सोध्दा चीनको, भियतनामको, कोरियाको जस्तो नयाँ जनवाद हो भन्ने कुरा गरिन्छ । तर चीन, भियतनाम, कोरियाको नयाँ जनवाद अलग अलग छ । त्यहाँ साम्राज्यवाद र सामन्तवादको संघर्षमा पैदाभएको नयाँ जनवाद थियो । ती देशहरूको जनवाद पनि भिन्न भिन्न छ । त्यो भिन्नता के हो खोजौं । त्यहाँ वर्गको भूमिका, पार्टीको भूमिका, जनताको



> विद्यार्थी आन्दोलनमा २८/३० वटाजति नारा थिए । सरकारले मुख्य माग 'स्वतन्त्र विद्यार्थी यूनियन' खोल्ने अधिकार दियो । तर विद्यार्थीहरू आन्दोलन रोक्न मान्दैनन् । त्यसपछि त सरकारले आन्दोलनमाथि दमन नै गर्‍यो ।

हुन्छ । यस्तै कुराहरू मैले बहुदल कि निर्दल भनेर घोषणा गरिएको बेलामा पार्टीमा राखें । तर पार्टीले मानिदिएन । पार्टीले अरू अरू नै नाराहरू दिने काम गर्‍यो । अन्तिम समयमा जनमत संग्रह हुन पुगनपुग एक महिना अगाडि मात्र पार्टीले 'बहुदल जिताउनु पर्छ, बहुदल चाहनेहरू एक हुनुपर्छ' भनेर घोषणा गर्‍यो । तर अबेर भइसकेको थियो ।

भूमिका, अरू पार्टीको भूमिका कस्तो छ, मेहनत गरेर खोजी गरौं । त्यस्तै, नेपालको नयाँ जनवादको स्वरूप पनि कस्तो हुनुपर्छ ? त्यो पनि खोजी गरौं । तर खोजी गर्ने कसले ? यहाँ खोजी गर्ने कोही पनि देखिएका छैनन् ।

नेपालको कम्युनिष्ट आन्दोलनमा वर्ग विश्लेषण भएन भनेर मैले सुन्न थालेको ३०/३५ वर्ष भयो होला । तर अहिलेसम्म पनि लागिपरेर कसैले वर्ग विश्लेषणको लागि खोजी गरेको छैन । वर्ग विश्लेषण भएको छैन भन्ने साथीहरूले वर्ग विश्लेषण गर्नुपर्‍यो, चाहे त्यो सही होस्, अथवा गलत । सही भयो भने राम्रै हुन्छ, गलत भयो भने पछिकाले सच्याउँछन् । त्यसरी नै हिम्मत गरेर सबै विषय अगाडि राख्नुपर्छ । जस्तो म अहिले हिम्मत गरेर एउटा चीज राख्दैछु ।

## *क्रान्तिअघि सरकारमा जाने बारेमा*

धेरै साथीहरूलाई मैले भनिसकेको छु- "चुनावको उपयोग गर । क्रान्तिलाई, जनतालाई फाइदा हुन्छ भने क्रान्तिअघि सरकार पनि बनाऊ । तर मूल बाटो छोडेर होइन, सशत्र संघर्ष छोडेर होइन, वर्ग संघर्ष छोडेर होइन र चुनावमा धाँधली गरेर होइन । पैसा र पद बाँडेर होइन, त्रास पैदा गरेर पनि होइन ।"

हामी चुनाव लड्छौं । हाम्रा साथीहरू चुनाव लड्छन् र बहुमत ल्याउँछन् भने सरकार किन नबनाउने ?

र, यदि त्यसबेला पनि साथीहरूले सरकार बनाउनु हुन्न भन्छन् भने चाँहि, म जीवित रहें भने, म पनि ती साथीहरूकै साथ दिन्छु । अहिले भन्छु क्रान्तिअघि पनि 'सरकार बनाऊ बनाऊ' तर बहुमत ल्यायो भने म भन्छु- 'सरकार नबनाऊ, किनभने पार्टी र क्रान्तिलाई फाइदा गर्दैन ।'

किन ? कसरी ?

लेनिनले भन्नुभएको थियो - "संघर्ष गरून्जेल, क्रान्ति गरून्जेल खबरदार, अन्तरिम सरकारमा भाग लिनुहुन्न । तर क्रान्तिलाई फाइदा हुन्छ र जनतालाई फाइदा हुन्छ भने भाग लिनुपर्छ ।"

सरकारको विषयमा कुरा गर्दा लेनिनले क्रान्तिकारी अवस्थाभरि अन्तरिम सरकारमा जाने कुरा गर्नुभयो । फेब्रुअरी १९१७ मा पूंजीवादी जनवादी क्रान्ति भएर रूसमा अन्तरिम सरकार गठन भयो । त्यसबेला लेनिनले 'खबरदार, सरकारमा नजाऊ' भन्नुभयो । 'किन ?' भनेर मेन्सेविकहरूले सोधे । लेनिनले भन्नुभयो- "त्यहाँ गएर क्रान्तिलाई फाइदा हुँदैन । त्यहाँ पूँजीपतिहरू र जारशाहीका मान्छेहरूको बहुमत छ । त्यहाँ गएर गोली हान्छन् उनीहरूले, समर्थन हाम्रो मन्त्रीहरूबाट हुन्छ ।" मेन्सेविकहरू लेनिनको कुरा नसुनेर गए । ती जाने मेन्सेविकहरू केरेन्सकीहरू जत्तिकै पत्रु भएर गए । बोल्सेभिकहरू भने त्यस मामलामा

बचे ।

त्यस्तै, मैले पनि आज सरकारमा जाऊ, जाऊ भन्छु । हाम्रो पार्टीभित्र मलाई मान्ने, मसित दिल्लगी गर्ने र सम्मान पनि गर्ने काँइला बा 'तेरो सब कुरा ठीक, सरकारमा जाने कुरा बेठीक' भन्नुहुन्छ ।

तर म भोलि हाम्रो एकलौटी बहुमत आयो भने 'सरकार नबनाऊ' भन्छु, किनभने हामी बहुमत त ल्याउँछौं, मन्त्रीमण्डल पनि बनाउँछौं, तर सैनिक तथा सरकारी यन्त्र सबै प्रतिक्रियावादीको हातमा, पैसा सबै उसको हातमा, विदेशी शक्ति सबै उसको हातमा रहेको हुन्छ । त्यो सरकारमा गएर हामी केही गर्न सक्दैनौं ।

सरकारमा जानुहुन्न भनेर क्रान्तिकारी कार्यक्रम पेश गर्ने साथीहरूलाई म के चुनौति दिन चाहन्छु भने, सरकारमा नजाँदाको क्षणमा उनीहरू स्वयं चाहिँ निर्णायक युद्धको लागि सशस्त्र संघर्ष गर्न कति अग्रसर भए त ? यसका निम्ति, उनीहरूले कति तयारी गर्न सके त ? जनताको सेना गठन गर्न र हतियार जम्मा गर्न उनीहरू कत्तिको लागीपरे त ? यो लागीपर्न सक्ने स्थिति तयार नहुञ्जेल सरकारमा जाने नीति लिनु बेठीक हुन्न भन्ने मलाई लाग्छ ।

तर यो लागीपर्न सक्ने स्थिति तयार भएपछि भने यही काममा लागीपर्नु पर्छ । चुनावमा भाग लिएमा हाम्रो बहुमत नै आउने स्थिति छ भने त्यसले समाजमा हाम्रो स्थिति र प्रभाव बलियो छ भन्ने बुझाउँछ । यस्तो बलियो स्थितिमा भने सरकार बनाउने नाटकतिर हामी लाग्नु हुन्न भन्ने मेरो मत हो । स्थिति बलियो नहुँदा सरकारमा जाने नीति, तर बलियो हुँदा भने सरकारमा नजाने र निर्णायक लडाई नै लड्ने नीति हाम्रो हुनुपर्छ । हामीले चुनाव लडेमा एकलौटी बहुमत दिन जनता तयार छ भने त त्यो जनतालाई साथमा लिएर जिल्ला जिल्ला नै कब्जा गरेर केन्द्र कब्जा गर्नेतिर किन नलाग्ने ?

यो नै मेरो "आज सरकारमा जानु पर्छ" भन्ने नाराको सार हो ।

संसदमा बहुमत हाम्रो छैन, हामी थोरै छौं, त्यो स्थितिमा सरकारमा गयौं भने हाम्रा मन्त्रीहरू नबिग्रने ग्यारेण्टी के ? यस्तो प्रश्न पनि यहाँ उठ्ने गरेको छ । त्यसको ग्यारेण्टी पार्टीले लिनुपर्छ । पार्टीले भन्न सक्नुपर्छ : "तिमीले मन्त्री भएर, सांसद भएर जनताको काम छाडेर व्यक्तिगत लाभ हुने काम गर्‍यौ भने जनताले तिमीलाई सजायँ दिनेछ । त्यो सजायँ दिने जनताको संगठन हामी गर्छौं । आवश्यक परे हतियारबन्द संगठन पनि हामी गर्छौं । भन्नुको अर्थ आवश्यक परे तिमीलाई शूट पनि गरिदिन्छौं ।"

यसरी हामीले संघर्षको नयाँ स्वरूपको तयारी गर्नु पर्छ । साँच्चै भन्ने हो भने, यही नेपाली नयाँ जनवादी क्रान्तिरूपी 'चरो'को सही स्वरूप हो ।

मानीलिउँ हामी सरकारमा गयौं र कृषि नीति बनायौं । एउटा नीति सामूहिक खेती, अथवा नयाँ जनवादी खेतीको बनायौं । यसरी नयाँ जनवादी खेती भनेर सबैले जग्गा एकै ठाउँमा जम्मा गर, समूहमा खेती गर भन्यौं भने सबैले सजिलै मान्दैनन् । त्यतिबेला अर्को नीति अपनाउनुपर्छ । जस्तो कि सरकारले किसानहरूलाई ट्र्याक्टर दिने नीति लियो । तर उसले प्रत्येक परिवारलाई ट्र्याक्टर दिन सक्तैन । यस्तो अवस्थामा सय डेढसय परिवारलाई संयुक्त रूपमा एउटा ट्र्याक्टर दिन सक्छ सरकारले । हलो जोत्ने, गोरू जोत्ने झञ्झट सबै चट् । त्यस्तै अन्य थुप्रै काम पनि त्यसले गर्छ । यसबाट थुप्रै काम भ्याउन सक्ने हुन्छ । त्यसैले यसको लागि सबैले आफ्नो आफ्नो खेतको लालपूर्जा आफूले नै राख्नेगरी समूहमा ट्र्याक्टर लगाएर खेती गर्ने । तर खेतबाट उत्पादन भएको बस्तुचाहिं पछि आ-आफ्नो खेतको साइज र परिश्रमअनुसार बाँडेर लिने गर्नुपर्दछ । एकवर्ष यसरी चलाएर फाइदा भयो भने अर्को वर्ष पहिला समूहमा नआउनेहरू पनि आउन सक्छन् । यसरी सामूहिक खेती शुरू गर्न सकियो भने, 'जनवादी खेती' नै किन भन्नुपर्‍यो ? यसबाट जनवादी कृषि नीतिको एउटा सानो अंश शुरू हुन्छ । यस्तै शिक्षा क्षेत्र तथा अरू क्षेत्रमा पनि यस्तो प्रकृया शुरू गरौं । यसो भएपछि हामी जनवादीकरणको प्रक्रिया शुरू गर्न थाल्छौं । त्यस्तो प्रक्रिया यहीं र अहिल्यै शुरू गर्न थाल्छौं ।

ठाउँ ठाउँमा हाम्रो कब्जामा भएका गा.वि.स.हरू छन् । ती ठाउँहरूमा हामीले जे भन्यो, त्यो हुनसक्छ । पार्टीले आफ्नो कार्यक्रम संचालन गर्न नसकेको मात्र हो । पंचायत हुँदा पनि हाम्रा साथीहरूले गाउँ गाउँ कब्जा गरेका थिए । सर्वोच्च अदालतले हराइदिएको जग्गासमेत गाउँलेहरू एकगठ भएर सामन्तबाट खोसेर गरीबलाई दिइएको उदाहरण छ । यस्तो अहिले किन गर्न सकिन्न ? सिंहदरबार, नारायणहीटी दरबार कब्जा गरिसकेपछि मात्र नयाँ जनवाद आउँछ, नयाँ जनवादी प्रक्रिया शुरू हुन्छ भन्ने सोचाई गलत हो । त्यस्ता कुराहरू कहाँ कहाँ शुरू गर्न सकिन्छ, त्यो अहिले नै पार्टीले शुरू गर्नुपर्छ ।



संसदमा बहुमत हाम्रो छैन, हामी थोरै छौं, त्यो स्थितिमा सरकारमा गयौं भने हाम्रा मन्त्रीहरू नबिग्रने ग्यारेण्टी के ? यस्तो प्रश्न पनि यहाँ उठ्ने गरेको छ । त्यसको ग्यारेण्टी पार्टीले लिनुपर्छ ।

## *आजका मार्क्सवादी राजनैतिक विचार तथा मार्क्सवादी दर्शनबारे*

नेपालको राजनैतिक आन्दोलनमा आज देखिएको जुन विसंगति, विकृति, दिशाहीनता र निराशा छ, त्यसलाई समाप्त गर्न आवश्यक भएको छ । यदि यसको विकल्पमा चित्तबुझ्दो र भरपर्दो व्यवहारिक किसिमको विकल्प पेश भएन भने एकातिर जनता निराश भएर जान्छन्, अर्कोतिर दरबारले चलखेल गर्ने उर्वर भूमि प्राप्त गर्छ । त्यसकारण विकल्प चाहिएको छ । विकल्प पेश गर्दाखेरि नयाँ प्रगतिशील व्यवस्थाको सम्पूर्ण पक्ष, सम्पूर्ण अंग पेश गर्नु परेको छ । आजको निराशा, विकृति र विसंगतिको परिप्रेक्ष्यमा यसको सट्टामा ल्याउनु पर्ने विकल्प एउटा सिंगो व्यवस्था हो । त्यस सिंगो व्यवस्थाका बारेमा बोल्दाखेरि मार्क्सवादी दृष्टिले बोल्नुपर्छ ।

मार्क्सवादको जन्म किन (कमारो) दास युगमा भएन ? किन हजारौं वर्षसम्मको सशस्त्र किसान आन्दोलनमा भएन ? र किन विभिन्न किसिमको पूँजीवादी आन्दोलनको प्रारम्भमा भएन ? किन सन् १८४८ मा नै कम्युनिष्ट घोषणा-पत्र लेखियो ? यस विषयमा स्पष्ट हुनु जरूरी छ ।

मेरो विचारमा मार्क्सवाद भनेको विज्ञान हो । जसरी अक्सिजनको एक भाग र हाइड्रोजनको दुई भाग बीचको समिश्रण पानी हो, जसरी दुई र दुई जोड्दा चार हुन्छ, त्यसरी नै मार्क्सवाद पनि तथ्यहरूको समिश्रण हो । मैले भन्न खोजेको के हो भने, पूँजीवादी विकासले कलकारखानाको स्थापना गर्‍यो । बाफको इञ्जिन चल्ने अवस्था ल्याइदियो । मजदूर र पूँजीपति - यी दुई वर्ग स्पष्ट रूपमा छुट्टिएको अवस्थाको विकास तथा भित्रभित्र विकास गर्दै अन्ततः प्रत्यक्ष रूपले मजदूरवर्गले हतियार समातेर पूँजीवादी आर्थिक व्यवस्था र सत्ता खोसेर समाजवादमा संक्रमण गर्ने अवस्थाको विकास सन् १८४० को दशकमा पूर्ण भएको थियो । त्यसकारण, त्यति नै बेला मार्क्सवाद जन्म्यो ।

मार्क्सवाद जन्मनुभन्दाको अघिल्लो समयमा एकै ठाउँमा बसेर सामूहिक रूपले काम गर्ने मजदूरवर्ग तथा त्यस अनुरूपको आर्थिक व्यवस्थाको जन्म भएको थिएन । पूँजीपति वर्गको जन्म भएको थिएन । त्यसैले तत्कालीन समयमा सशस्त्र दास-युद्ध तथा सशस्त्र किसान युद्ध जस्ता ठूल-ठूला युद्धहरूले मानव समाजमा ठूल-ठूला उथल पुथल ल्याए पनि मार्क्सवादको जन्म भएन । हामीले यो कुरा बुझ्न सक्नुपर्छ ।

अब नेपालमा मार्क्सवाद लागू गर्ने कुरा पनि मार्क्सवाद जन्मेको अवस्थाका तत्वहरूसँग सोझै र स्पष्ट रूपले सम्बन्धित छ । नेपालमा मार्क्सवाद लागू गर्नलाई ठूला ठूला पूँजीवादी कारखानाहरू जन्मेका छन् कि छैनन् ? - जन्मने प्रसव वेदनामा छ, जन्मिसकेको छैन । ठूला ठूला कारखानामा एकै ठाउँ, एकै किसिमको काम गर्ने अवस्था, एकै किसिमको वातावरण, एकै किसिमको सन्दर्भमा काम गर्ने मजदूर र सर्वहारावर्ग जन्मेको छ कि छैन ? - त्यो पनि छैन । त्यसकारण मार्क्सवाद जन्मदाको स्थितिलाई विचार गरेर नेपालमा मार्क्सवाद लागू गर्नुपर्छ । हाम्रो आर्थिक स्थिति के छ ? मार्क्सवाद जन्मनको लागि चाहिने तत्वहरू र स्थिति हामीकहाँ छ कि छैन ? ठूला ठूला कारखानामा सामूहिक रूपमा काम गर्ने मजदूरहरू छन् कि छैनन् ? ती सबै कुराहरूलाई ध्यानमा राख्नुपर्छ । यी तत्वहरू जुन स्थितिमा छन्, त्यही स्थितिका संगठनहरूको

**चीन पूँजीवादी देश थिएन । त्यो कृषिप्रधान देश थियो । भियतनाम, कोरियाहरू पनि कृषिप्रधान देश थिए । तैपनि त्यहाँ कम्युनिष्ट पार्टी जन्म्यो । तैपनि त्यहाँ क्रान्ति भयो । त्यसकारण त्यहाँ कसरी क्रान्ति भयो, बुझ्नुपर्छ ।**

विषयमा राम्ररी ज्ञान भएपछि मात्र नेपालमा मार्क्सवाद कसरी लागू गर्ने भन्ने कुरा स्पष्ट गर्न सकिन्छ । हाम्रो देशमा पूँजीवादको त्यस्तो विकास भएकै छैन भने कसरी कम्युनिष्ट पार्टीको जन्म हुन्छ र कसरी मार्क्सवाद लागु हुन्छ भन्ने प्रश्न हाम्रोसामु छ ।

विश्व मजदूर आन्दोलन तथा कम्युनिष्ट आन्दोलनले हामीलाई स्पष्ट प्रमाणहरू दिएका छन् । चीन पूँजीवादी देश थिएन । त्यो कृषिप्रधान देश थियो । भियतनाम, कोरियाहरू पनि कृषिप्रधान देश थिए । तैपनि त्यहाँ कम्युनिष्ट पार्टी जन्म्यो । तैपनि त्यहाँ क्रान्ति भयो । त्यसकारण त्यहाँ कसरी क्रान्ति भयो बुझ्नुपर्छ ।

साँच्चै भन्ने हो भने सन् १९१७ को फेब्रुअरीमा जनवादी क्रान्ति र त्यही वर्ष अक्टुवर महिनामा समाजवादी क्रान्ति हुँदा रूसमा पनि २० प्रतिशतभन्दा बढी मजदूरहरू थिएनन् । अझ कम्युनिष्ट पार्टी जन्मदा त १४ प्रतिशतमात्र मजदूर थिए । रूस पनि त्यति ठूलो पूँजीवादको विकास भएको देश थिएन । तर त्यहाँ कम्युनिष्ट पार्टी स्थापना भयो । र, क्रान्ति पनि भयो । त्यसबेला यूरोपमा मार्क्सवाद तथा कम्युनिष्ट पार्टीको जन्म भइसकेको थियो । त्यहींबाट सिकेर रूसमा कम्युनिष्ट पार्टीको स्थापना भयो ।

त्यसकारण चीन, भियतनाम, कोरिया आदि देशहरूमा पूँजीवादको विकास नभएर पनि कम्युनिष्ट पार्टी जन्मेको अनुभवलाई लिएर नेपालमा पनि कम्युनिष्ट पार्टीको जन्म भएको हो । तसर्थ आज यहाँ जुन अवस्था छ, त्यही अवस्थाभित्र बसेर कम्युनिष्ट पार्टीले कम्युनिष्ट पार्टीको संगठनको विकास गर्नु परेको छ । सबै देशहरूमा उस्तै किसिमले पूँजीवादको विकास नभएको कारणले ती देशहरूमा भिन्दा भिन्दै तरिकाले मार्क्सवाद लागू भएको छ । त्यस्तै, नेपालमा पनि नेपाली ढंगले नै मार्क्सवाद लागू हुन्छ ।

त्यो ढंग के हो भने, अहिले नेपालमा पूँजीवादको जन्म भएको छ । यो विकासको क्रममा छ । तर यसको विकास द्रुत गतिमा नभई धिमा किसिमले भइरहेछ । त्यसरी यहाँ पूँजीवादको विकास किन धिमा भयो भनी केलाउँदा हामी के पाउछौं भने नेपालमा पूँजीवादलाई रोक्ने शक्तिहरू सामन्त तथा दलाल पूँजीपति वर्गहरू बलिया छन् । तिनीहरूले पूँजीवादको विकासलाई रोक्न त सक्तैनन् । तर तिनीहरूले प्रतिरोधहरू खडा गरिदिन्छन् । यो कुरा पनि बुझ्नुपर्छ । यसरी मार्क्सवाद भिन्न भिन्न देशमा भिन्न भिन्न रूपमा लागू हुन्छ । नेपालमा नेपालकै तरीकाले मार्क्सवाद लागू हुन्छ । यो भनेको नेपालको भौगोलिक स्थिति, हामीसँग सीमाना गाँसिएका मुलुकहरूको आर्थिक विकास तथा सामाजिक व्यवस्था, हाम्रा आफ्नै राजनैतिक आन्दोलन तथा सामाजिक व्यवस्था आदि जस्ता सबै कुरालाई ध्यानमा राखेर नै नेपालमा कसरी मार्क्सवाद लागू हुन्छ भन्ने कुराको निर्क्योल हुन्छ ।

यसरी हेर्दा अहिले नेपालमा प्रजातान्त्रिक आन्दोलन पूर्ण रूपले सफल भइसकेको छैन । राष्ट्रियता, सार्वभौमिकताको पनि कुनै ग्यारेन्टी छैन । त्यसमा फेरि राष्ट्रियतामाथि ठाडो सैनिक हस्तक्षेप पनि छैन । जसरी मार्क्सवादको जन्म हुन विशेष तत्वहरूको आवश्यकता पर्‍यो, त्यसरी नै नेपालमा मार्क्सवाद लागू गर्नलाई पनि आजको विशेष तत्वहरूको द्वन्द, त्यसको शक्ति सन्तुलन कहाँ कस्तो छ ? ती विन्दुहरूबाट मार्क्सवाद लागू गर्ने कुरा शुरू हुनुपर्छ ।

यसरी विचार गर्दा के देखिन्छ भने नेपालको प्रजातान्त्रिक आन्दोलनबाट प्राप्त विधानमा वाक् स्वतन्त्रता, संगठनको स्वतन्त्रता, संघर्षको स्वतन्त्रता निक्कै माथिल्लो स्तरमा प्राप्त भएको छ । तर त्यसलाई ठीक ढंगले लागू गर्न दिइएको छैन । भन्नुको अर्थ, अधिकार विधान र कागजमा सीमित छ, सत्ता प्रतिकियावादी वर्गको हातमा छ । त्यसकारण आजको हाम्रो समाजमा प्रजातान्त्रिक आन्दोलनले प्रमुखता पायो र राष्ट्रिय मुक्ति आन्दोलन गौण भयो । भन्नुको अर्थ, आजको नेपाली समाजको प्रधान अन्तरविरोध सामन्तवाद र जनताबीचको अन्तरविरोध रह्यो । नेपालको राजनीतिक आन्दोलनमा गौणको अर्थ शून्य, केही पनि होइन, छैन भन्ने ठानियो । त्यसबाट गलतफहमीहरू उत्पन्न भएका छन् । प्रजातान्त्रिक आन्दोलन प्रमुख र राष्ट्रिय मुक्ति आन्दोलन गौण भनेको आज प्रजातान्त्रिक आन्दोलनले प्रजातन्त्र आयो, राष्ट्रिय आन्दोलन पनि त्यहाँ झुण्डिएको छँदैछ, विलिन भएको छैन, यो बीच बीचमा प्रमुख भएर आउँछ भन्नु हो । जस्तो- पञ्चायत कालमा भारतले आर्थिक नाकाबन्दी गर्दा नेपालीहरू एक ढिका भए, राष्ट्रियता तथा सार्वभौमिकता बचाउनको निम्ति । त्यो कम भयो, फेरि प्रजातान्त्रिक आन्दोलन प्रमुख भएर आयो । भोलि भारतले नेपालमाथि आक्रमण गर्‍यो भने राष्ट्रिय मुक्ति आन्दोलन प्रमुख हुनसक्छ । त्यसबेला राजतन्त्र पनि राष्ट्रियता बचाउनुपर्छ भन्ने युद्धमा सामेल भयो भने ऊसंग पनि मिलेर संयुक्त संघर्ष गर्नुपर्ने हुनसक्छ । त्यतिखेर अन्तरविरोध बदलिएको अवस्था हुन्छ । अहिले सामन्तवादसँगको अन्तरविरोध प्रमुख हो भने त्यसबेला विदेशी साम्राज्यवादसँगको अन्तरविरोध प्रमुख हुन्छ ।

त्यस्तै, अर्को ध्यानमा राख्नु पर्ने कुरा के हो भने, आज हामीले प्रजातान्त्रिक आन्दोलन र त्यसमा पनि जन-आन्दोलनलाई प्राथमिकता दिएकाछौं । यसलाई प्राथमिकता दिनुको अर्थ हाम्रो मूल शत्रु सामन्तवादसँगको अन्तरविरोधलाई प्रमुखता दिनु हो । त्यसभित्र प्रत्यक्ष रूपमा को को पर्छन् भने राजदरबार, राजतन्त्र, नेपाली कांग्रेस, रा.प्र.पा. पर्छन् । अब त माले, एमाले पनि त्यही दिशामा जान थालेका छन् । तर कुनै कुनै खास विषयवस्तुमा माले, एमाले, रा.प्र.पा., नेपाली कांग्रेससँग मिलेर पनि संयुक्त संघर्ष गर्नुपर्ने हुन्छ । जस्तो- अहिले भारतको विमान अपहरणपछि त्रिभुवन विमानस्थलमा भारतीय सुरक्षा व्यवस्था गर्ने भन्ने कुरा आइरहेको छ । त्यसका विरूद्धमा सम्पूर्ण नेपाली जनता एक हुनसक्छन् । त्यसबेला 'तिमी त रा.प्र.पा.', 'तिमी त कांग्रेस'



भनेर छुट्याउनु भारतले नेपालमाथि हेप्ने-मिच्ने व्यवस्थालाई अप्रत्यक्ष रूपमा सहयोग पुर्याउनु हुनेछ । तर जहाँसम्म राजनैतिक क्रान्तिकारी आन्दोलनको कुरा छ, उनीहरूसँग त्यसमा भने संयुक्त हुन सकिंदैन । सत्ता कब्जा गर्ने कुरामा उनीहरूसँग एकमत हुन सकिंदैन ।

यहाँनेर विशेष ध्यान दिनुपर्ने कुरा के छ भने सत्तामा जानु र सरकारमा जानु भनेको एकदमै भिन्न कुरा हुन् ।

यसरी देशको विभिन्न स्थिति र पक्षहरूलाई ध्यानमा राखेर त्यसको आधारमा नेपालमा मार्क्सवाद लागु गर्ने नीति बनिनु पर्नेछ र प्रजातान्त्रिक आन्दोलनलाई प्रमुख बनाएर जानुपर्छ ।

### *जनवर्गीय संगठनबारे*

जनवर्गीय संगठन र पार्टी अलग अलग संगठन हो भन्ने विचार सबैले राखेर पनि हाम्रा कम्युनिष्ट पार्टीहरूमा काम कारवाहीमा 'सबैलाई कम्युनिष्ट बनाइहालौं' भन्ने हतारो छ । युवा लिगका सबै कम्युनिष्ट, विद्यार्थी संगठनका सबै कम्युनिष्ट, किसान संगठनका सबै कम्युनिष्ट, महिला संगठनका सबै कम्युनिष्ट, बुद्धिजिवी संगठनका सबै कम्युनिष्ट, सांस्कृतिक संगठनका सबै कम्युनिष्ट । त्यहाँ सबै कम्युनिष्ट भए भने, जनवर्गीय संगठनका केन्द्रीय समितिहरूका सदस्यहरू सबै कम्युनिष्ट पार्टीको सदस्य भए भने कम्युनिष्ट पार्टी ठूलो हुन्छ, बलियो हुन्छ भन्ने सोचाइ छ ।

कुरा गर्‍यो भने 'होइन, त्यसरी होइन' भनिन्छ । तर व्यवहार सबै उही छ- अरू पार्टीको कुरा छोडौं, हाम्रै पार्टी- एकता केन्द्रको के गति छ ? संयुक्त जनमोर्चाको केन्द्रीय कमिटीका सदस्य सबै पार्टी सदस्यहरू नै छन् । त्यो पनि पार्टी केन्द्रले छानेर पक्कापक्कै सदस्यहरू राखिएको छ । निरञ्जनगोविन्द बैद्य एकजना छुट्टै एक्लै थिए । उनलाई पनि पार्टी सदस्यता दिएर पार्टीमा ल्याइयो ।

विद्यार्थी संगठनमा काम गर्ने विद्यार्थी नेताहरूसँग भेट भयो । "के छ यसपालिको सम्मेलनको स्थिति ?" भनेर मैले सोधें ।

"राम्रो छ, यसपालि हामीले बाहिरका विद्यार्थीहरूलाई पनि प्रतिनिधि बनाएर सम्मेलनमा ल्याएका छौं । रा.प्र.पा. का छोराछोरीहरू पनि छन् ।" - उनीहरूले भने ।

अब तिनीहरूलाई कसरी विकास गर्ने ? पार्टी लाइनमा कसरी लाने ?



> पार्टी अनुशासन भनेर, कानेखुसी गरेर हामी जनवर्गीय संगठनको नेतृत्व चुनिरहेका छौं ।

अब ती विद्यार्थीहरूलाई पार्टीका सक्रिय कार्यकर्ता बनाऊँ, विद्यार्थी कार्यकर्ता होइन । कम्युनिष्ट पार्टीको कार्यकर्ता, त्यो पनि अरू पार्टीको होइन, एकता केन्द्रकै । साधारण विद्यार्थीलाई विद्यार्थी संगठनमा ल्याउनको लागि उनीहरू कांग्रेस, रा.प्र.पा., माले, एमाले, मसाल आदिसँग सम्बन्धित छन् कि छैनन् हेरौं । छैन भने ल्याउं । र, विद्यार्थी संगठनको सदस्य बनाउं ।

तर यसो नगरी ठाडै पार्टीकै सदस्य बनाएर यसरी के बनाउन खोजेको ? नभएको चीजलाई । गधालाई धोएर गाई बनाउन खोजेजस्तो । 'अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन' लाई कम्युनिष्ट संगठन बनाउन खोजेको, अनि जो कम्युनिष्ट भएका छन्, उनीहरूलाई निर्देशन छ - 'तिमीहरू कम्युनिष्ट हुँदै हौ । विद्यार्थी भएर कुरा गर । विद्यार्थी भएर काम गर ।'

यसरी कम्युनिष्टलाई विद्यार्थी बनाइंदैछ, विद्यार्थीहरूलाई कम्युनिष्ट बनाइंदैछैन । अन्ततः हुन्छ के ? न कम्युनिष्ट पार्टी सर्वहाराको कम्युनिष्ट पार्टी बन्छ, न विद्यार्थी संगठन (फीस घटाउने तथा शिक्षालाई निजीकरण तथा व्यापारीकरण गर्ने नीतिको विरोधी आन्दोलन) आन्दोलनमा नै उत्रन सक्छ । यसरी विद्यार्थी संगठन पनि चौपट, पार्टी पनि चौपट । ठीक त्यो स्थिति छ आज ।

यो बेला पार्टीले ठीक ढंगले काम गरेन भने, जनवर्गीय संगठन र पार्टीलाई छुट्याएन भने जनवर्गीय संगठन नाम मात्रको हुन्छ ।

आज एकता केन्द्रले विद्यार्थीहरूलाई जिम्मा दिएर विद्यार्थी आन्दोलन गर्‍यो भने त्यो आन्दोलनमा को आउँछ ? -एकता केन्द्रका समर्थक, एकता केन्द्रप्रति प्रतिबद्ध विद्यार्थी र पार्टीका साधारण सदस्य, चाहे त्यो किसान होस्, चाहे ऊ कुनै अरू जनवर्गीय संगठनकै किन नहोस् ।

जनकपुरमा विद्यार्थी सम्मेलनलाई सफल बनाउन सिंगो पार्टी, पार्टीको मूल नेतृत्व जनकपुरमै छ । किन ? पार्टीको निर्देशन पालन गराउनको लागि पार्टीका महत्वपूर्ण नेताहरू सबै त्यहाँ पुग्नुपर्‍यो ? कोही कसैले भनेको मान्ने । कोही अर्कै कसैले भनेको मान्ने । त्यसले के देखाउँछ ? -पार्टीको ताकत छैन । विद्यार्थीहरूको पनि ताकत छैन । अनि पार्टी अनुशासन भनेर, कानेखुसी गरेर हामी जनबर्गीय संगठनको नेतृत्व चुनिरहेका छौं ।

कुनै पनि जनवर्गीय संगठनको विधानमा निर्वाचित नेतृत्व पदाधिकारी हुनेछ भनेर लेखिएको हुन्छ । कहाँ पदाधिकारीको चुनाव भएको छ ? महिला संघको भएको छ कि ? युवक संघको भएको छ कि ? कसको भएको छ ? कसैको पनि भएको छैन । जनबर्गीय संगठनमा काम गर्ने पार्टीको तरिका के हो भने, पार्टीको केन्द्रीय कमिटीले निर्णय गरेर जनवर्गीय संगठनको फ्र्याक्सनको सेक्रेटरीलाई दिने हो । सेक्रेटरीले फ्रयाक्सनमा राख्ने र फ्रयाक्सन सदस्यहरूमा एकमत भएर विद्यार्थी केन्द्रीय कमिटीमा या जनवर्गीय संगठनको केन्द्रीय कमिटीमा राख्नुपर्ने । यसरी पार्टीको निर्णय पार्टीले पठाउने । त्यही निर्णयमध्येको थपघट जे छ, त्यो विद्यार्थीले पठाउने । दुईतिरबाटै जानेगरेको खण्डमा विद्यार्थीमा त्यो राम्रो फैलिन्छ । त्यसरी नै अरू जनवर्गीय संगठनहरूमा पनि हुनुपर्छ ।

तर हाम्रा निर्णयहरू त्यसरी भइरहेका छैनन् । प्रायशः फ्र्याक्सनको इन्चार्ज (यो फ्रयाक्सनको इन्चार्ज नयाँ चीज हो । पहिला मलाई पनि थाहा थिएन । अब म भन्छु यो इन्चार्ज बैधानिक होइन । फ्रयाक्सनको सेक्रेटरी मात्रै बैधानिक हो । इन्चार्ज र सेक्रेटरी दुईवटाको अधिकार र कर्तब्य पनि छुट्याइएको छैन । ती दुईबीच क्ल्याश छ । मोटामोटी रूपमा पार्टीले तोकेको व्यक्ति इन्चार्ज हुन्छ) को भनाई, उसको निर्णय जनवर्गीय संगठनले पारित गरिदिनुपर्छ । अनि त्यसलाई सफल पार्न सिंगो पार्टी लाग्छ । अहिलेसम्म भएका जनवर्गीय संगठनले गरेका आन्दोलन तथा सम्मेलन सबैको रूप त्यही हो । यो रूप रहुन्जेलसम्म पार्टीले अर्कै रूपमा विकास गर्ला । तर मार्क्सवादी कम्युनिष्ट पार्टीको रूपमा बिसर्जन गर्छ- जसरी झण्डा र नाम बोकर माले, एमालेहरू कम्युनिष्ट रहेका छन् । वास्तवमा उनीहरूले मार्क्सवाद बिसर्जन गरिसकेका छन् । हाम्रा अहिलेका पार्टीहरू पनि त्यस्तै हुन्छन् । त्यसकारण पार्टीले अहिलेदखि सतर्क हुनुपर्छ ।

### *पार्टीको संगठनको स्वरूपबारे*

पार्टीको संगठनको स्वरूप भन्दाखेरि एउटा अर्को खतरा, खासगरी चौथो महाधिवेशनमा, एकताकेन्द्रको विकासको क्रममा देखिएको छ । त्यो हो- पार्टी टेक, पार्टी गोप्यता । पहिला पहिला पार्टी टेक भनेर एउटा कमिटी बन्थ्यो । त्यसले यो यो चीज कसरी गोप्य राख्नुपर्छ भनेर पार्टीलाई सुझाव दिन्थ्यो । र, पार्टीले त्यसअनुसार काम गर्थ्यो । तर चौथो महाधिवेशनमा युवा संघलाई सम्पूर्ण पार्टी टेक कमिटीको मेसिनरी बनाएर पार्टीलाई पंगु बनाउने नीतिहरू आउनथाल्यो । जस्तो- टेक कमिटीले युवा संघको संचालनको जिम्मा लियो । टेक कमिटीले आफ्नै नाममा प्याड छापेर चन्दा उठाउन थाल्यो । टेक कमिटीले पार्टी केन्द्रीय कमिटी तथा जिल्ला कमिटीलाई थाहा नदिई जिल्ला जिल्लामा गएर सम्पर्क गर्ने, मिटिङ्ग गर्ने, गर्नथाल्यो । त्यस विषयमा मोहनविक्रमसँग मेरो पार्टीभित्र जोडदार संघर्ष चल्यो । "यो टेक होइन । यो पार्टीलाई व्यक्तिवादीकरण, सामन्तीकरण, तानाशाहीकरण गर्ने रूप हो ।" भनेर मैले विरोध गरें । जब पार्टीको जिम्मेवारी मेरो हातमा आयो, तब 'पार्टी टेक के हो ? मोहनजी ?' भनेर सोध्दा मोहनविक्रमले 'पश्चिममा एकजना कामरेड, पूर्वमा एकजना कामरेड हुनुहुन्छ ।

उहाँहरूसँग सबै बुभ्नुहोस्' भनेर जवाफ दिनुभयो । र, उहाँका अनुसार त्यतिबेला मैले पूर्वमा टेकका एकजना कमरेड र पश्चिममा एकजना कमरेडसँग कुरा गरें । उहाँहरूसँग कुरा बुझ्दा थाहा भयो- हतियार पनि छैन । कमिटी पनि छैन । मलाई त पहिला के भनेको थियो भने टेकको कमिटी छ, हतियार किनेको छ । त्यसपछि मैले टेकेको कामै छाडें । अहिले टेक छैन ।

अब एकता केन्द्र । एकता केन्द्रमा यो प्रवृत्ति त्यही रूपमा होइन, अर्कै रूपमा थचक्क बस्न खोजेको छ । अहिले त्यो फ्रयाक्सनको इन्चार्जको रूपमा आउन खोजेको छ । फ्रयाक्सनको इन्चार्जले एउटा चीज सोच्यो, अब त्यो फ्रयाक्सनमा राख्छ कि राख्दैन थाहा छैन । कमिटीमा लग्यो । त्यहाँबाट पास गरायो । अनि त्यो कारवाही शुरू भयो । त्यो आन्दोलन शुरू भयो । त्यो अभियान शुरू भयो । तर पार्टीलाई थाहा छैन । अनि पार्टीले हतार हतार फलाना जनवर्गीय संगठनबाट यस्तो सार्वजनिक गरिरहनु भएको छ । यसबाट सिकेर अरूले पनि गरिहाल्छन् नि ।" माओ त्से तुङले हाँसेर भन्नुभएको थियो - "प्रयत्न गरोस् । प्रयत्न गरेर सफल भए भने तिनीहरू कम्युनिष्ट हुन्छन् । होइन भने सफलै हुँदैनन् । कम्युनिष्टबाहेक, सर्वहारावर्ग बाहेक कम्युनिष्टको जस्तो त्याग तपस्या, सामुहिक भावना, अनुशासनको तत्व नभएसम्म अरूले नेतृत्व गर्न सक्तैन ।"

त्यस्तै, हाम्रो पनि कम्युनिष्ट पार्टीले साँच्चै आफ्नो नेतृत्व स्थापित गर्‍यो भने कुनै पनि वर्गले यो नेतृत्व खोस्न सक्तैन । त्यसकारण जनवर्गीय संगठनलाई अगाडि बढाउँदा नेतृत्व समानान्तर हुन्छ, खोसिन सक्छ भन्ने यो कुरा गलत हो ।

चौथो महाधिवेशनले २०३१ सालमा पास गरेको देशभक्त र जनतान्त्रिकहरूको सरकार, त्यसमा हामी धेरै दिन टिक्यौं । पछि मैले लत्तो छोडेर त्यो छुट्यो । म नेतृत्वबाट हटिसकेको बेला पर्‍यो । केन्द्रीय कमिटीमा बहस भयो ।

> **चौथो महाधिवेशनले २०३१ सालमा पास गरेको देशभक्त र जनतान्त्रिकहरूको सरकार, त्यसमा हामी धेरै दिन टिक्यौं । पछि मैले लत्तो छोडेर त्यो छुट्यो ।**

अभियान हुँदैछ । त्यसलाई पार्टीको शक्ति लगाएर सफल पार भन्ने निर्देशन हुन्छ । यसरी पार्टीको भूमिका र पार्टीको नेतृत्व पछि पर्दै जान थाल्यो । कतिपय साथीहरूले छलफलको दौरानमा मलाई भनेका छन्- "हामीले जनवर्गीय संगठन तथा संयुक्त जनमोर्चालाई पार्टीको नेतृत्वमा समानान्तर नेतृत्व विकास गर्ने ? म छक्क पर्छु ! कम्युनिष्ट पार्टीको नेतृत्व कस्तो नेतृत्व ? जनवर्गीय संगठन अथवा संयुक्त जन-मोर्चाजस्तो देशभक्त र प्रजातान्त्रिकहरूको संगठनले कम्युनिष्ट पार्टीको नेतृत्व खोस्न सक्छ ? -त्यो वर्गको नेतृत्वले कम्युनिष्ट पार्टीको नेतृत्व खोस्न सक्तैन । कम्युनिष्ट पार्टीको नेतृत्व छ्याङछ्याङती छ । त्यो कसरी कायम हुन्छ ? खुल्ला छ । यही खुल्ला हुँदाखेरि शायद एडगर स्नोले होला माओ-त्से तुङसँग सोधेका थिए- "ए, तपाईं नेतृत्व 'यसरी गर, उसरी गर' भनेर छ्याङछ्याङती सबै भक्तबहादुरजीले अड्डी लिनुभयो । उहाँ छोड्नुहुन्न, अरू साथीहरू कम बोल्छन् । अरूको आफ्नो मत थाहा हुँदैन भक्तबहादुरले अड्डी लिएको लियै । अनि चिया खाने बेलामा बाहिर गयौं । मलाई लाग्छ त्यो मिटिङ्ग सायद अयोध्यामा भएको थियो । मैले भक्तबहादुरजीलाई भनें -"आ.... छोड्दिनुस् । के किच किच गरिरहने । व्यवहारले उहाँहरूलाई पछि त्यहीं लिएरआउँछ ।" उहाँलाई सम्झना छ कि छैन ? तर त्यसरी मैले स्पष्ट भनिसकेपछि उहाँले 'हो त छोड्दिउँ' भनेर छोड्दिनु भयो ।

अब व्यवहारले अहिले ठीक त्यही ठाउँमा हामीलाई ल्याएको छ । देशभक्त र जनतान्त्रिकहरूको सरकार कुन बेला हुन्छ ? - यतिखेर हामी सरकारमा जान सक्ने स्थिति छ, तर एवसोल्यूट मेजरिटीमा होइन । सरकारमा जान अरूसँग मिल्नुपर्छ, त्यस अवस्थामा देशभक्त र जनतान्त्रिक 'शक्तिहरूको सरकारको विकल्प लिएर जानुपर्छ । ❑

## प्रेरक प्रसंग

# भारी खोज्न गएको मानबहादुर कम्युनिष्ट बन्यो

२००८ सालमा के.आइ. सिंहको बिद्रोहसँग जोडेर नेपाल कम्युनिष्ट पार्टीलाई मातृका सरकारले प्रतिबन्ध लगाएको थियो । तैपनि कम्युनिष्ट पार्टीले भूमिगत रुपमा किसान आन्दोलन चलाइरहेको थियो । आन्दोलनकै सिलसिलामा २०११ सालतिर कमरेड पुष्पलालमाथि वारेन्ट जारी भयो । उनी काठमाण्डौमै भूमिगत रुपमा रहन थाले । त्यतिबेला उनी पश्चिम गण्डक पार्टीका इन्चार्ज थिए ।

त्यहीबेला पश्चिम गण्डकको मिटिङ्को लागि पुष्पलाललाई लिन लक्ष्मीभक्त उपाध्याय पोखराबाट काठमाण्डौ आइपुगे । भोलिपल्ट विहान ४ बजे नै उनी पुष्पलाललाई लिएर पोखरा हिँडे । उनीहरु त्रिशुलीको बाटो हुँदै पोखरा गएका थिए ।

उनीहरु काठमाण्डौबाट हिंडेर त्रिशुलीको अलि वर बास बस्न पुगे । बास बसेको ठाउँमा एकजना भरियासँग उनीहरुको भेटभयो । त्यो भरियाको नाम थियो- मानबहादुर तामाङ । त्यो भरिया पूर्वबाट लाहुरेको भारी बोक्न भनेर पोखरा हिँडेको थियो । भोलिपल्ट विहानै त्यहाँबाट तीनैजनासँगै हिंडे ।

विहानको खाना खानको लागि उनीहरुले बाटोमा आफैंले खाना पकाए । पुष्पलाल र लक्ष्मीभक्तले आफैंले बोकेर लगेको चामलको भात पकाए भने मानबहादुरले ढिंडो पकायो । खाना खाने बेला भयो । पुष्पलालले आफ्नो भागको भात भरियालाई दिंदै भने- "मानबहादुर ! तपाई यो भात खानुस् म तपाईंको ढिंडो खान्छु ।"

तर मानवबहादुर मानेन । उसले भन्यो - "साहुजीले ढिंडो खान सक्तैन, तपाई भातै खानुस् ।" पुष्पलालले जबरजस्ती नै गरेपछि तीनै जनाले भात र ढिंडो बाँडेर खाए । दिउँसो खाजा खानेबेलामा पनि पुष्पलाल र लक्ष्मीभक्तले आफूहरुले लगेको चिउरा र सिन्कामरि (भिनियाँ) भिके । मानबहादुरले सातु भिक्यो । त्यो पनि तीनै जनाले एक अर्कोसँग साटासाट गरी खाए । यसरी तीनैजना पोखरा पुगे ।

पोखरा पुगुन्जेलमा मानबहादुर पुष्पलालबाट ज्यादै प्रभावित भइसकेको थियो । त्यतिबेला सम्ममा मानबहादुरको नाम 'मीठो दाजु' भइसकेको थियो । किनभने उसँग कक्कड थियो, त्यो कक्कड ज्यादै मीठो भएकोले पुष्पलाल र लक्ष्मीभक्तले पनि खान थालेका थिए । त्यही मीठो कक्कड खुवाउने मान्छे भएकोले पुष्पलालले उसलाई 'मीठो दाजु' भनेर सम्बोधन गर्न थालेका थिए । पोखरा पुगिसकेपछि



क. पुष्पलाल श्रेष्ठ

पनि भारी खोज्न गएका मानबहादुर भारी खोज्न नगइकन पुष्पलालहरुसँगै बस्नथाले । पोखरामा पश्चिम गण्डक पार्टीको मिटिङ्ग दुई दिनसम्म चल्यो । ती दुवै दिन मानबहादुर बाहिरै बसिरह्यो ।

त्यो बैठक सिद्धिएपछि पुष्पलाललाई रिसीङ जिल्लाको बैठकमा पनि नैजाने सल्लाह गरियो । त्यही सल्लाहअनुसार पि.एल.लाई लिएर लक्ष्मीभक्त सार्जङको लागि रवाना भए । मानवहादुर तामाङ पनि भारी खोज्न नगइकन पुष्पलालको पछि लाग्यो । पछि मानबहादुरलाई सार्जङमा काममा राखियो । ऊ त्यहीं मजदूरी काम गरेर बस्न थाल्यो र कम्युनिष्ट बन्यो । पछि त ऊ त्यहाँको मजदूर नेतासम्म भयो । ❑

- मुक्ता श्रेष्ठ

*पुष्पलाल स्मृति ग्रन्थ २०५२* मा प्रकाशित लक्ष्मीभक्त उपाध्यायको संस्मरणमा आधारित ।


गिरिजाप्रसाद कोइराला


कृष्णप्रसाद भट्टराई (किशुनजी)


क. माधव नेपाल


क. खड्ग ओली


क. झलनाथ खनाल

# मेरो तस्वीर

- विमल निभा -

'**मूल्यांकन**' को गताङ्क (वर्ष- १८, पूर्णाङ्क- ७७, जेठ-असार, २०५७) मा मेरो तस्वीर छापिएन । प्रत्येक महिना निर्बिघ्न प्रकाशित त हुन्थ्यो । यस पटक के भयो ? मलाई तपाईहरूको नियतमा कुनै शंका छैन । किनभने मेरो तस्वीरलाई भनेर पत्रिकामा चारकुने ठाउँ खालि छाडिएको छ । हुनसक्छ मेरो छवि त्यहाँ अटाएन । के मेरो साइज यति विशाल भइसकेको छ ? अथवा ठाउँको तुलनामा म धेरै सानो भएको पनि हुनसक्छु । यो पनि सम्भव छ । कुन्नि, के भएको हो ?

म कहिलेकाँही ऐना हेर्ने गर्छु । मलाई के लाग्छ भने मेरो अनुहार यो देशका ठूला नेताहरूसँग मिल्छ । यो भावशून्य छ । अब यसमा जे आरोपित गरे पनि भयो । बदमासी । पाखण्ड । कुकर्म । झूठ । लोभ । अशिष्टता । दुष्ट्याइँ । अनैतिकता । दुराचार । कपट । हृदयहीनता । ठगी । असत्य । मिथ्याचरण । धूर्तता । लुच्याइँ । ढोंग । विश्वासघात । कुटिलता । दुष्कर्म । पापाचार । लम्पटता । इत्यादि । तपाईहरू नेताहरूका तस्वीर धेरै छाप्ने गर्नुहुन्छ । त्यसो भए, मेरो तस्वीर छापनलाई कसरी अयोग्य हुनगयो ?

मलाई नेताहरूमा गिरिजाबाबुको तस्वीर असाध्यै मनपर्छ । उहाँको मुखारविन्दमा जुन मूर्खतापूर्ण दृढता छ, त्यसले नै हाम्रो लोकतन्त्रलाई चलाईरहेछ । किसुनजीको अनुहारमा जस्तो चञ्चल बक्रता त्यहाँ छैन । त्यसैले उहाँले आफ्नो परम् मित्र (विकल्पमा शत्रु शब्द पनि छ) किसुनजीलाई सत्ताको आसनबाट परसम्म फाल्न सक्नुभयो । निर्ममतापूर्वक । यसो त किसुनजीको तस्वीर पनि छापिननहुने छैन । त्यहाँ सरल एवं सहज मुस्कान छ । त्यो मुस्कानको नेपथ्यमा अवस्थित षड्यन्त्र देखिदैन, यो अर्कै कुरो हो । (यस्तो कुनै क्यामराको हालसम्म आविष्कार भइसकेको छैन, जसले छल, प्रपञ्च र बेइमानीको पनि तस्वीर लिन सकोस्)

जहाँसम्म बामपन्थी नेताहरूका कुरो छ, तिनीहरूका तस्वीर मलाई प्रिय नलाग्ने कुरा नै छैन । वरिष्ठ बामपन्थी कमरेड मोहनविक्रमलाई मैले देखेको छैन । एकपटक अँध्यारो कोठामा भेटेको हुँ । तर त्यो अहिले मेरो स्मृतिबाट विस्मृत भइसकेको छ । छोटो-छोटो, मोटो-मोटो, अग्लो-अग्लो, गोरो-गोरो, कालो-कालो- उहाँको सही आकार-प्रकार मैले बिर्सें । त्यसैले उहाँको तस्वीरबारे के भन्ने ? माले र एमालेका नेताहरूका तस्वीर भने सर्वत्र देख्न पाइन्छ । कुनै अभाव छैन । एमालेका महासचिव कमरेड माधवको तस्वीरले मलाई सदैव आकर्षित गरेको छ । उहाँको अनुहारमा अचेल जसरी अतिरिक्त बोसो थपिएको छ, त्यसले विचारहीनतालाई मजाले छोपेको छ ।

जहाँसम्म बामपन्थी नेताहरूका कुरो छ, तिनीहरूका तस्वीर मलाई प्रिय नलाग्ने कुरा नै छैन


*व्यंग्यकार*

तस्वीरबाट पनि लाभ लिन सकिन्छ, यो प्रमाणित भयो । म त एकटकले हेरिरहन्छु ।

कमरेड ओली, कमरेड झलनाथ, कमरेड भरतमोहन, कमरेड प्रशित आदिका तस्वीर पनि राम्रा छन् । यसमध्ये कमरेड झलनाथको क्लीनसेभ्ड फेस कसलाई मन पर्दैन ? यसमा धोका दिनसक्ने विलक्षण क्षमता छ । मान्नै पर्छ । मालेका कमरेड वामदेव र कमरेड सीपी पनि कम छैनन् । तर उहाँहरूका तस्वीरमा एमालेका कमरेडहरूभन्दा के भिन्नता छ, त्यो मैले अहिलेसम्म छुट्याउन सकेको छैन । हो, माले महासचिवको मुखमण्डलमा अनावश्यक कठोरता भने अवश्य देखिन्छ । के यो क्रान्तिकारी भङ्गिमा हो ? जे होस् मालेका कमरेडहरूका तस्वीर पनि अछाप्य खालका छैनन् ।

अन्य वामपन्थी नेताहरूमा नेमकिपाका कमरेड रोहित, संयुक्तका कमरेड मानन्धर, मार्क्सवादीका कमरेड प्रभुनारायण आदिका तस्वीरहरू पनि यदाकदा छापिइरहन्छन् । कमरेडहरूका अनुहारमा रहेको जडता मलाई मनपर्छ । यो प्रगतिशील जडता हो । स्थायी रूपले तस्वीरको आत्मामा जडिएको । अतःएव सुन्दर लाग्छन् । अन्त्यमा म भूपू महापञ्च राप्रपाका अध्यक्ष सूर्यबहादुरको तस्वीरको उल्लेख गर्न चाहन्छु । भर्खरै एउटा लोकप्रिय पत्रिकाको मुखपृष्ठमा छापिएको छ । यो तस्वीरमा जुन बेइमानीपूर्ण भव्यता झल्किएको छ, त्यसबाट म प्रशस्त प्रभावित छु (फोटोग्राफरलाई धन्यवाद दिनैपर्छ) तस्वीरहरू यथार्थका प्रतिविम्ब नै त हुन् । मलाई यस्तै लाग्छ । यो भन्दा बढी अरू म के भनुँ ?

भूमिगत नेता कमरेड प्रचण्ड (माओवादी पार्टीका महासचिव पुष्पकमल दाहाल) सम्मको तस्वीर खुला भइरहेको बखत मेरो तस्वीर मात्र किन हटाइएको हो हँ ? □


क. वामदेव गौतम


क. सी.पी. मैनाली


क. रोहित


क. प्रचण्ड


सूर्यबहादुर थापा

# निषेधको निषेध हुँदै विश्व कसरी बिकसित हुँदैछ ?

- प्रज्ञानरत्न -

**धेरैजसो कीराहरूमा निषेधको निषेधको प्रक्रिया लगभग त्यही लाइनमा हुनेगर्छ जस्तो चराचुरूंगीहरू र मकैको गेडामा हुनेगर्छ**

संसारमा हामी अनगिन्ति बस्तुहरु देखिरहेछौं । कुनै पनि बस्तु आकाशबाट थपक्क झरेको वा परमात्माले सृष्टि गरेको बस्तु होइन । हरेक बस्तु अरु बस्तुको निषेधमा पैदा भएको हो । यो नयाँ बस्तु पनि चिरस्थायी छैन । परिवर्तनको एउटा निश्चित बिन्दुमा पुगेपछि अनिवार्य रुपले यसको पनि निषेध हुन्छ र अर्को नयाँ बस्तु पैदा हुन्छ । यसरी, परिवर्तनको नियम बाहेक संसारमा त्यस्तो कुनै कुरा छैन, जो अन्तिम र अपरिवर्तनीय छ । हरेक नयाँ कुरा पुरानोको ध्वंशको प्रक्रियाबाट सिर्जना भएको हो र त्यो नयाँ कुरा फेरि आफैं पनि ध्वंशको प्रक्रियामा हुन्छ । यही हो- निषेधको निषेधको चुरो कुरा ।

यसरी निषेधको निषेध भनेको संसारका तमाम बस्तुको विकासको प्रवृत्ति हो । यो प्रकृति, इतिहास र विचारको विकासको दिशा हो ।

थोत्रो-पुरानो कुरा नष्ट नभई नयाँ कुराको निर्माण हुँदैन । नयाँ कुरा पनि कहिल्यै अजर अमर रहँदैन । यो पनि एउटा विन्दुसम्म विकसित भईसकेपछि अनिवार्य रुपमा नष्ट हुन्छ । त्यसैको खरानीमा अर्को नयाँ कुराको निर्माण हुन्छ । यही हो – संसारका तमाम बस्तुको विकासको प्रवृत्ति। यही हो प्रकृति, इतिहास र विचारको विकासको दिशा ।

जन्मिएको हरेक कुराको मृत्यु पनि हुन्छ। शुरु भएको हरेक कुराको अन्त्य पनि हुन्छ। अस्तित्वमा आएको हरेक कुरा अस्तित्वबाट जान्छ पनि । हरेक कुराको निषेध हुन्छ र निषेधको पनि निषेध हुन्छ ।

निषेको निषेधले पुरानो र नयाँ बीचको अन्तरसंम्बन्ध देखाउँछ । पुरानोको ध्वंशबाट नयाँ कसरी पैदा हुन्छ, र नयाँ आफै पनि कसरी ध्वंशकै दिशातिर अघि बढ्छ- त्यो ऐतिहासिक अन्तरसंबन्ध यसले देखाउँछ । यसले के देखाउँछ भने संसारमा कुनै पनि कुरा अलगथलग रुपमा पैदा हुँदैन । अर्को, अघिल्लो बस्तुसितको ऐतिहासिक अन्तरसंबन्धमा मात्र नयाँ बस्तु पैदा हुन्छ । यो ऐतिहासिक अन्तरसंबन्धले संसारमा नयाँ नयाँ बस्तुको उत्पत्ति संबन्धमा सारा रहस्यको पर्दा उघारीदिन्छ । यसले चित्तबुझ्दो ढंगले देखाउँछ कि कुनै परमात्माले होइन, कुनै देउताले होइन एकथरि बस्तुको निषेधले नै अर्कोथरि बस्तु सिर्जना गर्छ । थोत्रा-पुराना बस्तुको निषेधले नै नयाँ बस्तुको सिर्जना गर्छ । केही कुराको ध्वंशमा अर्को कुराको उत्पत्ति आधारित हुन्छ । यसरी निषेधको निषेधले इतिहासमा बस्तु बस्तुबीचको अन्तरसंबन्ध, पुरानो र नयाँबीचको अन्तर्संबन्ध र निषेध र निर्माणबीचको अन्तर्संबन्ध स्पष्ट पार्छ ।

निषेधको निषेध हाम्रो वरपर हर्दम घटिरहने सामान्य घटना हो । मकैको गेडोलाई नै लिउँ । यसका लाखौं करोडौं दाना जसलाई भुटेर, पोलेर वा पिँधेर हामी अनेकौं थरिका मकैका परिकारहरु खाने गरिरहेछौं । त्यो मकैको एउटा स्वस्थ्य गेडा, उपयुक्त तापक्रम र हावापानीमा, उपयुक्त माटोमा खसेर पुरियो भने ताप र ओसिलोपनको प्रभावबाट त्यसमा विशेष परिवर्तन आउँछ : त्यो टुसाउँछ । जब त्यो टुसाउँछ, मकैको गेडोको अस्तित्व खत्तम हुन्छ, त्यसको निषेध हुन्छ । त्यसको ठाउँमा उम्रन्छ मकैको बोट, मकैको गेडोको निषेधको प्रतिफलको रुपमा मकैको बोट बढ्छ, घोगा लाग्छ, टुप्पामा फूल लाग्छ, त्यसको सँचन हुन्छ र अन्त्यमा फेरि एकचोटि मकैका गेडाहरुको उत्पत्ति हुन्छ । जब मकै पाक्छ, बोट चाहीं मर्छ, अर्थात् त्यसको पनि निषेध हुन्छ । यो निषेधको निषेधबाट हामी पुनः मकैका नयाँ गेडा प्राप्त गर्छौं, तर एउटा होइन, पलिहेभन्दा थुप्रै गुणा ज्यादा । यसो हेर्दा हामीलाई लाग्छ कि यो मकैको गेडा हुबहु पहिलेको जस्तै छ । तर वास्तवमा त्यस्तो हुँदैन । पछिल्लो गेडामा पहिलेको भन्दा थोरै भट्ट नदेखिने परिवर्तन आइसकेको हुन्छ, मल-माटोकै भिन्नताको कारणले ब्रम्हाण्डको विकीरण, तापक्रम-हावापानीकै अन्तरको कारणले मकैको गेडामा आएको यो परिवर्तन लामो समयपछि मात्र स्पष्ट रुपमा देखिन्छ ।

सबै बनस्पति जगतको निषेधको निषेध हुने ढंग दुरुस्तै मकैको जस्तो नहुनसक्छ, हरेकको निषेधको निषेध विशेष ढंगले हुन्छ ।

कुनैमा यो प्रक्रिया सरल ढंगले चालु हुन्छ, कुनैमा जटिल ढंगले । परन्तु सामान्यतया के भन्न सकिन्छ भने उपयुक्त जलथल, तापक्रम र माटोमा बीउको निषेधद्वारा बोट बिरुवाहरु पैदा हुन्छन्, ती हुर्कन्छन्, परिपक्व हुन्छन् र आफ्नो निषेधअघि तिनले पुनः बीउ पैदा गर्छन् ।

चराचुरुंगीकै जगतलाई हेर्ने हो भने हामी पाउँछौं - केही अपवादलाई छाडेर, धेरैजसो चराहरु अण्डाको निषेधबाटै पैदा हुन्छन् । उनीहरु हुर्कन्छन्, यौनका लागि परिपक्व हुन्छन्, भाले-पोथीको यौन क्रियापछि, आफ्नो निषेधअघि उनीहरु त्यस्ता अण्डाहरु पैदा गर्छन्-जसबाट पुनः चल्ला निक्लन संभव छ ।

धेरैजसो कीराहरुमा निषेधको निषेधको प्रक्रिया लगभग त्यही लाइनमा हुनेगर्छ जस्तो चराचुरुंगीहरु र मकैको गेडामा हुनेगर्छ । उदाहरणको लागि, पुतलीलाई लिउँ । पुतलीहरु अण्डाको निषेधद्वारा पैदा हुन्छन् । झुसिल्किराको रुपमा यौनको लागि परिपक्व नभएसम्म त्यसको शरीरमा खास खास किसिमको अनौठो रुपान्तरण हुन्छ । पुतलीको रुपमा जब भाले-पोथीको मिलन हुन्छ, उनीहरुको निषेध हुन्छ, अर्थात् यौन-क्रिया पूर्ण भएपछि र पोथीले थुप्रै अण्डा पारिसकेपछि उनीहरुको मृत्यु हुन्छ ।

निषेधको निषेध हुने प्रक्रिया जनावर जगतमा थोरै भिन्न र जटिल हुन्छ, परन्तु लगभग त्यही हुन्छ, जस्तो बनस्पति, चराचुरुंगी र कीराहरुको हुनेगर्छ । उदाहरणको लागि मान्छेलाई हेरौं । मान्छेको सृजना पुरुषको शुक्रकीट र स्त्रीको अण्डको निषेधद्वारा हुन्छ । उ जब हुर्कन्छ र यौनका लागि परिपक्व हुन्छ, उसले आफ्नो निषेधअघि, यौन समागमद्वारा थुप्रै पटक, त्यस्ता सन्तानहरु पैदागर्छ, जो शुक्रकीट र अण्डले युक्त हुन्छ । प्रायः सबै स्तनपायी जनावरमा लगभग यस्तै ढंगले यो प्रक्रिया घटित हुनेगर्छ ।

यी सबै उदाहरणद्वारा के देखिन्छ भने प्रकृतिमा र जैविक जगतमा वास्तवमै निषेधको निषेधको प्रक्रिया जहाँतहीँ घटित भइरहेको हुन्छ । कहीं एक ढंगले, कहीं अर्को ढंगले र हरेकमा बिशेष ढंगले ।

निषेधको निषेधको प्रक्रिया इतिहासमा पनि उस्तै हुन्छ । सबै सभ्य मानव जातिहरु जमीनमा सामूहिक स्वामित्वबाट कृषि युगको प्रारम्भ गर्छन् । कृषिको विकास हुँदैजाँदा समूहमा भर नपरीकन पनि व्यक्तिगत खेती जब संभव भयो, जमीनमा सामूहिक स्वामित्व उत्पादनको निम्ति तगारोको रुपमा देखिन थाल्यो । लामो संक्रमणको अवधिपछि सामूहिक स्वामित्वलाई स्वाहा पारियो, यसको निषेध भयो, जमीनमा निजी स्वामित्व कायम भयो । दास युग, सामन्ती युग र पूँजीवादी युगभरि विभिन्न रुपमा निजी स्वामित्वहरु विकसित भए । परन्तु कृषि उत्पादनको उन्नत चरणमा व्यक्तिगत स्वामित्व पनि उत्पादनको लागि वाधक सिद्ध भयो, या त जमीनको टुक्रो सारै सानो भएर, या धेरै जमीन ज्यादै थोरै मान्छेका हातमा थुप्रेर । यो स्थितिमा जमीनमाथि निजी स्वामित्वको पनि निषेध हुनुपर्छ र यो सामूहिक स्वामित्वमा बदलिनु पर्छ भन्ने आवाज स्वभावतः तेज भयो ।

परन्तु यो सामुहिक स्वामित्वको माग आदिम प्रकारको सामूहिक स्वामित्वको पुनर्स्थापनाको माग थिएन । यो त त्योभन्दा निकै परिस्कृत, निकै उन्नत, वैज्ञानिक समाजवादी ढंगले सामूहिक खेतीको कुरो थियो, जसमा वास्तविक उत्पादक शक्तिहरु व्यक्तिगत स्वामित्वमा हुने सारा शोषण र उत्पादनका तगाराहरुबाट मुक्त पनि हुन्छन्, साथै रसायन र प्रविधिको पछिल्लो आविष्कारलाई पनि जहाँ पूर्ण रुपमा प्रयोगमा ल्याउन सकिने हुन्छ ।

यसप्रकार, इतिहासमा हामी देख्छौं आदिम प्रकारको सामूहिक स्वामित्वमा आधारित कृषिलाई निषेध गरेर व्यक्तिगत स्वामित्वमा आधारित कृषि पैदा भयो । विकासको एउटा खास विन्दुमा पुगेपछि व्यक्तिगत स्वामित्वमा आधारित कृषिलाई पनि अझ उन्नत प्रकारको सामूहिक स्वामित्वमा आधारित समाजवादी कृषिले निषेध गर्यो ।

परन्तु निषेधको निषेधको यो प्रक्रियामा कुम्हालेको चक्र घुमेझैं पहिलेकै स्वामित्व र उत्पादन प्रणाली हुबहु दोहोरिएन । बरु मानव समाज विकसित

भएर अझ उन्नत स्थितिमा उक्लियो । कृषिको उत्पादन र स्वामित्व प्रणाली अझ विकसित र परिष्कृत भयो ।

यसरी हामी देख्छौं– निषेधको निषेध हुँदा बस्तु र घटनाहरुको पुनरावृत्ति भएझैं देखिन्छ । त्यो हूबहू दोहोरिएझैं पछिल्तिर फेरि फर्किएझैं देखिन्छ । तर यथार्थमा र अन्तिम निष्कर्षमा त्यस्तो भएको हुँदैन । यथार्थमा त, कुम्हालेको चक्रझैं होइन, धरहराको सिँढी भएर बस्तु र घटना विकसित भएर झन्झन् माथि उक्लिरहेका हुन्छन् । त्यो झन् झन् उन्नत र परिष्कृत भइरहेको हुन्छ । मकैको गेडो त मकैको गेडो नै हो, तर आजको मकैको गेडो र दश हजार वर्षअघिको मकैको गेडो एउटै र दुरुस्त उस्तै मकैको गेडो रहन्न, त्यसमा थुप्रै परिष्कार आइसकेको हुन्छ । त्यस्तै, नाक, कान, आँखा, हात गोडा त करीब करीब उस्तै होला, परन्तु हजार वर्षअघिको मान्छे र आजको मान्छे एउटै होइन । यी दुईथरि मान्छेमा प्रशस्तै रुपान्तरण भइसकेको छ । तसर्थ निषेधको निषेधको प्रक्रियामा बस्तु र घटनाहरु उस्तै देखिन्छन् पनि, ती यथार्थमा उस्तै हुन्नन् पनि ।

निषेधको निषेधको यो प्रक्रिया विचारको क्षेत्रमा पनि त्यस्तै ढंगले चालु रहेको देखिन्छ । फ्रेडरिक एंगेल्सले आफ्नो प्रशिद्ध ग्रन्थ "डुहरिंग विचारको खण्डन" मा यस संवन्धमा राम्रो उदाहरण प्रस्तुत गर्नुभएको छ । उहाँका अनुसार– "प्राचीन समयको दर्शन प्रारम्भिक प्रकारको प्राकृतिक भौतिकवाद थियो । परन्तु, विचार र पदार्थबीचको संवन्ध के हो– त्यो स्पष्ट पार्न यो असमर्थ थियो । यो प्रश्नमा स्पष्टता हासिल गर्ने आवश्यकताले मान्छेलाई शरीरबाट अलगै आत्माको अस्तित्वको सिद्धान्ततिर डोऱ्यायो, त्यसपछि आत्माको अमरताको सोचतिर र अन्त्यमा एकल – ईश्वरवादतिर ।

यसप्रकार, पुरानो भौतिकवादलाई आदर्शवादले निषेध गऱ्यो । तर, दर्शनको थप विकासको दौरानमा, आदर्शवाद पनि त्यो प्रश्नको हल निकाल्न असक्षम देखापऱ्यो र यसलाई आधुनिक भौतिकवादले निषेध गऱ्यो । यो आधुनिक भौतिकवाद यो निषेधको पनि निषेध, खालि पुरानो भौतिकवादको पुनर्स्थापना थिएन, यो त पुरानो भौतिकवादको गहिरो जगमा दर्शन र प्राकृतिक विज्ञानको दुईहजार वर्षको प्रगतिको संपूर्ण बौद्धिक सारहरुको जोड थियो । साथसाथै, यो दुई हजार वर्षकै इतिहासको पनि जोड थियो ।" ❑

(हेर्नुहोस् : *Anti-Duhring, Foreign Languages Press, Peking, 1976,* पृष्ठ, *176-77)*



# भिन्नमत प्रकट गर्नै नपाइने किन ?



# के मार्क्सवाद भिन्नमत देखेर तर्सन्छ ?

- चन्द्रदेव नेपाली

❑ नेपालको ठूलो वामपन्थी पार्टी एमालेले शत्रुवर्गको विचार पक्षधर कलाकारहरूलाई सम्मान दिएर आफ्नो टाउकोमा चढायो । त्यस पार्टीका धरै कलाकर्मीहरूले आफ्नो पार्टीको यो कामलाई ठीक मानेनन् । उनीहरूले पार्टीको यो कदमप्रति आफूआफूमा तीव्र प्रतिकृया जनाए तर खुलेर यसको विरोध गर्न भने सकेनन् । उनीहरूले भिनो शब्दमा असन्तुष्टी जाहेर गर्न मात्र सके । प्रत्यक्ष विरोधै गर्न भने सकेनन् । विरोध गरेमा त्यो विरोध गर्ने व्यक्तिलाई पार्टीले नराम्ररी खेद्छ भन्ने ठहर ती कलाकर्मीहरूको रहेको छ ।

❑ अर्को वामपन्थी पार्टी ने.क.पा. मालेले केही समय अघि पोखरामा आफ्नो पार्टीको ठूलो भेला गऱ्यो । केही कार्यकर्ताहरूले त्यस भेलाका सहभागीहरूलाई बाँढ्न भनेर पार्टीको नीति अब के हुनुपर्छ ? भन्नेबारे आफ्ना विशिष्ट भिन्नमतहरू छापिएका पुस्तिकाहरू लगे । पार्टीले ती पुस्तिकाहरू वितरण गर्नै दिएन । जफत गरेसरह गरेर लियो ।

❑ अर्को वामपार्टी सं.ज.मो.को करीव दुई वर्षअघि संपन्न राष्ट्रिय सम्मेलनमा काभ्रेका केही कार्यकर्ताहरूले आफ्ना भिन्नमतहरू लेखेर पुस्तिकाको रूपमा छापेर सम्मेलनमा बाँड्न खोजे । पार्टीले ती पुस्तिकाहरू सबै जफत गऱ्यो । छलफलको लागि अनौपचारिक रूपले पुस्तिकाहरू बाँड्ने स्वीकृति माग्दा पनि दिइएन । सोही पार्टीको विद्यार्थी मोर्चाको भक्तपुर इकाइले एउटा मुखपत्र प्रकाशन गऱ्यो । यो मुखपत्रको कभर पेजमा पार्टीले नचाहेका विद्यार्थी-नेताहरूको फोटो छापिएको र मुखपत्रभित्र पनि पार्टीमा भिन्नमत राख्ने कार्यकर्ताको लेखसमेत छापिएको पाएर सो विद्यार्थी मुखपत्रलाई पनि सो पार्टीले करीब करीब जफत नै गऱ्यो ।

❑ ने.क.पा. माओवादीले ४८ वटा अभियोगसहित कारवाही गरेको 'आलोक

*घेरैले स्वीकारेको कुरा हो – सोभियत संघ पतन हुनाका कारणहरूमध्ये एउटा प्रमुख कारण त्यहाँ जनवादको अभाव हुनु हो*

प्रवृत्ति' का विरूद्ध बेलैमा बोल्न खोज्ने रमेश ढुंगेल मारिए, पुष्कर गौतमहरू झण्डै मारिएका थिए । यो घटना पनि त्यति पुरानो भएको छैन ।

यी त हालसालैका केही घटनाहरूका उदाहरणहरू भए । इतिहासै खोतल्ने हो भने पनि हामी यस्ता उदाहरणहरू कति पाउन सक्छौं कति ! हाम्रो वामआन्दोलनमा भिन्नमत वा आलोचना वा विरोधका स्वरहरूलाई नसहने गरिएका यस्ता उदाहरणहरू थुप्रै पाइने गरेका छन् ।

❑ 'फलानाले पार्टीको माथिल्लो कमिटीमा मात्र प्रस्तुत गर्नुपर्ने भिन्नमत तल्लो कमिटीका साथीहरूसमक्ष पनि प्रस्तुत गरे । यो उनको गल्ती हो । यसकारण, निजलाई अनुशासनको कारबाही गर्नुपर्छ ।'

❑ 'फलानाले आफ्नो भिन्नमत जाहेर गरेर पत्रिकामा अन्तरवार्ता छपाए । उनलाई पार्टीबाटै निकाल्नुपर्छ ।'

❑ 'फलानाले आफू संलग्न रहेको संगठनको आलोचना गरेर लेख लेखेकोले निजप्रति खेद प्रस्ताव पारित गरिन्छ ।'

❑ 'फलानाको भिन्नमतलाई पार्टीमा चलखेल गर्न दिने हो भने ढिस्कानाको भिन्नमतलाई पनि चलखेल गर्न दिनुपर्छ । अनि सबैको भिन्नमतलाई चलखेल गर्न दिने भए पार्टी त 'पार्टी' नभई कुनै 'चौतारी' पो बन्न पुग्छ त !'

❑ 'नेताको ठाडै आलोचना गर्ने फलानाजीलाई पर नहुत्याइकन काम गर्नै सकिन्न, लौ मैले त भन्दिएको छु है !'

बस्, हाम्रा अधिकांश वामपन्थी पार्टीहरूका निकै उल्लेखनीय समय-खण्डहरू यस्तै यस्ता कारबाही, खेद र टीप्पणीहरूमै बित्ने गरेका छन् । यिनमाथिका प्रति-टिप्पणीमै, आलोचना, गालीगलौज र कुरा काट्ने बानी आदिले पनि बाँकी समयको ठूलै हिस्सा ओगट्ने गरेको छ ।

पार्टीको नेताको वा पार्टीको बहुमतको विचारबाहेक अरू विचारहरूलाई सहजै व्यक्त गर्न नदिने यो परिपाटीले अनिवार्यतः पार्टीभित्र गुटबन्दी जन्माउँदो रहेछ र गुटहरूबीच कटु सम्बन्ध उत्पन्न गराउन पुग्दोरहेछ ।

यसले गर्दा कतिपय पार्टीका जिम्मेवार व्यक्तिहरू सधैं मानसिक तनावको शिकार भैरहने स्थिति पनि खडा हुँदोरहेछ । एकले अर्कोप्रति सधैं शंका र वितृष्णा अनुभव गरेर ती 'जिम्मेवार व्यक्ति'हरू एक-आपसमा अनुशासनका कारबाहीहरू गरेर वा कारबाही फुकुवा गरेर 'जित' वा 'हार'का अनुभूतिहरूमा रूमल्लिने गर्दारहेछन् । यसले गर्दा पार्टीभित्र सृजनशीलता मर्दैजाने र नोकरशाही यान्त्रिक यथास्थितिवाद र अहंकारहरू मात्र जीवित रहने हुँदोरहेछ । यस्तो स्थितिमा बहुमतवालाहरू 'शासक' हुँदारहेछन् र अल्पमतवालाहरू 'शासित' बन्दारहेछन् । बहुमत-वालाहरूको ध्यान आफ्नो अस्तित्व रक्षा र आत्म-प्रसंशाका लागि केन्द्रित हुन पुग्दोरहेछ भने अल्पमतवालाहरू अपमान र उपेक्षाको शिकार बन्दै प्रतिशोध र बदलाको भावनामा हरदम डुबीरहन पुग्दारहेछन् ।

पार्टीभित्र स्थिति यस्तो भैसक्दा पनि समर्थकहरू, जनताहरू र तल्लो स्तरका कार्यकर्ताहरू भने पार्टी स्वयंले जारी गरेको 'प्रायोजित पार्टी-छवि' हेरेर मख्ख परिरहँदा रहेछन् । पार्टीभित्र धेरै कुरा बिग्रिएपछि वा फुट नै भएपछि भने उनीहरूले पार्टीका अन्तरंग कुरूपताहरू पार्टीभित्रैका विरोधी गुटहरूले एक अर्कालाई गरेका हिलो छ्यापाछ्यापहरूमार्फत् बल्ल थाहा पाउने रहेछन् ।

के कम्युनिष्ट आन्दोलनले भिन्नमतलाई यसरी दबाउनै पर्ने हो ? जनता र कार्यकर्ताहरू यो दबाउने प्रवृत्तिले जन्माएका विकृतिहरूको शिकार भैरहनै पर्ने हो ? सबैभन्दा बैज्ञानिक विचार र पद्धति पक्रेर अघि बढ्छु भन्ने 'कम्युनिष्ट पार्टी' ले किन भिन्न मतदेखि यसरी तर्सने हँ ? विज्ञानले त भिन्नमत पनि सुन्छ र संश्लेषणको माध्यमबाट आफ्नो मतलाई सुधार्छ पनि । सुधार्नु जरूरी छैन भने भिन्नमतप्रति यसले तथ्यपरक प्रतिवाद पेश गर्छ ।

मार्क्सवाद विज्ञान हो । यस अर्थमा मार्क्सवादीहरू वैज्ञानिक हुनैपर्छ ।

यदि संसारमा वैज्ञानिकहरू त भिन्नमतदेखि यसरी पाँच हात पर भाग्छन् भने अरूको हालत के होला ?

धेरैले स्वीकारेको कुरा हो - सोभियत संघ पतन हुनाका कारणहरूमध्ये एउटा प्रमुख कारण त्यहाँ जनवादको अभाव हुनु हो । भिन्नमत र विरोधको अधिकार खोसिएका सोभियत जनताले आफ्नो समाजमा ब्याप्त जडतालाई तोड्न पाएनन् । सृजनशीलता मऱ्यो । पदहरू कब्जा जमाउन पुगेका गलत तत्वहरू पार्टीमा र सरकारमा निरंकुश भए । पार्टीमा गद्दार गोर्वाचोभले ठूलो ताण्डव नृत्य मच्चायो तर चुँसम्म पनि विरोध गर्न कसैले पाएनन् । त्यतिखेर मात्र जनताहरूले र कार्यकर्ताहरूले विरोध गर्न पाए, जतिखेर गोर्वाचोभले उनीहरूको प्रिय पार्टी 'सोभियत कम्युनिष्ट पार्टी' स्वयंलाई विघटन नै गरिसकेको थियो ।

सोभियत संघको पतनका प्रमुख कारणहरू मध्येको एक कारण रहेको यो पक्षबाट हामीले उचित पाठ सिक्नु जरूरी छ कि छैन ?

भिन्नमत वा विरोधका स्वरहरूलाई खुला हुन दिनबाट हाम्रा संगठनहरू किन यसरी तर्सेका होलान् ?

क. निर्मल लामाका मनमा उठेका भिन्नमतहरूलाई उहाँ जीउँदोछँदैमा जनतामा प्रकट गर्न दिएको भए के ने.क.पा. एकताकेन्द्र गल्र्यामिगुर्लुम ढल्थ्यो र ? ने.क.पा. मसालले क. मोहनविक्रमको हालैको विहाबारे भिन्नमत व्यक्त गर्ने छुट आफ्ना नेता-कार्यकर्तालाई दियो । केही नेताहरूले यो विहाको तीव्र विरोधै गरे, केहीले समर्थन गरे । के अब यसो गरेको हुनाले ने.क.पा. मसाल ध्वस्तै भयो त ?

के यसले गर्दा विचार अन्तर्क्रिया हुने अवसर प्राप्त भएको कारण मसाल पार्टीभित्र पारदर्शिता र थप जनवाद नै कायम भएन र ?

भिन्नमतका कारण पार्टीद्वारा जफत् गरिएका माथि उल्लिखित पुस्तिकाहरू वा प्रकाशनहरू पढ्दैमा के ती ती पार्टीका कार्यकर्ता बौलाउँथे? के ती भिन्न मतहरूको खण्डन र प्रतिवाद गर्ने आँट र वैज्ञानिक प्रणाली खोज्नै सकिन्नथ्यो ? यति आँट र सुझबुझ ती पार्टीहरूमा नभएकै हो त ? अथवा, के मार्क्सवाद यति दुर्वल नै हो त, जो भिन्नमत सुन्नै सक्दैन ? के भिन्न मत सुन्दा पार्टी पार्टी नभएर 'चौचारी' नै बन्थ्यो त ? हैन भने, भिन्नमत माथि खेदाइ र प्रहार किन ?

वास्तवमा क. मार्क्स-एंगेलसले र त्यसपछि क. लेनिनले पार्टीमा, र पछि गएर त सत्तामा समेत पनि आफ्ना आलोचक मित्रहरूलाई, भिन्न मतवाला व्यक्तिहरूलाई पनि सामेल नै गरेर अघि बढ्नुभएको थियो । यो घटना विज्ञानसम्मत घटना थियो ।

**क. निर्मल लामाका मनमा उठेका भिन्नमतहरूलाई उहाँ जीउँदोछँदैमा जनतामा प्रकट गर्न दिएको भए के ने.क.पा. एकताकेन्द्र गल्र्यामिगुर्लुम ढल्थ्यो र ?**

भिन्नमत राख्न दिदैं, ती मतहरूको खण्डनमा खुला छलफल गर्दै, तिनको प्रतिवादमा पत्रिका र किताव नै निकाल्दै पनि उहाँले भिन्नमतलाई खुला रूपले चलखेल गर्न भने दिनुभएको पाइन्छ ।

पछि क. माओले पनि यो उदार प्रवृत्ति अँगाल्नु भएका उदाहरणहरू छन् । क. स्टालिनको पालामा युद्ध र गृहयुद्धको लपेटामा सोभियत संघ परेका बेलामा गरिएको 'विशेष कडाइ' लाई सो युद्ध र गृहयुद्ध सकिएपछि पनि सोभियत संघमै पनि, र अन्यत्र देशहरूमा पनि कम्युनिष्टहरूले यान्त्रिक रूपमा नक्कल गरे । यो नक्कलकै प्रतिफलस्वरूप आज हामीकहाँ पनि कतिपय क.पा.हरू अनावश्यक रूपमा रहस्यमय भएका छन् र अनावश्यक रूपमा यहाँ 'विचार-हत्याहरू' भएका छन् । निरंकुशता र त्यसको प्रतिकृयामा जन्मने प्रतिशोध नै ती संगठनहरूका उल्लेख्य विशेषता भएका छन् ।

आफूलाई कुनै क.पा. हैन, त्यसको पूर्वपार्टी-संगठनको रूपमा मात्र स्वीकार्ने "समाजवादी आन्दोलन, नेपाल"ले संगठनभित्र र बाहिर दुवैतिर भिन्नमत प्रकट गर्न पाइने परिपाटीको अभ्यासको बकालत गर्दा र अभ्यास थाल्दा त्यसको विरोधमा कतिपय व्यक्तिहरूले 'यो त बुर्जुवा संगठनशैली भयो' भन्ने कुरा पनि गरेको पाइयो ।

वास्तवमा भन्ने हो भने, यसरी जनवादलाई जनवादकै अर्थमा अपनाउने बैज्ञानिक शैलीलाई बुर्जुवाशैली हो भनेर पन्छाउनु ठीक हैन । क. लेनिनहरूको अनुभवबाट पनि हामीले पाठ सिक्नु जरूरी छ ।

हो, संगठनका गोप्य राख्नुपर्ने कुराहरू र शत्रुसामु नलैजानु पर्ने कुराहरूलाई भने गोप्य नै राख्नुपर्छ । त्यसै गरी, विचारको तहमा भिन्नमत प्रकट गर्ने हकको उपयोग गर्नु भनेको काममा बहुमतको निर्णयलाई कार्यान्वयन गर्ने दायित्व पनि त्याग्नु भन्नु पनि अवश्य नै हैन ।

के 'जनवाद'को कुरा गर्ने हाम्रा वाम संगठनहरूले साँच्चै जनवादको यस्तो अभ्यास गर्ने आँट गर्लान् ?

भिन्नमत, विरोध वा आलोचनालाई छुट दिने हाँक जसले व्यवहारमा स्वीकार्ला, त्यही नै साँचो अर्थको जनवादी हो ।

हैन भने, प्रसंशा र समर्थन मात्रै त कसले सुन्न रूचाएन र ? हिटलरदेखि जुद्धशमशेरसम्मले पनि आफ्नो समर्थन र प्रसंशालाई छुट दिनेगर्दै आएकै त हुन् ! छुटमात्र हैन, तिनलाई पुरस्कार समेत दिदैं आएका हुन् ❑

## सन्दर्भ– बोसो पगाल्ने ओखतीको विज्ञापन

# स्वास्थ्यको ब्यापारीकरण यसरी पनि हुन्छ



– डा. शरद वन्त

प्रचारप्रसार र प्रवर्द्धन गर्न पाउनु कुनै पनि वस्तुको उत्पादकको सर्वमान्य अधिकार हो । यसमा दुइमत नहोला । यतिमात्र नभै उपभोक्ताको सुसूचित हुने अधिकारलाई ध्यानमा राख्ने हो भने यस्तो प्रचारप्रसार अत्यन्तै महत्वपूर्ण हुनसक्छन् । तर कुनै पनि वस्तुको विज्ञापनको औचित्य, सान्दर्भिकता, यसले प्रवाह गरेको सूचनाको यथार्थताको साथै यसबाट जनमानसमा पर्ने पक्षहरू पनि उत्तिकै महत्वपूर्ण हुन्छन् । यिनै कारणहरूले गर्दा नै थुप्रै देशहरूमा अनेकौं विज्ञापनहरू सीमित या बन्देज गरिएका छन् । यिनै मान्यताहरूलाई ध्यानमा राखेर केही समयअघि नेपालमा विद्युतीय सञ्चार माध्यममा मदिरा तथा सुर्तिजन्य वस्तुहरूको विज्ञापनमा बन्देज लगाइएको हो ।

विगत केही महिनादेखि नेपाल टेलिभिजनमा स्वास्थ्यसँग सरोकार राख्ने बस्तुहरूको खर्चिलो विज्ञापन सर्वसाधारण तथा उपभोक्ताहरूबीच चर्चा र सरोकारको विषय बनेको छ । यी विज्ञापनहरूका अनेकौं पक्षहरू छन् । तीमध्ये बढी सान्दर्भिक ठानिएका केही पक्षहरूबारे यहाँ छोटकरी चर्चा गरिएको छ ।

सबभन्दा पहिले यसको भावनात्मक नैतिक पक्ष हेरौं ।

यो सहस्राब्दीको अन्त्यसम्म पनि नेपाललाई लागेको 'विश्वमा अति गरीब मुलुकहरूमध्ये' को टाँचा हट्न सकेन । नेपालीको जीवनस्तर विश्वका मुलुकहरूको हाराहारीमा झ्यादै तल्लो स्थानमा पुगेको छ । नेपालीको स्वास्थ्यको स्तरलाई नाप्ने सूचकहरू धेरै देशहरूको त्यस्ता सूचकहरूसँग तुलना हुनु त परै जावस् तिनीहरूको छेउछाउ पनि पुग्न सकेका छैनन् । त्यसमाथि पनि महिला, बालबालिकाको स्वास्थ्य अत्यन्तै न्यून स्तरमा रहेका छन् । बहुसंख्यक महिलाहरू पेटभरी खान नपुगी कुपोषित भएका छन् । तिनै कुपोषित आमाहरूबाट जन्मेका र जन्मेपछि पनि पुग्दो आहारा नपाएर असंख्य शिशु र बालबालिकाहरूले बाँच्नु परेको छ भने कतिले अकालैमा ज्यान गुमाउनु परेको छ । देशको यस्तो स्थितिमा नेपालले रगत पसिना बगाएर कमाएको आर्जनबाट कर उठाई राज्यले सञ्चालन गरेको एउटै मात्र राष्ट्रिय टेलिभिजन नेटिभीले विदेशमा बदनाम भैसकेको बोसो घटाउने क्याप्सुल र मल्हम जस्ता बस्तुहरूको प्रचारप्रसार गर्नमा कति नैतिकता छ ? के हामी नेपालीको प्राथमिकता यही हो? कति नेपालीहरू वजन बृद्धिको समस्याले पीडित छन् ? एउटा ब्यापारीबाट हामी यो तहको नैतिकताको माग गर्न सक्तैनौं । तर राज्यले सञ्चालन गरेको सञ्चारमाध्यम कसको स्वार्थमा प्रयोग भैरहेको छ ? यो नैतिक प्रश्न अब नेपालीले नेटिभीसँग गर्ने बेला आइसकेको छ ।

यी विज्ञापनहरूको दोस्रो पक्ष हो, यसले प्रवाह गरेको सूचनाको विश्वसनीयता । सबभन्दा पहिले यी विज्ञापनहरूले बोसो घटाउने/तौल घटाउने अरू कुनै विकल्प नभएको दावी गर्दछन् । आहारको सन्तुलन र शारीरिक व्यायामले तौल घट्न सक्तैन भन्ने दावी कति विश्वसनीय छ ? दोस्रो कुरा, यी क्याप्सुल र मल्हम नै तौल घटाउन कति प्रभावकारी छन् भन्ने कुरा यी विज्ञापनमा बाहेक अन्य कतै प्रमाणहरू पाइन्नन् । बरू प्रभावकारी नभएका उदाहरणहरू भने फाट्फुट् भेटिएका छन् । जहाँसम्म प्रभावकारी नभएमा पैसा फिर्ता दिइने प्रावधान छ - त्यसलाई जुवाडेताल भने पनि अतिशयोक्ति नहोला । तेस्रो कुरा, यी वस्तुहरू जडीबुटीबाट बनाइएको दावी गरिएको छ र यसबाट हुनसक्ने संभावित हानीको बारेमा विज्ञापन मौन छ । औषधि प्रयोग गरेको केही मिनेटमै शरीरको बोसो पगाल्न सक्छ भने त्यस्तो बस्तुले अरू कुनै प्रतिक्रिया शरीरमा गर्दैन भन्ने कुन आधार छ ? यी वस्तुहरूलाई औषधिकै दर्जामा राख्नुपर्छ या पर्दैन भन्ने तर्क नै आवश्यक छैन । यदि यी वस्तु खाइन्छ वा लगाइन्छ र यसले शरीरमा बोसो नै घटाउने जस्तो जटिल प्रतिक्रिया गर्छ भने यसबाट हानी हुनसक्ने संभावनालाई नकार्न सकिन्न । एउटा निश्चित मात्रा छालामा लगाउँदा शरीरभित्रको बोसो पगाल्छ भन्ने त्योभन्दा धेरै मात्रा लगाए के हुन्छ ? मांशपेशी पगाल्छ या हड्डी पगाल्छ ? बोसो कम भएको दुब्लो पातलो मानिसले प्रयोग गऱ्यो भने के हुन्छ ? बच्चाले प्रयोग गऱ्यो भने के हुन्छ ? यी जस्ता अनगिन्ती प्राविधिक प्रकृतिका प्रश्नहरूको जवाफ चाहिं के ? संयुक्त राज्य अमेरिकामा यसरी तौल घटाउने क्याप्सुलको प्रयोग गर्दा रक्तचाप बढेको र यसबाट कैयौं प्रयोगकर्ता पीडित भएको तथ्य ताजै छ ।

यी विज्ञापनहरूको तेस्रो पक्ष भनेको गरीब मुलुकहरूमा बस्ने जनताको स्वस्थ्यमा बहुराष्ट्रिय कम्पनीहरूले गरेको खेलवाड र आर्थिक शोषणको अभिव्यक्ति हो । अहिले विश्वव्यापीकरणको भेल जुन दिशामा बगेको छ, त्यसले कुनै पनि बस्तुको बजार विश्वको कुनै पनि कुनामा स्थापित गर्ने प्रयास गर्न छाड्दैन । विश्व ब्यापारका नाफाखोर पात्रहरूले हाम्रो जस्तो मुलुकका बासिन्दाहरूको स्वास्थ्य होस् या अज्ञानता, त्यसलाई उर्वर बजारको रूपमा हेरेका हुन्छन् । यिनीहरू नाफाको लागि चाप्लुसी, छलकपट, जालझेलजस्ता सबै हतियार चलाउँछन् । त्योभन्दा दुखको कुरा अझ उनीहरूले आफ्नो हितमा राज्य संयन्त्रलाई नै प्रयोग गरिरहेका हुन्छन् । अहिले नेपाल टिभीले गरिरहेको बोसो पगाल्ने बस्तुहरूको प्रचारप्रसार यसको अत्यन्त टडकारो उदाहरण हो । जुन देशमा समयमा जीवनजल खान नपाएर बालकहरूको अकाल मृत्यु भैरहेको छ, त्यो देशको राष्ट्रिय संचार माध्यमले यस्ता बस्तुहरूको प्रवर्द्धन गर्न सघाउ पुऱ्याउँछ भने यसलाई राज्यले जनस्वास्थ्यलाई बहुराष्ट्रिय नाफाखोर कम्पनीहरूको हातमा छाडिदिएको संकेत नै मान्नुपर्छ । यसलाई केवल बोसो पगाल्ने बस्तुको विज्ञापनको रूपमा मात्रै हेरिनु हुँदैन । विश्व बजारले स्वास्थ्यको क्षेत्रमा प्रवेश गर्ने प्रक्रियाको एउटा कडीको रूपमा मूल्यांकन गरिनुपर्छ । ❑

**एउटा ब्यापारीबाट हामी यो तहको नैतिकताको माग गर्न सक्तैनौं । तर राज्यले सञ्चालन गरेको सञ्चारमाध्यम कसको स्वार्थमा प्रयोग भैरहेको छ ? यो नैतिक प्रश्न अब नेपालीले नेटिभीसँग गर्ने बेला आइसकेको छ ।**

# प्रारम्भिक राजनीतिका कष्टहरुको अभिलेख




प्रस्तुत पुस्तक आधुनिक नेपालको राजनीतिक इतिहासमा जेठा राजनीतिज्ञको रुपमा प्रतिष्ठित टंकप्रसाद आचार्य र उहाँका कामहरुको रुचिकर अभिलेख हो । यस पुस्तकले टंकप्रसाद आचार्य संगसँगै उहाँकी पत्नी रेवन्तकुमारी आचार्यका कष्टपूर्ण संघर्षका विवरणहरुलाई पनि प्रस्तुत गरेको छ । लेखक जेम्स एफ्. फिसरका दृष्टिमा टंकप्रसाद आचार्य र रेवन्तकुमारी आचार्य दुवै 'ज्यूँदा शहीदहरु' हुन् । यो पुस्तक पढ्दाजेल अन्त्यसम्म नै लागिरहन्छ - आफ्नो मोर्चाबाट रेवन्तकुमारीले गरेको संघर्ष पनि टंकप्रसादको राजनीतिक संघर्षभन्दा कम महत्वपूर्ण छैन ।

आख्यानात्मक शैलीमा लेखिएको यो एउटा अत्यन्त महत्वपूर्ण राजनीतिक गाथा हो । यो गाथाको जमीन नेपाल अधिराज्य हो भने यसका प्रमुख पात्रहरु आचार्य दम्पत्ती नै हुन् । पुस्तकको अन्तिम अध्यायमा फिसरले आफ्ना विश्लेषणात्मक निष्कर्षहरु पस्कने क्रममा सटीक ढंगले भनेका छन् : "मैले टंकप्रसाद र रेवन्तकुमारीलाई आफ्नो समयको राजनीतिक तथा सामाजिक नाटकमा अग्रणी भूमिका खेलेको रुपमा चित्रण गरेको छु । उनीहरु सम्हूगान मण्डलीका फगत साधारण सदस्यहरु थिएनन् भन्ने कुरा निर्णायक छ ।"

अमेरिकी नृवंशशास्त्री तथा प्राध्यापक जेम्स एफ्. फिसरले टंकप्रसाद आचार्य र रेवन्तकुमारीसँग लामो समयसम्म संगत गरेर यो पुस्तक तयार गरेका हुन् । फिसरले आचार्य दम्पत्तीसँग विभिन्न शीर्षकहरु अन्तर्गत पटक पटक अन्तरवार्ताहरु गर्नुका साथै नेपालको पहिलो राजनीतिक संगठन नेपाल प्रजापरिषदसँग सम्बन्धित अध्ययन सामाग्रीहरुको पर्याप्त अध्ययनपछि मात्रै यस पुस्तकलाई लेख्ने जमर्को गरेको देखिन्छ । उनले एकातिर यो पुस्तकलाई आधिकारिक र सुस्पष्ट तुल्याउन अनुसन्धान विधि अन्तरगत कलम चलाएका छन् भने अर्कातिर, यसलाई पाठक समुदायको ठूलो घेरामा पुऱ्याउने अभिप्रायले यसभित्र प्रचुर मात्रामा साहित्यिक सरसता खन्याएका छन् ।

मूल रुपमा अंग्रेजीमा लेखिएको यो पुस्तकको नेपाली अनुवाद अरविन्द रिमालले गर्नुभएको छ । तर पुस्तक पढुन्जेल अनुवाद पढिरहेजस्तो अनुभव हुँदैन । मूल रुपमै नेपालीमा लेखिएको ग्रन्थ पढेझैं सहज सम्प्रेषण गराउने यस पुस्तकको भाषाले अनुवादकको विशिष्ट क्षमतालाई प्रमाणित गरेको छ ।

मूलतः टंकप्रसाद आचार्यको जीवनगाथा भए पनि टंकप्रसाद संगसँगै उहाँको समयको राजनीतिक गाथा पनि यसमा दृष्यांकित भएको छ । यस्तो हुनु स्वभाविक हो । बरु यस्तो नभएको भए यो सामग्री अपूर्ण घटनाहरुको निरपेक्ष वर्णनले गर्दा कमजोर हुने थियो । आफ्नो समयको राजनीति र त्यसका चरित्रहरु व्यक्त गर्दा यस पुस्तकमा टंकप्रसाद आचार्यले नेपाली कांग्रेस र त्यसका नेताहरुलाई भारत आश्रित मात्र होइन, भारतीय स्वार्थको पोषककै रुपमा उल्लेख गरेका छन् । शुरुमा प्रजापरिषदकै सदस्य रहेका गणेशमानसिंह जेलबाट भागेर भारत पुगेपछि उनले प्रजापरिषदको संगठन र विचार फैलाउने प्रयास नगरेर 'भारतले मनपराउने पार्टी' खोल्नपट्टि लागेको कुरा उनले बताएका छन् ।

कांग्रेसको २००४ सालको सम्मेलनको चर्चा गर्दै एक ठाउँमा टंकप्रसाद भन्छन् :

"त्यही सम्मेलनमा बी.पी. कोइराला र अरु केही जनाले नेपाललाई भारतमा गाभ्ने प्रस्ताव राखे (मसँग तिनीहरुले यसबारे लेखेको पुस्तिका अझै पनि छ) ।" (पृ.११९)

अनि अर्को एक प्रसङ्गमा नेपालमाथि भारतीय हस्तक्षेप र त्यसप्रति नेपाली कांग्रेसको स्वीकृति औंल्याउँदै टंकप्रसाद आचार्य भन्छन् :

"मातृकाप्रसाद प्रधानमन्त्री भएपछि उनले कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाए । त्यसपछि भारतीय फौजी नियोग नेपाल आयो । हामीले ती दुवै कार्यको विरोध गऱ्यौं । त्यस समय भारतीयहरु नेपालमा आफूखुसी जे पनि गर्ने गर्दथे । उदाहरणको लागि त्रिभुवन राजपथ कुनै संझौता विना नै बनाउन थालिएको थियो ।" (पृ.१५२)

अन्य प्रसङ्गहरु पनि छन्, जसबाट भारतीय शाषक वर्गले नेपालको स्वतन्त्र अस्तित्वमाथि अपमानजनक व्यवहार गरेको तथ्य प्रष्टिन्छ । आधुनिक नेपालको राजनीतिक कंपनका प्रारम्भिक चरणहरुमा जेठो राजनीतिक संस्था नेपाल प्रजापरिषद र माइलो राजनीतिक संस्था नेपाली राष्ट्रिय कांग्रेसका क्रियाकलापहरुलाई यसमा दुई बेग्लै ढाँचामा देखाइएको छ । यो पुस्तकभित्रबाट हेर्दा पनि प्रजापरिषदका क्रियाकलापहरु नेपाली भूमिभित्रैबाट शुरु भएर नेपाली राष्ट्रियताप्रति बढी सचेत देखिन्छन् भने कांग्रेसका क्रियाकलापहरु भारतीय भूमिबाट शुरु भएर नेपालमा विस्तारित तर राष्ट्रियताप्रति असचेत मात्र होइन, उदासीन नै देखिन्छन् । मूलतः देशभक्तिबाट निर्देशित तथा परिचालित नेपाल प्रजापरिषदका राजनीतिक क्रियाकलापहरु त्यसको कमजोर सांगठनिक अवस्थाले संकुचित हुँदै गएको तर देशभक्तिलाई सत्ताप्राप्तिपछिको दोस्रो विषय समेत नठान्ने कांग्रेसका क्रियाकलापहरु बलियो संगठनिक अवस्था र भारतीय सहयोगले गर्दा बिस्तारित हुँदैगएको तथ्य यस पुस्तकबाट बोध गर्न सकिन्छ ।

समग्रमा भन्दा जेम्स एफ्. फिसरको यो पुस्तकले दुई वर्षअघि प्रकाशित विश्वेश्वरप्रसाद कोइरालाको पुस्तक *आत्मवृत्तान्त*सँग जमेर प्रतिस्पर्धा गर्ने क्षमता राखेको छ । नेपाली राजनीतिको इतिहासलाई मसिनोसंग अध्ययन गर्न रुचाउने सबैको लागि यो एउटा अत्यन्त उपायोगी पुस्तक हो ।

गोविन्द वर्तमान

| | | |
|---|---|---|
| कृति | : | ज्यूँदा शहीदहरु |
| लेखक | : | जेम्स एफ्. फिसर |
| अनुवादक | : | अरविन्द रिमाल |
| प्रकाशक | : | टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान |
| मुद्रक | : | मोडर्न प्रिन्टिङ पेस, कान्तिपथ,काठमाण्डौ |
| पृष्ठ | : | २९३ + ८ |
| मूल्य | : | साधारण रु. २००/- विशेष रु. ५००/- |

---

कृति : **सगरमाथा उचाल्ने हात**
कृतिकार : सरिता अधिकारी
विधा : कथा/कविता/गीत/पत्रिका आदि
प्रकाशक : सेवा-सदन, बीरगंज
पृष्ठ : ४०+४,
मूल्य : रू. १२/-



कृति : **भग्न आस्थाको खण्डहर**
कृतिकार : विजय चालिसे
विधा : कथा संग्रह
प्रकाशक : साग्रिला प्रकाशन, काठमाण्डौ
पृष्ठ : १०६+१०
मूल्य : रू. ६०/-



कृति : **ई : सलाईका काँटीहरु**
कृतिकार : प्रकाश सायमी
विधा : कविता संग्रह
प्रकाशक : अञ्जली सुब्बा मानन्धर
पृष्ठ : १००,
मूल्य : रू. ६०/-



कृति : **लप्सीधारो**
कृतिकार : पोष चापागाई
विधा : कथा र लगकथाको संग्रह
प्रकाशक : श्रमती रश्मी चापागाई, वि.वि. प्रकाशन अनामनगर, काठमाण्डौ
पृष्ठ : ८२+१०,
मूल्य : रू. १००/-




कृति : **बिग्रेको बाटो**
(भ्रष्टाचारमा खोज पत्रकारिता)
संपादक : केदार शर्मा
विधा : खोजमूलक लेखहरूको संगालो
प्रकाशक : खोज पत्रकारिता केन्द्र, हिमाल एशोसिएशन, ललितपुर
पृष्ठ : १३९+५
मूल्य : रू. १००/-




कृति : **अवसानपछिको आगमन**
कृतिकार : झमक घिमिरे
विधा : कविता/गीत/निवन्ध/कथा आदि
प्रकाशक : अस्मिता महिला प्रकाशन गृह, सन्चार त ा स्रोत संस्था, त्रिपुरेश्वर, काठमाण्डौ
पृष्ठ : १९३+१४
मूल्य : रू. १००/-



# पारिजात



◆ दुर्गालाल श्रेष्ठ

*क्रुद्ध हुँदै जब मुक्ति-पिपासा*
*मृत्यु निलूँझैं उठ्छ,*
*तत्क्षण फड्कोमार्न समय पनि*
*टक्क रुकेझैं हुन्छ ।*

*स्तब्ध, अहो ! तर यसमै मिल्ने*
*चलहलको आभास !*
*चस्कोमै झन् जीवन फुर्ने*
*यो कस्तो सन्त्रास !*

*सपना कहीं मिलिक्क हिंडेझैं*
*चल्छ सुगन्ध हलक्क,*
*त्यहीं अपर्झट पारिजातको*
*देख्छु म रुप झलक्क !*

*गोरी देख्छु म, लाले देख्छु*
*देख्छु सुवानीलाई*
*अनिदा तिनका आँखाको त्यो*
*देख्छु बिहानीलाई ।*

*देख्छु सबैतिर बिम्झिरहेको*
*घावै-घाउ हजार*
*झल्ल बलेझैं लश्कर पाला*
*मानो घाउ-तिहार ।*

*यति नैसर्गिक लाग्छ मलाई*
*तिनको लेखन-सीप,*
*युग-पीडानै व्यक्तिरहेको*
*अखण्ड आत्म- प्रदीप ।*

*अथवा आफ्नो प्राञ्जलताले*
*स्पन्दित पार्दै पहरा,*
*उत्तुङ्ग शिखरबाट झरेझैं*
*लाग्दछ छङछङ छहरा ।*

*यो धरतीको यौटै सपना*
*परिवर्तन आमूल,*
*पारिजात हुन् त्यै पूजाको*
*निम्ति समर्पित फूल ।*



*◆ २०५७ बैशाख १६*
*(पारिजात स्मृति केन्द्रद्वारा आयोजित सातौं पारिजात स्मृति सभाका प्रमुख अतिथि वरिष्ठ कवि दुर्गालाल श्रेष्ठले प्रख्यात साहित्यकार पारिजातको व्यक्तित्व र कृतित्वबारे आफ्नो मन्तव्य दिने क्रममा सुनाउनुभएको पारिजातसम्बन्धी कविता यहाँ प्रस्तुत गरिएको छ ।)*



# तुवाँलो भित्रको कालिकोट

\- मनरूप नेप्च्युन



न तुवाँलोले आकाशलाई
खुल्न दिएको छ
न तुवाँलो आफू आकाश
बन्न सकेको छ
न त कालिकोटले खुल्ला
अकाश भुल्न सकेको छ
तुवाँलोकै कपटले थुप्रै
मृत्युहरू कालिकोटले ओढेको छ
गोलीले आस्था मर्छ भन्नेहरूसँग
कालिकोटको असहमति छ
उसलाई थाहा छ
आकाशलाई कहिल्यै गोली लाग्दैन
तुवाँलोकै घेराभित्रबाट
कालिकोटका कोखा-कोखामा
अन्धधुन्ध गोली हानिएको छ
रक्तिम छाति उसले कार्णालीको
चिसो पानीमा पखालेको छ
न तुवाँलो आफैं औषधि
बन्न सकेको छ
न त उसले औषधिको
जङ्गल देख्न दिएको छ
उपचार गर्न
काठमाण्डौ जाउँ भन्नेहरूसँग
कालिकोटको विरोध छ
उसलाई थाहा छ
गोली हान्ने आदेश
काठमाण्डौबाटै आउँछ
कालिकोटका
डाँडा र बनजंगल ढाकेर बसेको तुवाँलोले
न हत्याको जिम्मा स्वीकार्न सकेको छ
न त उसले कर्णालीमा
बगेको रगत सोहर्न सकेको छ
रगत सकिन्छ भन्नेहरूसँग
कालिकोटको आपत्ति छ
उसलाई थाहा छ
कर्णाली कहिल्यै सकिएको छैन

*\- कालिकोट*



# कस्तो थियो मार्क्सको जीवन ?

**मार्क्सले** भौतिक, नैतिक र स्वास्थयसंवन्धी कठिनाइहरूद्वारा लखेटिंदा लखेटिंदै पनि त्यति विशाल कार्य संपन्न गर्ने सफलता पाउनुभयो, यसलाई उल्लेख गर्नु चाखलाग्दो कुरो हुनेछ ।

यो संस्मरणलाई लामो बनाउनुको सट्टामा के मात्र उल्लेख गर्न चाहन्छु भने, मार्क्स दिनभरि, विहान १० बजेदेखि बेलुकी ७ बजेसम्म, बृटिश म्युजियममा सरकारी रिपोर्ट, संसदीय दस्तावेज, सामाजिक तथा आर्थिक अध्ययन गरेर बिताउनु हुन्थ्यो भने रातभरि घरमा काम गर्नुहुन्थ्यो ।

उहाँले आफ्नो बौद्धिक कामबाट जीविका आर्जन गर्न अनेकौं कोशिस गर्नुभयो, तर उहाँले कहिल्यै प्रकाशक पाउनु भएन । त्यसबाहेक, एंगेल्सले यस्ता कम महत्वका कामहरूमा उहाँको समय बितोस् भनेर कहिल्यै चाहनु भएन र उहाँलाई जहिले पनि उहाँको प्रत्येक मिनेट अर्थशास्त्रको महान कामको लागि लगाउन घचघच्याउनु भयो । यसको लागि एंगेल्सले जहिले पनि उहाँलाई मद्दत गर्नुहुन्थ्यो, तर यो मद्दत अपुग हुन्थ्यो । 'न्यु रेनिस जेतुङ्ग' पत्रिकाको प्रकाशनले मार्क्सलाई ऋणमा डुबायो मात्र ।

त्यसैले सन् १८५१ मा उहाँले न्यूयोर्क ट्रिव्युनका लागि काम गर्नुभयो । यो कामले उहाँलाई निक्कै अध्ययन गर्नुपर्ने गरायो, जसले उहाँको वैज्ञानिक कार्यमा पनि केही मद्दत पुऱ्यायो । ती लेखहरू साँच्चै नै आधुनिक अर्थशास्त्रको सामान्य इतिहासमा निकै महत्वपूर्ण देन थिए ।

यो दुर्भाग्य हो कि, यी लेखहरू लेखेवापत उहाँलाई 'न्यूयोर्क ट्रिव्यून'का सम्पादकले एक तिहाई मात्र पारिश्रमिक दिन्थे । अरू लेखहरू संपादकद्वारा दबाइन्थे । त्यसैले, संपादकले ती लेखवापतको पारिश्रमिक दिनु जरूरी ठान्दैनथे । त्यसैले आफू र आफ्नो परिवारलाई राम्ररी खानसम्म पनि सहयोग नपुऱ्याइरहेको यो कामबाट मार्क्सले राजिनामा दिनुभयो ।

सन् १८५२ को धेरैजसो समय उहाँले कोलोग्नी र कम्युनिष्ट लिगका अरू सदस्यहरूलाई गिरफ्तारीबाट मुक्त गर्न कानूनी प्रक्रिया पुऱ्याउनमै व्यतित गर्नुभयो । यसको लागि मार्क्सले लण्डनका साथीहरूसँग मिलेर यो अरू केही होइन, सरकारको जालझेलमात्र हो भन्ने प्रमाणित गर्न अथक कोशिस गर्नुभयो । के स्मरणीय छ भने, यो त्यही समय थियो, जुन समयमा सम्पूर्ण कठिनाइका बावजूद पनि उहाँले मिहेनतपूर्ण गहन, मर्मस्पर्शी कृति 'अठारौं ब्रुमेर' लेख्नुभयो ।



*मार्क्स र एंगेल्स मार्क्सकी छोरीहरूका साथ सन् १८६० को दशकमा*

> *म मार्क्स तथा उहाँकी श्रीमतीले अनेक दुःखहरू र हण्डरका बावजूद पनि पाहुनाहरूलाई जहिले पनि मुस्कानका साथ स्वागत गरेको देख्थें ।*

## ◀ जीवनको झाँकी

यी सम्पूर्ण समयमा मार्क्स आफ्नो घर छोडेर बाहिर निक्लनसमेत सक्नुभएन, किनभने उहाँले पैसा नभएर आफ्नो लाउने लुगासमेत बन्धकी राख्नुभएको थियो ।

यसरी दिनहरू बित्दै गए- उही भौतिक कठिनाइका साथ, लामो अवधिको विमारीका साथ तथा कडा मेहनतपूर्ण कामका साथ । तर यसो भएता पनि उहाँको महान कार्य भने कहिल्यै पनि रोकिएन । यो एउटा योद्धाको, एउटा विचारकको र एउटा स्रष्टाको काम थियो, जसले आफ्नो कामलाई अध्ययनसम्ममा मात्र सीमित राखेन । उहाँले आफ्नो समय निरन्तर 'अन्तराष्ट्रिय श्रमिक संघ'लाई निर्देशित गर्नमा र आफ्नो विशाल सैद्धान्तिक कार्यहरूमा लगाउनु भयो ।

यी सबका बावजूद पनि, मुख्यतया उहाँ जब मेटल्याण्ड पार्कमा बस्नुहुन्थ्यो, उहाँको घर संपूर्ण प्रवासीहरूको र योद्धाहरूको लागि आश्रयस्थल थियो, चाहे ती अंग्रेज हुन् या अरू कोही ।

मेरो दिमागमा अझसम्म पनि मेरा ती बचपनका यादहरू ताजा नै छन् । म मार्क्स तथा उहाँकी श्रीमतीले अनेक दुःखहरू र हण्डरका बावजूद पनि पाहुनाहरूलाई जहिले पनि मुस्कानका साथ स्वागत गरेको देख्थें । पाहुनाहरूमध्ये धेरैजसो प्रवासीहरू हुन्थे । उहाँहरू मात्र होइन, उहाँहरूका छोरीहरू जेनी, लौरा, इलियानोरहरू पनि त्यस्तै गर्थे । उनीहरू आफ्नो बौद्धिकता तथा संस्कृतिमा उल्लेखनीय थिए । उनीहरूको छुट्टै जीवन-कथा लेख्नु जरूरी छ ।

मार्क्सलाई आफ्ना छोरीहरूले पूजाको हदको श्रद्धा गर्थे भने उहाँले पनि आफ्ना छोरीहरूलाई अति प्रेम गर्नुहुन्थ्यो । यसैबाट कल्पना गर्न सकिन्छ- आफ्ना बच्चाहरूको मृत्युमा उहाँ कत्तिको दुःखित हुनुभयो होला ? हो, साँच्चै नै मार्क्स आफ्ना बच्चाहरूप्रति सधैं एकदमै मायालु हुनुहुन्थ्यो र उहाँ उनीहरूसित आनन्दित हुनुहुन्थ्यो ।

निर्भिक योद्धाको हृदयको अन्तरस्थलमा संवेदनशीलता, दयालुपना तथा समर्पणभाव अन्तर्निहित थियो ।

उहाँ बच्चाहरूसित खेल्न पाउँदा आफू पनि केटाकेटी जस्तै भएर आफ्नो आत्मसम्मान समेत भुल्नुहुन्थ्यो । उहाँको जिल्लाका बाटाहरूमा उहाँ 'बाबा मार्क्स' का नामबाट प्रशिद्ध हुनुहुन्थ्यो किनकि उहाँको खाल्ती जहिले पनि बच्चाहरूको लागि मिठाइले भरिएको हुन्थ्यो । पछि यो स्नेह आफ्ना छोराछोरीबाट नातिनातिनाहरूमा सऱ्यो । ❑

*यो लेख मार्क्सका नाति (जेनी तथा चार्ल्स लनगुएटका छोरा) तथा फ्रेन्च कम्युनिष्ट पार्टीका सदस्य, एडगार लनगुएटले मार्च, १९४९ मा कार्ल मार्क्सको मृत्यु उपरान्तको ६६ औं वार्षिकोत्सवमा लेख्नुभएको हो । उक्त लेख त्यही वर्ष फ्रेन्च कम्युनिष्ट पार्टीको सेन्ट्रल कमिटीको एउटा मुखपत्र मानिने 'क्याहरस डु कम्युनिज्मि' मा प्रकाशित भएको थियो ।*

Marx and Engels Throught the Eyes of their Contemporaries बाट अनुदित ।

अनु- निभा श्रेष्ठ



*FARC का छापामार नेता विकेनो, मध्यस्थकर्ता रिकार्डो, FARC का प्रमुख छापामार नेता मारोलॉन्ड्य र कोलम्बियाका राष्ट्रपति पास्त्राना छापामार नियन्त्रित इलाकामा कुराकानी गर्दै*

# कोलम्बिया ——→ समाजवादी क्रान्तिको संघारमा




राजेन्द्र महर्जन

## *आधा भूभाग कब्जा गर्ने छापामारहरु युद्ध र वार्तामा*

**को**लम्बिया । विश्वको कुख्यात लागू औषध-तस्कर पाब्लो इस्कोबारको देश- कोलम्बिया !

**नो**बल पुरस्कारका विजेता विश्वका प्रख्यात साहित्यकार गाब्रियल गार्सिया मार्खेजको राष्ट्र- कोलम्बिया !!

संसारका नामूद विद्वान नोम चोम्स्कीका अनुसार कोलम्बिया ल्याटिन अमेरिकामा मात्रै होइन, विश्वभरिमै सबैभन्दा आतंककारी सत्ता रहेको देश हो ।

मानव अधिकारको हनन हुने प्रमुख देशहरूमध्येको एउटा प्रमुख देश हो- कोलम्बिया । अनि आफूलाई मानव अधिकारको मसीहा ठान्ने अमेरिकाबाट संसारमा सबैभन्दा बेसी आर्थिक र सैनिक सहयोग पाउने देश मध्येको प्रमुख देश पनि कोलम्बिया नै हो ।

कोलम्बियासम्बन्धी गहन अध्ययन-अनुसन्धान गरिरहेका विशेषज्ञहरू भन्छन्- कोलम्बिया प्राकृतिक र मानवीय स्रोत, साधनको हिसाबले विश्वकै एउटा धनी राष्ट्र हो, तर यस्तो धनी राष्ट्रका अधिकांश जनता गरीब छन्, विश्वमै गहुँ, कफी, पन्ना र पेट्रोलियम पदार्थ निर्यात गर्ने कोलम्बियाका नागरिकहरू भोकभोकै मर्दैछन् ।

यस्तो विरोधाभास नै विरोधाभासले भरिएको देश कोलम्बियामा जति भयावह रूपमा धनी र गरीबबीच विभाजन छ, त्यति नै अकाट्य वास्तविकताको रूपमा यो देश विभाजित भइरहेको छ - धनीहरूको कोलम्बिया र गरीबहरूको कोलम्बियाको रूपमा । धनी र गरीब वर्गबीच ३६ वर्ष अगाडिदेखि चलिरहेको गृहयुद्धका कारण अब एउटा कोलम्बिया राष्ट्रभित्रै दुईवटा राज्यहरू छर्लङ्ग देखापरेका छन्- एउटा धनीहरूको राज्य, अर्को हो- गरीबहरूको राज्य ।

कोलम्बियाभित्र द्वैधसत्ता स्थापित हुन थालेको देखेर कोलम्बियाली सरकारका भूतपूर्व सुरक्षा सल्लाहकार अल्फ्रेदो राङ्गेल सुअरेजले स्पष्ट शब्दमा लेखेका छन्- "कोलम्बियामा दुईथरि सैनिक शक्ति छ र, एकथरि केन्द्रीय राज्यसँग सम्बन्धित सेना हो..... अर्कोथरि सैनिकहरूले भने जन्मिँदै गरेको नयाँ राज्यसत्ताको प्रतिनिधित्व गर्दछन् । त्यो नयाँ राज्यसत्ता देशको दक्षिणी क्षेत्रका अधिकांश भूभाग कब्जा गर्दै झन् झन् विस्तारित हुँदैछ र केन्द्रीय राज्यसत्तासँग कुनै सम्बन्धविना नै त्यो अर्को 'नयाँ कोलम्बिया'ले आफ्नो अधिकार जमाउँदै गइरहेको छ ।"

त्यो 'अर्को नयाँ कोलम्बिया' भनेको गरीबहरूको राज्य हो, धनीहरूको होइन । जन्मिँदै गरेको



*FARC का छापामारहरू*



# गरीबहरूको नयाँ कोलम्बियाको जन्म हुँदैछ

## कोलम्बियाली छापामार नेताहरूसँग लिइएको ताजा अन्तवार्ता

## *कोलम्बियामा अमेरिकी हस्तक्षेपको श्रृंखला : किन र कसरी ?*

## सडक संघर्ष र सशस्त्र संघर्षको उभार !

नयाँ राज्यसत्ता भनेको उत्पीडित कोलम्बियाली जनताहरूको आफ्नै शासन हो, उत्पीडकहरूको होइन । गरीब र उत्पीडितहरूको राज्य 'कोलम्बियाली क्रान्तिकारी सशस्त्र शक्ति- जनसेना (Revolutionary Armed Forces Of Colombia – People's Army- FARC:EP) र राष्ट्रिय मुक्ति सेना' (National Liberation Army - ELN) का वामपन्थी छापामारहरूको नेतृत्वमा चलिरहेको सशस्त्र संघर्षको परिणाम स्वरूप देशको आधा भूभागसम्म फैलिसकेको छ ।

### *'५ वर्षभित्रमा छापामारहरू विजयी हुने !'*

कोलम्बियाको आधा भूभागबाट, करिब सिंगो फ्रान्स राष्ट्र जतिको भूभागबाट, धनीहरूको केन्द्रीय सरकारका सैनिक र प्रहरीहरूलाई धपाइसकेका FARC र ELN का छापामारहरूले अहिले दक्षिणी भूभागबाट मध्य र उत्तरी भूभागतिर आफ्नो आक्रमणलाई फैलाउँदैछन् । कोलम्बियाली समाजशास्त्री रिकार्डो भर्गास मेजा छापामारहरूले कोलम्बियाका १०७१ नगरपालिका-मध्ये ६२२ वटामा बलियो र प्रभावशाली उपस्थिति देखाइरहेको तथ्य प्रस्तुत गर्दै लेख्छन्- 'पुतुमायो, काक्वेटा, अमेजोनास, भौपेस, मेता, हुइला जस्ता दक्षिणी क्षेत्रहरू कब्जा गरिसकेपछि उनीहरूले मध्य र उत्तरी क्षेत्रका अन्तिक्विआ, सान्तादर, नर्थ सान्तादर, कुन्दीनामार्का र बोलिभार जस्ता क्षेत्रहरूमा आफ्नो आक्रमणलाई केन्द्रित गरिरहेका छन् ।' (हेर्नुस् Arm the Spirit)

देशका आधीभन्दा ज्यादा नगरपालिकाहरूमा वामपन्थी छापामारहरूको बलियो पकड र क्रियाशीलता रहेको तथ्य स्वीकार्दै कोलम्बियाली सरकार स्वयंले सेप्टेम्बर १९९७ मै एउटा सनसनीपूर्ण रिपोर्ट प्रकाशित गर्दै भनेको थियो- छापामारहरू र सरकारी सैनिकहरूको शक्ति हाराहारीमा पुग्यो !

अमेरिकी सरकारको रक्षा मन्त्रालय- पेन्टागनले १९९८ को शुरूमै कोलम्बियाको गृहयुद्धको संगीन अवस्थाबारे एउटा रिपोर्ट प्रकाशित गर्दै भविष्यवाणी गरेको थियो- 'एफ.ए. आर.सी. का छापामारहरूले आगामी पाँच वर्षभित्र कोलम्बियाली सैनिहरूमाथि विजय हासिल गर्न सक्छन्, यदि छापामारहरूको सशस्त्र आन्दोलनलाई 'चेक' नगर्ने हो भने छापामारहरूको विजय सुनिश्चित छ !'

अहिले कोलम्बियाली सरकार वामपन्थी छापामारहरूको सशस्त्र जनयुद्ध र किसान, मजदूर, विद्यार्थी, कर्मचारी र बुद्धिजीवीहरूको सशक्त जनआन्दोलनको हुरीबीच नराम्ररी फँसिरहेको छ । अहिले एकातिर वामपन्थी छामापारहरू सशस्त्र संघर्ष, सडक संघर्ष र शान्ति वार्ता जस्ता उपायहरू मार्फत् जनताको नयाँ कोलम्बिया निर्माणका लागि जुभिरहेका छन् । अर्कोतिर, कोलम्बियाली सरकारले पनि सैनिक शक्ति परिचालन र शान्ति वार्तामार्फत आफ्नो संकट टार्ने प्रयास गरिरहेको छ । अनि उसको पछाडि रहेका अर्द्ध-सैनिक हत्यारा दस्ता र अमेरिकी साम्राज्यवाद पनि नयाँ नयाँ व्यूह-रचना गर्दै वामपन्थी छापामारहरूलाई परास्त गर्ने दाऊ खोज्दैछन् । सरकारी सैनिक शक्ति र अर्द्ध-सैनिक दस्तालाई पटक-पटक पराजित गर्दै अगाडि बढ्ने क्रममा समाजवादी क्रान्तिको संघारमा पुगिसकेका वामपन्थी छापामारहरूको सशस्त्र जनयुद्ध र सडकको जन-आन्दोलनसमक्ष अब सबैभन्दा खतरनाक चुनौतीका रूपमा उभिएको चिनियाँ पर्खाल हो- अमेरिकाले कुनै पनि बेला गर्न सक्ने प्रत्यक्ष सैनिक आक्रमण !

### *कोलम्बियाली क्रान्तिका उकाली ओरालीहरू*

वास्तवमा, यतिखेर कोलम्बियाली किसान, मजदूर र सम्पूर्ण उत्पीडित जनताले अभूतपूर्व जनआन्दोलन र सशस्त्र संघर्षको आँधीबेरी सिर्जना गर्दै पूँजीवादी शासक वर्गको हातबाट राज्यसत्ता खोस्न लागिरहेका छन् । विश्वमा समाजवादी खेमाको विखण्डन भई पूँजीवादी-साम्राज्यवादी शक्तिहरूको एकछत्र राज चलिरहेको यो अन्धकारमय समयमा पहिलो पटक राज्यसत्ता हात पार्न लागिरहेका कोलम्बियाली जनताले अहिले नै सुन्दर समाजवादी सपना देखिरहेका छन् ।

यस्तो अभूतपूर्व बेलामा कोलम्बियाली जनताको समाजवादी क्रान्तिको बाटोका उकाली ओरालीहरूबारे सही ज्ञान हासिल गर्न त्यहाँको जटिल परिस्थितिभित्र चलिरहेको वर्ग-संघर्षको प्रक्रिया र त्यसलाई आ-आफ्नो वर्ग-स्वार्थ अनुरूप ढाल्न खोज्ने राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्तिहरूको खेललाई गहिराइमा बुभ्नु जरूरी हुन्छ ।

उन्नाइसौं शताब्दीमा सिमोन बोलिभार र अन्तोनियो सुकर जस्ता देशभक्त-क्रान्तिकारी महानायकहरूले कोलम्बिया लगायत सिंगो ल्याटिन अमेरिकालाई स्पेनिश उप-निवेशवादबाट मुक्त गर्न र गरीब जनताको शासनको रूपमा प्रजातन्त्र स्थापित गर्न सशस्त्र जन-संघर्ष गरेका थिए । तर पछि गएर स्पेनिश उपनिवेशवादबाट मुक्त कोलम्बियाली प्रजातन्त्रमाथि धनीहरूले कब्जा जमाए । धनी वर्गका प्रतिनिधि राजनैतिक पार्टीहरूका रूपमा उदाएका 'कन्जरभेटिभ' र 'लिबरल' पार्टीहरू, उनीहरूका सैनिक, प्रहरी र प्रशासनले त्यसमाथि आफ्नो प्रभुत्व जमाए । गरीब-उत्पीडितहरूलाई भन् बेसी थिचे-मिचे । विगत १५० वर्षको पूँजीवादी -प्रजातन्त्रको कालमा कन्जरभेटिभ र लिबरल पार्टीले कहिले बाँडीचुँडी सत्ता भोग गरे भने कहिले सत्ता प्राप्त गर्न कुकुर जस्तै भगडा गरे, जे भए पनि पूँजीवादी सत्तालाई उनीहरूले आफ्नो

**१९९७ मै एउटा सनसनीपूर्ण रिपोर्ट प्रकाशित गर्दै भनेको थियो- छापामारहरू र सरकारी सैनिकहरूको शक्ति हाराहारीमा पुग्यो !**



भिल्ला कोलम्बिया क्याम्पमा FARC का छापामारहरू हतियार उठाएर विजयको हर्षोल्लास मनाउँदैछन् !

प्रभुत्वभन्दा अलिकिति पनि बाहिर जान दिएनन् । अनि पूँजीपतिहरूद्वारा चलाइएको कोलम्बिया र कोलम्बियाली जनतामाथिको निर्मम लूट, शोषण एवं उत्पीडनको जनविरोधी अभियानलाई उनीहरूले निष्कण्टक जारी राखे ।

यस अभियानलाई बलियो टेवा दिँदै अमेरिकी साम्राज्यवादको पृष्ठभूमिमा रहेका एकाधिकारी पूँजीपतिहरूले सन् १९०० देखि नै कोलम्बियासँग नव-औपनिवेशिक सम्बन्ध गाँसे । उनीहरूले आफ्नो तुच्छ स्वार्थका लागि सैनिक शक्तिको डर र पैसाको लोभ देखाएर कोलम्बियालाई विभाजित गरी पानामा बनाउने र त्यसको विशाल नहरमाथि १०० वर्षसम्म कब्जा जमाउने कार्य गरे । त्यति मात्रले नपुगेर उनीहरूले कोलम्बियाको पेट्रोलियम पदार्थ, सुन, पन्ना र कोइलाको विशाल भण्डार, पानी, काठ माछा, फलफूल तथा जनावरहरूको अकूत ढुकुटी तथा अत्यन्त उर्वर धरतीमाथि लुछाचुँडी गर्न थाले । अमेरिकी एकाधिकारी पूँजीपतिहरू र कोलम्बियाली धनी वर्गले एक–डेढ सय वर्ष अगाडिदेखि 'प्रजातन्त्र'को नाममा चलाउँदै आएको लूट र त्यसविरोधी जन संघर्ष नै कोलम्बियाको साँचो इतिहास हो ।

अल्पतन्त्रले आफ्नो स्वार्थ सिद्धि गर्न कोलम्बियाली किसानहरूले आफ्नो जमीनबाट बेदखल गर्ने, सर्वहारा र अर्द्धसर्वहारा बनाई शोषित र दमित परिस्थितिमा राख्ने, अलिकति मात्रै उत्पीडनविरोधी आवाज उठाएमा हिंसात्मक दमन गर्ने जस्तो अघोषित मानवद्वेषी युद्ध-अभियान चलाएको तथ्य कसैले पनि बिर्सन सक्दैन ।'

'अमेरिकी साम्राज्यवादको आड-भरोसामा प्रजातन्त्र, संविधान र निर्वाचनको नाउँमा पूँजीवादी शासन चलाउने क्रममा कोलम्बियाली अल्पतन्त्र (Oligarchies) ले १९४० को दशकको अन्त्यतिरदेखि फासीवादी चरित्र ग्रहण गर्‍यो । एफ.ए.आर.सी.को केन्द्रीय सचिवालयका सदस्य तथा कमाण्डर राउल किड्स पूँजीवादको यो नांगो र भयानक रूपबारे विश्लेषण गर्दै लेख्छन्- 'कोलम्बियाली जनतामाथि थोपरिएको पूँजीवादका तीनवटा हतियारहरू क्रियाशील छन्- सैन्यवाद, लागू औषधको तस्करी र नवउदारवाद । ठूल्ठूला पूँजीहरूको हित अनुकूल विश्वबैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको 'प्रेस्क्रीप्शन'मा लागू गरिएको यो नांगो र भयानक पूँजीवादले देशमा एकातिर गरीबी, बेरोजगारी, निरक्षरता बढाएको छ भने पूँजीवादविरुद्ध आवाज उठाउने सबै पक्षको गला घोटेर दमन, उत्पीडनलाई चर्काएको छ । १९४८ देखि १९५३ सम्म भएको गृहयुद्धको क्रममा ३ लाख जनताको रगत पिएर झन् झन् मोटाउँदै गएको यो हिंस्रक पूँजीवादलाई निमिट्यान्न पार्न नै हामी गरीब किसानहरू उत्पीडित मजदूरका साथ सशस्त्र संघर्षमा उत्रेका हौं ।'



गरीव किसान र छापामारहरूमाथि दमन गर्न खडा गरिएको सेनाका एक हत्यारा आफ्नो हतियार प्रदर्शन गर्दै

कोलम्बियाको बस्तुस्थितिको अध्ययन गर्ने इभान भ्यालियनातोसले लेखेका छन्- 'कोलम्बियाको बीसौं शताब्दीको इतिहास शिरदेखि पाउसम्म गरीब किसानहरूको रगतले रगताम्य छ ।'

## किसानहरूको रगतले मुछिएको इतिहास

यो इतिहास कालमा अमेरिकी बहुराष्ट्रिय कम्पनीहरू, कोलम्बियाली लागू औषध-तस्करहरू र धनीहरू मात्रै समृद्ध भएको तथ्य प्रस्तुत गर्दै अमेरिकी विद्वान नोम चोम्स्कीले लेखेका छन्- 'पूँजीवादी खेमाद्वारा बहुप्रचारित कोलम्बियाको पूँजीवादी प्रजातन्त्रमा उत्पीडक र शोषक वर्गको मात्रै एकाधिकार रह्यो, गरीब, उत्पीडितहरूलाई समृद्ध हुने अवसर र शासन गर्ने अधिकारबाट बञ्चित गरियो ।'

अमेरिकी सरकारको प्रविधि मूल्यांकन कार्यालय (Office of Technology Assessment) को तर्फबाट कोलम्बियाको बस्तुस्थितिको अध्ययन गर्ने इभान भ्यालियनातोसले लेखेका छन्- 'कोलम्बियाको बीसौं शताब्दीको इतिहास शिरदेखि पाउसम्म गरीब किसानहरूको रगतले रगताम्य छ ।'

यसै सन्दर्भमा, अमेरिकी साम्राज्यवाद र कोलम्बियाली




FARC र ELN का छापामारहरू तथा सरकारी अर्धसैनिक दस्ता सक्रिय रहेका क्षेत्रहरू

## वामपन्थी छापामारहरूको जन्म र संघर्षको बाटो

मुट्ठीभर देशी-विदेशी पूँजीपतिहरूको नाफाको स्वार्थलाई अझ बेसी बिस्तृत र गहिरो पार्न पूँजीवादी प्रजातन्त्रलाई फासीवादी चरित्र प्रदान गर्ने कोलम्बियाली अल्पतन्त्रले आफ्नो व्यवस्था र शासनलाई अलिकति पनि सुधार गर्न नचाहेकै परिणामस्वरूप एफ.ए.आर.सी र इ.एल.एन.जस्ता वामपन्थी छापामार संगठनहरूको उदय भएको देखिन्छ । आफ्नो जमीनमाथिको अधिकार प्राप्ति र उचित ज्याला, औषधीमूलो, शिक्षा र खानाको माग राखेर संघर्षरत गरीब किसान र उत्पीडित आदिवासीहरूको कोखमा एफ.ए.आर.सी.को जन्म र विकास भएको थियो । त्यस्तै, उचित ज्याला, संगठित हुने स्वतन्त्रता प्राप्तिका लागि क्रियाशील शहरीया मजदूर र क्रान्तिप्रेमी विद्यार्थीहरूको माझबाट इ.एल.एन.को उदय भएको तथ्य

सर्वविदितै छ ।

त्यसैले 'कोलम्बियन पर्मानेन्ट कमिटी फर ह्यूमन राइट्स'का अध्यक्ष अल्फ्रेडो भास्क्वेज क्यारिजोसा कोलम्बियाको छद्‌म प्रजातन्त्रको नकाब उतार्दै भन्छन्- 'संवैधानिक शासनको अट्टालिकाबाट हामीले आपतकालीन सैनिक शासन चलायौं र सिंगो समाजलाई सैनिकीकरण गर्‍यौं । यस्तो स्थितिमा गरीबी र अपूर्ण खालको भूमिसुधारको पृष्ठभूमिमा कोलम्बिया ल्याटिन अमेरिकाको सबैभन्दा त्रासदीपूर्ण राष्ट्र बन्यो । भूमिसुधार व्यवहारिक रूपमा भ्रम र दुष्चक्र मात्रै साबित भयो, किनकि हामीले ठूलाठूला भूमिपतिहरू र ठूलाठूला बहुराष्ट्रिय कम्पनीहरूको सत्ता-शक्तिको विरोध भेल्न सकेनौं । साँचो भूमिसुधारकै अभावले गर्दा जमीनका लागि धरतीपुत्र किसानहरूले बन्दूक पड्काएर आफ्नो आवाज घन्काउन थाले । धन सम्पत्ति र जमीन नभएका, राजनैतिक सत्तामाथि पहुंच नभएका बहुसंख्यक गरीब जनताले अल्पसंख्यकहरूको अल्पतन्त्रविरूद्ध वैधानिक रूपमा आवाज बुलन्द गरे । तर ती जायज आवाजहरूमाथि बल र हिंसा प्रयोग भएकै परिणामस्वरूप आज चारैतिर हिंसा, आतंक र त्रासदी फैलिएको हो ।'

नयाँ समाजवादी कोलम्बियाको निर्माणका लागि संघर्ष गरिरहेको एफ.ए.आर.सी.को आफ्नो दस्तावेजमा स्पष्ट शब्दमा आफ्नो रणनीतिको बारेमा यसरी उल्लेख गरिएको छ- 'हामी पूँजीवादी व्यवस्था र शासनमा आमूल परिवर्तनका लागि संघर्षरत क्रान्तिकारीहरू हौं । हामी आफ्नो आमूल परिवर्तनवादी संघर्षलाई हाम्रा जनताको लागि सकेसम्म कम पीडादायी ढंगले चलाउन चाहन्छौं । सकेसम्म शान्तिपूर्ण उपायद्वारा, जनताको प्रजातान्त्रिक संघर्षको तरिकाद्वारा, कोलम्बियाली संविधान प्रदत्त वैधानिक र कानूनी बाटाहरूको माध्यमबाट संघर्ष चलाउन चाहन्छौं । तर ती सबै उपायहरू हिंसात्मक रूपले बन्द गरिएका छन् । अतः हाम्रो काँधमा आएको ऐतिहासिक जिम्मेवारी पूरा गर्न हामीले क्रान्तिकारी भूमिका खेल्ने क्रममा अर्कै नयाँ बाटो खोज्यौं र शक्तिको बलले माथिका सबै माध्यमहरू खोल्न तम्सिएका छौं । सत्ता-शक्तिको लागि सशस्त्र संघर्षको क्रान्तिकारी उपायबाहेक अब हामीसँग अर्को विकल्प छैन ।'

## शान्ति संभौतापछि धोका हुँदा....

कोलम्बियाली गरीब किसान र उत्पीडित मजदूरहरूको पक्षमा सशस्त्र संघर्षको बाटो अँगालिरहेको एफ.ए.आर.सी.ले सशस्त्र संघर्षको उपाय मात्र नअपनाएर संघर्षका विविध रूपहरू अपनाएको तथ्य छर्लङ्गै देखिन्छ । सन् १९४८ तिर, एफ.ए.आर.सी.को जन्महुनुभन्दा अगावै तत्कालीन छापामार नेताहरूले पनि वार्ता गरेका थिए, शान्ति संभौता गरेका थिए । तर उनीहरूको सशस्त्र संघर्षले सत्तापक्षद्वारा नियोजित रूपमा गरिएको आत्महत्याको सामना गर्नुपरेको थियो । यो ऐतिहासिक अनुभव सँगालेका एफ.ए.आर.सी.का छापामारहरूले आफ्नो सशस्त्र संघर्षको दुई दशकपछि पूँजीवादी सरकारसँग सन् १९४८ मा 'उरिबे संभौता' गरेका थिए । केही सामाजिक-राजनैतिक सुधार गर्ने समभदारी भएपछि संघर्षरत दुवै खेमाले युद्ध-विराम पनि गरेका थिए । आफ्नो छापामार दस्तालाई विघटन नगरीकनै, हातहतियारहरू नबुभाइकनै त्यसले कोलम्बियाली कम्युनिष्ट पार्टीसँग मिलेर 'प्याट्रियोटिक यूनियन' (UP) नामक संयुक्त मोर्चा निर्माण गरेको थियो । यसै मोर्चामार्फत् वैधानिक क्रियाकलापहरू संचालन गर्ने, सडक संघर्षहरू चलाउने, चुनावी संघर्षमा भाग लिने र हज्जारौं सरकारी पदहरू जित्ने काममा सफलता प्राप्त गरिएको थियो ।

FARC का छापामारहरू बोगोटाका दक्षिणतिर मार्च गर्दै



तर वैधानिक रूपमा उठेका प्रत्येक प्रतिपक्षी आवाजलाई निमोठ्दै आइरहेको, फासीवादी चरित्र ग्रहण गरिसकेको पूँजीवादी सत्ताले प्याट्रियोटिक यूनियनलाई पनि निमिट्यान्न पार्दै नै ब्यूह रचना गर्‍यो । जिल्ला, क्षेत्र र प्रतिनिधिसभाका निर्वाचित सदस्यहरूदेखि लिएर राष्ट्रपति पदका उम्मेदवार लुइस् कार्लोस गालान र अर्को एकजना उम्मेदवारलाई समेत हत्या गर्न लगाएर त्यसले आफ्नो फासीवादी अनुहार नांगो रूपमा प्रदर्शन गरेको थियो । प्याट्रियोटिक यूनियनमार्फत् क्रियाशील भएको कोलम्बियाली कम्युनिष्ट पार्टी र एफ.ए.आर.सी.का चार हजार नेता, कार्यकर्ता तथा निर्वाचित प्रतिनिधिहरूको हत्या भइसकेपछि एफ.ए.आर.सी.ले सरकारद्वारा युद्ध-विराम भंग गरिएको आरोप लगाउँदै फेरि एक पटक सशक्त ढंगले सशस्त्र संघर्षको बाटो अँगालेको थियो । कोलम्बियाको जटिल आर्थिक-राजनैतिक समस्याको समाधान वैधानिक उपायबाट खोज्ने प्रयास असफल भएपछि त्यसले सरकारद्वारा सैनिक र अर्द्ध-सैनिक दस्तामार्फत् चलाइएको राज्य आतंकको जवाफ हिंसात्मक संघर्षद्वारा दिन थाल्यो ।

सन् १९९० को शुरूतिर त्यसले शान्तिवार्ताको संभावना देखेर घोषणा गरेको थियो-'सैनिक र अर्द्ध-सैनिक दस्तामार्फत् चलाइएको घृणित युद्ध रोकिएमा सरकारसँग प्रत्यक्ष र खुला वार्ता हुनसक्छ र संविधान सभाको चुनावमा पनि भाग लिन सकिन्छ ।'

सरकारले त्यस विषयमा कुनै चासो नलिएको देखेर यसले डिसेम्बर १९९० मा संविधान सभाको चुनावकै दिन आफ्नो मुख्यालयमा रहेको क्षेत्रको शहर- कासा भर्देमाथि कब्जा जमायो र युद्धघोषणा गर्‍यो । सैनिक छापामारहरूसित घमासान लडाइँ भइरहेकै बेला फेरि एकपटक १९९१ को मध्यतिर सरकार र एफ.ए.आर.सी. बीच भेनेजुयलाको काराकस र मेक्सिकोमा नयाँ चरणका वार्ताहरू भए । सरकारले समस्याको शान्तिपूर्ण समाधानको भन्दा हिंसात्मक उपायमाथि जोड दिएपछि वार्ताहरू भंग भए र युद्ध देशव्यापी रूपमा दन्कियो ।

*सन् १९४८ तिर, एफ.ए.आर.सी.को जन्महुनुभन्दा अगावै तत्कालीन छापामार नेताहरूले पनि वार्ता गरेका थिए । शान्ति संभौता गरेका थिए, तर उनीहरूको सशस्त्र संघर्षले सत्तापक्षद्वारा नियोजित रूपमा गरिएको आमहत्याको सामना गर्नुपरेको थियो ।*

## छापामार र जनताको प्रतिरोधमा तीव्रता

सन् १९९४ मा निर्वाचित राष्ट्रपति अर्नेष्टो साम्परको सरकारले पनि सशस्त्र र सडकको क्रान्तिकारी आन्दोलनविरूद्ध राजनैतिक र सैनिक अभियान चलाइ नै रह्यो । यसबीच अमेरिकी सरकारको कुख्यात गुप्तचर विभाग- सी.आई.ए. र कोलम्बियाली सैनिकहरूले लागू औषध तस्कर, ठूल्ठूला भूमिपतिहरू र बहुराष्ट्रिय कम्पनीहरूको साथ लिएर निर्माण गरेका १४० वटा अर्द्ध-सैनिक दस्ताले क्रान्तिकारी शक्तिहरू र तिनीहरूका समर्थक किसान-मजदूरहरूविरूद्ध चलाइरहेको फोहरी युद्धले चरम रूप लियो । सैनिक र अर्द्ध-सैनिकहरूले थालेको त्यो युद्ध यति विस्तृत भयो कि त्यसबाट कुनै पनि कोलम्बियाली नागरिक अछुतो रहेन ।

त्यसको प्रतिकारमा एफ.ए.आर.सी. र इ.एल.एन.का छापामारहरूले कहिले एक्लाएकै, त कहिले संयुक्त रूपमा जवाफी आक्रमण गर्ने र अर्थतन्त्रलाई ध्वस्त पार्ने अभियान चलाए । यी दुवै संगठनहरू 'सिमोन बोलिभार गुरिल्ला कोअर्डिनेशन' नामक संयुक्त मोर्चामा आबद्ध छन् । सन् १९९० को दशकको मध्य समयमा एफ.ए.आर.सी.को शक्तिमा अभूतपूर्व विकास भइसकेको थियो । विशेष गरी, सन् १९९०-९२ मा M-19, EPL, PRT र Quintin Lame जस्ता छापामार संगठनहरूले सरकारसँग 'शान्ति वार्ता' गर्ने क्रममा युद्धविराम गर्ने, छापामार दस्ता भंग गर्ने र वैधानिक उपायद्वारा सामाजिक परिवर्तन गर्ने बाटो अँगालीसकेका थिए । यो बाटोप्रति सहमति नभएका धेरै जसो छापामारहरूले एफ.ए.आर.सी.को

छापामार पंक्तिमा भर्ना हुने र हतियारको भण्डार सुम्पने काम गरिसकेका थिए ।

यसरी एफ.ए.आर.सी र ए.एल.एन. को सशस्त्र संघर्ष चर्किरहेको पृष्ठभूमिमै १९९६ मा पहिलो पटक हज्जारौंहजार मजदूर, किसान र विद्यार्थीहरूले सरकारको देशी-विदेशी पूँजीपति पोस्ने नवउदारवादी अर्थनीति र निजीकरणको अभियानविरूद्ध, तलब वृद्धिको मागसहित देशभरका शहरहरू ठप्प पार्ने गरी प्रदर्शन गरेका थिए । आफ्नो संघर्षशीलतालाई उँचो पारेका थिए । अन्ततः उनीहरूको संघर्षबाट राष्ट्रपति साम्परको सरकार यति धेरैतिरबाट घेरियो कि त्यसले उम्कने बाटै पाएन । क्रान्तिकारी छापामारहरू, सडक संघर्षमा रहेका किसान, मजदूर र विद्यार्थीहरू, विपक्षी पूँजीवादी पार्टीहरूदेखि लिएर अमेरिकाले समेत त्यो सरकारको विरोध गरे । लागू औषधका कुख्यात तस्करहरूको कुख्यात गिरोह 'काली कार्टेल'बाट राष्ट्रपति साम्परले सन् १९९४ मा आफ्नो निर्वाचनताका चुनावी खर्चको रूपमा ६० लाख डलर लिएको पोहरी तथ्य प्रमाणित भएपछि अमेरिकालाई पनि आफ्नो भक्तलाई जोगाउन मुश्किल भएको थियो र सन् १९९६ मा अमेरिका आउने उनको भिसा नै रद्द गरेर बेइज्जती गरेको थियो ।

साम्परको शासनकालको अन्त्यतिरसम्ममा स्पष्ट रूपमा देखा परिसकेको थियो- एफ.ए.आर.सी. र इ.एल.एन.का छापामारहरूलाई सैनिक अभियानद्वारा परास्त गर्न सकिंदैन । कोलम्बियाली सैनिक, प्रहरी र गुप्तचरहरू छापामारहरू-सँगको ३० वर्षभन्दा बेसी लामो हिंसात्मक संघर्षबाट आजित भइसकेका थिए । सैनिकहरूको प्रत्यक्ष युद्ध र अर्द्ध-सैनिक हत्यारा दस्ताको कम धनीभूत युद्धको क्रममा १० वर्षमा ४० हजार जनताको हत्या हुँदा पनि वामपन्थीहरूको सशस्त्र संघर्ष रोकिनुको सट्टा झन् झन् अपराजेय शक्तिको रूपमा स्थापित भइसकेको थियो । यसको पछाडि गरीब किसान र उत्पीडित मजदूरहरूसँग छापामारहरूको गहिरोसम्बन्ध तथा एफ.ए.आर.सी.को राजनीतिक कुशलता कारणको रूपमा लुकिरहेको देखिन्छ ।

स्मरणीय छ, सन् १९९३ मा त्यसले नयाँ कोलम्बियाको निर्माणका लागि तात्कालीन कार्यदिशाको रूपमा 'पुनर्निर्माण र राष्ट्रिय मेलमिलापको सरकार'सम्बन्धी नयाँ राजनैतिक प्रस्ताव देशभरि फैलाएको थियो । उक्त १० बूँदे प्रस्तावमा राष्ट्रिय समस्याको समाधान राजनैतिक तबरले गर्नुपर्ने, सैन्य शक्तिको संरचनालाई फेर्नुपर्ने, राजनैतिक र न्यायिक व्यवस्थालाई प्रजातन्त्रीकरण गर्नुपर्ने, जनमुखी अर्थतन्त्र अँगाल्नु पर्ने र राज्यलाई कार्यमुखी र जनमुखी बनाउनु पर्ने कुरा समावेश गरिएको थियो । यो नयाँ राजनैतिक प्रस्तावप्रति देशका धेरैजसो जनमुखी संघ-संगठनहरूले सहमति जनाएपछि एफ.ए.आर.सी.को राजनैतिक लोकप्रियता निकै बढेको थियो ।

**छापामार नेता मारूलांदाको बहुप्रचारित कुराकानीको क्रममा राष्ट्रपति पास्त्रानाले स्वीट्जरल्याण्ड जत्रो भूभागलाई 'असैनिक क्षेत्र घोषित गर्ने सहमति व्यक्त गरेका थिए**



*कुराकानीको क्रममा FRCA का नेता जोर्गे ब्रिकेनो राष्ट्रपति पास्त्राना, FRCA का प्रमुख नेता मारूलांदा र शान्ति कमिशनका भिक्टर रिकार्डो*

### *राष्ट्रपति र छापामार नेताबीच पहिलो पटक कुराकानी*

यसरी एफ.ए.आर.सी. राजनैतिक र सैनिक दृष्टिले अपराजेय शक्तिको रूपमा उदय भइरहेकै समयमा त्यहाँ वर्ताद्वारा देशमा शान्ति कायम गर्ने एकसूत्रीय कार्यक्रमका साथ आन्द्रेस पास्त्राना सन् १९९८ जून २१ मा राष्ट्रपति पदमा निर्वाचित भए । १५० वर्ष अगाडिदेखि पूँजीवादी शासन चलाइरहेका दुईवटा शासक दलहरूमध्ये एउटा दल कन्जरभेटिभ पार्टीका नेता पास्त्रानाले चुनावमा केही प्रमुख उच्च सैनिक अधिकारीहरू र ठूल्ठूला पूँजीपति वर्गको साथ पाएका थिए । सामाजिक सेवामा लगानी कम गर्ने र नवउदारवादी अर्थनीति लागू गर्ने घोषणाका साथ विजयी भएका पास्त्रानालाई शुरूदेखि नै अमेरिकी साम्राज्यवादको आशीर्वाद प्राप्त थियो ।

नव निर्वाचित पास्त्राना सरकारका प्रथम दिनहरू देशको अधिकांश भूभागमा फैलिएको सशस्त्र संघर्षको आगोको लप्का र करीब १० लाख किसान, मजदूर, कर्मचारी र विद्यार्थीहरूको सडक-संघर्षको हुरीबीच गुज्रिएका थिए । देशको आधाआधी भागमा कब्जा जमाइसकेका वामपन्थी छापामारहरूसँग शान्ति वार्ता शुरू गर्नुबाहेक ऊसँग अर्को विकल्प नै बाँकी थिएन । राष्ट्रपति पास्त्रानाले एफ.ए.आर.सी.को 'मुक्त इलाका'को रूपमा रहेको सान भिसेन्ते देल कागुअनमा गई एफ.ए.आर.सी.का संस्थापक नेता म्यानुयल मारूलांदा र छापामार प्रमुख जोर्गे ब्रिकेनोसँग प्रत्यक्ष कुराकानी गरेका थिए । यो बहुप्रचारित कुराकानीको क्रममा छापामार नेता मारूलांदाले शान्ति वार्ताको लागि ला उरिबे, मेसेतास, भिस्ता होर्मोसा, साना भिसेन्ते देल कागुअन र ला माकारेना नगरपालिका क्षेत्रबाट सैनिक र प्रहरी सम्पूर्ण रूपमा हटाउनुपर्ने माग राखेका थिए । वार्तामा राष्ट्रपति पास्त्रानाले स्वीट्जरल्याण्ड जत्रो ४२ हजार स्क्वायर किलोमिटर क्षेत्रफल भएको त्यो भूभागलाई 'असैनिक क्षेत्र' घोषित गर्ने, ए.एफ.आर.सी.माथि लाग्दै आएको 'आतंकवादी' र 'लागू औषध तस्कर'को आरोपबाट मुक्त गरी त्यसको राजनैतिक हैसियतलाई स्वीकार्ने सहमति व्यक्त गरेका थिए ।

शान्तिवार्ताका लागि भएको यो आश्चर्यचकित पार्ने खालको कुराकानीलाई दुवै छापामार संगठनहरूले क्रान्तिकारी परम्पराभित्रको कूटनीतिको एउटा पक्षको रूपमा लिएका थिए । आफ्नो राजनैतिक सन्देश सकेसम्म बेसी जनताबीच संचार गर्ने, जनतालाई सचेत र संगठित, संघर्षशील बनाउन र सशस्त्र जनयुद्धलाई उच्चस्तरमा पुर्‍याउन आवश्यक समय लिनका लागि शान्तिवार्तालाई उपयुक्त कार्यनीतिको रूपमा प्रयोग गर्ने नीति उनीहरूले लिएका थिए । उनीहरूले शान्तिवार्तामा विभिन्न जन-आन्दोलनका प्रतिनिधिहरू, मजदूर र किसान संगठनहरू, युद्धबाट उठीबास भएका लाखौं मानिसहरूका प्रतिनिधिहरू, मानव-अधिकार-वादीहरूलाई पनि समावेश गरिनुपर्ने माग गरेका थिए ।

पास्त्राना सरकार र छापामार संगठनहरूबीच भएको उक्त कुराकानी पहिलेपहिले कोलम्बियाभित्र र बाहिर भएका 'शान्तिवार्ता'हरूभन्दा निकै भिन्न थियो । यसमा सैनिक र राजनैतिक हिसाबले माथि परेका वामपन्थी छापामारहरूका शर्त र मागअनुसार कुराकानी गर्न पूँजीवादी राष्ट्रपति पास्त्राना विवश थिए । द्वैध-सत्ताको स्थितिबीच, गरीबहरूको राज्यको तर्फबाट मारूलांदाले र धनीहरूको राज्यको तर्फबाट पास्त्रानाले कुराकानी गरेको स्मरण गर्दै कोलम्बियाको सरकारका भूतपूर्व सुरक्षा सल्लाहकार अल्फ्रेडो रांगेल सुअरेज लेख्छन्- 'झन् झन् विजयी भइरहेका छापामारहरू र पराजयको मुख हेर्दै गरेका सैनिकहरूका प्रतिनिधिहरूबीच भएको कुराकानी दुईवटा सत्ताका प्रतिनिधिबीचको कुराकानी हो, त्यहाँ हतियार समर्पण गर्ने, छापामार दस्ता भंग गर्नेजस्ता कुरा हुनैसक्दैन । किनकि त्यहाँ यस्तो अपमानजनक कुरो उठेमा तुरून्तै नयाँ स्तरको युद्ध चर्किहाल्छ ।'

सैनिक उपायद्वारा छापामारहरूलाई परास्त गर्न नसकेपछि कोलम्बियाली पूँजीवादी शासकहरू 'शान्तिवार्ता'का लागि आतुर भएको र वार्ताद्वारा जनसेनालाई भंग गरी 'आफ्नो वर्गको लागि शान्ति

'कायम गर्न' हतारिएको तथ्य राख्दै एफ ए आर सी का एकजना नेता काल्देरों आफ्नो विश्लेषण यसरी प्रस्तुत गर्दछन्- 'एफ.ए.आर.सी.को लागि संवाद गर्नु भनेको कोलम्बियाली जनताले भोगिरहेका ठूल्ठूला राजनैतिक, आर्थिक र सामाजिक समस्याहरूको समाधानको दिशामा एक पाइला अगाडि बढ्नु हो । हो- एउटा अर्को पाइला, जनताको लागि सत्ता प्राप्त गर्ने दिशामा बढेको एक पाइला । तर यही एक पाइला नै सबै कुरा होइन नि ! यसको लागि संवाद, जन संघर्ष, सशस्त्र युद्धका उपायहरूलाई कहिले पनि त्याग्नु हुँदैन । हाम्रो संघर्ष र युद्ध तब मात्र अन्त्य हुनेछ, जब आर्थिक, राजनैतिक र सामाजिक परिवर्तनको चरण पूरा हुनेछ ।'

**इ.एल.एन.का नेताहरू र सरकारबीच जर्मनीमा संवाद भएको थियो, जसमा कोलम्बियाली कम्युनिष्ट पार्टी र प्याट्रियोटिक यूनियनका प्रतिनिधिहरूको पनि उपस्थिति थियो**



*आक्रमणको क्रममा इएलएनका छापामारहरू !*

एफ.ए.आर.सी.ले राष्ट्रपति पास्त्रानासँगको कुराकानीपछि प्रसारित गरेको वक्तव्यमा स्पष्ट शब्दमा भनेको थियो- 'हतियार समर्पण गर्ने र छापामार दस्ता भंग गर्नेजस्तो सवाल छलफलको विषय नै होइन । हाम्रा छापामारहरू र हतियारहरूले पछि हुने शान्तिवार्ताका बूँदाहरू लागू गर्ने काममा महत्वपूर्ण भूमिका खेल्नेछन् । ती बूँदाहरू लागू भइहाले भने पनि हामी हाम्रा हतियारहरू कोलम्बियाली जनतालाई सुम्पने छौं ।'

## *अर्को छापामार समूहको संघर्ष र कुराकानी*

कोलम्बियामा समाजवादी समाज स्थापनाका लागि सशस्त्र संघर्ष गरिरहेको अर्को छापामार समूह- नेशनल लिबरेशन आर्मी (ELN) सँग पनि पास्त्राना सरकारले सन् १९९८ को अक्टोबरतिर शान्तिवार्ताका लागि कुराकानी चलाएको थियो । उत्तरी कोलम्बियास्थित इ.एल.एन.का छापामारहरूद्वारा नियन्त्रित क्षेत्रमा भएको दुईपक्षीय कुराकानीको क्रममा राष्ट्रिय भेलाहरू गर्ने सहमति कायम गरिएको थियो । सन् १९९९ मा इ.एल.एन., सरकार, यूनियन, पार्टी, मानवअधिकार संगठन र कोलम्बियाली समाजका विभिन्न तप्काहरूका प्रतिनिधिहरूबीच राष्ट्रिय संकटका कारणहरू र समाधानका उपायहरू पहिल्याउन भेलाहरू गर्ने सोचाइ बनाइएको थियो, तर सरकारले भेनेजुयलाको वार्तामा सुरक्षाको समस्या देखाएको कारणले ती भेलाहरूको आयोजना भएनन् ।

इ.एल.एन.का नेताहरू र सरकारबीचका प्रतिनिधिबीच मध्य जुलाईतिर जर्मनीको माइन्ज शहरमा पनि संवाद भएको थियो, जसमा कोलम्बियाली कम्युनिष्ट पार्टी र प्याट्रियोटिक यूनियनका प्रतिनिधिहरूको पनि उपस्थिति थियो । त्यसमा इ.एल.एन.का नेताहरूले एफ.ए.आर.सी.लाई जस्तै आफ्नो संगठनको प्रभुत्व रहेको क्षेत्रलाई पनि सरकारले 'असैनिक क्षेत्र' घोषणा नगरिएसम्म शान्तिवार्ता नहुने विचार प्रस्तुत गरेका थिए । यो माग करिब दुईवर्ष पछाडि हालै मात्र पूरा गरिएको छ, जसअनुसार ४८ सय स्क्वायर किलोमिटर भूभागमा इ.एल.एन.ले आफ्नो शासन चलाउने वैधानिक अधिकार सरकारबाटै पाएको छ ।

आफूलाई पूँजीवादीहरूको मुखपत्र मान्ने ब्रिटिश साप्ताहिक 'इकोनोमिष्ट'ले इ.एल.एन.सँग वार्ता गरी त्यसलाई पनि असैनिक क्षेत्र दिइएको प्रसंगलाई 'पास्त्रानाको कूटनीति'को रूपमा ब्याख्या गरेको छ । कोलम्बियाको सबैभन्दा ठूलो र अपराजेय छापामार संगठन एफ.ए.आर.सी. लाई सबैभन्दा पहिले राजनैतिक र सैनिक क्षेत्रबाट किनारा लगाउनका लागि आवश्यक समय, स्रोत, साधन र अमेरिकी सहयोग जुटाउने र सानो समूह इ एल एन को मुख बन्द गर्ने र उनीहरूको आक्रमण बन्द गर्ने कार्यनीति अन्तर्गत यो चाल चालिएको हो- इकोनोमिष्ट लेख्छ ।

## *एकसाथ संघर्ष र कुराकानी*

कोलम्बियाको पूँजीवादी सत्तामाथि छाएको अभूतपूर्व संकट टार्न पूँजीपति वर्गको प्रतिनिधित्व गर्ने राष्ट्रपति पास्त्रानाले आफ्ना शत्रुहरूका रूपमा रहेका छापामारहरू विरूद्ध एकसाथ 'दण्ड र पुरस्कारको नीति' लिएकोमा कुनै अनौठोपना देखिँदैन । एकातिर शान्तिवार्ता गर्ने, असैनिकृत क्षेत्र घोषणा गर्ने, छापामारहरूलाई राजनैतिक शक्तिको रूपमा स्वीकार्ने, अर्कोतिर, सैनिक र अर्द्ध-सैनिक दस्ता प्रयोग गरी छापामारहरूलाई समर्थन र सहयोग गर्ने असैनिक नागरिकहरूको दैनिक सरदर १० जनाको दरले हत्या गरी दमन अभियानलाई सुचारू रूपमा चलाइराख्ने ! - पास्त्राना सरकारको यो द्वैधनीतिको पछाडि सिंगो कोलम्बियाली पूँजीपति वर्ग र अमेरिकी साम्राज्यवादको चाल लुकिरहेको दृष्य स्पष्ट रूपमा देखिन्छ ।

यसबीच, एकातिर कोलम्बिया, पास्त्राना सरकार र छापामारहरूबीच ठूलाठूला सशस्त्र संघर्ष र अर्कोतिर, शान्ति-वार्ताको तयारीका लागि कुराकानीको चरणबाट गुज्रियो । पटक-पटकको कुराकानीपछि कोलम्बियाली क्रान्तिकारी शक्तिहरूको जनसेना (एफ.ए.आर.सी.) र पास्त्राना सरकारबीच २०५५, पुस २३ गतेदेखि औपचारिक रूपमा शान्तिवार्ता शुरू भएको थियो । छापामारहरूद्वारा नियन्त्रित क्षेत्रमा रहेको सान भिसेन्ते देल कागुअनबाट ५० मील पूर्वमा रहेको माचाका नामक स्थानमा भएको सो शान्तिवार्तामा राष्ट्रपति पास्त्राना र उनका प्रतिनिधि भिक्टर रिकार्डो अनि एफ.ए.आर.सी.का केन्द्रीय नेताहरूमा राउल रेएस, जोक्वीन गोमेज र फेबियन रामिरेजले भाग लिएका थिए ।

विश्वप्रसिद्ध साहित्यकार गाब्रियल गार्सिया मार्खेजदेखि देशी-विदेशी मानव अधिकारवादी कार्यकर्ताहरूको समेत सहभागितामा भएको त्यस शान्तिवार्तामा 'कोलम्बियाली जनताले भोगिरहेका अकथनीय सामाजिक, आर्थिक र राजनैतिक समस्या सामूहिक रूपले हल गर्ने' समझदारी बनाइएको थियो । एफ.ए.आर.सी.का नेताहरूले आगामी वार्ताको लागि दुवै पक्षले युद्धबन्दीहरू आदान-प्रदान गर्नुपर्ने र अर्द्ध-सैनिक हत्यारा दस्तालाई सरकारले भंग गर्नुपर्ने शर्त राखेका थिए ।

स्मरणीय छ, यसबेला सरकारले ५०० भन्दा बेसी छापामारहरू र त्यसका समर्थकहरूलाई जेलमा थुनिराखेको छ भने एफ.ए.आर.सी. ले ३०० भन्दा बेसी सैनिक र प्रहरीलाई युद्धबन्दी बनाइराखेको थाहा भएको छ । डेढ वर्षदेखि निकै ढिलो गतिमा चलेको शान्ति-वार्ताको क्रममा युद्धबिरामको विषयमा पनि छलफल हुनथालेको अपुष्ट समाचार आएतापनि 'सामाजिक न्यायसहितको शान्ति' को प्राप्तिको दिशामा कुनै ठोस कदम चालिएको खबर प्राप्त भएको छैन ।

एकातिर, यसरी शान्ति-वार्ता चलिरहेको छ भने अर्कोतिर, युद्ध पनि घमासान रूपले अगाडि बढिरहेकै छ, विशेष गरी असैनिकृत क्षेत्रभन्दा बाहिरतिर ! 'युद्ध र शान्तिको प्रक्रिया' एकसाथ चलिरहेको देखेर शान्ति-वार्ताका सहभागी लेखक गाब्रियल गार्सिया मार्खेजले स्पष्ट शब्दमा भनेका छन् - "राष्ट्रपति पास्त्रानाद्वारा शुरू गरिएको शान्ति-वार्ताको प्रक्रिया तथा एफ.ए.आर.सी. र इ.एल.एन.ले देखाएको सदिच्छा, सद्भाव र सक्रियता शान्तिप्राप्तिको दिशामा

देखिएको सह्राहनीय र सकारात्मक पक्ष हो । अहिले हामीलाई चाहिएको महत्वपूर्ण कुरा 'कोसेली-शान्ति' होइन, बरू सामाजिक न्यायसहितको शान्ति सिर्जना गर्ने क्षमता र प्रक्रिया हो ।"

निश्चित रूपमा सामाजिक न्यायसहितको शान्ति जनताको सचेतना, संगठितपना र संघर्षशीलताबाट मात्रै प्राप्त गर्न सकिन्छ । यसकै सुनिश्चितताका लागि मार्खेजका देशवासीहरूले समाजवादी क्रान्ति गर्ने सुनौलो सपना बोकेर कानूनी संघर्ष, सडक संघर्ष र सशस्त्र संघर्षजस्ता जनसंघर्षका विविध स्वरूपहरू अपनाइरहेका छन् । बढ्दो अमेरिकी सैनिक हस्तक्षेप र कोलम्बियाली सैनिक-अर्धसैनिक हिंसा, आतंकका बावजूद सन् १९९६ देखि ती संघर्षहरूले थप गहिराइ, घनत्व र उच्चता प्राप्त गरिरहेका छन् ।

अहिले एकातिर, अक्सिडेन्टल पेट्रोलियम जस्ता बहुराष्ट्रिय कम्पनीहरूको शोषणविरूद्ध उवा आदिवासीहरूको कानूनी र शान्तिपूर्ण संघर्ष चलिरहेको छ । यस्ता संघर्ष गर्नेहरूमा नागरिक समाज र सुधारवादी शक्तिहरू बेसी क्रियाशील छन् । अर्कोतिर किसान, मजदूर, विद्यार्थी र कर्मचारीहरू अत्यधिक रूपमा हडताल र सडक संघर्षमा केन्द्रित छन् । सशस्त्र संघर्षको आगोको रापबीच हुर्केको सडक संघर्षले १९९६ देखि अन्तर्राष्ट्रिय मुद्रा-कोषपक्षीय सरकारको नव-उदारवादी अर्थनीतिविरूद्ध शक्तिशाली जनउभार खडा गरिरहेको छ । सन् १९९७ देखि १९९९ सम्ममा ४१ वटा ठूल्ठूला हडताल र राष्ट्रव्यापी संघर्षहरू गर्ने सफल भएका मजदूर संगठनहरूले गत वर्ष मात्रै १३ वटा ठूल्ठूला देशव्यापी संघर्षहरू



FARC का एक सशस्त्र महिला छापामार

बाँकी ४२ पेजमा

### कोलम्बियाली सरकार बचाउन मुद्राकोष र अमेरिका

पूँजीपति वर्गको शान्ति र सुव्यवस्थामा कोलम्बियाली जनता र छापामारहरूले खलल पुऱ्याउन थालेको सन्दर्भमा त्यसको प्रतिरोध गर्न कोलम्बियाली सरकारले चारैतिर हारगुहार माग्न थालेको देखिएको छ ।

यसै क्रममा संकटग्रस्त पूँजीवादी सत्तालाई संकटबाट उबार्न अमेरिकाको निर्देशनमा अन्तर्राष्ट्रिय मुद्रा कोषले गत वर्ष साउनमै ३ अरब डलर आपतकालीन ऋण दिएको थियो । त्यस्तै, विश्वका ठूल्ठूला बैंक, बहुराष्ट्रिय कम्पनीहरूले पनि त्यहाँको पूँजीवादी सत्तालाई बचाउन आ-आफ्नो ढुकुटी खोल्न थालेका छन् ।

अमेरिकाले मात्रै १९९९ मा त्यसको लागि दैनिक १० लाख डलर सहयोग दिएको थियो, जुन रकम १९९८ को तुलनामा ३ गुना बेसी हो । कोलम्बियालाई १९९७ मा ८ करोड डलर सहयोग दिने अमेरिकाले १९९८ मा ८.८६ करोड र १९९९ मा २८.९ करोड डलर अनि सन् २००० का लागि १.५ अरब डलर सहयोग दिन खोज्दैछ, जुन सहयोग देखेर कोलम्बियाली रक्षामन्त्री रोड्रिगो लोरदा समेत अवाक् भएका छन् ।

अमेरिकी विद्वान नोम चोम्स्कीका अनुसार, १९९९ मै कोलम्बिया अमेरिकाको सैनिक र प्रहरीसम्बन्धी सहयोग र आर्थिक 'सहयोग' पाउने विश्वका मुलुकहरूमध्ये तेस्रो राष्ट्र भइसकेको थियो । विगतमा इजरायल र इजिप्टपछि सबैभन्दा बेसी अमेरिकी सहयोग पाउने राष्ट्र टर्की थियो । तर त्यहाँ बलियो बामपन्थी शक्ति सडक र जंगलमा विभाजित भएपछि र कुर्द विद्रोहको नेतृत्व गरिरहेको कुर्दिश वर्कर्स पार्टी (PKK) कमजोर भएपछि अमेरिकाले टर्कीबाट कोलम्बियातिर आफ्नो ध्यान केन्द्रित गरेको थियो । अब बेसी अमेरिकी सैनिक सहयोग पाउने तेस्रो राष्ट्र भइरहेको कोलम्बियामा लागू औषधको तस्करी विरूद्ध 'छद्म युद्ध' चर्कियो भने छिट्टै नै दोस्रो अनि पहिलो राष्ट्र हुनेवेर छैन । अमेरिकी सहयोग पाउने ल्याटिन अमेरिकी मुलुकहरूमा १९९० देखि नै पहिलो पंक्तिमा रहेको कोलम्बियामा



# कोलम्बियामा अमेरिकी हस्तक्षेप

क्लिन्टनको नयाँ हस्तक्षेपकारी योजना 'कोलम्बिया प्लान' लागू भएमा त्यहाँ सैनिक र आर्थिक 'सहयोग' को बाढी नै आउने निश्चितप्रायः छ ।

यहाँ के कुरा उल्लेखनीय छ भने, अमेरिकी 'आर्थिक सहयोग' बापत आउने सबै रकमहरूमध्ये ९० प्रतिशत रकम त सैनिक॰ प्रशिक्षण, हातहतियारको खरिद र लडाकू हेलिकोप्टर, बमवर्षक प्लेन र राडार खरिदमा खर्च गरिँदै आएको छ । अमेरिकी जनताबाट करको रूपमा उठाइएको उक्त विशाल धनराशि अमेरिकाले कोलम्बियालाई 'सहयोग' स्वरूप दिएको देखिए पनि सबैजसो रकम अमेरिकातिरै फर्कन्छ, विशेष गरी पूँजीपतिहरूको ढुकुटीमा । किनकि सहयोगसँगै जोडिएको शर्तमा स्पष्ट शब्दमा भनिएको छ - "सैनिक प्रशिक्षण, हेलिकोप्टर र प्लेन खरिदमा अमेरिकालाई नै विशेष प्राथमिकता दिइनेछ ।"

विगत सय वर्षभन्दा बेसी समयदेखि कोलम्बियाको पूँजीवादीकरणबाट फाइदा लुट्दै आइरहेका अमेरिकी एकाधिकार पूँजीपतिहरू जुनसुकै मूल्यमा पनि, जहाँ पनि युद्ध र गृहयुद्ध चाहन्छन् । दोस्रो विश्वयुद्धबाट विशाल सम्पत्ति जोड्न सफल भएका ती परजीवीहरूलाई राम्ररी थाहा छ - कोरिया, भियतनाम, इराक, इरान, युगोस्लाभियादेखि कोलम्बियासम्म, जहाँसुकै युद्ध र गृहयुद्धहरू भएपनि आफूहरू त मालामाल भइन्छ नै । त्यसैले जुनसुकै निहुँमा किन नहोस्, उनीहरू युद्ध चाहन्छन्, जसरी भएपनि युद्धको आगो फैलियोस् भन्ने चाहन्छन् उनीहरू । चाहे त्यो अल्पसंख्यकहरूमाथि भएको दमनको निहुँमा होस्, चाहे सानो देशलाई निलेको, प्रजातन्त्र र मानव अधिकार बहालीको निहुँमा होस् !

र, अहिले गरीब र धनीहरूबीच, उत्पीडित र उत्पीडकहरूबीच, पूँजीवादी र समाजवादीहरूबीच कोलम्बियामा चलिरहेको ३६ वर्ष लामो गृहयुद्धमा पनि छापामारहरूलाई 'लागू औषध तस्कर'को आरोप लगाउँदै 'लागू औषधविरोधी युद्ध' (Drug War) छेड्ने नाममा अमेरिकी साम्राज्यवादले सैनिक हस्तक्षेप गर्दै आइरहेको छ । यो हस्तक्षेपलाई अझ तीव्र, बिस्तृत र गहिरो पार्न, सके भियतनाममा जस्तै सैनिक आक्रमणकै रूप दिन अमेरिकी एकाधिकार पूँजीपतिहरू ज्यान छाडेर लागिरहेका छन् । अमेरिकी संचार, संसद, सरकारबीच कोलम्बियामा सैनिक आक्रमण लागि आर्थिक र सैनिक सहयोगका लागि, विशेष गरी हातहतियार, लडाकू हेलिकोप्टर र बमवर्षक प्लेनका निर्माता पूँजीपतिहरू आफ्नो स्वार्थको पक्षमा 'लबीङ्ग' गर्न व्यस्त छन् ।

### एकाधिकारीहरूको युद्ध-पिपाशाको झलक

हातहतियारसम्बन्धी दैत्याकार अमेरिकी बहुराष्ट्रिय कम्पनी लकहीड मार्टिन (Lockheed Martin) ले लाखौं डलर लगानी गरी डेमोक्रेटिक पार्टीका मत सर्भेक्षक मार्क मेलम्यानमार्फत् एउटा ठूलो मत सर्भेक्षण गराएको थियो । त्यस सर्भेक्षणको क्रममा कोलम्बियाली लागू औषधको तस्करीले गर्दा अमेरिकी

## हतियार निर्माताहरू र बहुराष्ट्रिय कम्पनीहरूको माग अनुसार अमेरिकी आक्रमण भएमा के होला ?

# किन र कसरी ?



**FARC ले अमेरिकी जासूसी प्लेन खसालेकै बेला 'ड्रग युद्ध'का एक नाइके मेक्काफ्रेइ कोलम्बियाको भ्रमणमा**

जनता लागू पदार्थबाट आक्रान्त भएको र त्यसविरूद्ध युद्ध संचालन गर्नका लागि लागू औषधका तस्करहरूको बाटो पहिल्याउनसक्ने राडारयुक्त प्लेनहरू किन्न सरकारले २ अरब डलर खर्च गर्नुपर्ने आम राय रहेको 'तथ्यांक' प्रस्तुत गरिएको थियो ।

स्मरणीय छ, P-३ राडार प्लेनको निर्माता बहुराष्ट्रिय कम्पनी लकहीड मार्टिनले चुनावमा राष्ट्रपति बिल क्लिन्टनको डेमोक्रेटिक पार्टी र रिपब्लिकन पार्टीलाई लाखौं डलर सहयोग गरेको थियो । यसैको प्रतिफल पाउन त्यसले यो मिथ्यांक र मिथ्या सर्भेक्षणमार्फत् जनमत सिर्जना गर्ने र राष्ट्रपति एवं संसदलाई दवाब दिने कार्यमा तीव्रता ल्याइरहेको छ ।

Bell Huey नामक लडाकू हेलिकोप्टरको निर्माता अमेरिकी बहुराष्ट्रिय कम्पनी- टेक्स्ट्रोन र Black Hawk नामक लडाकू हेलिकोप्टरको निर्माता अमेरिकी बहुराष्ट्रिय कम्पनी - यूनाइटेड टेक्नोलोजीज् कर्पोरेशनले कोलम्बियाको गृहयुद्धमाथि प्रत्यक्ष सैनिक हस्तक्षेप गर्न अमेरिकाको शासक वर्गबीच आक्रामक ढंगले लबीङ्ग गरिरहेका छन् । संघीय चुनावी रिकर्डअनुसार ती दुवै बहुराष्ट्रिय कम्पनीहरूले १९९७ र १९९९ मा १२.५ लाख डलरका दरले सत्ताधारी र विपक्षी पार्टीलाई चुनावमा रकम उपलब्ध गराएका थिए ।

यूनाइटेड टेक्नोलोजीज कर्पोरेशनले १९९९मा मात्रै आफ्नो हित चिताउने रिपब्लिकन पार्टीको सट्टा सत्तासीन डेमोक्रेटिक पार्टीका विभिन्न कमिटीहरूलाई चारवटा चेकमार्फत् १ लाख २५ हजार डलर रकम उपलब्ध गराएको तथ्य 'न्यूजवीक'ले प्रकाशमा ल्याएको छ । क्लिन्टनको 'कोलम्बियासम्बन्धी अमेरिकी प्याकेज' को घोषणा हुनु ११ दिन अगाडि मात्रै त्यसले ७५ हजार डलर रकम राष्ट्रपतिको पार्टी खातामा राखेको थियो र कोलम्बिया मामिलासम्बन्धी सल्लाहकार तथा सिनेटर क्रिस्टोफर डोडमार्फत घनीभूत रूपमा लबीङ्ग गरेको थियो । यसैको फलस्वरूप राष्ट्रपति क्लिन्टनले कोलम्बिया पठाउन ३० वटा नयाँ Black Hawk लडाकू हेलिकोप्टर बनाउन ४० करोड डलर छुट्याएका छन्, जसको अधिकांश रकम त्यही कर्पोरेशनको खल्तीमा जाँदैछ ।

क्लिन्टनको कोलम्बियासम्बन्धी नयाँ हस्तक्षेपकारी कार्ययोजना अन्तर्गत नै यस्ता ठूल्ठूला अमेरिकी बहुराष्ट्रिय कम्पनीका पूँजीपतिहरूले मह चाट्ने सुअवसर पाएका हुन् ।

प्रसिद्ध अमेरिकी साप्ताहिक खबर पत्रिका 'न्यूजवीक' मा मिखाइल इसिकोफ्फ र ग्रिगोरी भिस्तिकाले कोलम्बियाका लागि पठाइएको अमेरिकी आर्थिक, सैनिक सहयोगमा भएको 'फोहोरी लेनदेन' को झाँकी स्पष्ट रूपमा राखेका छन् । त्यस झाँकी अनुसार १९९७ देखि क्लिन्टनको सत्तासीन पार्टीलाई १८ लाख डलर सहयोग दिने लकहीड मार्टिन कम्पनीले राडार प्लेनहरू मर्मत र बिक्रीबापत ६८ लाख डलरको काम पाएको छ भने ७ लाख ३३ हजार डलर चन्दा दिई यूनाइटेड टेक्नोजोलीज कर्पोरेशनले आफ्नो लडाकू हेलिकोप्टरको निर्माण र बिक्री वापत ४० करोड डलर र ६ लाख ४४ हजार ४ सय डलर अनुदान दिने टेक्स्ट्रोन कम्पनीले लडाकू हेलिकोप्टरको निर्माण र बिक्री वापत ५४ लाख डलर कमाउने अवसर पाएका छन् ।

'न्यूजवीक'को रिपोर्ट अनुसार प्राकृतिक स्रोत-साधनको धनी राष्ट्र कोलम्बियामा तेल उत्पादनका लागि करोडौं डलर लगानी गरिहेको अर्को बहुराष्ट्रिय कम्पनी अक्सीडेण्टल पेट्रोलियमका मालिकहरूले पनि अमेरिकाले कोलम्बियामा बेसी हस्तक्षेप गर्न दबाव दिइरहेका छन् । उत्तरी कोलम्बियास्थित उवा आदिवासी क्षेत्रको भूमिभित्र रहेको १.३ अरब ब्यारल तेलमाथि एकाधिकार जमाउन, त्यहाँका ५ हजार आदिवासीहरूलाई उठीबास गर्न र तेलको पाइप लाइनमाथि सयौं पटक आक्रमण गर्ने इ.एल.एन. र एफ.ए.आर.सी.का छापामारहरूलाई सखाप पार्न त्यस कम्पनीले अमेरिकी सैनिक हस्तक्षेपको आग्रह गरेको हो ।

स्मरणीय छ, अमेरिकी उपराष्ट्रपति अल गोर र उनका पिता सिनेटर अल्बर्ट गोर सिनियरको संबन्ध अक्सिडेन्टल पेट्रोलियम कम्पनीसँग नङ र मासुझैं गाँसिएको छ । 'अक्सिडेन्टल पेट्रोलियमका सिनेटर'का रूपमा कुख्यात अल्बर्ट गोर सिनीयर त्यस कम्पनीको उपाध्यक्ष र बोर्ड सदस्यसमेत भएको र उपराष्ट्रपति अल गोरको पनि त्यसमा करीब ५ लाख डलरको शेयर रहेको, अनि त्यस कम्पनीका संस्थापक अर्माण्ड ह्याम्मरसंग उनको घनिष्ठ सम्बन्ध रहेको खबर छ ।

'वर्कर्स वर्ल्ड' नामक अमेरिकी साप्ताहिक पत्रिका अनुसार त्यस कम्पनीका अध्यक्ष तथा प्रमुख कार्यकारी निर्देशक राय इरानीले आफ्ना मित्रहरू क्लिन्टन र गोरलाई ह्वाइट हाउसभित्रै अब्राहम् लिंकनको बेडरूममा १९९६ मा १ लाख डलर डेमोक्रेटिक नेशनल कमिटीको नाममा चन्दा दिएका थिए ।

यी सबैको प्रतिफल पाउन कोलम्बियामा अमेरिकी हस्तक्षेपलाई निम्त्याइरहेका अक्सिडेन्टल पेट्रोलियम जस्ता बहुराष्ट्रिय कम्पनीहरूको मागअनुसार हस्तक्षेप अझ तीव्र भएमा एकातिर, स्वयं उपराष्ट्रपति अल गोरलाई पनि निकै धेरै व्यक्तिगत आर्थिक लाभ हुने देखिन्छ । अर्कोतिर, राष्ट्रपति पदको चुनावमा अल गोरसँग टक्कर लिइरहेका रिपब्लिकन नेता जुनियर जर्ज बुशले पनि धेरै फाइदा लिने देखिन्छ किनकि आफूसँग जोडिएका Shell र BP Texaco जस्ता तेलसम्बन्धी बहुराष्ट्रिय कम्पनीहरूले कोलम्बियामा गरिरहेको लुटबाट उनले पहिलेदेखि नै फाइदा उठाइरहेकै छन् । 'तेलसम्बन्धी दैत्याकार बहुराष्ट्रिय कम्पनीका प्रतिनिधि' जस्ता देखिने यी दुई प्रतिस्पर्धीहरूमध्ये राष्ट्रपतिको चुनावमा जो जिते पनि कोलम्बियाप्रतिको अमेरिकी साम्राज्यवादी नीतिमा कुनै हेरफेर आउने संभावना देखिँदैन ।

### *एकाधिकारीहरूको हातमा छ- सरकार र विदेश नीति !*

प्रख्यात अमेरिकी विद्वान फेलिक्स ग्रीनका अनुसार अमेरिकी सरकार भनेको अमेरिकी जनतामाथि शासन गरिरहेका उद्योगपति र व्यापारीहरू, समग्रमा भन्दा, एकाधिकारी पूँजीपति वर्गको प्रतिनिधित्व गर्दै शासन गर्ने कार्यकारिणी समिति मात्रै हो । यस्तो पूँजीवादी सरकारले एकाधिकारी पूँजीपति वर्गको हक, हित र स्वार्थका लागि घरेलु तथा विदेश नीति लागू गर्ने काम बाहेक अरू के नै गर्न सक्छ र ?

आफ्ना पूँजीपतिहरूको केवल तेलको स्वार्थ पूरा गर्न दशौं वर्षसम्म इरान-इराकलाई भिडाउने, खाडी युद्धमा इराकको सर्वनाश गर्ने अमेरिकी साम्राज्यवादले ल्याटिन अमेरिकामाथि पनि मध्यपूर्वकै जस्तो दुर्भाग्यलाई थोपर्न बेर छैन । किनकि कोलम्बिया, भेनेजुयला, ब्राजिल र इक्वेडरजस्ता ल्याटिन अमेरिकी मुलुकहरूले अहिले अमेरिकालाई सिंगो मध्यपूर्वले भन्दा बेसी तेल निर्यात गरिरहेका छन् । कोलम्बियाबाट दैनिक रूपमा भइरहेको

२ लाख ६० हजार ब्यारल तेलको आपूर्तिलाई निर्बाध रूपमा जारीराख्न र सिंगो कोलम्बियाको स्रोत साधनमाथि कब्जा जमाइराख्न आक्रामक, हिंस्रक र अमानवीय विदेशी नीति लिन पनि उसले हिच्किचाहट महसूस गर्ने स्थिति कहींकतै छैन ।

यसै सन्दर्भमा स्ट्याण्डर्ड आयल कंम्पनी न्यूजर्सीका कोषाध्यक्ष लियो डी वेल्शको खसोखास भनाइ सान्दर्भिक देखिन्छ -"हाम्रो विदेशी नीति विदेशहरूमा लगानी गरिएको हाम्रो पूंजीको सुरक्षा एवं स्थिरताको बारेमा सबैभन्दा बेसी सजग हुनेछ ।"

अमेरिकी सरकार आफ्ना एकाधिकारी पूंजीपति वर्गको स्वार्थप्रति कति सचेत, सतर्क र सजग छ भन्ने कुरा उसका हरेक आचरण र अभिव्यक्तिहरूबाट छर्लङ बुझिन्छ । अमेरिकी उप विदेश मन्त्री राण्ड बीयर्सले कोलम्बियाली अखवार EL Espectador लाई दिएको अन्तर्वार्तामा खुलस्त भनेका छन् - 'कोलम्बियाली छापामारहरूको बृद्धिले कोलम्बियाको प्रजातन्त्रका साथसाथै अमेरिकी लगानीलाई, विशेष गरी, पेट्रोलियम पदार्थ (तेल)को उत्पादनमा गरिएको अमेरिकी लगानीलाई खतरा पुऱ्याइरहको छ ।

साम्राज्यवादको आधारभूत प्रेरणा सूत्र हो - बेसीभन्दा बेसी नाफा कमाउनु, त्यसलाई विस्तार गर्नु र आधिपत्य जमाउनु । - हो, यही अत्याधिक लाभका लागि आफ्ना एकाधिकारी पूंजीपति वर्गको इशारामा क्लिन्टन महोदयको नेतृत्वमा अमेरिकी साम्राज्यवादले आफ्नो आक्रामक विदेश नीति अन्तर्गत पहिलेदेखि गरिदै आएको सैनिक हस्तक्षेपलाई अझ बेसी आक्रामक बनाउने प्रयत्न गर्दैछ । 'कभर्ट एक्शन क्वार्टली' का अनुसार तेल कम्पनीहरूको प्रायोजनमा हुने भावी युद्धका लागि अमेरिकी साम्राज्यवाद र उसको कुख्यात गुप्तचर संस्था -सी.आई.ए.ले बम, बुलेट र रासायनिक हतियार मात्रै होइन, दुस्प्रचारको जालो र कम घनीभूत युद्धलाई अझ बेसी नराम्ररी प्रयोग गर्नेछन् ।

## *'अमेरिका आऊ, प्रजातन्त्र बचाऊ'*

अहिले कोलम्बियाभित्र पनि प्रत्यक्ष अमेरिकी सैनिक हस्तक्षेपको लागि वातावरण बनाईदैछ । सी.आई.ए.को लगानीमा चल्ने र पूंजीपति वर्गको हातमा रहेका संचार माध्यमहरू तथा सरकारी सैनिक अधिकारीहरूदेखि अर्द्ध-सैनिक हत्यारा दस्ताहरू एकसाथ चिच्याउंदै छन् - 'अमेरिका आऊ, देश बचाऊ, प्रजातन्त्रलाई रक्षा गर ।'

२० वटा अर्द्ध-सैनिक हत्यारा दस्ताहरूको छाता संगठन (United Self-Defense Group of Colombia -UAC) ले गत दुई वर्षदेखि नै कोलम्बियामाथि प्रत्यक्ष अमेरिकी हस्तक्षेपको माग गर्दैआइरहेको छ । राजधानी बोगोटास्थित अमेरिकी राजदूतसमक्ष त्यसले पटकपटक अपील गरेको छ - कोलम्बियाली गृहयुद्धमा अमेरिकाको भूमिकालाई बढाउनु पऱ्यो, छापामारहरूको बृद्धिलाई रोक्न सबै उपाय प्रयोग गर्नु पऱ्यो, नभए उनीहरूलाई वार्ताको टेबुलमा भए पनि ल्याएर निशस्त्र पार्नु पऱ्यो ।

उल्लेखनीय छ, सी आई ए ले त्यहाँ कम घनीभूत युद्ध (Low-Intensity Warfare) लड्ने क्रममा कोलम्बियाली सैनिक शक्ति, लागू औषधका तस्करहरू पाब्लो इस्कोबार र जोर्गे ओचोको गिरोह र बहुराष्ट्रिय कम्पनीहरूको साथ लिएर दर्जनौं दर्जन अर्द्धसैनिक हत्यारा दस्ताहरू गोप्य रूपमा बनाएको थियो । ती हत्यारा दस्ताहरूले विगत १०-१२ वर्षमा मात्रै ४० हजार मजदूर, किसान, विद्यार्थी, पत्रकार, मानव अधिकार कार्यकर्ता र छापामार समर्थकहरूको निर्मम हत्या गरिसकेका छन् भने १५-२० लाख जनतालाई घर र जमीनबाट वेदखल गरीसकेका छन् ।

'कभर्ट एक्शन क्वार्टली' का अनुसार कोलम्बियाली सैनिकहरूले छापामाहरूलाई परास्त गर्न नसकेपछि क्लिन्टन महोदयको स्वीकृतिमा, अमेरिकी सैनिक र सी. आई.ए.को सहयोगमा यस्ता अर्द्धसैनिकका ५ हजारभन्दा बेसी पेशेवर हत्यारा छापामार र तिनका समर्थक सामान्य जनहरूमाथि अत्यन्त आक्रामक कारवाही थालिरहेका छन् ।

यसैको प्रत्युत्तरस्वरूप केही समयअगाडि एफ.ए.आर.सी. र इ.एल. एन.का छापमारहरूले एक संयुक्त कारबाही गर्ने क्रममा अर्द्ध सैनिक हत्यारा दस्ताहरूको छाता संगठन AUC को हेडक्वार्टर पूरै ध्वस्त पारिदिएका छन् । नुदो दे पारामिलो नामक स्थानमा रहेको हेडक्वार्टरमा अचानक छापामार आक्रमण हुँदा त्यसको कुख्यात नेता कार्लोस कास्तानोको भाइ तथा त्यसको दोस्रा नेता एल अलेमान 'दि जर्मन' लगायत सयौं हत्याराहरूको मृत्यु भएको छ । कार्लोस कास्तानो भने कोलम्बियाली सैनिकहरूको हस्तक्षेपका कारणले रौंरौंबाट मात्रै बच्न सफल भएको खबर छ । लागू औषधको तस्कर गिरोह 'काली कार्टेल' सँग जोडिएको, हजारौं जनताको हत्याको अभियोगमा गिरफ्तारीको वारेन्ट काटिएको र अहिलेको विश्वको सबैभन्दा डरलाग्दो हत्यारो कार्लोस कास्तानोलाई बचाउन सैनिकहरू किन अघि सरे ? -कोलम्बियाली नागरिकहरू यस्तो प्रश्न सोध्दै लागूऔषधी तस्कर, हत्यारा दस्ता, सेना र अमेरिकाको लगनगाँठोको बारेमा बुझ्ने प्रयत्न गर्दैछन् । लागू पदार्थको तस्करीको मामिलामा अर्धसैनिक दस्तादेखि कोलम्बियाली र अमेरिकी सेना, सि.आई.ए. र सिंगो अमेरिकी साम्राज्यवाद नै चुर्लुम्म डुबिरहेका तथ्यहरूको कुनै अभाव छैन । यी सबै तथ्यहरू देखेर प्रख्यात अमेरिकी अखबार 'न्यूयोर्क टाइम्स'ले लेखेको थियो -. 'अमेरिका विश्वमै सबैभन्दा बेसी लागू पदार्थको अवैध धन्दा गर्ने देश बनिसकेको छ ।' *(जनवरी १२, १९९०)*

**कोलम्बियाली राष्ट्रपति पास्त्रानाले अमेरिकी साप्ताहिक न्यूजवीक र अर्जेन्टिनाको अखबार Clarin मा खुलस्तै भनिसकेका छन्- 'एफ.ए.आर.सी.का छापामारहरू लागू पदार्थको तस्करीमा संलग्न रहेको कुनै प्रमाण छैन । ...म लागू पदार्थका तस्करहरूसंग कहिले पनि कुराकानी गर्दिनँ ।'**

तापनि अमेरिकाले लाजै नमानी लागू पदार्थको तस्करीविरूद्ध युद्ध (ड्रग वार) चलाइरहेको छ । यो 'ड्रग वार' विशेषगरी कोलम्बियामा एफ.ए.आर.सी. र इ.एल.एन.का छापामारहरूको विरूद्ध केन्द्रित छ । स्मरणीय छ, कोलम्बियाली राष्ट्रपति पास्त्रानाले अमेरिकी साप्ताहिक न्यूजवीक र अर्जेन्टिनाको अखबार Clarin मा खुलस्तै भनिसकेका छन्- 'एफ.ए.आर.सी.का छापामारहरू लागू पदार्थको तस्करीमा संलग्न रहेको कुनै प्रमाण छैन । ...म लागू पदार्थका तस्करहरूसंग कहिले पनि कुराकानी गर्दिनँ ।'

कोलम्बियाका लागि पहिलेका अमेरिकी राजदूत माइल्स फ्रेचेट्टले पटक पटक गंभीरतापूर्वक भनिसकेका छन् - "हाम्रो सरकारसँग कोलम्बियाली छापामारहरू लागू पदार्थको तस्करीमा सलग्न छन् भन्ने आरोपको कुनै प्रमाण छैन ।"

र पनि ड्रग वारको नाममा किन वामपन्थी छापामारहरूलाई शिकार बनाउने काम भइरहेको छ त ? यसको जवाफमा अर्जेन्टिनाको कम्युनिष्ट पार्टीको मुखपत्रलाई अन्तर्वार्ता दिंदै एफ.ए.आर.सी.का प्रमुख नेता म्यानुयल मारूलाँदाले भनेका छन् - "लागू पदार्थको तस्करी सखाप गर्ने नारा त अमेरिका र कोलम्बियाली सरकारले हामीलाई बेइज्जत गर्न र सखाप पार्न लगाएको आरोप मात्रै हो । यो नारा, यो ब्यानर त उनीहरूको नौलो खोज हो - अमेरिकी हस्तक्षेपलाई सुलभ र सहज पार्ने, क्रान्तिकारी-हरूलाई निमिट्यान्न पार्ने फोहोरी उद्देश्यले खोजिएको नयाँ निहुं ।"

## *अमेरिकी हस्तक्षेप*

ड्रग वार को निहुँमा अहिले कोलम्बियामा 'एउटा नयाँ युद्ध भइरहेको छ, साँच्चैको वर्ग युद्ध, धनी र गरिब, उत्पीडक र उत्पीडितबीच भइरहेको युद्ध । यसमा अमेरिकी साम्राज्यवाद र कोलम्बियाली सरकार धनी र उत्पीडकहरूको पक्षमा वर्गीय युद्ध लडिरहेका छन् । धनीहरूको निहित स्वार्थ पूरा गर्न अमेरिकाले 'ड्रग वार' कै नाममा छापामारहरूको वर्चश्व रहेका दक्षिणी कोलम्बियामा निगरानी गर्ने राडार स्टेशन स्थापना गर्ने, ब्ल्याक हक लडाकू हेलिकोप्टर र A-37 बमबर्षक प्लेनहरू किन्न पैसा दिने र सैनिक एवं प्रहरीहरूलाई छापामार युद्धविरोधी सैनिक प्रशिक्षण दिने काम थालेको छ ।

त्यसले कोलम्बियाभित्रको अमेजनको घना जंगलभित्रका सबै कुराहरूको 'स्क्यानिङ' गर्ने, आवाज पत्ता लगाउने तथा मानिसहरूको चलखेलबारे बुझ्ने क्षमता भएका राडारयुक्त RC-7 प्लेनजस्ता जासूसी प्लेनहरू उडाउने र राडार स्टेशनहरू स्थापना गर्ने क्रम थालेको छ । राजधानी बोगोटाबाट १७० माइल दक्षिणतिर पर्ने सान होसे दे ग्वाभाइरेमा नयाँ सैनिक राडार केन्द्रको स्थापना गरिंदा राष्ट्रपति पास्त्राना र अमेरिकी राजदूत कुर्तिस काम्मानले 'ड्रग वार पक्कै जितिने आशा' व्यक्त गरेका छन् ।

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले समेत स्वीकारीसकेको छ - कोलम्बियामा ३०० जना अमेरिकी सैनिक 'सल्लाहकारहरू' कोलम्बियाली सैनिकहरूलाई छापामारविरोधी सैन्य प्रशिक्षणमा सलग्न छन् । एफ.ए. आर.सी.ले यसको खण्डन गर्दै दावी गरेको छ - कोलम्बियाभरि २ हजार जना अमेरिकी सैनिकहरू प्रत्येक कोलम्बियाली बटालियनहरूमा प्रशिक्षण र नीति निर्देशन दिने कार्यमा संलग्न छन् ।

अमेरिकी शासकहरू आफ्नो वर्ग युद्धमा कति फोहोरी उपाय पनि

अपनाउँछन् भन्ने कुरा केही समयअगाडि फेरि एकपटक छर्लङ्ग भएको छ । एफ.ए.आर.सी. को प्रभुत्वमा रहेको दक्षिणी कोलम्बियाको कोकाको खेती नष्ट गर्ने नाममा उनीहरूले त्यहाँका जनता र वातावरणको विनाश गर्ने खालको अत्यन्त विषालु खालको रासायनिक पदार्थ आकाशबाट छर्न लगाएका छन् । भियतनाम युद्धताका पनि यस्तो औषधीको कारणले त्यहाँको वातावरण, त्यहाँका मानिसहरूदेखि अमेरिकी सैनिकहरूको जिन्दगीसमेत खतरामा परेको थियो । Dow Chemical द्वारा उत्पादित ती विषालु औषधीहरू प्रयोग गरेर अमेरिकी साम्राज्यवादले कोलम्बियाली जनता र छापामारहरू विरूद्ध रासायनिक युद्ध (Chimical Warfare) शुरू गरेको छ । यसको विरूद्ध दक्षिणी कोलम्बियाका हजारौंहजार किसानहरूले चलाएको संघर्षलाई समर्थन गर्न अन्ततः राष्ट्रपति पास्त्राना र वातावरण मन्त्रीसमेत बाध्य भएका छन् ।

कम घनीभूत युद्ध, सैनिकहरूको प्रत्यक्ष गृहयुद्ध र रासायनिक युद्धसँगसँगै अमेरिकाले प्रत्यक्ष सैनिक आक्रमणका लागि विविध चालहरू चल्ने र रणनीति तयारी गर्ने कामहरू गरिरहेको छ । गत वर्षदेखि पानामाबाट हटाउनु परेको आफ्नो विशाल सैनिक अखडालाई उसले पेरू, इक्वेडर र कोलम्बियाको सिमानामा सार्न खोज्दैछ । केही समय अगाडि भेनजुयला र कोलम्बियाको सिमानामा भेनेजुयलाका सैनिकहरूलाई प्रशिक्षण दिन छापामार युद्धविरोधी सैनिक प्रशिक्षण शिविरमा अमेरिकी सैनिक प्रशिक्षकहरू क्रियाशील भइरहेको खबर छापिएको थियो । भेनेजुयलाको सीमामा सैनिक उडान भर्नका लागि हवाईपट्टी बनाउनका लागि अमेरिकाले गरेको अनुरोधलाई भेनेजुयलाका वर्तमान राष्ट्रपति ह्यूगो शाभेजले ठाडै अस्वीकार गरेका छन् । अर्कोतिर, साइनिङ पाथ र टुपाक आमारूका छापामारहरूविरूद्ध सफलतापूर्वक युद्ध गर्ने ५ हजार पेरूभियाली सैनिकहरूलाई कोलम्बियाली सीमातिर तैनाथ गर्न लगाएको छ ।

यी सबै ब्यूह रचनाको पृष्ठभूमिमा 'कोलम्बियाको प्रजातन्त्र' जोगाउने र 'ड्रग वार' सफल बनाउने उद्देश्यसहित निर्माण गर्ने प्रयास गरिएको ल्याटिन अमेरिकाका बहुराष्ट्रिय सेनाको अवधारणा स्पष्ट रूपमा लुकिरहेको देखिन्छ । अमेरिकी राष्ट्रहरूको संगठन - OAS को मिटिङ्गमा अमेरिकाद्वारा प्रस्तावित गरिएको सो प्रस्तावमा अमेरिकी सेनाको नेतृत्वमा ल्याटिन अमेरिकी सैनिकहरूको बहुराष्ट्रिय सेना बनाई समस्याग्रस्त राष्ट्रहरूमा हस्तक्षेप गर्ने नीति लिने कुरा उल्लेख गरिएको छ । बोलिभिया, चिली, कोलम्बिया, इक्वेडर, भेनेजुयला आदिको विरोधको कारणले तुहिएको सो प्रस्ताव अमेरिकाको भनाइअनुसार- 'अझै मरेको छैन ।'

एफ. ए. आर. सी.ले यस हस्तक्षेपकारी प्रस्तावका विरूद्ध ल्याटिन अमेरिकाभरि रहेका आफ्ना प्रतिनिधिहरू र शुभेच्छुक वामपन्थी पार्टीहरूमार्फत् अभियान चलाउने क्रममा उद्घोष गरेको छ - 'बहुराष्ट्रिय सेना निर्माणको नाटक युद्धपिपाशु एकाधिकारी पूँजीपतिहरू र तिनका प्रतिनिधि अमेरिका सरकारको युद्धको आगो दन्काउने युद्ध-खेल मात्रै हो, - बेसीभन्दा बेसी नाफाका लागि खेलिएको खेल ।'

## डर र लोभको नौलो नाटक

'वाशिंगटन पोष्ट' ले १९९९ मा प्रकाशित गरेको अमेरिकी सरकारको (Defense Intelligence Agency - DIA) को रिपोर्टमा स्पष्टताका साथ उल्लेख थियो - 'कोलम्बियाली सेना विद्रोही छापामारहरूलाई पराजित गर्न असक्षम छ, यदि उनीहरूलाई पराजित गर्न सकिएन भने कोलम्बिया आगामी पाँच वर्षभित्र 'नार्को-स्टेट' (लागू पदार्थको राष्ट्र) बन्नेछ ।'

अमेरिकाको सैनिक हस्तक्षेपलाई उक्साउनका लागि प्रकाशित गरिएका यस्ता खुफिया रिपोर्टहरूकै आधारमा क्लिन्टन सरकारले कोलम्बियामा सैनिक हस्तक्षेप गरिरहेको छ । तर प्रत्यक्ष सैनिक आक्रमण गर्नु भनेको उसको लागि पनि खतरामुक्त प्रयास नहुने कुरा उसलाई राम्ररी थाहा छ, किनकि उसले भियतनामको ज्वालामुखीमा हस्तक्षेप गरेर आफ्नो अंग डढाइसकेको थियो । कोलम्बियामा जनसंघर्ष र सशस्त्र संघर्षको आगो बलिरहेको, इक्वेडरमा जनसंघर्षको क्रममा सरकार पदच्यूत भएको र भेनेजुयलामा जनसंघर्षको बलमा क्यूबासमर्थक लोकप्रिय व्यक्ति राष्ट्रपति भएको दृश्य देख्दादेख्दै त्यहाँ प्रत्यक्ष आक्रमण गर्नु भनेको फेरि पनि ज्वालामुखीमा हात हाल्नु हुने कुरा उसलाई राम्ररी थाहा छ । भियतनाममा प्रत्यक्ष सैनिक आक्रमणको फलस्वरूप चर्किएको लामो युद्धमा आफ्नो जितको ग्यारेन्टी हुन छाडेपछि उसले शान्ति वार्ताको नाटक गरेको थियो । त्यहाँ अमेरिकी एकाधिकारी पूँजीपति 'रकफेलरका पुच्छर' का रूपमा कुख्यात हेनरी किसिंजरलाई पठाएर उसले आणविक हतियार र बमको प्रयोगबाट पाउन नसकेको उपलब्धि 'शान्तिवार्ता' बाट प्राप्त गर्न खोजेको थियो । एल साल्भाडोर, ग्वाटेमाला र कोलम्बियामा पहिलेका शान्ति-वार्तामा डर र लोभको अस्त्र प्रयोग गरेर छापामारहरूलाई




**भियतनामको ज्वालामुखीमा हस्तक्षेप गरेर आफ्नो अंग डढाइसकेको अमेरिकाले फेरि किन कोलम्बियामा हस्तक्षेप गरिरहेको छ ?**

निशस्त्र पार्ने, छापामार दस्ता भंग गर्ने र चुनावमा भाग लिन लगाउने काममा धेरै सफलता प्राप्त भइसकेको अनुभवलाई एफ.ए.आर.सी. र इ.एल.एन. को छापामार संघर्षमा पनि पुनरावृत्ति गर्ने उसको चाल थियो र अझापि छ । ठीक अहिले कोलम्बियाको गृहयुद्धको सन्दर्भमा पनि 'युद्ध र शान्तिका नाटकहरू' रचेर उसले ठोस उपलब्धिहरू हासिल गर्ने प्रयत्न गरिरहेको छ ।

एकातिर, उसले राष्ट्रपति पास्त्रानामार्फत् छापामारहरूसँग शान्ति वार्ता गर्न स्वीकृति दिएको छ भने असैनिकृत क्षेत्रको घोषणाप्रति असहमति पनि व्यक्त गरेको छ । उक्त शान्तिवार्तामा आफ्ना राजदूत कर्तिस काम्मानलाई पठाउने अमेरिकाले छापामारहरूका प्रतिनिधिहरूसँग कुराकानी गर्न आफ्नो प्रतिनिधिलाई कोस्टा रिका पठाउनेदेखि लिएर न्यूयोर्क स्टक एक्सचेन्जका प्रमुख रिचार्ड ग्रास्सोलाई एफ.ए.आर.सी.को इलाकामा छापामार नेताहरूसँग वार्ता गर्न पठाएको छ । अमेरिकी पूँजीपति वर्गका प्रतिनिधि ग्रास्सोले एफ.ए.आर.सी.का नेता राउल रेयससँग डेढ घण्टाको कुराकानीको क्रममा भावी कोलम्बियामा विदेशी लगानीको संभाव्यता र अमेरिकी व्यापारीहरूको भूमिकाको बारेमा कुराकानी गरेका थिए । उनले क्रान्तिको धारलाई मोड्नका लागि अनेकौं वाक्‌चतुर्‍याइँकासाथ लोभ र डरको अस्त्र देखाएको कुरा उल्लेख गर्दै राउल रेयसले वार्तापछिको वक्तव्यमा भनेका छन् - "हामी भविष्यमा कोलम्बियामा सम्पत्तिको वितरण गर्छौं, विदेशी लगानीलाई बन्द गर्छौं र अन्ततः समाजवादी राज्य निर्माण गरीछाड्छौं ।"

डर र लोभ भनेको दमनतन्त्रमा आधारित लोभी पूँजीवादी शासक वर्गको सबैभन्दा अचूक अस्त्र हो । तर भियतनामको सन्दर्भमा फेल खाएको यो अस्त्र अब कोलम्बियाको गृहयुद्धमा पनि असफल हुने संभावना टड्कारो रूपमा देखा पर्न थालेको छ । त्यसैले ऊ सबै संभावनाहरूको ढोका खोलेर हेर्दैछ - युद्ध या शान्ति वार्ता, कुन ढोकाबाट छिर्ने ?

एफ.ए.आर.सी. र इ.एल.एन. का छापामारहरू पनि सबै संभावित बाटाहरूमा आँखा लगाएर बसिरहेका छन् । १९९८ र १९९९ अनि यस वर्षको आधाआधीसम्मका संघर्ष र शान्तिवार्ताका सन्दर्भहरूलाई नियालेर हेर्दा उनीहरूले जंगल, सडक र टेबुलका संघर्षहरूको बाटोलाई एकसाथ प्रयोग गरिरहेका छन्, कुशलतापूर्वक, सफलतापूर्वक ! ❑

(३८ पेजको बाँकी)

सफलतापूर्वक संचालन गरेका थिए । १९९८ देखि यता पटकपटक राजधानी बोगोटादेखि सिंगो देशलाई ठप्प पार्ने गरी संघर्ष गरिरहेका मजदूर संघर्षहरूमा ५०-६० हजार संघर्ष प्रेमीहरूको सहभागिता हुनु भनेको सामान्य कुरा भइसकेको छ । सरकारको जनविरोधी सामाजिक-आर्थिक नीतिको विरोधमा गत वर्ष भाद्र १५ देखि शुरू गरिएको अनिश्चितकालीन राष्ट्रव्यापी मजदूर हडतालको क्रममा १५ लाख मजदूरलगायत जम्माजम्मी २ करोड जनता सडकमा सशक्त ढंगले उत्रेका थिए ।

अर्कोतिर, एफ.ए.आर.सी. र इ.एल.एन.का छापामारहरूको सशस्त्र संघर्षले यति धेरै तीव्रता, व्यापकता र सफलता प्राप्त गर्न थालेको छ कि सरकारी सैनिक र अर्द्धसैनिक दस्ता अमेरिकी सैनिक आर्थिक

**सी.आई.ए. र पेन्टागनको रिपोर्ट अनुसार कोलम्बियाली सैनिकहरू छापामारहरूसँग लड्न पूरै असक्षम देखिएकाले ३-४ वर्षभित्रै कोलम्बियामा क्रान्ति हुनसक्छ ।**

सहयोगबिना पंगु हुनेस्थिति आइसकेको छ । १९९६ को मध्यावधिदेखि १८ महिना लामो आक्रमण अभियान चलाउने क्रममा एफ.ए.आर.सी.ले १९९६ मा लास डेलिसियासको सैनिक अखडा र १९९७ मा पातास्कोयको सैनिक अखडा ध्वस्त गर्नुका साथै सबैजसो सैनिकहरूलाई मार्ने र बन्दी बनाउने काममा सफलता प्राप्त गरेको थियो । १९९८ मा काक्वेटा राज्यस्थित काउन्टर-इन्सर्जेन्सी ब्रिजेडलाई नष्ट गर्नुका साथै पास्त्रानाले राष्ट्रपतिको पदभार लिइरहेकै बेला देशव्यापी आक्रमण गरेर उनीहरूले तीन दिनभित्र १० वटा सैनिक र प्रहरी केन्द्रहरू सखाप पार्ने काम गरेका थिए, जसमा ला उरिबेस्थित अमेरिकी-कोलम्बियाली सैनिक संयोजन केन्द्र पनि परेको थियो । १९९९ मा पनि वार्तामा असमझदारी आएपछि असार २४ गतेदेखि राष्ट्रव्यापी आक्रमण चलाउने सिलसिलामा एफ.ए.आर.सी.ले बोगोटा लगायत थुप्रै शहर र गाउँमा भिषण आक्रमण गरेको थियो, जसले गर्दा देशको धेरै भूभागमा कर्फ्यू लागेको थियो ।

यसरी निरन्तर रूपमा पराजयको मुख देख्नु परेकोमा कोलम्बियाली सरकार, सैनिक र अर्द्धसैनिक दस्ता अत्तालिन थालेको छ र अमेरिकी सरकारसमक्ष थप आर्थिक-सैनिक सहयोग माग्ने क्रममा कोलम्बियाली सरकारले 'एटम बम' को समेत माग गरेको छ ।

सी.आई.ए. र पेन्टागनको रिपोर्ट अनुसार कोलम्बियाली सैनिकहरू छापामारहरूसँग लड्न पूरै असक्षम देखिएकाले ३-४ वर्षभित्रै कोलम्बियामा क्रान्ति हुनसक्छ । त्यसैले अमेरिकी साम्राज्यवादले सैनिक र आर्थिक सहयोगलाई बढाउँदै सैनिक आक्रमणसम्म गर्नसक्ने संभावना बढ्दै गएको छ । र, कोलम्बिया यसरी ल्याटिन अमेरिकाको 'अर्को भियतनाम' बनेमा ३६ वर्षअगाडि देखि संघर्षरत, ३२ हजार छापामारहरू भएको एफ.ए.आर.सी. र ५ हजार छापामारहरू भएको इ.एल.एन.को सशस्त्र प्रतिरोध वास्तवमा भियतनामी क्रान्तिकारीहरू - भियतकंगहरूको प्रतिरोधभन्दा कम हुनेवाला छैन । कोलम्बियाका लाखौं मजदूर, किसान, विद्यार्थी र आदिवासीहरूदेखि लिएर सिंगो ल्याटिन अमेरिकी जनताको भावी प्रचण्ड सडक संघर्षको परिणामस्वरूप अमेरिकी साम्राज्यवाद स्वयंको लागि सैनिक आक्रमण निल्नु न ओकल्नुको समस्याको भूमरीमा फँस्ने निश्चित छ ।

एफ.ए.आर.सी.ले यही वैशाख १८ देखि ३ हजार छापामारहरू र २० हजार किसानहरूको प्रदर्शनका बीच शुरूवात गरेको 'बोलिभारियन मुभमेन्ट' जस्तो जन-आन्दोलनमा देशभरि संघर्षरत मजदूर, किसान, विद्यार्थी, कर्मचारी, आदिवासी जनताको समर्थन बढ्दै गएमा अमेरिकी साम्राज्यवादको लागि कोलम्बिया पनि त्यसको 'चिहान' हुने निश्चित छ ।

'एक दुई तीन चार वटा भियतनाम' रूपी अमेरिकी साम्राज्यवादको चिहान खन्नका लागि विश्वक्रान्तिका नायक क. चेग्वेभाराले गर्नुभएको आह्वानलाई आत्मसाथ गरेर, बोलिभार र सुकरको सशस्त्र जनयुद्धको बाटोबाट समाजवादी कोलम्बियाको निर्माणमा अगाडि बढिरहेका ती छापामारहरूप्रति यसरी नै अन्तर्राष्ट्रिय ऐक्यबद्धता बढ्दै जाने हो भने कोलम्बिया अमेरिकी साम्राज्यवाद अर्को चिहान बन्न सक्ने संभावना प्रबल छ । ❑

*(अर्को अंकमा कोलम्बियामा आइरहेको जनसंघर्ष र सशस्त्र संघर्षको उभारको बारेमा विस्तृत रिपोर्ट दिइने छ । साथै, त्यहाँको कम्युनिष्ट आन्दोलनको लेखाजोखा पनि प्रस्तुत गर्ने जमर्को हुनेछ । -सं)*

# "यो नयाँ कोलम्बिया निर्माण गर्ने संघर्ष हो"

केही समयअगाडि अमेरिकी कम्युनिष्ट पार्टी वर्कर्स वर्ल्डको मुखपत्र Workers World (मजदूर विश्व) ले कोलम्बिया जनसेनाको क्रान्तिकारी सशस्त्र सेना (**FARC-EP**) को अन्तरराष्ट्रिय आयोगसमक्ष कोलम्बियाको स्थितिबारे प्रश्नहरू प्रस्तुत गरेको थियो । त्यसका नेताहरू मार्को लिओन कलार्का र ओल्गा लुसिया मरिनले दिनुभएका ती प्रश्नका उत्तरहरूका प्रमुख अंशहरू यहाँ प्रस्तुत गरिएको छ । -मूल्यांकन

◆ *१९९८ देखि यता कोलम्बियामा धेरै कुरा भएका छन् । विगत दुई वर्षका परिवर्तनहरूलाई तपाईं कसरी हेर्नुहुन्छ ?*

- गत दुई वर्ष कोलम्बियाली क्रान्तिकारी संघर्षको महान् अग्रगतिका वर्षहरु भएका छन् । लोकप्रिय क्षेत्रहरु र तिनका संगठनहरुले राज्य आतंकको बीचमा राष्ट्रिय हडतालहरु, राजमार्गहरुको नाकाबन्दी र कब्जाको साथसाथै विशाल प्रदर्शनहरु गरेका छन् । अर्को कुरा, राजनैतिक र सैनिक दृष्टिले छापामार संघर्ष, खास गरेर 'एफएआरसी'को संघर्षलाई सुदृढ तुल्याइएको छ । यो कोलम्बियाली पुरुष र महिलाहरुको नयाँ कोलम्बियाको निर्माण गर्ने संघर्ष हो । यो नवउदारवादी ढाँचा र पूँजीवादी व्यवस्था विरोधी संघर्ष हो, यो ढाँचा र व्यवस्थाले बहुसंख्या जनताका समस्यालाई समाधान गर्दैनन् बरु त्यसको विपरीत यसले ती समस्यालाई झन् चर्काउँछन् । यो कानूनी संघर्ष र जनसंघर्षदेखि लिएर सशस्त्र संघर्षसमेत गरी विविध स्वरुपमा गरिएको संघर्ष हो ।

◆ *पास्त्रानो सरकारसितको वार्ता सम्बन्धी हालसम्मका आफ्ना अनुभवहरूबारे केही बताइदिनु हुन्थ्यो कि ? के सरकारले तपाईंहरूको ३६ वर्षदेखिको संघर्षका सामाजिक जराहरूलाई गम्भीर रूपले निराकरण गर्ने इच्छा प्रकट गरेको छ ?*

- जब ७ जून १९९९ मा सान भिसेन्ते देल कागुअनमा वार्ताको औपचारिक रुपबाट उद्घाटन भयो, त्यसबेलादेखि हामीले कोलम्बियाली द्वन्द्वको समाधानको उपाय खोज्न अघिल्तिर पाइला चालेका छौं । हाम्रो छलफलको आधारको रुपमा एउटा २१ बूँदे साझा कार्यसूची छ, जुन कार्यसूची युद्धका कारणहरुलाई हल गर्ने तथा शान्ति, सामाजिक न्याय, गरिमा र सार्वभौमिकतायुक्त नयाँ कोलम्बियाको स्थापना गर्ने दिशातर्फ उन्मुख छ ।

वार्तामा दर्शकका रुपमा जनसाधारणको सहभागिता गराउने संयन्त्रबारे पनि हाम्रो सहमति भएको छ । यी आम्ने-साम्नेका भेलाहरु हुन्, जसमा कोलम्बियाली जनताले, देशका बहुसंख्यक जनताले, समाधानका उपायसम्बन्धी आफ्ना प्रस्तावहरु प्रस्तुत गर्नेछन् । यो संयन्त्र वार्ता खुला रुपमा र देशको सहभागितासाथ संचालन गर्ने कुरामा एफ.ए.आर.सी. ले प्राप्त गरेको वचन अनुरुप छ ।

वार्ता गर्ने र जन सहभागितालाई साकार रुप लिने एउटा शिखरस्थल निर्धारित गरिएको छ । खुला हुलाक, इमेल, टेलिफोन र फ्याक्स मार्फत् जन सहभागितालाई सहज तुल्याइने छ । वार्तामा खास स्तरमा विश्वासको निर्माण हुनु एउटा महत्वपूर्ण लाभ हो ।

तर वार्तामा भएको प्रगतिको एउटा केन्द्रीय पक्षले विश्व समक्ष कोलम्बियाली द्वन्द्वको सच्चा आयाम प्रदर्शन गरिरहेको छ । हामी युद्धमा बाँचिरहेका छौं जसलाई शान्तिका शत्रुहरु अर्थात् अमेरिकीहरु र कोलम्बियालीहरु स्वीकार गर्न चाहँदैनन् । शान्तिको सिर्जना गर्ने प्रक्रियाले यस यथार्थलाई अर्थात् युद्ध र यसका वास्तविक



*छापामार-हरूद्वारा नियन्त्रित क्षेत्रको जनजीवन*

कारणहरु सम्बन्धी यथार्थलाई उद्घाटित गर्ने छूट दिन्छ । हामीलाई अर्को कुनै पनि विकल्प नदिएका हुँदा हामीले हातमा हतियार लिएर गरेको संघर्ष राजनैतिक संघर्ष हो र यो हाम्रो विद्रोह तथा आत्म-निर्णयको अधिकार हो भन्ने कुरा हाम्रा शत्रुहरुले स्वीकार गर्नुपरेको छ । र, एफ.ए.आर.सी. नै विद्यमान व्यवस्थाको सच्चा राजनैतिक प्रतिपक्षी हो भन्ने कुरा प्रमाणित भएको छ ।

◆ *हालै एक कोजक्राससेअको उच्च स्तरीय प्रतिनिधि मण्डलले कोलम्बियाली सरकारका प्रतिनिधिहरूका साथमा युरोपको भ्रमण गऱ्यो । उक्त अनुभवबाट तपाईंहरूले के कुरा प्राप्त गर्नुभयो ?*

– उक्त भ्रमणमा माथि बताइएका कार्यमा ठूलो सघाउ पुऱ्यायो । त्यो उद्देश्य हो, युद्धलाई होइन शान्तिलाई आत्मसात गर्नु । यो कुन अर्थमा भने हामीसँग समाधानका भिन्नभिन्न उपायहरु हुन सक्छन्, जुन उपायहरुको हामी यस प्रक्रियामा खोजी गरिरहेका छौं भन्ने कुरा देखाइयो र अन्तर्राष्ट्रिय समुदायले हाम्रा आन्तरिक मामिलाहरुमा हस्तक्षेप नगरीकन र यस प्रक्रियामा आघात पुऱ्याउने ढङ्गले दखल नदिइकन सहयोग गर्नसक्छ भन्ने कुरा पनि देखाइयो ।

◆ *अन्तर्राष्ट्रिय संचारमाध्यमले युरोपको भ्रमण कालमा एफ.ए.आर.सी. र कोलम्बियाली सरकारले "वैकल्पिक आर्थिक ढाँचाहरू"को खोजी गर्नेछन् भनी समाचार दिएको छ । आज कोलम्बियामा रहेका मूलभूत समस्याहरूबारे बताइदिन सक्नुहुन्छ? तपाईं "नवउदारवादी" आर्थिक व्यवस्थाभन्दा बाहिर के कस्तो कोलम्बियाली अर्थव्यवस्थाको परिकल्पना गर्नुहुन्छ ?*

– नवउदारवादले गरेको एक मात्र कुरा के हो भने यसले हाम्रा जनताका समस्यालाई झन्झन् चर्काएर विकराल तुल्याएको छ । यसले कुनै पनि देशको लागि मर्यादायुक्त र सार्वभौम जीवन यापन गर्न सकिने खालका समाधानहरु दिन सक्दैन । कोलम्बियामा सम्पत्तिको अत्यधिक केन्द्रीकरण भएको छ जहाँ उत्पादित वस्तुको ९० प्रतिशत ५ प्रतिशत मानिसहरुले मुठ्याउँछन् । वास्तविक बेरोजगारी ६० प्रतिशत छ । जनसंख्याको ७० प्रतिशत मानिसहरु गरीबीमा जीवन यापन गर्छन् र ३० प्रतिशत मानिसहरु दुर्भाग्यको जीवन यापन गर्छन् ।

नयाँ समाजको निर्माण गर्नका लागि हामीलाई राजनैतिक संघर्ष चलाउन वाध्य तुल्याउने स्थितिका केही सूचकहरु यिनै हुन्, तर अन्य सूचकहरु पनि छन् । हामीले निर्माण गरिरहेको नयाँ कोलम्बियाको समाजको अर्थव्यवस्था भने बहुसंख्यक मानिसहरुका लागि संचालित हुनेछ ।

खाद्यान्नमा आत्म-निर्भर हुने सम्भावना भएको र मत्स्य उत्पादनहरुको निर्यात गर्न सक्ने क्षमता भएको हाम्रो अत्यन्तै धनी देश नवउदारवादी ढाँचाको उपजका रुपमा रहेको भोकले घेरिएको छ । आफ्ना आवश्यकताहरु पूर्ति गरी बचत हुने गरी ऊर्जा उत्पादन गर्न सक्ने सम्भाव्यता भएको देशले आफ्ना जनतालाई ऊर्जाको न्यूनतम सेवाको ग्यारेन्टी गर्न पनि सकेको छैन । विश्वका सबभन्दा बढी जल सम्पदा भएका देशहरुमा पर्ने यस देशमा व्यवस्थाले पैदा गरेको अक्षमता, अकर्मण्यता र भ्रष्टाचारको परिणाम स्वरुप कहिलेकाहीं मानिसहरु तिर्खाले मर्छन् भने अरु बेलाचाहिं बाढीले मर्छन् । यस देशमा अजङ्गको संख्या भएका र स्थायी रुपमा खेतीपाती गर्ने किसानहरुलाई कृषिको किनारातिर धकेलिएकाले उनीहरुले अवैध बालीको सहाराले प्राण धान्नुपर्ने स्थिति छ भने उता सर्वोत्तम जमिनहरुचाहिं अनुत्पादक पशुपालनको बिस्तारमा प्रयोग गर्ने गरिन्छ र आर्थिक खुलापनको कारण बैध बालीहरुचाहिं बजारमा बेच्न लायकका हुँदैनन् । यो कुरा पत्याउनै नसकिने जस्तो लाग्छ तर कोलम्बिया जस्तो कफीको भूमिमा हामी कफी आयात गर्न लागेका छौं ।

यो कारणले गर्दा हामी के प्रस्ताव राख्छौं भने बिदेशी लगानी सम्बन्धी सम्झौता दुबै पक्षलाई लाभ हुने गरी, मूलतः प्राकृतिक श्रोतहरुको मालिक कोलम्बियालाई लाभ हुने गरी उचित तरिकाले गरियोस् । अर्थव्यवस्थाका रणनीतिक पक्षहरुको स्वामित्व राज्य अन्तर्गत रहोस् र त्यसको उपयोग र विकास भावी सन्ततिहरु लगायत बहुसंख्यक जनतातर्फ लक्षित होओस् । सम्पत्तिको पुनर्वितरण गरी त्यस्ता अवस्थाहरुको सिर्जना गर्नु जरुरी छ, जहाँ मानिसहरु आफ्नो कामबाट मर्यादासाथ जीवन यापन गर्न सकून् । सच्चा एकीकृत कृषि सुधार अपरिहार्य कुरा हो, जसले काम गर्न चाहनेहरुलाई जमिन दिने मात्र नभई ती मानिसहरु प्राविधिक सहायता र आर्थिक टेवाभरोसाको आधारमा यो कामबाट जीवन निर्वाह सकून् ।

◆ *एफ.ए.आर.सी. का प्रतिनिधिहरूले आफ्नो लक्ष्य "सत्ता कब्जा गर्नु" हो भनी थुप्रै पटक भनेका छन् । के त्यो अझै पनि एफ.ए.आर.सी. को लक्ष्य हो? एफ.ए.आर.सी. कोलम्बियाली राज्यमा के कस्ता परिवर्तन ल्याउन खोजिरहेको हो ?*

– सत्ता कब्जा गर्ने र शोषक र शोषित नभएको समाजको निर्माण गर्ने कुरालाई हामी अझै पनि आफ्नो

# कोलम्बियाली छापामार नेताहरूसँगको कुराकानी

**यो कानूनी संघर्ष र जनसंघर्षदेखि लिएर सशस्त्र संघर्षसमेत गरी विविध स्वरुपमा गरिएको संघर्ष हो ।**



*छापामारहरूद्वारा नियन्त्रित इलाकामा गई कोलम्बियाका राष्ट्रपति पास्त्राना एफ.ए.आर.सी.का प्रमुख नेता म्यानुयल मारुलाँदा (सैनिक पोशाकमा) सँग कुराकानी गर्दै*

छलफलको टेबुलमा आत्मविश्वासको निर्माण गर्ने र विश्वलाई कोलम्बियाको यथार्थ अर्थात् हामीले ५० वर्षदेखि झेल्नुपरेको युद्ध र यसका कारणहरुलाई निराकरण गर्नुपर्ने आवश्यकतासम्बन्धी यथार्थ देखाइदिने जस्ता लाभहरुलाई सुदृढ तुल्याइयो ।

उत्तिकै महत्वपूर्ण अर्को कुरा के हो भने हाम्रो यथार्थबारे अन्तर्राष्ट्रिय समुदायमा कुसूचना फिंजाउने गरेको गम्भीर समस्या पनि स्पष्ट भयो । यो कुसूचनाको सम्प्रेषण गर्ने कार्य ठूला कोलम्बियाली संचार माध्यमहरुले आफ्ना वर्ग स्वार्थहरुको प्रतिरक्षा गर्नका लागि गरिएको चालबाजीको उपज हो ।

उक्त भ्रमणले एफ.ए.आर.सी. को एउटा मूलभूत उद्देश्यलाई अघि बढाउने

उद्देश्यका रुपमा अघि साछौं । नयाँ कोलम्बियाको दिशातर्फको परिवर्तनसम्बन्धी साझा कार्यसूचीमा रहेको र छलफलको टेबुलबाट पारित भएको 'पुनर्निर्माण तथा राष्ट्रिय मेलमिलापको सरकार'को प्रस्तावले कोलम्बियालाई बहुलवादी र देशभक्त सरकारको दिशातर्फ डोऱ्याउँछ, जसले नयाँ देशको विकास तथा दिगोपनाको ढोका खोलिदिन्छ ।

हामीले यो एकदमै बेग्लै प्रक्रिया हो भनेर धेरै पटक भनेका छौं । यो कुरा सहमतिबाट लागू गरिने आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक उपायहरुद्वारा राज्यको पुनर्संरचना र रुपान्तरणसँग गाँसिएको छ, जसको लागि निकै समय, धैर्य र विकास गर्ने क्षमताको खाँचो पर्दछ । यो एउटा त्यस्तो वार्ता हो, जसमा छापामारहरुद्वारा प्रतिनिधित्व गरिएका बहुसंख्यक कोलम्बियालीहरुले राज्य र त्यसका सरकारहरुले धेरै वर्षदेखि अपहरण गरेका चीजहरु पुनः प्राप्त गर्दछन् । यो सही गरेर त्यत्तिकै छाडिदिने कुरा होइन, बरु यो त नयाँ कोलम्बियाको निर्माण र पुनर्संरचना गर्ने कुरा हो, जहाँ सबै कोलम्बियाली पुरुष र महिलाहरुको जीवन-मूल्य स्थापित होओस् ।

*◆ वार्ताका शर्तहरूको एक अंशका रूपमा कोजकाससेअलाई पाँचवटा नगरपालिकाहरूमाथि आफ्नो प्रशासनिक नियन्त्रण कायम गर्न दिइएको छ। तपाईं यस क्षेत्रको स्थितिबारे बताउनु सक्नुहुन्छ ? यस क्षेत्रका बासिन्दाहरूको जीवन् यस बाहिरका कोलम्बियालीहरूको जीवनको दाँजोमा के कस्तो छ ?*

– मेता क्षेत्रका उरिबे, मेसेतास, भिस्ताहर्मोसा, लामाकारेना नगरपालिकाहरु र एल काकुएताको सान भिसेन्ते देल कागुअन नगरपालिकाबाट बनेको असैनिकृत क्षेत्र रहनाको कारण वार्ताको प्रक्रियालाई लागू गर्नको निमित्त पर्याप्त ठाउँको खाँचो पर्नु नै हो । सहमतिको अंशका रुपमा यी नगरपालिकाहरुका नगर प्रमुखहरु र नगर परिषद्हरुलाई एफ.ए.आर.सी. ले मान्यता दिनाको साथसाथै त्यहाँका बासिन्दाहरुको शान्ति सुव्यवस्था कायम गर्नका लागि नागरिक प्रहरीको निर्माण गर्नु रहेका छन् ।

कोजकाससेअले वर्षभरिको लामो कुराकानीपछि यी पाँच असैनिकृत क्षेत्रहरुका बासिन्दाहरुको फाइदाको लागि २५० किलोमिटरभन्दा बढी नयाँ सडकहरुको निर्माण गरेको छ र अर्को २५० किलोमिटर सडक मर्मत गरेको छ । बीसवटा पुलहरु बनाइएका छन् र ६५ वटा सडकहरु पिच गरिएका छन् । हामीले व्यापक रुपले खोप अभियान चलाएका छौं, जसमा २०,००० प्रौढहरु र बालबालिकाहरुको उपचार गरिएको छ । सरसफाइ, संस्कृति प्रवर्द्धन र खेलकूदका क्षेत्रमा पनि काम भएको छ । हिंसाबाट हुने उच्च मृत्यु दर प्रतिवर्ष ३६६ बाट घटेर ८ मा झरेको छ र सान भिसेन्ते देल कागुअनमा आक्रमण र डकैतीका घटनाहरु घटेर शून्य बराबर भएका छन् । हामीले वातावरणलाई आरक्षण गर्नको निमित्त वन तथा वन्यजन्तुको संरक्षण गर्ने संयन्त्रलाई बढाएका छौं । विभिन्न समुदायहरुमा विद्युतीकरण गर्न र स्वास्थ्य तथा शिक्षा केन्द्रहरुमा सुधार गर्नको निमित्त हामी उच्च आयोगसँग कुराकानी गरिरहेका छौं ।

यी समस्त क्षेत्रका बासिन्दाहरु अहिले आफूले अनुभव र उपभोग गर्न पाएको अमनचैन र प्रगतिप्रति सन्तोष प्रकट गर्दछन्, जुन कुराहरु उनीहरुले 'पहिले कहिल्यै पनि देख्न पाएका थिएनन् । यसको कारण के हो भने सरकार त्यहाँबाट हट्नुभन्दा पहिले प्रतिदिन दुई वा तीनजना नागरिकहरु हिंसाबाट मर्दथे ।

*◆ एफ.ए.आर.सी. ले विगतमा आफ्नो "लडाकू हैसियत"को माग गरेका थियो, अर्थात् यसले युद्धका नियमहरूको पालना गरियोस् भनी माग गरेको थियो । यहाँले उक्त मागको व्याख्या गरिदिनुहुन्थ्यो कि ? के यहाँहरूले यस लक्ष्यतर्फ कुनै प्रगति गर्नुभएको छ ?*

**शान्ति, सामाजिक न्याय र कोलम्बियालीहरुको व्यापक बहुसंख्याका हितहरुको प्रतिरक्षा नै हाम्रा उद्देश्यहरु हुन् । ...... ...... सामाजिक न्यायसहितको शान्ति प्राप्त नहुन्जेलसम्म यो टक्कर जारी नै रहने छ ।**

एफ.ए.आर.सी. को हैसियतले हामीले तथ्यगत रुपमा र व्यवहारमा लडाकू प्रतिपक्षीको रुपमा मान्यता प्राप्त गर्नको लागि सबै शर्तहरु पूरा गरेका छौं । सरकार र कोलम्बियाली राज्यले यस्तो मान्यता दिएको छ, र यो मान्यता वार्ताको अन्तिम चरणमा मात्र दिइएको होइन । कानूनी दृष्टिबाटै यस्तो मान्यता दिइएको छ । थाहा भएकै कुरा हो, यस मान्यताको सम्बन्ध कानून र त्यसका भिन्नभिन्न परिणामहरुसित मात्र नभई त्योभन्दा बढी राजनैतिक पक्षसँग छ ।

हामीले अन्तर्राष्ट्रिय मानव अधिकार संहिताहरुका प्रत्येक भाग, विशेष गरेर १२ अगस्त १९४९ को जेनेभा सम्मेलनमा निहित अन्तर्राष्ट्रिय कानून र खास गरेर महासन्धिका अतिरिक्त मान्यताहरुमा नै हस्ताक्षर नगरेका भए तापनि हाम्रा सबै मान्यताहरु तिनीहरुको ज्यादै नजिक छन् । क्रान्तिकारी आन्दोलनको हैसियतले मानवतावाद हाम्रा तार्किक स्तम्भहरुमध्ये एउटा स्तम्भ हो ।

शान्ति, सामाजिक न्याय र कोलम्बियालीहरुको व्यापक बहुसंख्याका हितहरुको प्रतिरक्षा नै हाम्रा उद्देश्यहरु हुन् । हाम्रो संगठनका मूलभूत दस्तावेजहरुमा लिपिबद्ध भएका सबै मान्यताहरु बिनाभेदभाव वा बिनाअपवाद हाम्रा सबै सदस्यहरुले पालना गर्नुपर्ने सिद्धान्तहरु, आचारनीतिहरु र क्रान्तिकारी नैतिकताहरु हुन् ।

हामी जनताको अभिन्न अङ्ग हौं । हामी जनताका क्रान्तिकारी सेना हौं । हामीले संघर्ष गर्नाको कारण सबै कोलम्बियालीहरुका समस्याहरुको समाधान गर्नु हो । त्यसकारण नीतिगत रुपमा जनताका हितहरु वा अधिकारहरुमा आघात पुऱ्याउने कुनै पनि चीज हामीमा छैन ।

*◆ क्रान्तिकारी युद्धबन्दीहरूले झेल्नुपरेको स्थिति के कस्तो छ नि ?*

राष्ट्रपति आन्द्रेस पास्त्राना समक्ष हामीले सबै युद्धबन्दीहरुको – कोलम्बियाली राज्यले र हामीले बन्दी बनाएका मानिसहरुलाई बन्दी अवस्थाबाट मुक्त गर्ने प्रस्ताव प्रस्तुत गरेका छौं । हामी कोलम्बियाली संसदले बन्दीहरुको आदान-प्रदानसम्बन्धी स्थायी कानूनलाई अनुमोदन गर्ने कुराको प्रतिक्षा गरिरहेका छौं, जुन कानूनले उल्लेखित आदान-प्रदान र भविष्यमा उत्पन्न हुने मामिलाहरुको समाधान गर्ने ढोका खोलिदिने छ । जे होस्, सामाजिक न्यायसहितको शान्ति प्राप्त नहुन्जेलसम्म यो टक्कर जारी नै रहने छ ।

राज्यका तीनवटा विभागहरुमा यो कानून पारित गर्ने राजनैतिक संकल्पको अभाव रहिरहेको छ, जुन कानूनले दुबै तर्फका युद्धबन्दीहरुलाई आ-आफ्नो पक्षतर्फ जान छुट दिनेछ । यस क्षेत्रमा हुने प्रगतिले वार्ताको जड कुराको अङ्कका रुपमा अझ बढी विवादास्पद विषयहरुमा प्रवेश गर्ने ढोका खोलिदिने सम्भाव्यताको प्रदर्शन गर्नेछ । यस क्षेत्रमा देखाइएको कन्जुसीले अन्य विषयहरुमा हामीले के कुराको अपेक्षा गर्न सक्छौं भन्ने कुरालाई इङ्गित गर्छ । एफ.ए.आर.सी. ले बन्दी बनाएका सिपाहीहरु, प्रहरीहरु र सबै दर्जाका अफिसरहरुले आचारसम्बन्धी हाम्रा मान्यताहरु अनुसार सम्मानित तथा मानवीय व्यवहार प्राप्त गरेका छन् भने उता संस्थापन (राज्य) का कारागारहरुमा बन्दी बनाइएका पुरुष र महिला छापामार योद्धाहरुलाई चाहिँ – सबै राजबन्दीहरुलाई झैं – राजबन्दीको हैसियत प्रदान

## एफ.ए.आर.सी.को केन्द्रीय सचिवालयका प्रमुख नेताहरु


म्यानुयल मारुलाँदा भेलेज


तिमोलियन जिमिनेज


राउल रिंग्स


इभान मार्केज


ह्वाइट अल्फन्सो


इफ्राइन गुजमान


जोर्गे ब्रिकेनो



FARC को स्थानीय सत्तामा भएको क्षेत्रमा गरिएको प्रदर्शनको एक दृश्य

नगरिएको र उनीहरुका अधिकारहरुको सम्मान बिना नै उनीहरुलाई अमानवीय अवस्थाहरुमा राखिएको छ ।

◆ *१९९९ मा कोजक्राससेअले "राज्यको प्रत्याक्रमण नीतिका रूपमा अर्द्ध सैन्यवाद" नामक दस्तावेज जारी गरेको थियो । त्यस प्रतिवेदनको प्रभाव के कस्तो भएको छ ? विगत वर्षहरूमा अर्द्ध सैनिक समूहहरूको भूमिका विस्तारित भएको छ कि घटेको छ ?*

– उक्त दस्तावेजले अर्द्धसैन्यवाद आधिकारिक नीति हो – त्यो राज्य आतंकको विकसित रुप हो – भन्ने कुरा अकाट्य रुपले प्रमाणित गर्छ । दुर्भाग्यवश, हालको सरकारले यस सम्बन्धमा वरको सिन्को पर सार्ने कामसम्म पनि गरेको छैन । सरकार त "माछा मार्न समुद्रलाई सुकाउने", अर्थात् छापामारहरुको उपस्थिति भएका क्षेत्रहरुका नागरिकहरुका विरुद्ध रक्तपातको लहर उठाउने अमेरिकी नीति कार्यान्वयन गरिरहेको छ । के कुराको हेक्का रहोस् भने सिङ्गो देशमा स्थिति यस्तै छ । तथाकथित अर्द्धसैनिकहरु निशस्त्र मानिसहरुको हत्या गर्नमा कटिबद्ध छन् ।

◆ *हाल अमेरिकी सरकार कोलम्बियाली सेनालाई १ अरब ७० करोड अमेरिकी डलर सहायता दिनेबारे छलफल गरिरहेको छ । चालु वार्तामा यस्तो नीतिको के कस्तो प्रभाव पर्ला ?*

एफ.ए.आर.सी.ती कोलम्बियालीहरुमा पर्दछन्, जो यस योजनाका उद्देश्यहरुसँग सहमत छैनन् । हामी 'कोलम्बिया योजना'लाई शान्तिका लागि आवश्यक पर्ने सामाजिक लगानीको विपरीत, कोलम्बियालीहरुबीचको युद्धको अर्को श्रोत तथा हाम्रा आन्तरिक मामिलाहरुमा अमेरिकाको हस्तक्षेप ठान्दछौं । 'कोलम्बिया योजना' अर्थात् युद्धको योजना मूलतः लागू पदार्थसँग जुध्ने बहानामा मजदूरहरुको सामाजिक विरोधलाई दबाउने सैन्य शक्तिको लडाकू क्षमतालाई सुधार्ने कुरातर्फ लक्षित छ ।

'कोलम्बिया योजना' एउटा रणनीतिक गठबन्धन हो, जसको सहाराले संयुक्त राज्य अमेरिका सैनिक तथा आर्थिक हस्तक्षेपको माध्यमबाट आन्तरिक समाधानका शर्तहरु थोपर्ने तथा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकका भूमण्डलीकरण र नवउदारवादी ढाँचालाई सुदृढीकरण गर्ने ऋणसम्बन्धी सम्झौताहरुलाई नियमित तुल्याउन खोजिन्छ, जुन कुरा पास्त्रानाले अघि सारिरहेका छन् । यस योजनाले एउटा त्यस्तो नीति थोपर्छ, जसको निशाना हो – कोलम्बियाली जनताको परिवर्तनको आशा । यसले संकटलाई हटाउन समाधानका स्वतन्त्र र मौलिक उपायहरुको खोजी गरिरहेका ल्याटिन अमेरिकी देशहरुलाई ध्वाँस दिन्छ ।

युद्धको योजनालाई आर्थिक सहयोग दिने साधनका रुपमा यसको असर बर्बादीपूर्ण हुनेछ । शान्तिका शत्रुहरु अर्थात् ती मानिसहरु, जो सबै प्रकारको प्रतिपक्षतालाई निमिट्यान्न पार्नु नै समाधानको एक मात्र उपाय हो भनी विश्वास गर्नेहरुलाई, दरिलो बनाउने छ ।

◆ *संयुक्त राज्य अमेरिकाले यो "सहायता" लागू पदार्थ विरूद्ध जुध्ने उद्देश्यतर्फ लक्षित छ भनी दावी गरेको छ । यस दावीप्रति तपाईंको के प्रतिक्रिया छ ?*

– यो "सहायता"को बाँडफाँटले नै सत्य कुराको पोल खोलिदिन्छ । जस्तो कि सेनाका तीनवटा लागू पदार्थ विरोधी बटालियनहरुको कार्य संचालनको लागि ६० करोड अमेरिकी डलर, राष्ट्रिय प्रहरीका लागि ९ करोड ६० लाख डलर, जल तथा वायु सेनाको लागि ३४ करोड १० लाख डलर, आधा कोलम्बियालीहरु-लाई मार्नाले भोकको समस्या हल हुनेछ भन्ने सिद्धान्तका आधारमा वैकल्पिक विकासका लागि साढे चौध करोड डलर, "प्रजातान्त्रिक संस्थाहरुको सुदृढिकरणका लागि ९ करोड २० लाख डलर । प्रजातन्त्रका लागि साँच्ची नै जे कुराको खाँचो पर्दछ, यो त्यससम्बन्धी क्षयमुखी चिन्तन हो ।

लागू पदार्थको ओसार-पसार गर्नेहरुसँग सैन्य शक्ति नभए तापनि यो सारा खर्चको बन्दोबस्त मिलाईदैछ । उसोभए ती हेलिकोप्टरहरु, जहाजहरु र लागू पदार्थ विरोधी बटालियनहरु केका लागि हुन् त ?

◆ *हाले अमेरिकी सरकारले एफ.ए.आर.सी.का प्रतिनिधिहरूले अमेरिकाको भ्रमण गर्नका लागि गरेको अनुरोधलाई अस्वीकार गऱ्यो । सके गत वर्ष ३ जना उत्तर अमेरिकी जोदाहाहरूको हत्या गरिएको कुराको आधारमा त्यसो गरिएको होला । यो प्रश्न कोलम्बियामाथिको अमेरिकी हस्तक्षेपको विरोध गर्ने इमान्दार जोदाहाहरूका बीचमा उठ्ने गर्छ । यी हत्या सम्बन्धमा एफ.ए.आर.सी.को दृष्टिकोण के हो ?*

– संगठनको हैसियतले हामीले छलफलको टेबुलबाट पनि लागू गरिरहेको हाम्रो नीतिको एक अंश कोलम्बियाली यथार्थ र समाधानका प्रस्तावहरुबारे जानकारी दिनु हो । यो कार्य गर्नको लागि अमेरिकाको भ्रमण गर्ने सम्भावनालाई हामी उपेक्षा गर्दैनौं, जसरी हामीले अरु थुप्रै देशहरुमा र पहिले भनिएझैं युरोपको भ्रमणमा गरेका छौं ।

यो कारणले टेरेन्स फ्रेइताज, लाहेनाए गे र इन्ग्रिद वाशिनाओतोकको मृत्युपछि आएका सारा पूर्वाग्रहपूर्ण र जालसाजीपूर्ण रिपोर्टहरु अस्वीकारयोग्य र मिथ्या निन्दाले भरिएका छन् । यी वातावरणवादी, आदिबासी र आदिबासीका समर्थकहरुको मृत्यु एउटा खेदजनक गल्ती थियो, जसलाई हामी विनम्रतासाथ स्वीकार गर्दछौं ।

◆ *कोलम्बियामा भइरहेको अमेरिकी हस्तक्षेपको विरोध गर्ने संयुक्त राज्य अमेरिकाका जोदाहाहरूलाई तपाईंहरूको कुनै सन्देश छ कि ?*

– कोलम्बियाको मामिलाबारे विश्वमा, खास गरेर संयुक्त राज्य अमेरिकामा व्यापक रुपमा कुसूचना फैलाइएको छ । यो प्रतिक्रियावादी र युद्धवादी पक्षहरुले जनमतलाई गलत तरिकाले परिचालन गर्ने कार्यको नतिजा हो ।

हाम्रो संघर्ष न्यायपूर्ण र आवश्यक संघर्ष हो । हाम्रो उद्देश्य सामाजिक न्याय र सार्वभौमिकतासहितको शान्ति भएको नयाँ कोलम्बियाको निर्माण गर्नु हो । हामी त्यस्तो क्रान्तिकारी संगठन हौं, जसको लागू पदार्थको ओसार-पसार र आतंकवादसँग कुनै सम्बन्ध छैन । हामी जनताका अभिन्न अङ्ग हौं, तसर्थ जनताका हितहरुलाई हामी निशाना बनाउँदैनौं ।

हामी जुन युद्धको बीचमा बाँचिरहेका छौं, यसको लागि राज्य नै जिम्मेवार छ किनभने यसले अर्को कुनै बाटो छाडिदिएको छैन । हामीले गरिरहेका लडाइँहरु राज्यका अङ्गहरु र फोहोर युद्धका प्रवर्तकहरुका विरुद्ध लक्षित छन् ।

हामी शहरहरुको तथाकथित "कब्जा" गर्नेगर्छौं भन्ने कुरा सत्य होइन । हाम्रा निशानाहरु त सैनिक ब्यारेकहरु र पुलिस स्टेशनहरु हुन्, जसलाई राज्यले बडो गैरजिम्मेवारीका साथ शहरहरुभित्र राख्नेगर्छ । सामान्यतः यी निशानाहरुका छिमेकहरु स्वयं नै राज्य सुरक्षाका अङ्गहरु हुन्, संचार माध्यममा प्रस्तुत गर्ने गरिएझैं उनीहरु नागरिक होइनन् ।

न त एफ.ए.आर.सी.ले "सशस्त्र हड्तालहरु" (काम बन्द गर्ने कार्य) नै गर्छ । हामी त बरु जनतालाई स्वयं परिचालित भई हरेक स्वरुपका संघर्षमा डट्न आह्वान गर्छौं । सशस्त्र हड्तालका कथा-किस्साहरु त हड्ताल, घेराउ वा सभाहरुमा भाग लिने मानिसहरुका विरुद्ध गरिने हरप्रकारका कार्वाहिहरुको औचित्य सिद्ध गर्नका लागि सूचनालाई विकृत तुल्याउने कार्यकै अनुकूल छन् । यस कुरालाई बहाना बनाएर उनीहरु नेताहरुको हत्या गर्छन् र उनीहरु जनसंघर्षका अभियानहरुमा घुसेका छापामारहरु थिए भनी उनीहरुका शवलाई हत्तपत्त बेपत्ता पारिहाल्छन् ।

सैनिक जासुसी विभाग र हालको वार्ताका शत्रुहरुले थुप्रै मानिसहरुका विरुद्ध धम्की अभियानलाई तीव्रतर तुल्याएका छन्, जुन कुराका सूचनाहरु हामीलाई अवैध सिद्ध गर्नका लागि ठूला संचार माध्यमहरुबाट प्रसारित गर्ने गरिएको छ । तर उनीहरु निर्वासनमा रहेका सयौं मानिसहरु र विस्थापित गरिएका झण्डै बीस लाख मानिसहरुबारे कहिल्यै कुरा गर्दैनन् । यो उनीहरुको सुपरिभाषित वर्गीय धारणाको स्पष्ट प्रमाण हो, जहाँ एकातिर आलोचनाभन्दा बाहिरका मानिसहरु छन् भने अर्कातिर दोस्रो दर्जाका मानिसहरु अर्थात् उपेक्षित र गरीबहरु छन् ।

यो सूचना अमेरिकी जनतानेर पुऱ्याइदिने सम्भावना बापत हामी *वर्कर्स वर्ल्ड*लाई धन्यवाद दिन्छौं । संयुक्त राज्य अमेरिकाका जनतालाई नयाँ कोलम्बियाको निर्माण गर्ने यस संघर्षमा के कसरी ऐक्यबद्धता प्रदर्शन गर्ने भन्ने कुरा थाहा होला भन्ने कुरामा हामी विश्वस्त छौं । ❑

*'वर्कर्स वर्ल्ड'बाट अनूदित*
***अनु. खगेन्द्र संग्रौला***

**हाम्रो उद्देश्य सामाजिक न्याय र सार्वभौमिकतासहितको शान्ति भएको नयाँ कोलम्बियाको निर्माण गर्नु हो**

# ◀ पाठकको कुरो

## मूल्यांकन हाम्रै र आन्दोलनकै पत्रिकाजस्तो लाग्छ

नेपाल र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका गतिविधि र विश्लेषणका लागि 'मूल्यांकन' मासिक भरपर्दो बौद्धिक खुराक मानिन्छ । तर केही अंकदेखि यो लोकप्रिय मासिक माओवादी जनयुद्धप्रति अत्यन्तै पूर्वाग्रही देखिन थालेको हामीले पाएका छौं । वृहद वाम एकताको नाममा एमालेजस्तो घोर सुधारवादी पार्टीप्रति समेत लगभग क्षमाशील 'मूल्यांकन' माओवादीप्रति भने नसुहाउँदो पाराले आक्रामक भएको देख्दा हामी आश्चर्यचकित छौं । 'मूल्यांकन'जस्तो भरपर्दो र अन्तरक्रियामुखी माध्यम यसरी माओवादीविरोधी ग्रन्थीले पीडित भएको देखेर हामीलाई चिन्ता लागेको छ । 'मूल्यांकन' हामीलाई मूल्यांकनको सम्पादकीय टिमको पत्रिका नभएर हाम्रै र आन्दोलनकै पत्रिकाजस्तो लाग्छ । आन्दोलनको पत्रिकाले आन्दोलनप्रति नै नकारात्मक प्रभाव पार्ने सामग्रीहरूको संप्रेषण गर्नु उचित होला र ? यसरी त अखबारको विश्वसनीयतामाथि नै गम्भीर प्रश्नचिन्ह नलाग्ला र ?

*- शिव ढकाल, आनन्दराम पौडेल, वि.के.पाण्डे, सुरेन उप्रेती, कृष्णज्वाला देवकोटा, नन्दलाल तिवारी, नवराज ढकाल, माधव दहाल, मधुसुदन ढुंगेल, विजयकुमार शर्मा, खोमदत्त बराल, निर्मल घिमिरे ।*

*(हामी जुनसुकै घटनालाई पनि गुण-दोषका आधारमा केलाउने र बिनापूर्वाग्रह प्रस्तुत गर्ने इमान्दार प्रयत्न गर्दैआइरहेका छौं । ने.क.पा. माओवादी वा ने.क.पा. एमाले वा जुनसुकै पक्षका बारेमा पनि हाम्रो यही रबैया रहँदैआएको छ । माओवादी जनयुद्धका असल पक्षहरूको चर्चा गर्न पनि हामीले छुटाएका छैनौं । हाम्रा आलोचना र सुझावहरू धेरै सन्दर्भहरूमा व्यवहारद्वारा सही साबित भएका पनि हामीले पाएका छौं । हाम्रा आलोचनाहरूलाई पूर्वाग्रहको रूपमा नलिइदिनु हुन हाम्रा आदरणीय पाठकहरूमा हामी विनम्र अनुरोध गर्दछौं । - मूल्यांकन)*

## जाँगर लगाएर क्रान्तिमा लाग्नुपर्‍यो

अंक ७५ समयमा हात लाग्यो । आवरणमा लेखिएका कुराहरू सबै राम्रा छन् । कार्लमार्क्स र फ्रेडरिक एंगेल्सको फोटो र क्यालेण्डर देख्न पाउँदा मूल्यांकनलाई मुरी मुरी धन्यवाद दिन मन लाग्यो । घटना र प्रवृत्तिमा जर्मनीमा एक लाखको प्रदर्शनी, अष्ट्रेलियामा मार्क्सवाद-२००० विषयक सम्मेलन, जापानमा मजदुर र कम्युनिष्टहरूको प्रदर्शन आदि पढ्दा अब हामी पनि झोक्राएर बस्नु ठीक छैन, जाँगर लगाएर क्रान्तिमा लागी पर्नुपर्‍यो भनेजस्तो लाग्यो ।

साम्यवादको भविष्य छैन भन्ने प्रतिक्रियावादीहरूलाई विश्वका कतिपय देशहरूका चुनावको परिणामबाट पनि थाहा भैसकेको छ कि अब साम्यवादको हैन, पूँजीवादी शक्तिहरूको भविष्य छैन । मोहनविक्रमसँगको कुराकानीमा केही देशहरूमा समाजवादी राज्य कायम भए पनि असफल रहे भन्नु स्वभाविक हो । तर क्यूबालाई पनि त्यसो भन्नु सुहाउदैन कि ?

Bir Bahadur Neupane,<br>*P.O.Box. NO.-295,*<br>*Saihat-31972, K.S.A.*

## कम्युनिष्टहरूको जीवनगाथा दिइयोस्

- मूल्यांकनको ७७ औं अंक समयमै हात पर्‍यो । सोचेअनुसार नै वामपन्थी आन्दोलनका जुझारू योद्धा क. निर्मल लामाका बारेमा लेख प्रकाशित गर्नुभएकोमा धन्यवाद । आगामी अंकहरूमा पनि क. लामाका पछिल्ला विचारहरू प्रकाशित भैरहोस् ।

- वर्तमान समयमा पश्चिमी विकृत छाडा संस्कृतिले समाजलाई ग्रस्त गरेको सन्दर्भमा त्यसका विरूद्ध नेपाली समाजमा क्रियाशील प्रगतिवादी सांस्कृतिक गतिविधिहरूको बारेमा कलम चलाइएमा त्यो स्वागतयोग्य कदम हुने थियो ।

- नेपाली वामपन्थी पत्रकारिताको क्षेत्रमा बेग्लै पहिचान दिन सफल यो मासिकले वर्तमान माओवादी जनयुद्धले समाजमा पारेका सकारात्मक तथा नकारात्मक पक्षहरू तथा माओवादीले उनीहरूकै भाषामा भन्ने गरेका स्थानीय शासन सत्ताको बारेमा यथासम्भव सत्य कुराहरू विश्लेषणसहित प्रवाह गर्न कन्जुस्याई नगरोस् ।

- यसबाहेक, प्रशिद्ध कम्युनिष्टहरूको जीवन गाथा सिलसिलेबार दिइयोस् । विश्व कम्युनिष्ट आन्दोलन सम्बन्धी लेखहरू, श्याम श्रेष्ठको प्रस्तुति तथा विमल निभा/चन्द्रदेव नेपालीका सटिक टिप्पणी/खुराकीहरू प्रसंशनीय नै छन् ।

**- मो. कशिम शाह**<br>*MBBS, 18th Bach मेडिसिन क्याम्पस, महाराजगंज, काठमाण्डौ ।*

## मूल्यांकनले विवाहबारे धारणा प्रष्ट पारोस्

विगतका अङ्कहरूभैं मूल्यांकनको ७७ अंक पनि समयमै हेरें । निर्मल लामाको जीवनीलाई काल विभाजन गरी प्रस्तुत गर्नुभएकोले उहाँबारे बुझ्न अझ सजिलो भयो । माओवादी पार्टीका यानप्रसाद गौतमको कारवाहीपछि रमेश ढुंगेलजस्ता कार्यकर्ताहरूले त्यस पार्टीमा पुनः मृत्युदण्ड पाउँदैनन् कि ? मोहनविक्रम सिंहको विवाहलाई लिएर हाल विभिन्न किसिमका चर्चाहरू भइरहेका छन् । अझ प्रतिक्रियावादीहरूले यो प्रसङ्गलाई उरालेर नेताहरूको आचरणबारे प्रश्न उठाउने ठाउँ पाएका छन् । विवाह गर्दा उमेरको फरक कति हुनुपर्दछ ? ६५ वर्षिय मोहनविक्रम सिंह र २९ बर्षिया दुर्गा पौडेल बीचको उमेरको फरकले गम्भीर प्रश्न उठाएको छ । यस्तो संवेदनशील विषयमा मूल्यांकनजस्तो पत्रिकाले चुप लागेर बस्नु राम्रो हो जस्तो मलाई लागेन ।

**- मदन पौडेल**<br>*लालगढ-८, धनकुटा ।*<br>*हाल : काठमाण्डौ ।*

## सहाहनीय सामाग्रीको लागि धन्यवाद !

नियमित पाठकको हैसियतले पूर्णाङ्क ७७ का विविध सामाग्रीहरू पढें । आलोक प्रवृत्तिजस्तो फासीवादी र घोर आततायी प्रवृत्तिमाथिको कारवाही सम्बन्धी मूल्यांकनमा प्रकाशित सामाग्री निकै उपयोगी भएकोले साह्रै सहाहनीय छ । क. निर्मल लामाको जीवन गाथा र अन्त्यष्टिमा देखिएका संस्कृतिका पक्षहरू साह्रै पोषिला खुराक रहेका छन् । मुलुकबाहिर र भित्रका विविध गतिविधिहरू पनि साह्रै प्रशंसनीय छन् ।

**- रामशरण चौलागाँई 'वियोगी',**<br>*गुन्सी भदौरे-३, रामेछाप ।*<br>*हाल : आर.आर. क्याम्पस ।*

## अन्तवार्ता, जीवनी नियमित चाहियो

मूल्यांकन ७६ अंक हात पर्‍यो । सबै लेख सामयिक छन् । राष्ट्रिय, अन्तराष्ट्रिय राजनीतिक गतिविधि, वामपन्थीको भूमिका, महिला, पर्दा/रंगमञ्च अन्तर्गत तुलनात्मक रूपमा प्रगतिशील फिल्मी समाचारमा समेत ध्यान पुर्‍याएकोमा खुशी लाग्यो । विषेश गरी विमल निभाको व्यंग्यात्मक लेखमा मेरो नजर पहिला पुग्दछ ।

वरिष्ठ वामपन्थी नेताको मृत्युको मुखमा लिएको अन्तवार्ता पढ्दा नयाँ पिंढीलाई प्रेरणादायी सुझाव धेरै भएको पाएँ । नियमित रूपमा अन्य चर्चित वामनेताका जीवनी, अन्तवार्ता दिएमा सुनमा सुगन्ध थपिने थियो ।

वरिष्ठ वामपन्थी नेता क. निर्मल लामाको दुःखद निधनमा शोकसन्तप्त परिवारप्रति हार्दिक संवेदनाका साथै स्वर्गीय लामाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

**- दुर्गा प्र. राना मगर**<br>*रिघा-५, बाग्लुङ्ग ।*

## सम्प्रेषणमा दुराग्रह नराखियोस्

७६ अंकमा झैं यस अंकमा पनि क.निर्मल लामाप्रति शाब्दिक सम्मान र उहाँको जीवनको 'समपर्ण'को फेहरिस्त हेर्न पाईयो । मूल्यांकनको सदासयता स्वागतयोग्य छ । यस अंकमा प्रकाशित पुष्कर गौतमको 'माओवादी पार्टी यसरी चल्छ' पढ्दा केही अस्पष्टता र आत्मरतिका आभासहरू पनि पाईयो । यथार्थतः हामी सत्यताका विरोधी होइनौ, तथापि सत्यतथ्यको सम्प्रेषणमा दुराग्रह नराखियोस् । सचेत पाठकहरूका लागि सत्यता नै सवथोक हो । मूल्यांनले रचना प्रकाशित गर्दा दुवै पक्षका अभिव्यक्तिहरू समेट्ने प्रयास गरेको भए पाठकहरू अन्यौलमा पर्ने थिएनन् ।

**- चन्द्रसजल लावती**<br>*लुम्फाबुङ्ग-२, पाँचथर ।*<br>*हाल : नेपालगंज ।*

## एमालेले वर्ग समन्वय अपनाउन खोजेको हो कि ?

'एमाले पार्टीले नातिकाजीलाई अभिनन्दन गर्‍यो' शीर्षकको विश्लेषण राम्रोसँग गर्नुभएकोमा हरिगोविन्द लुईटेललाई हार्दिक बधाई ।

जीवनको सबैभन्दा उत्कृष्ट अवस्थामा क्रान्तिप्रति उन्मुख हुँदै, शोषित पीडित जनतालाई जगाउँदै, गाउँ बस्तीमा चेतनाको बिगुल फुक्दै हिड्ने जनकलाकारहरू एउटा टीका र अबीर लगाउन नसक्ने एमालेका हातहरूले कसरी नातीकाजीलाई अभिनन्दनपत्र लेख्न सके ? हाम्रा सांस्कृतिक आन्दोलनका हस्ती रामेशलाई एकथुङ्गा फूल उपहार दिन नसक्ने, रायनलाई एमाले होइन भनेर अपहेलना गर्ने, सांस्कृतिक क्षेत्रमा नै कम्मर कसेर लाग्नुभएका युवा कलाकार जीवन शर्माको नामसमेत उच्चारण गर्न हिचकिचाउने एमालेले पंचायतका पक्षमा आफ्ना स्वर र शब्द खर्चनेहरूलाई भव्य महलभित्र भव्य समारोहका बीच महंगा दोसल्ला र चाँदीका जलपले सिंगारिएको 'अभिनन्दनपत्र' पढेर सुनायो र प्रदान गर्‍यो । अनि अर्कोतिर, विश्वका मजदूरहरूको अन्तर्राष्ट्रिय गीत 'उठ जाग हे भोका नाङ्गा' महासचिवको सुमधुर स्वरमा गाउने काम पनि सम्पन्न भयो । मजदूरको संग्रामी आवाजको गीत र विगतमा पंचायती निरंकुशताको समर्थन गर्ने गायकले गाएका गीतहरूबीच कतै एमालेले पंचायती वर्ग समन्वयको सिद्धान्त अपनाउन खोजेको त होइन ? प्रश्न उठेको छ ।

**- बसन्त कार्की**<br>*जफे - ८, दोलखा ।*

# DUCKHAMS




अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल







**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**



MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

